


वि.सं. १९५८ देखि निरन्तर प्रकाशित, गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।।

निरोगी सबै हुन् सबै हुन् सुखीया ।
सबै वेस देखुन् नहुन् क्वै दुखीया ।।

GORKHAPATRA DAILY

राष्ट्रिय संस्करण

विज्ञापन प्रकाशित गर्नुपरेमा
फोन नं. ०१-४२२७४९३/०१-४२३१३९४
E-mail: mgorkhapatra@gmail.com
मा सम्पर्क गर्नुहोला ।
व्यापार विभाग
गोरखापत्र संस्थान
प्रधान कार्यालय, धर्मपथ, काठमाडौं

| वर्ष १२१ | अङ्क २३६ | २०७८ साल पुस २१ गते बुधवार | पौष शुक्ल तृतीया | नेपाल संवत् ११४२ पोहेलाथ्व : ३ | 2022 January 5 Wednesday | Website : www. gorkhapatraonline.com | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ

# जनताको विश्वास जितेर अगाडि बढ्ने प्रतिबद्धता

- कोरोनाको नयाँ भेरियन्ट नेपालमा पनि देखा परिसकेकाले सबैजना सचेत र सजग बनेर सुरक्षित रहनुपर्नेमा समेत प्रमको जोड
- केही समयपछि हुने तीन तहको निर्वाचनमा पार्टीलाई जिताउन एकताबद्ध भएर लाग्न कार्यकर्तालाई आह्वान



प्रधानमन्त्री शेरबहादुर देउवा मङ्गलबार धरानमा फोहोरबाट उत्पादित ग्यासबाट चल्ने टेम्पोमा चढ्नुहुँदै । रासस

■ सचिन पोखेल/निशा राई

धरान, पुस २० गते । प्रधानमन्त्री शेरबहादुर देउवाले धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको समस्या समाधान गर्ने बताउनुभएको छ । प्रतिष्ठानका कुलपतिसमेत रहनुभएका प्रधानमन्त्री देउवाले बीपी प्रतिष्ठानको समस्याको विषयलाई सरकारले गम्भीर भएर अध्ययन गरिरहेको बताउनुभएको छ ।

उहाँले स्वास्थ्य शिक्षा अध्ययनका लागि महत्त्वपूर्ण रहेको प्रतिष्ठानको सुधारमा सरकारले कुनै कसुर बाँकी राख्ने छैन भन्नुभयो । धरान सहरको १२१औँ स्थापना दिवसको अवसरमा मङ्गलबार आयोजित तीनदिने धरान दिवस-२०७८ को उद्घाटन समारोहमा प्रधानमन्त्री देउवाले यस्तो धारणा व्यक्त गर्नुभएको हो । प्रधानमन्त्री देउवाले धरानलाई शिक्षा र स्वास्थ्यको केन्द्र बनाउन लागिपर्ने प्रतिबद्धता व्यक्तसमेत गर्नुभयो ।

धरानमा रहेका केन्द्रीय प्रविधि क्याम्पस हात्तीसार, पूर्वाञ्चल इन्जिनियर क्याम्पस, महेन्द्र बहुमुखी क्याम्पस र पिण्डेश्वर विद्यापीठको स्तर उन्नतिमा सरकारले अभिभावकीय भूमिका निर्वाह गर्ने प्रधानमन्त्री देउवाको भनाइ छ ।

उहाँले विकास र समृद्धिको सवालमा धरानको आफ्नै विशेषता रहेको चर्चा गर्दै अगाडि भन्नुभयो, "सरसफाइ, चेतनामूलकलगायतका विषयमा निरन्तर अगाडि रहेको धरानले राष्ट्रिय अर्थतन्त्र चलायमान बनाउन पनि महत्त्वपूर्ण भूमिका खेलेको छ ।" सम्बोधनको क्रममा उहाँले धरान उपमहानगरपालिकासँग सरकारले समन्वय गरेर काम गर्ने धारणा पनि राख्नुभयो । कार्यक्रममा प्रदेश सरकारका मुख्यमन्त्री राजेन्द्र राईले प्रदेश सरकारले आर्थिक वृद्धि र विकासका लागि पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रम गर्दै आएको बताउनुभयो । पर्यटन क्षेत्रको पूर्वाधार विकास र विस्तारका लागि प्रदेश सरकारले सबै पक्षसँग सहजीकरण र सहकार्य गरिरहेको उहाँको भनाइ छ ।

कार्यक्रममा धरान उपमहानगरपालिकाका प्रमुख तिलक राईले उत्सवको सफल आयोजना र सञ्चालनले धरान मात्र नभई समग्र प्रदेश १ को आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । (बाँकी पृष्ठ २ मा)

# नारायणहिटीको थप जग्गा पनि अतिक्रमण

● मन्त्रीको आदेशमा निर्माण कार्य रोकियो

■ देवबहादुर कुँवर


नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नारायणहिटी दरबार सङ्ग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति
नारायणहिटी, काठमाडौं, नेपाल ।
मिति: २०७८/०९/२०
श्री बि. म्यानेजमेन्ट प्रा.लि.
काठमाण्डौ ।
विषय: निर्माण कार्य रोक्ने सम्बन्धमा ।
(... दाहाल)
कार्यकारी निर्देशक
बोधार्थ:
श्री संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं ।

तत्कालीन राजपरिवारको तरकारी खेती, दाउरा गोदाम, केराबारी, गाईगोठ, घोडा तबेला, खसीपाला र झिलपोखरी अतिक्रमणमा परेका छन् ।

गोरखापत्र खोज

काठमाडौँ, पुस २० गते । नारायणहिटी दरबार सङ्ग्रहालयभित्र सम्झौताविपरीत थप जग्गा अतिक्रमण गरी नयाँ संरचना निर्माण गरिएको पाइएको छ । दुई पक्षीय सम्झौतामा दुई हजार १७० वर्ग फिट (करिब ६ आना मात्र) जमिन मात्र प्रयोग गर्ने सहमति भएको देखिन्छ ।

त्यसका लागि दरबारको मुख्य प्रवेशद्वारको पश्चिमतर्फको रातो घर र बङ्करसहितको शौचालयले चर्चेको जमिन गरी ६ आना तीन पैसा 'क्याफ्टेरिया' क्याफे तथा क्यान्टिन सञ्चालनका लागि प्रयोग गर्न दिने सम्झौतामा उल्लेख छ तर करिब १० रोपनीमा रेस्टुरेन्ट सञ्चालन गर्ने गरी संरचना बन्दैछन् ।

नारायणहिटी दरबार सङ्ग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति र बतास समूहको बीपीएस लिजिङ एन्ड म्यानेजमेन्ट कम्पनीबीचको सम्झौतामा दरबारको वातावरणमैत्री तथा हरियाली संरचनामा क्षति नपुग्ने गरी बगैँचाको संरक्षण र सरसफाइलाई प्राथमिकतामा राखिएको छ ।

तर बीपीएसले भने आफूखुशी थप जमिन कब्जा गरी बगैँचाको पुरानो स्वरूपसमेत परिवर्तन गरी नयाँ संरचना निर्माण गरेको छ । नृत्यका लागि मञ्च, छातासहितको ग्राहक टेबल, विश्राम, क्याम्प फायर, टहरा र पर्खालसहितको छुट्टै प्रवेशद्वार निर्माण गर्ने विषय सम्झौतामा उल्लेख छैन ।

निर्माण कम्पनी बी म्यानेजमेन्टका शिवहरि पुडासैनी भने सम्झौताभन्दा पनि सम्बन्धित निकायसँग छलफल गरेरै संरचना निर्माण गरिएको स्वीकार्नुहुन्छ । संरक्षण तथा सरसफाइलाई प्राथमिकतामा राखेर काम गरेका छौँ उहाँले भन्नुभयो, "नयाँ निर्माण गरिएका संरचनाहरू अस्थायी हुन् भत्काउन सकिन्छ ।" "सम्बन्धित निकायबाट मञ्च, पर्खाल र प्रवेशद्वारलगायतका संरचना भत्काउन निर्देशन आए भत्काउन सकिन्छ," उहाँले थप्नुभयो । सम्झौतामा करिब छ आना भनिए पनि अन्य संरचना प्रयोग गरेबापत प्रतिवर्ग फिट थप ३५ रुपियाँ शुल्क लिने सहमति भएको छ ।

तर बगैँचाको पुरानो संरचना बिगारेर नयाँ संरचना निर्माण गर्ने उल्लेख छैन । त्यहाँ रहेका धुपी र पैँयु, विभिन्न देशबाट प्राप्त भएका गुलाबलगायतका बोटबिरुवा तथा रुख मासिएका छन् । सङ्ग्रहालय कार्यकारी निर्देशक भेषनारायण दाहाल भने यस विषयमा आफू केही नबोल्ने बताउनुहुन्छ । सबै कुरा कानुनी प्रक्रिया अपनाएर नै गरिएको हो, उहाँले भन्नुभयो, "मेरा पछि मिडिया लागे, आवश्यकताभन्दा बढी प्रचारबाजी भयो ।"

## निर्माण कार्य रोक्न निर्देशन

यसैबीच गोरखापत्रले २०७८ पुस १८ गते सोमबार 'नारायणहिटी परिसरमा रेस्टुरेन्ट' शीर्षकको खोज समाचार प्रकाशित गरेसँगै संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले निर्माण कार्य रोक्न निर्देशन दिनुभएको छ । सङ्ग्रहालय कार्यकारी निर्देशक दाहाललाई मङ्गलबार सिंहदरबारस्थित कार्यकक्षमै बोलाएर निर्माण कार्य तुरुन्त रोक्न मौखिक निर्देशन दिनुभएको हो । उहाँसँगै सचिव महेश्वर न्यौपाने पनि उपस्थित हुनुहुन्थ्यो । (बाँकी पृष्ठ २ मा)

# राष्ट्रिय सभा सदस्यको उम्मेदवारी दर्ता

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते । राष्ट्रिय सभा सदस्यको १९ सिटका लागि ४३ जना उम्मेदवारले मनोनयन दर्ता गर्नुभएको छ । आउँदो माघ १२ गते हुने मतदानका लागि निर्वाचन आयोगले मङ्गलबार बिहान १० देखि अपराह्न ३ बजेसम्म मनोनयन दर्ताको समय तोकेको थियो ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले सातवटै प्रदेशमा स्थापित निर्वाचन अधिकृतको कार्यालयमा निर्धारित समयमा ४३ जना उम्मेदवारले मनोनयन दर्ता गराएको जानकारी दिनुभयो । सबैभन्दा बढी प्रदेश १ मा आठ जनाले उम्मेदवारी दिनुभएको छ । प्रदेश १ बाट तीन जना निर्वाचित हुनुहुने छन् । प्रदेश २ मा दुई जना सदस्यका लागि महिलातर्फ तीन र अन्य समूहबाट दुई गरी पाँच जना उम्मेदवार हुनुभएको छ ।

बागमती, लुम्बिनी, गण्डकी, कर्णाली र सुदूरपश्चिमबाट छ/छ जनाले उम्मेदवारी दिनुभएको छ । राष्ट्रिय सभा सदस्यको निर्वाचनमा भाग लिन १२ वटा राजनीतिक दलले दर्ता गराएकोमा नौवटा दलले उम्मेदवारी दिएका छन् । नेकपा एमालेले सबै १९ वटा पदका लागि उम्मेदवारी दिएको छ । नेपाली काँग्रेसले छ, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)ले पाँच/पाँच जनाको मनोनयन दर्ता गराएको छ । जनता समाजवादी पार्टी, नेपालले दुई, लोकतान्त्रिक समाजवादी पार्टी नेपालको प्रदेश २ मा मात्र एक जनाको उम्मेदवारी दर्ता भएको छ । नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले दुई/दुई तथा राष्ट्रिय जनमोर्चाका तर्फबाट एक जनाले उम्मेदवारी दिनुभएको छ । थप समाचार प्रदेश पृष्ठमा

# शोभाकान्तविरुद्ध राजस्व छली मुद्दा

● दुई अर्ब ४० करोड जरिवाना र तीन वर्ष कैद माग

■ गोरखापत्र समाचारदाता




काठमाडौँ, पुस २० गते । राजस्व अनुसन्धान विभागले शोभाकान्त ढकालविरुद्ध दुई अर्ब ४० करोड रुपियाँ जरिवाना तथा तीन वर्षको कैद सजाय माग गरी विशेष अदालतमा मुद्दा दर्ता गरेको छ । विभागले मङ्गलबार विशेष अदालत, काठमाडौँमा मुद्दा दायर गरेको हो ।

ढकाल काठमाडौँको बालुवाटार स्थित ललिता निवासको सरकारी जग्गा हिनामिनाका मुख्य योजनाकारसमेत हुन् । यसै प्रकरणमा ढकालविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको मुद्दामा उनी पुर्पक्षका लागि जेलमा छन् ।

ढकाल सञ्चालक रहेको 'आनसान इन्टरनेसनल प्रालि' ले झुटो विवरण पेस गरी एक अर्ब २० करोड ४९ लाख १७ हजार ८२४ रुपियाँ राजस्व छलेको आरोप पत्रमा उल्लेख छ । विभागले दायर गरेको मुद्दामा ढकालमाथि राजस्व छल गरेको बिगो बराबर नै जरिवाना गरी दुई अर्ब ४० करोड ९८ लाख ३५ हजार ६४८ रुपियाँ क्षतिपूर्ति र हदैसम्मको कैद सजाय माग गरिएको छ । सञ्चालक ढकालसहित उक्त कम्पनीका सरोज ढकाल, उमाकुमारी ढकाल र सान्टु श्रेष्ठसमेतलाई विभागले प्रतिवादी बनाएको छ ।

ढकालविरुद्ध दायर मुद्दामा राजस्व छल्ने नियतले नक्कली तथा झुटो विवरण पेस गरी उक्त कम्पनीको कारोबारसमेत शून्य देखाइएको छ । नक्कली तथा झुटो मूल्य अभिवृद्धि कर तथा आयकर किर्ते गरिएको समेत आरोप पत्रमा उल्लेख छ ।

विभागले दायर गरेको मुद्दामा मूल्य अभिवृद्धि करतर्फ ४२ करोड २६ लाख सात हजार ३५१ रुपियाँ तथा आयकरतर्फ ६८ करोड ४८ लाख २६ हजार ९७ रुपियाँ हिनामिना गरेको जनाइएको छ ।

त्यस्तै कम्पनीले आर्जन गरेको नौ करोड ७४ लाख ८४ हजार ३७६ लाभांशसमेत लुकाएको विभागले जनाएको छ । विभागले नक्कली लेखा परीक्षण प्रतिवेदन तयार गर्ने राजेश्वर एन्ड कम्पनीका लेखापरीक्षक राजेश्वर श्रेष्ठलाई समेत प्रतिवादीका रूपमा मतियार बनेकाले डेढ वर्षको कैद सजाय मागिएको छ ।

## साढे ३३ केजी सुन प्रकरणमा गोरेका भाइ पक्राउ

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते । साढे ३३ किलो सुन र सनम शाक्य हत्याको मुख्य आरोपी चुरामणि उप्रेती 'गोरे'को भाइ रमेश उप्रेती पक्राउ परेका छन् । सुन तस्करीमा जोडिएका उनलाई 'इन्टरपोल'मार्फत नेपाल ल्याइएको हो ।

त्रिभुवन विमानस्थल सुरक्षा कार्यालयका प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक सुरेन्द्र मैनालीका अनुसार दुबईबाट एयर अरेबियाको विमानमार्फत उनलाई काठमाडौँ ल्याइएको हो । उनलाई थप अनुसन्धानका लागि महानगरीय प्रहरी वृत्त गौशालामा पठाइएको छ । मोरङको उर्लाबारी नगरपालिका-७ का उप्रेती दुबईमा लुकिछिपी बस्दै आएका साढे ३३ किलो सुन तस्करी प्रकरणमा उनी प्रहरीको खोजी सूचीमा थिए ।

# हिउँदे वर्षा दोहोरिँदै

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते । हिउँदे वर्षा दोहोरिने भएको छ । मङ्गलबार रातिदेखि नेपाल भित्रिएको पश्चिमी न्यूनचापीय प्रणालीका कारण यो हप्ताको करिब चार दिन मौसम खराब रहने छ । अघिल्लो साता पनि वर्षा र हिमपातले जनजीवन अस्तव्यस्त बनाएको थियो ।

जल तथा मौसम विज्ञान विभागका अनुसार अब आउने मौसमी प्रणालीले बुधबारदेखि शनिबारसम्म देशका विभिन्न भेगमा वर्षा र हिमपात गराउने भएको छ ।

विभागले मङ्गलबार विशेष वक्तव्य जारी गर्दै हिउँदे वर्षाले पुऱ्याउने असरबाट जोगिन आह्वान गरेको छ । बुधबार सुदूरपश्चिम र कर्णाली प्रदेशमा हल्कादेखि मध्यम वर्षा हुने सम्भावना रहेको मौसमविद् मञ्जु बासीले जानकारी दिनुभयो ।

**बुधबारदेखि शनिबारसम्म देशका विभिन्न भेगमा वर्षा र हिमपात हुने**

उहाँका अनुसार बिहीबारदेखि देशव्यापी रूपमा हिउँदे वर्षाको मौसमी प्रणाली फैलनेछ । सो क्रममा बिहीबार र शुक्रबार सुदूरपश्चिमदेखि पश्चिमको लुम्बिनी प्रदेश, गण्डकी प्रदेश तथा मध्य नेपालको बागमती प्रदेशसम्म हिउँदे वर्षाको विशेष प्रभाव रहनेछ ।

यी क्षेत्रमा सामान्यदेखि पूर्णतया बदली भएर हल्कादेखि मध्यम वर्षा गराउनेछ । उच्च हिमाली र पहाडी भेगमा हिमपात हुनेछ । केही भेगमा भारी हिमपात हुने भएकाले ती हिमाली क्षेत्रमा पर्यटकीय यात्रा र दैनिक यात्रा नगर्न विभागले अपिल गरेको छ ।

प्रदेश १ र २ मा अन्य प्रदेशको तुलनामा हिउँदे वर्षाको प्रभाव कम पर्ने भएको छ । ती भेगमा आंशिकदेखि सामान्य बदली र असर रहनेछ । वर्षा हुँदा तराई भेगमा शीतलहर र कुहिरोको असर कम हुनेछ ।

यस पटक दोहोरिन थालेको हिउँदे वर्षाका कारण हवाई क्षेत्र, पर्वतारोहण, कृषि, यातायात तथा दैनिक जनजीवनमा बढी असर पर्ने भएकाले सचेत रहन र गराउन सरोकारवाला निकायलाई अनुरोध गरिएको छ ।

# परीक्षामा २० अङ्क सित्तैमा !

● विद्यार्थीलाई टाढैबाट टेलिस्कोपले यस्तो काम गर्छ भनेर मात्र सिकाइन्छ

■ प्रकृति अधिकारी

काठमाडौँ, पुस २० गते । टेलिस्कोप बिग्रिएपछि वाल्मीकि विद्यापीठ (वाल्मीकि क्याम्पस)का विद्यार्थीलाई प्रयोगात्मक परीक्षा नलिइकनै अङ्क प्रदान गर्ने गरिएको छ ।

स्नातक र स्नातकोत्तर तहमा खगोल ज्योतिष विषयका विद्यार्थीले वेधशालामा रहेको टेलिस्कोप प्रयोग गर्न पाउँदैनन् तर वार्षिक परीक्षामा २० अङ्क सित्तैमा पाउने गरेका छन् ।

विद्यापीठका खगोल ज्योतिष विषयका डा. सहप्राध्यापक जयन्त आचार्यले विद्यार्थीलाई टेलिस्कोपको प्रयोग गर्न लगाई प्रयोगात्मक परीक्षा लिनुपर्नेमा कहिल्यै पनि त्यस्तो अवसर प्राप्त हुन नसकेको गुनासो गर्दै भन्नुभयो, "टेलिस्कोपबाट ग्रहको अध्ययन हेर्नुपर्ने हुन्छ तर विद्यार्थीले थन्क्याइएको टेलिस्कोप टाढाबाटै हेरे पुग्छ, परीक्षामा अङ्क पाउँछन् । यो हाम्रै कमजोरी हो ।" नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गतको वाल्मीकि विद्यापीठको माथिल्लो तलामा २०४३ सालमा वेधशाला निर्माण गरिएको थियो । करिब एक सय केजीको टेलिस्कोप जापानबाट झिकाइएको थियो । विद्यापीठको एउटा कोठामा थन्क्याइएको सो टेलिस्कोप नेपालमा हालसम्म भित्रिएकामध्ये सबैभन्दा ठूलो दाबी गरिँदै आएको छ ।

उहाँका अनुसार टेलिस्कोप राखिएको स्थान जीर्ण हुँदै गएपछि दुर्घटना सिर्जना हुन सक्ने भन्दै टेलिस्कोपलाई तलको कोठामा सारिएको छ । त्यसमा धुलो पर्ने भएकाले कपडाले छोपेर राख्ने गरिएको छ । कपडाको खोल आफूले नै बनाउन लगाएको बताउँदै उहाँले भन्नुभयो, "विद्यार्थीलाई टाढैबाट यसले यस्तो काम गर्छ भनेर मात्र सिकाउँछौँ ।"



बिग्रिएको टेलिस्कोप

खगोल ज्योतिष विषयमा ग्रहको अध्ययन गरी हिसाब सिकाउन टेलिस्कोपको प्रयोग अनिवार्य पर्छ । विगतमा सो टेलिस्कोप राख्ने गरिएको वेधशालामा फलामको डोम रहेको छ । नजिकैको घिर्नीले सो डोमलाई खोलेपछि आकाश देखा पर्छ । लामो समयदेखि डोम नखोलिएकाले 'जाम' भइसकेको छ । "अब डोम पनि बन्द हुँदैन । पानी परेका बेला वेधशाला जलमग्न हुन्छ । त्यहाँको पानी तल कोठासम्म आइपुग्छ," विद्यापीठका सहप्राध्यापक डा. आचार्यले भन्नुभयो । उहाँले दुई दशकभन्दा बढी समयदेखि टेलिस्कोप थन्किएको बताउँदै बजेटका लागि माग गर्दा कसैले पनि वास्ता नगरेको गुनासो गर्नुभयो ।

प्रदर्शनीमार्गस्थित वाल्मीकि विद्यापीठका प्राचार्य प्राडा भागवत ढकालले आफू २०५६ सालमा सेवा प्रवेश गरेको बताउँदै भन्नुभयो, "मैले जागिर खाएदेखि टेलिस्कोप चलेको देखेको छैन । वेधशाला मर्मतका लागि विगतमा पनि विश्वविद्यालयबाट बजेट दिइएको थिएन, यस पटक पनि छैन । आर्थिक अभाव भएकाले वेधशाला मर्मतका लागि दाता खोजी गरिरहेका छौँ । फेला पार्न सकेका छैनौँ ।"

# क्रिकेटको भविष्यका लागि एकढिक्का हुने प्रण



■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते । नेपाल क्रिकेट सङ्घ (क्यान) र राष्ट्रिय क्रिकेटरबीचको विवाद समाप्त भएको छ । नेपाली क्रिकेट टिमका पूर्वकप्तान ज्ञानेन्द्र मल्लले मङ्गलबार विवाद सकिएको भनाइ राखेपछि अब नेपाली क्रिकेटमाथि परिरहेको कालो बादल हटेको हो । थप समाचार खेलकुद पृष्ठमा

यौन दूराचारी जहाँ पनि हुन सक्छन्
त्यस्ता दूराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

# चौधरीका दुई कृति विमोचित

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते। साहित्यकार वसन्त चौधरीको दुई कृति 'तिमीबिनाको म र अनेक पल और मैं' सार्वजनिक भएका छन्। श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिरद्वारा मङ्गलबार राजधानीमा आयोजित कार्यक्रममा नेपाली भाषा र हिन्दी भाषामा लेखिएका दुई कविता सङ्ग्रहको लोकार्पण गरिएको हो।

कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले सरल भाषामा जीवनका अनेक रङ र भोगाइलाई कृतिमा समेटेको चर्चा गर्नुभयो।

यसैगरी मुम्बई विश्वविद्यालयका हिन्दी भाषा विभाग प्रमुख करुणा शङ्करले प्राकृतिक वैभवले सम्पन्न देश नेपालको प्राकृतिक सौन्दर्यबाट प्रेरणा नलिने को होला ? भन्ने प्रश्न गर्दै यसको अद्‌भूत आनन्दको स्वाद कविको रचनामा पाइने बताउनुभयो।

कार्यक्रममा सर्जक वसन्त चौधरीले आफ्नो अनेक कर्ममध्ये मनलाई शान्ति र आनन्द दिने साहित्यमा पनि कलम चलाएको जानकारी दिनुभयो। मन सोचेर थाक्दैन, शब्द र भावना सबैसँग हुन्छ, त्यसलाई लिपिबद्ध गर्ने अभ्यास गरेँ भन्दै चौधरीले त्यसमा परिवार र अन्य शुभचिन्तकलगायत धेरैको सहयोग पनि सामेल रहेको बताउनुभयो। त्यसैगरी स्रष्टा भुवन ढुङ्गाना र स्वेता दीप्तीले कविता सङ्ग्रहको समीक्षा गर्नुभएको थियो। सर्जक चौधरीका कृति अनेक पल और में हिन्दी कविता सङ्ग्रहले हालै भारतमा आयोजित साहित्य सम्मेलनमा 'बुक अफ एयर'को उपाधि जितेको थियो।




साहित्यकार वसन्त चौधरीको दुई कृति सार्वजनिक गरिँदै।

# 'प्रतिगामी हर्कतप्रति सचेत होऔँ'

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते। नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ले संविधानको सर्वस्वीकार्यता र प्रभावकारी कार्यान्वयनको माग गरेको छ। पार्टीको आठौँ महाधिवेशनबाट पारित ४५ बुँदे समसामयिक प्रस्तावमा सो माग गरिएको हो। संविधानले संस्थागत गरेका राजनीतिक उपलब्धि उल्टाउने प्रतिगामी हर्कतप्रति सचेत रहन पनि आग्रह गरिएको छ।

माओवादी केन्द्रले संविधान निर्माणका बेला पार्टीद्वारा प्रस्तुत गरिएका प्रत्यक्ष निर्वाचित कार्यकारी र पूर्ण समानुपातिक निर्वाचन प्रणालीलगायत असहमतिका बुँदाहरूलाई यथोचित सम्बोधनको माग गरेको छ। माओवादीले विधिको शासन, संविधानको कार्यान्वयन र कानुन निर्माण गर्ने संसद्को गैरलोकतान्त्रिक अवरोध अन्त्य गर्न प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) लाई आग्रह गरेको छ।

शान्ति प्रक्रियाको बाँकी काम सत्य निरुपण तथा मेलमिलाप आयोग, बेपत्ता छानबिन आयोगको कामलाई प्रभावकारी अघि बढाएर यथाशीघ्र सम्पन्न गर्न महाधिवेशनले माग गरेको छ।

संविधानले निर्दिष्ट गरेबमोजिम प्रदेश तथा स्थानीय तहलाई अधिकार सम्पन्न बनाउन आवश्यक सबै कानुन निर्माण गरी लागू गर्न भनिएको छ। साथै सङ्घीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सेवा सञ्चालन ऐन यथाशीघ्र लागू गर्नुपर्ने माग छ।

**कालापानी, लिपुलेक लिम्पियाधुरालगायत नेपाली भूमि रक्षाका लागि सदैव सङ्घर्षरत रहने प्रण।**

महाधिवेशनले कालापानी, लिपुलेक लिम्पियाधुरालगायत नेपाली भूमि रक्षाका लागि सदैव सङ्घर्षरत रहने प्रण गरेको छ। साथै सङ्घीय संसद्‌बाट पारित पूर्ण नक्सालाई पाठ्यक्रममा समावेश गर्न सरकारसमक्ष माग गरेको छ।

सन् १९५० को असमान सन्धिलगायतका सबै असमान सन्धि-सम्झौताहरू खारेजी र सार्वभौमिक समानता र आपसी हितका आधारमा आवश्यकताअनुसार नयाँ सन्धि-सम्झौताका लागि महाधिवेशनले विशेष अपिल गरेको छ।

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हकविपरीत दलित समुदायमाथि भइरहेका शृङ्खलाबद्ध विभेद र उत्पीडनको घोर भर्त्सना र विरोध गरेको छ। साथै यस प्रकारका उत्पीडन अन्त्यका लागि विशेष पहल गर्न सरकारसँग माग गर्दछ।

किसान पेन्सन योजना लागू गर्न, किसानका समस्यालाई एकीकृत कार्यक्रमअन्तर्गत समाधान गर्न महाधिवेशनले आग्रह गरेको छ।

नागरिकतासम्बन्धी समस्या समाधान गर्न संविधानको प्रावधान र मर्मबमोजिम सबै नेपाली जनताले सहज रूपमा नागरिकता प्राप्त गर्न आवश्यक कानुन निर्माणको कार्य यथाशीघ्र अघि बढाउन माग गरेको छ। पुस ११ गते सुरु भएको माओवादी केन्द्रको राष्ट्रिय महाधिवेशन पुस १८ गते सम्पन्न भएको थियो।

# सुरक्षाकर्मीको पेन्सन अवधि समान बनाउने तयारी

■ मित्र भण्डारी

काठमाडौँ, मङ्सिर २० गते। गृह मन्त्रालयले तीनवटै सुरक्षा निकायको न्यूनतम पेन्सन अवधि समान बनाउने तयारी अघि बढाएको छ। नेपाली सेनामा रहेको प्रावधानअनुसार नेपाल प्रहरी, सशस्त्र र राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत सुरक्षाकर्मीको पनि न्यूनतम पेन्सन अवधि समान किसिमको बनाउने तयारी भइरहेको हो।

गृह मन्त्रालयको प्रस्तावअनुसार पेन्सन अवधिबारे मन्त्रिपरिषद्को विधेयक समितिमा समेत छलफल भएको छ। समितिले निर्णय गर्नुपूर्व लोकसेवा आयोगको सहमति लिने भएको छ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री संयोजक रहेको मन्त्रिपरिषद् विधेयक समितिमा गृहमन्त्री, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री, अर्थमन्त्री, खानेपानीमन्त्री, परराष्ट्रमन्त्री, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री युवा तथा खेलकुदमन्त्री सदस्य हुनुहुन्छ।

समितिका संयोजक कानुन, न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्रप्रसाद बडूले सुरक्षाकर्मीको पेन्सन अवधिबारे समितिमा छलफल भएको जानकारी दिनुभयो। "पेन्सन अवधि १६ बनाउने र पदपूर्ति गर्दा ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत खुलाबाट गर्ने प्रस्तावबारे छलफल भएको छ।" उहाँले दुवै प्रस्ताव निर्णय गर्नुपूर्व लोकसेवा आयोगको सहमतिसमेत आवश्यक पर्ने भएकाले सहमतिका लागि आयोग पठाइएको जानकारी दिनुभयो।

**न्यूनतम पेन्सन अवधि १६ वर्ष कायम गर्ने र २० वर्ष पुगेपछि मात्र पेन्सन लिन पाउने व्यवस्था**

मन्त्री बडूले सुरक्षाकर्मीको न्यूनतम पेन्सन अवधि १६ वर्ष कायम गर्ने र २० वर्ष पुगेपछि मात्र पेन्सन लिन पाउने गरी तयारी भइरहेको जानकारी दिनुभयो। उहाँले आवश्यक परे बेग्लै कानुन बनाएर भए पनि समान पेन्सन अवधि कायम गर्ने गरी तयारी भइरहेको जानकारी दिनुभयो।

नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलमा समान दर्जामा कार्यरत सुरक्षाकर्मीको न्यूनतम पेन्सन अवधि २०६० अघि भर्ना हुने र त्यसपछि भर्ना हुनेका लागि फरक फरक छ।

नेपाली सेनामा रहेको यस्तै प्रकारको व्यवस्था गत वर्ष मात्र हटाइएको थियो। सरकारले सुरक्षा निकायमा कार्यरत कर्मचारीको समान सुविधा उपलब्ध गराउने नीतिअनुरूप गृह मन्त्रालयले जुनसुकै समयमा भर्ना भए पनि अवकाशको अवधि समान गर्न लागेको हो।

गृह मन्त्रालयका प्रवक्ता सहसचिव प्रदीपकुमार कोइरालाले नेपाली सेनासरह अन्य तीनवटै सुरक्षा निकायहरूमा दर्जाअनुरूप समान पेन्सन अवधि कायम गर्ने गरी विधेयक तर्जुमा गरिएको जानकारी दिनुभयो।

नेपाली सेनाका प्रवक्ता सहायक रथी सन्तोषबल्लभ पौड्यालले सहायक सेनानी र सोभन्दा माथि महारथी (प्रधानसेनापति)सम्म २० वर्ष, सुवेदार १९ वर्ष, जमदार १८ वर्ष, प्रमुख सुवेदारसम्म १७ वर्ष र सिपाही, फलोअर्सदेखि हुद्दासम्मकाले १६ वर्ष सेवा अवधि पूरा गरेपछि पेन्सन पाउने व्यवस्था सेनामा लागू भइसकेको जानकारी दिनुभयो।

# जनगणनाको काम धमाधम

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते। केन्द्रीय तथ्याङ्क विभागले माघ महिनाभित्रमा जनगणनाको प्रारम्भिक विवरण सार्वजनिक गर्ने गरी काम धमाधम अगाडि बढाएको छ। गणकले घर-घरमा पुगेर भरिएको फारामलाई कम्प्युटरमा अपलोड गर्नका लागि अहिले चार जना जनशक्ति करारमा भर्ना गर्ने प्रक्रिया अगाडि बढाइएको छ।

माघ १५ गतेभित्रमा सबै कोडर र डाटा इन्ट्री अपरेट भर्ना भइसक्ने र १५ दिनमा गणकले सङ्कलन गरेको तथ्याङ्क कम्प्युटरमा अपलोड गरी जनगणनाको प्रारम्भिक विवरण निकाल्ने योजना विभागले बनाएको विभागका निर्देशक ढुण्डिराज लामिछाने जानकारी दिनुभयो।

उहाँका अनुसार माघ महिनाभित्रमा ७५३ वटै स्थानीय तहअनुसारको कुल जनसङ्ख्या, महिला, पुरुष र नेपालबाट विदेश गएका (अनुपस्थित जनसङ्ख्या) सहितको तथ्याङ्क निकाल्ने गरी काम भइरहेको छ। गत कात्तिक २५ गतेदेखि सुरु भएको जनगणना मङ्सिर ९ गतेसम्म सञ्चालन भएको थियो। जनगणनाको पूर्ण विवरण आउन भने एक वर्ष लाग्नेछ। कात्तिक २५ गतेदेखि मङ्सिर ९ गतेसम्म भएको जनगणनाका लागि देशैभर गरी ४० हजार जना गणक र आठ हजार ५०० जना सुपरिवेक्षक कार्यस्थलमा खटिएका थिए। जनगणनाका लागि ८० वटा प्रश्नावली बनाइएको थियो।

# राप्रपामा ३१ केन्द्रीय सदस्य थपिए

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते। राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले ३१ जनालाई केन्द्रीय सदस्यमा मनोनयन गर्नुभएको छ। उहाँले मङ्गलबार दीपक बोहरा, हरिबहादुर बस्नेत, नवराज सुवेदी, बालाराम घर्तीमगर, टङ्क ढकाल, प्रेमबहादुर भण्डारी, निरञ्जन थापासहितका नेतालाई केन्द्रीय सदस्य मनोनीत गर्नुभएको हो।

भीमप्रसाद गौचन, हेमजङ गुरुङ, ठाकुरप्रसाद शर्मा, रामकुमार सुब्बा, मुकुन्दश्याम गिरी, दिनेश श्रेष्ठ, प्रा.डा. गीताभक्त जोशी, भक्तिप्रसाद सिटौला, मोहनकुमार श्रेष्ठ, झनक प्याकुरेल, श्यामबहादुर शाही, एजी शेर्पा, पुष्पराज पुरुष र रमानन्द न्यौपाने पनि केन्द्रीय सदस्यमा मनोनयन हुनुभएको छ।

त्यसैगरी सरोजा शर्मा, रामप्रताप साह (भोला), रविन चाम्लिङ, उदयराज पोखरेल, सरस्वती केसी अधिकारी, दिनेश कार्की, वीरेन्द्र बम, केशवचन्द्र समाल, अम्बरबहादुर विष्ट र नवीन शाहीलाई पनि अध्यक्ष लिङ्देनले केन्द्रीय सदस्यमा मनोनीत गर्नुभएको छ।

## जनताको विश्वास...

यस्तै, प्रदेश सभाका सभामुख प्रदीपकुमार भण्डारी, प्रतिनिधि सभा सदस्य जयकुमार राई, धरानकी उपप्रमुख मञ्जु भण्डारीलगायतले यस क्षेत्रको विकास निर्माणमा जोड दिनुभयो।

यसअघि प्रधानमन्त्री देउवाले धरानस्थित पब्लिक हाई स्कुलको हाताभित्र निर्माण गरिएको प्राविधिक भवन पनि उद्‌घाटन गर्नुभयो।

■ **कार्यकर्ताबीच एकता अपरिहार्य**

यसैगरी मङ्गलबारै नेपाली काँग्रेसका सभापति तथा प्रधानमन्त्री देउवाले पार्टीलाई बलियो बनाउन आवश्यक रहेको बताउँदै यसका लागि आम कार्यकर्ताबीच एकता अपरिहार्य छ भन्नुभयो।

सुनसरी क्षेत्र नम्बर १ पार्टी कार्यालयको नवनिर्मित भवनको उद्‌घाटन गर्दै सभापति देउवाले पार्टी एकताका लागि धरानबाट सुरुवात भएको विश्वाससमेत व्यक्त गर्नुभयो। उहाँले आफू पार्टीका आम कार्यकर्ताको मात्र नभई समग्र जनताको विश्वास जितेर अगाडि बढ्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो।

१४औँ महाधिवेशनको सफलतासँगै काँग्रेस पार्टीभित्र गुट उपगुटको अन्त्य भई आम पार्टीमा एकता अभियानले सार्थकता पाएको बताउँदै काँग्रेस सभापति देउवाले बलियो काँग्रेसबाट मात्रै समग्र देशको विकास सम्भव रहने उल्लेख गर्नुभएको छ।

उहाँले भन्नुभयो, "पार्टीमा सबैको प्रतिनिधित्व हुने कुरामा तपाईंहरू विश्वस्त रहनुस्, म सबैको भावनाको कदर गर्दै पार्टी अगाडि बढाउँछु। यसमा सबैको साथ पाउने विश्वास पनि लिएको छु।"

सभापति देउवाले महाधिवेशनको समयको प्रतिस्पर्धाको तुषलाई बिर्सिएर एकतामा जोड दिन आम नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभएको थियो। केही समयपछि हुने तीन तहको निर्वाचनमा पार्टीलाई जिताउन एकताबद्ध भएर लाग्न सभापति देउवाले कार्यकर्तालाई आह्वान गर्नुभयो।

पार्टीलाई एक ढिक्का बनाउन सबैको सहयोग अपरिहार्य रहेको बताउँदै उहाँले अगाडि भन्नुभयो, "देशभरिबाट पार्टीका कार्यकर्ता एक हुन सके मात्र पार्टी बलियो हुन्छ।" सभापति देउवाले पार्टीको भविष्य निर्माणका लागि एकता अपरिहार्य रहेको र पार्टीको एकताबाट मात्र सरकार पनि बलियो हुने धारणासमेत व्यक्त गर्नुभयो।

कोरोनाको नयाँ भेरियन्ट नेपालमा पनि देखा परिसकेकाले सबैजना सचेत र सजग बनेर सुरक्षित रहनुपर्नेमा समेत देउवाले जोड दिनुभएको छ। धरान उपमहानगरपालिकाका प्रमुख तिलक राईले धरानमा कम्युनिस्टको गढ तोड्दै विकास र समृद्धिको सवालमा राम्रो काम गरेको भनेर प्रधानमन्त्री देउवाले प्रशंसासमेत गर्नुभयो।

करिब एक करोडको लागतमा नवनिर्मित पार्टी कार्यालयका लागि स्थानीय दिलकुमारी राईले निःशुल्क जग्गा उपलब्ध गराउनुभएको थियो।

■ **फोहोर प्रशोधन केन्द्र उद्‌घाटन**

यसैबीच प्रधानमन्त्री देउवाले धरान उपमहानगरपालिकामा निर्मित फोहोर प्रशोधन केन्द्रको उद्‌घाटन गर्नुभएको छ। भेन्चर वेस्ट टु इनर्जीद्वारा धरान उपमहानगरपालिका, नेपाल सरकारको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा धरान वडा नम्बर ६ को पानबारीमा नवनिर्मित फोहोर प्रशोधन केन्द्रको प्रधानमन्त्री देउवाले उद्‌घाटन गर्नुभएको हो।

प्रधानमन्त्रीले फोहोर प्रशोधन केन्द्रको स्थलगत अवलोकन गर्नुका साथै केन्द्रको विषयमा जानकारीसमेत लिनुभयो। प्रधानमन्त्री देउवासमक्ष धरान उपमहानगरपालिकाका प्रमुख तिलक राईले धरान नगरको फोहोर व्यवस्थापनको सन्दर्भमा भएका प्रगति तथा प्रशोधन केन्द्रका विषयमा जानकारी गराउनुभयो।

धरान नगर क्षेत्रबाट दैनिक ३० टन फोहोर प्रशोधन गर्न सक्ने केन्द्रबाट दैनिक एक हजार किलोग्राम जैविक ग्यास, पाँच सय किलोग्राम जैविक मल तथा १० हजार लिटर तरल मल उत्पादन गर्न सकिने नगरप्रमुख राईको भनाइ छ।

प्रशोधन केन्द्र पूर्ण रूपमा सञ्चालनमा आएपछि ८० जना मानिसले प्रत्यक्ष रोजगारी पाउने छन्। फोहोर प्रशोधनबाट निस्किएको जैविक ग्यासलाई शुद्धीकरण गरी तीनपाङ्ग्रे सवारी टेम्पोलगायतका सवारीसाधनमा सिलिन्डरको सहायताले प्रयोग गर्न सकिने छ।

प्रशोधन केन्द्रबाट दैनिक रूपमा निस्कने जैविक ग्यासलाई शुद्धीकरण गरी दैनिक तीन सय टेम्पोमा प्रयोग गर्न सकिने र टेम्पोमा जडान गरिएका सिलिन्डरमा ग्यास भर्ने कार्यका लागि प्रविधियुक्त ग्यास भर्ने कार्यका लागि धरान-७ मा ग्यास स्टेसन तयार पारिएको छ।

दैनिक तीन सय टेम्पोमा शुद्धीकरण गरिएको ग्यास भर्ने कार्यले १५ सयदेखि दुई हजार लिटर पेट्रोल आयात घट्ने र टेम्पो सञ्चालनका लागि लाग्ने ठूलो इन्धन खर्चमा कटौती हुने पनि नगरप्रमुख राईले जानकारी गराउनुभयो।

यसैबीचै प्रधानमन्त्री देउवाले मङ्गलबारै धरान बजारमा निर्माणाधीन स्मार्ट पार्किङसहितको बसपार्कको पनि निरीक्षण अवलोकन गर्नुभएको छ।

# फाइजरका लागि सुई आयो

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते। फाइजर खोप लगाउन आवश्यक सिरिन्ज नेपाल आएको छ। स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखा प्रमुख डा. रुद्र मरासिनीले फाइजर खोप लगाउन मिल्ने ०.३ एमएलको सिरिन्ज आएको जानकारी दिनुभयो। उहाँका अनुसार मङ्गलबार छ लाख ४८ हजार मात्रा फाइजर खोप लगाउन मिल्ने सिरिन्ज र खोपका लागि आवश्यक घोलक तत्त्व पनि आएको छ।

यसअघि नै सरकारले कोभ्याक्स सुविधाअन्तर्गत फाइजर खोप ल्याइसकेको छ। सुरुमा एक लाख ६२० मात्रा फाइजर खोप आएकोमा उक्त खोप बालबालिका र दीर्घरोगीलाई लगाइएको थियो। फाइजर खोपले नेपालमा भदौ २४ गते आपत्कालीन प्रयोगका लागि मान्यता पाएको थियो।

प्रमुख डा. मरासिनीले सिरिन्ज आएसँगै एक दुई दिनभित्रै खोप लगाउन सुरु गरिने जानकारी दिनुभयो। सरकारले काठमाडौँ उपत्यकासहित २२ जिल्लाका बालबालिकालाई फाइजर खोप लगाउने निर्णय यसअघि नै गरिसकेको छ। फाइजर खोप माइनस ७० डिग्रीमा भण्डारण गर्नुपर्ने हुन्छ।

सरकारले प्रदेश १ को झापा, मोरङ, सुनसरी, प्रदेश २ को सप्तरी, धनुषा, पर्सा, बागमती प्रदेशको काठमाडौँ, ललितपुर, भक्तपुर, काभ्रे, चितवन र सिन्धुली, गण्डकी प्रदेशको कास्की र बागलुङ, लुम्बिनी प्रदेशको रुपन्देही, बाँके र दाङ, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको डडेल्धुरा र कैलाली जिल्लामा १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकालाई फाइजर खोप दिने निर्णय गरेको छ। यीबाहेक ५७ जिल्लामा भने अर्को अमेरिकी खोप मोडर्ना दिएको थियो।

## अतिरिक्त खोप स्थगित

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले दीर्घरोगी तथा ६० वर्षमाथिका नागरिकलाई दिने भनिएको कोरोनाविरुद्धको अतिरिक्त खोप कार्यक्रम स्थगित गरेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मङ्गलबारदेखि लक्षित वर्गका लागि खोपको थप मात्रा दिने निर्णय गरेको थियो।

स्वास्थ्य मन्त्रालयकी प्रवक्ता डा. सङ्गीता कौशल मिश्राले हाललाई अतिरिक्त मात्रा खोप दिने निर्णय स्थगित भएको जानकारी दिनुभयो। उहाँले नियमित खोप कार्यक्रम प्रभाव पर्ने देखिएकाले लक्षित वर्गलाई लगाइने भनेको थप मात्रा खोप स्थगित गर्नुपरेको बताउनुभयो।

उहाँले पूर्ण खोप लगाउने ३५ प्रतिशत मात्रै पुगेको जानकारी दिँदै पूर्ण खोप लगाउने ४० प्रतिशत पुगेपछि मात्र अतिरिक्त खोप दिइने जानकारी दिनुभयो।

सबै नागरिकलाई कोरोनाविरुद्धको पूरा मात्रा खोप उपलब्ध गराउन महत्त्वपूर्ण भएकाले राष्ट्रिय खोप अभियान द्रुत गतिमा सञ्चालन गर्नुपर्ने आवश्यक रहेको भन्दै स्वास्थ्य मन्त्रालयले खोप कार्यक्रम स्थगित भएको जानकारी दिएको छ। मन्त्रालयले थप प्राविधिक विषय छलफल तथा तयारी गरी आउँदो माघ महिनामा अतिरिक्त खोपबारे जानकारी दिने मन्त्रालयद्वारा जारी सूचनामा उल्लेख गरिएको छ।

# सडकमा फोहोर फाल्नेविरुद्ध अनुगमन

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते। घरदैला र होटल रेस्टुरेन्टको फोहोर सडक किनारमा ल्याएर राख्नेमाथि काठमाडौँ महानगरपालिकाले रात्रिकालीन अनुगमन सुरु गरेको छ। काठमाडौँ महानगरपालिका-३०, मैतीदेवीमा यसरी फोहोर राख्दै आएका र स्थानीयबीच कुटपिट भएपछि महानगरपालिकाले रात्रिकालीन अनुगमन गरिरहेको जानकारी दिएको छ।

महानगरपालिका वातावरण विभाग प्रमुख सरिता राईका अनुसार लगानी बोर्डमार्फत काठमाडौँ उपत्यकाको फोहोर निजी क्षेत्रलाई व्यवस्थापन गर्न दिने विषयको अध्ययन पनि भइरहेको छ। नेप वेस्ट कम्पनी र महानगरपालिकाबीच फोहोर व्यवस्थापन गर्ने विषयको प्रारम्भिक विकास सम्झौताको टुङ्गोमा लगाउने कार्य अघि बढिरहेको राईले जानकारी दिनुभएको छ।

कीर्तिपुर नगरपालिकाबाहेक उपत्यकाको फोहोर व्यवस्थापन गर्ने विषयमा फोहोरमैला व्यवस्थापन केन्द्र खारेज भएपछि फोहोर व्यवस्थापनको दायित्व महानगरपालिकामा आएको थियो। महानगरपालिकाले निजी क्षेत्रसँग पनि सहकार्य गरेर सिसडोल ल्यान्ड फिल्ड साइटमा फोहोर व्यवस्थापन गर्दै आएको छ। काठमाडौँ महानगरपालिकाले दैनिक एक हजार टन फोहोर सिसडोलमा लैजाने गरेको छ। निजी क्षेत्रका दुई सय कन्टेनर र महानगरपालिकाको २० कन्टेनर फोहोरसहित सिसडोल पुग्ने गरेको छ।

प्रमुख राईका अनुसार सातामा चार दिन रात्रिकालीन अनुगमन र अन्य दिन माइकिङ गरेर सार्वजनिक स्थालमा फोहोर नफाल्न चेतनामूलक सन्देश प्रवाह गर्ने भएको छ। महानगरपालिकाको नगर रक्षक, जनपथ प्रहरी र फोहोरमैला व्यवस्थापनसँग सरोकार राख्ने स्थानीय युवा क्लब यसमा सहभागी हुँदैछन्।

मैतीदेवीमा सोमबार बिहान फोहोर फाल्नेलाई कुटपिट भएपछि उग्र भएको समूहले फोहोरको डुङ्गुर सडकमै हुत्याएका थिए। प्रहरी प्रभाग मालीगाउँले कुटपिटको घटना प्रहरी कार्यालयमा नआएको जानकारी दिएको छ, बिहान केही समय मैतीदेवी क्षेत्र सामान्य तनावमा रह्यो।

स्थानीयवासीका अनुसार क्यान्टिन भएका कलेज, छात्रावास र होटलबाट नियतवश स्थानीयको दैलोमा फोहोरको डुङ्गुर नै थुपार्ने र यो खाले फोहोर व्यवस्थापन गर्ने निकायसमेतले नलैजाने गरेकाले एक सातादेखि मैतीदेवी क्षेत्र फोहोरमय भएको थियो।

फोहोर फाल्नेलाई कुटपिट भएको र भागदौडसमेत मच्चिएको एक स्थानीयवासीले बताए। यसरी फोहोर फाल्नेउपर महानगरपालिकाले जरिवाना गर्न सक्ने तर सजाय प्रभावकारी नभएको भन्ने जनगुनासो छ। प्रमुख राईका अनुसार यो आर्थिक वर्षको सुरुमै सार्वजनिक स्थलमा फोहोर फाल्नेलाई जडित सीसीटीभीबाट पहिचान गरेर कारबाही गर्दा पाँच लाख रुपियाँ जरिवाना महानगरपालिकालाई राजस्व प्राप्त भएको छ।

## नारायणहिटीको...

मन्त्रालयको सचिव सङ्ग्रहालय समितिका अध्यक्ष हुने व्यवस्था छ।

सो निर्देशनपछि कार्यकारी निर्देशक दाहालले निर्माण कार्यमा संलग्न बी म्यानेजमेन्ट प्रालिलाई पत्र लेखी निर्माण कार्य रोक्न निर्देशन दिनुभएको छ।

"यस समिति र त्यस प्रालिबीच सम्झौता भई अगाडि बढेको निर्माण कार्यका सम्बन्धमा सञ्चार माध्यममा आएका समाचारका कारण विवाद सिर्जना हुन गएकाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मौखिक आदेशबमोजिम अर्को आदेश नभएसम्मका लागि निर्माण कार्य तत्काल रोक्न हुन जानकारी गराइन्छ," उहाँद्वारा जारी पत्रमा उल्लेख छ।

नारायणहिटी दरबार सङ्ग्रहालयलगायत अन्य पुरातात्त्विक तथा ऐतिहासिक सम्पदा अतिक्रमणसम्बन्धी समाचार बाहिर ल्याउन मन्त्री आलेले सुझाव दिनुभयो। गोरखापत्रले जुन समाचार बाहिर ल्याइदियो त्यसका लागि धन्यवाद ! उहाँले भन्नुभयो, "आवश्यक छानबिनपछि संलग्नहरूमाथि कारबाही हुन्छ।"

■ **अन्य संरचनामा समेत अतिक्रमण**

नारायणहिटी दरबारभित्रका अन्य ऐतिहासिक महत्त्वका संरचना तथा सम्पदा अतिक्रमणमा परेका छन्। तत्कालीन राजपरिवारको तरकारी खेती, दाउरा गोदाम, केराबारी, गाईगोठ, घोडा तबेला, खसीपाला र झिलपोखरी अतिक्रमणमा परेका छन्। त्यस्तै दरबारका बालबालिकालाई सिकाइने रोपाइँ खेत, हतियार चलाउन सिकाइने बारी, पौडी पोखरी, गणेश मन्दिर र घरकाज विभागलगायतका संरचना हराइसकेका छन्। तत्कालीन राजाले प्रयोग गरेका यस्ता संरचनाको संरक्षण हुन नसकेकोमा सङ्ग्रहालयका कर्मचारी खिन्न छन्।

यस्तो अवस्थामा बरु प्रवेश शुल्क बढाऔँ तर जमिन र संरचना व्यापारीलाई भाडामा नदिऔँ भनी कर्मचारीले सुझाव दिएको सङ्ग्रहालयका प्रवक्ता बुद्धिबहादुर गुरुङले बताउनुभयो।

■ **गणतन्त्र स्मारकमा पनि विवाद**

समितिले गणतन्त्र स्मारक रहेको स्थानमा पनि ६ आना जग्गा 'कफीसप' सञ्चालनका लागि छुट्याएको छ। सो जग्गाको भाडा प्रतिमहिना दुई लाख ३० हजार ४४० रुपियाँ भएकाले टेन्डर स्वीकृत कम्पनी नै सम्झौताबाट बाहिरिएको छ।

सङ्ग्रहालय अवलोकनकर्तालाई न्यूनतम मूल्यमा चिया-नास्ता, खानेपानी र शौचालयको सुविधा दिन तथा सङ्ग्रहालयका कर्मचारीलाई खाजा-नास्ता खुवाउने गरी सुरुमा रातोघरसहितको बङ्कर र शौचालय तथा स्मारक क्षेत्रको करिब ६-६ आना भाडामा लगाउने प्रस्ताव गरिएको थियो। पछि बीचमा चलखेल भएको सङ्ग्रहालयकै कर्मचारीहरू स्वीकार्छन्।


## Notice for Intent of Acceptance

**Date of Publication: 2078/09/21**

Pursuant to sub clause 27(2) 47(3) of Public Procurement Act 2063, this is to notify the following substantially responsive lowest bidders have been selected to award the contract as per the invitation for bids published on Gorkhapatra Daily on 2078/08/10 and Hetauda Hospital intents to award the contract to the same.

| Notice No. | Description | Name and Address of Successful Bidders | Bidder rate in NRs (excluding VAT) |
|---|---|---|---|
| 003-NCB-2078/079 | Procurement of Rasan for Patient Admitted in Hetauda Hospital | M/S Subarna& Sons Enterprises | 409.75 (Per Patient ) |

**Hetauda Hospital**

## ने.वि.प्रा., हेटौंडा ग्रिड महाशाखा

**सिलबन्दी बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(Date of publication: 5th January, 2022 (21/09/2078))**

| बोलपत्र नं. | छनोट भएको बोलपत्र दाता/दरभाउपत्र दाता | कबोल रकम (भ्याट सहित) |
|---|---|---|
| HGD 2078/079-05 | Annapurna Impex, Biratnagar. | Nrs 1,52,29,970.50 |
| HGD 2078/079-07 | Sandhya Nirman Sewa, Palung-10, Makwanpur. | Nrs 10,68,889.60 |
| HGD 2078/079-08 | Bhugol Builder's and Supplier's, Madhyapur Thimi-1,Bhaktapur. | Nrs 4,65,230.04 |
| HGD 2078/079-10 | A.S. Construction,Aambhyang-1, Makwanpur | Nrs 4,27,761.50 |
| HGD 2078/079-11 | A.S. Construction,Aambhyang-1, Makwanpur | Nrs 7,12,662.75 |

Eligible Bidders may obtain further information from hetaudagrid@nea.org.np,telephone no. 057-523651 during office hour.

# राष्ट्रिय सभा सदस्य निर्वाचनमा छ जनाको उम्मेदवारी

■ राममणि दाहाल

हेटौँडा, पुस २० गते। राष्ट्रिय सभा सदस्यको निर्वाचनअन्तर्गत बागमती प्रदेशमा छ जनाको उम्मेदवारी परेको छ।

अन्य समूह र महिला समूहमा सत्तारूढ गठबन्धन, नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाल मजदुर किसान पार्टीका तर्फबाट राष्ट्रिय सभा सदस्य निर्वाचन अधिकृतको कार्यालय, हेटौँडामा मङ्गलबार राष्ट्रिय सभा सदस्यका लागि उम्मेदवार मनोनयन दर्ता भएको छ।

सत्तारूढ गठबन्धनका तर्फबाट नेपाली काँग्रेसका कृष्णप्रसाद पौडेल र नेकपा (एकीकृत समाजवादी)का तर्फबाट गोमादेवी तिमिल्सिनाले राष्ट्रिय सभा सदस्य पदका लागि उम्मेदवारी दिनुभएको हो। निर्वाचन आयोग बागमती प्रदेश कार्यालयका प्रमुख लुम्बनाथ पोखरेलले एमालेबाट गोपाल शाक्य र निरकुमारी कुँवर तथा नेपाल मजदुर किसान पार्टीका तर्फबाट कृष्णबहादुर तामाङ र गीता काफ्लेले राष्ट्रिय सभा सदस्यमा उम्मेदवारी दर्ता गराउनुभएको जानकारी दिनुभयो।


सत्तारूढ गठबन्धनका तर्फबाट राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवार बन्नुभएका नेपाली काँग्रेसका कृष्णप्रसाद पौडेल र नेकपा (एकीकृत समाजवादी)का तर्फबाट गोमादेवी तिमिल्सिना।


राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवार बन्नुभएका नेकपा एमालेका गोपाल शाक्य र निरकुमारी कुँवर।

तस्बिरः राममणि दाहाल

उहाँका अनुसार तिमिल्सिना, कुँवर र काफ्लेले महिला समूहतर्फ तथा पौडेल, शाक्य र तामाङले अन्य समूहबाट उम्मेदवारी मनोनयन दर्ता गराउनुभएको हो। उम्मेदवारी दर्तापछि गठबन्धनका र एमालेका उम्मेदवारले लोकतन्त्र र सङ्घीयतालाई संस्थागत गर्ने, स्थानीय तह र प्रदेश सरकारलाई अझ सबल र अधिकार सम्पन्न बनाउन भूमिका निर्वाह गर्ने तथा नागरिकको जनजीविकाका सवाललाई उठाउने बताउनुभएको छ। मजदुर किसान पार्टीका तामाङ गत जेठमा भएको राष्ट्रिय सभा सदस्य उपनिर्वाचनमा समेत उम्मेदवार रहनुभएको थियो।

आगामी फागुन २१ गतेबाट म्याद सकिने बागमती प्रदेशका दुईसहित १९ जना राष्ट्रिय सभा सदस्यका लागि आगामी माघ १२ गते निर्वाचन हुँदैछ।

उम्मेदवारी दर्ता गराउन गठबन्धन दल काँग्रेसका सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिना, बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँ, नेकपा (एकीकृत समाजवादी)का नेता केदार न्यौपाने, मुनु सिग्देललगायतका पुग्नुभएको थियो। यस्तै एमालेको तर्फबाट उम्मेदवारी दर्ता गराउन बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेललगायतका नेता तथा कार्यकर्ता निर्वाचन कार्यालय जानुभएको थियो।

राष्ट्रिय सभा सदस्य निर्वाचन कार्यक्रमअनुसार बुधबार उम्मेदवारको विरोधमा उजुरी दिने, पुस २२ र २३ गते मनोनयन-पत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय गर्ने र पुस २३ गते नै उम्मेदवारको नामावली प्रकाशन गर्ने कार्यतालिका रहेको छ। यसैगरी पुस २४ गते उम्मेदवारले नाम फिर्ता लिने र पुस २५ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन तथा उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिने निर्वाचन कार्यक्रम छ।

बागमती प्रदेशमा राष्ट्रिय सभा सदस्यको निर्वाचन प्रयोजनका लागि ३४६ जना मतदाता रहेका छन्। बागमती प्रदेशको प्रदेश सभा सदस्य १०९ जना र ११९ स्थानीय तहका गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख, उपप्रमुखसहित २३७ जना गरी ३४६ मतदाता रहने छन्। दोलखाबाट निर्वाचित प्रदेश सभाका सदस्यको निधन भएका कारण ११० प्रदेश सभाका सदस्यमध्ये एक जना रिक्त रहेको छ। यस्तै मकवानपुरको कैलाश गाउँपालिका अध्यक्ष टङ्क मुक्तान अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धानको क्रममा निलम्बनमा पर्नुभएकाले ११९ स्थानीय तहको अध्यक्ष र उपाध्यक्ष तथा नगरप्रमुख र उपप्रमुख गरी २३८ जनाको मताधिकार रहनेमा मुक्तानले मताधिकारको प्रयोग गर्न पाउनुहुने छैन।

प्रदेश सभाका सदस्यको मतभार ४८ र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख, उपप्रमुखको मतभार १८ रहने व्यवस्था रहेको छ।

# त्रियासी प्रतिशत निजी आवास पुनर्निर्माण

■ केदार तिमल्सिना

बनेपा, पुस २० गते। भूकम्प गएको छ वर्ष आठ महिना पूरा हुँदा काभ्रेमा भूकम्पबाट क्षति भई लाभग्राहीको सूचीमा समावेश भएका ८३ प्रतिशत लाभग्राहीले मात्रै निजी आवास पुनर्निर्माण गरेका छन्।

जिल्ला आयोजना कार्यान्वयन एकाइ (भवन तथा आवास)का अनुसार भूकम्प लाभग्राहीमा सूचीमा परेकाहरूले घर निर्माणका लागि सम्झौता गरेका ७९ हजार ४४० लाभग्राहीमध्ये हालसम्म ६५ हजार ८७६ जनाले मात्रै निजी आवास पुनर्निर्माण गरेका हुन्।

एकाइ प्रमुख इन्जिनियर सन्तोष निरौलाले हालसम्म पहिलो किस्ताबापतको ५० हजार रुपियाँ लिएकामध्ये ८७ दशमलव ३६ प्रतिशत लाभग्राहीले दोस्रो र ८३ प्रतिशत लाभग्राहीले घर पुनर्निर्माण सकेर तेस्रो किस्ताबापतको रकम लिएको बताउनुभयो।

उहाँका अनुसार पहिलो किस्ता रकम लिएकामध्ये ७७ हजार १५२ लाभग्राहीले नेपाल सरकार र दुई हजार २८८ जनाले गैरसरकारी संस्थाहरूमार्फत अनुदान रकम लिएको बताउनुभयो।

यस्तै दोस्रो किस्ता नेपाल सरकारमार्फत ६६ हजार ४७८ जना लाभग्राहीले रकम बुझेका छन् भने दुई हजार ८८१ जनाले गैरसरकारी संस्थामार्फत रकम लिएका छन्। यसैगरी तेस्रो किस्ताबापतको रकम ६३ हजार ४७५ जना लाभग्राहीले नेपाल सरकार र दुई हजार ४०१ जनाले गैरसरकारी संस्थामार्फत अनुदान रकम पाएका हुन्।

इन्जिनियर निरौलाले जोखिम वर्ग लाभग्राहीको सूचीमा परी अनुदान रकम पाउन योग्य भएका २४६ जनामध्ये हालसम्म ७१ जनालाई अनुदान रकम प्रदान गरिएको बताउनुभयो। उहाँले गत साउन महिना यता अनुदान रकम नपाएका लाभग्राहीलाई हालै मात्रै अनुदान रकम उपलब्ध गराएको बताउनुभयो। उहाँले हालसम्म जिल्लाको सबैभन्दा बढी भुम्लु गाउँपालिकामा छ हजार २६१ लाभग्राहीमध्ये ९३ प्रतिशत अर्थात् पाँच हजार ५६९ जना लाभग्राहीले निजी आवास पुनर्निर्माण गरेको बताउनुभयो। उहाँका अनुसार सरकारले पुनर्निर्माणको काम आगामी चैत २६ गतेसम्म सम्पन्न गर्नुपर्ने प्रस्ताव गरेअनुसार २५ जना प्राविधिकलाई गाउँगाउँमा खटाइएको बताउनुभयो।

# कठ्याङ्ग्रिदै बस्छन् सुरक्षाकर्मी

■ चित्र मिजार

सिन्धुपाल्चोक, पुस २० गते। सिन्धुपाल्चोकका ग्रामीण भेगका प्रहरी चौकीको भवन आर्थिक अभावमा बन्न नसक्दा निर्माणाधीन अवस्थामै काम चलाइएको छ। सरकारी बजेटबाहेकका स्थानीय श्रमदान र चन्दा सङ्कलन गरेर बनाउने क्रममा रहेका प्रहरी बिट र चौकी आर्थिक सङ्कटकै कारण अलपत्र परेका हुन्।

वि.सं. २०७२ को भूकम्प र पराकम्पनले जिल्लाभर तीन नगर र नौ गाउँपालिकाभर २३ वटा प्रहरी चौकी बिटमा क्षति पुऱ्याएको थियो। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक दक्षबहादुर बस्नेतका अनुसार भूकम्प र पराकम्पले भत्काएका २० प्रहरी चौकी निर्माण भइसकेका छन्। जग्गा अभावका कारणले तीनवटा प्रहरी भवन बन्न सकेका छैनन्।

स्थानीयकै पहलमा ठडिन लागेको बलेफी गाउँपालिका-७ स्थित प्रहरी चौकी लामोसाँघुको भवन आर्थिक सङ्कटकै कारणले अझै अधुरो अवस्थामा छ। यहाँ चिसोले कठ्याङ्ग्रिदै सुरक्षाकर्मी निमार्णाधीन भवनमै जस्तापाता बेरबार पारेर सुरक्षामा बसेको भेटिन्छन्। मङ्गलबार त्यही प्रहरी चौकीका प्रहरी नायब निरीक्षक तुलसीप्रसाद पोखरेल अलपत्र भवनलाई टोलाएर हेर्दै हुनुहुन्थ्यो। भूकम्पपछि उक्त प्रहरी कार्यालयको भवन स्थानीयले चन्दा सङ्कलन गरेर पिलर उठाई इँटाको गारो लगाएर र ढलान गरेका थिए। त्यसपछि कहीँ कतैबाट केही सहयोग र बजेट नपाएपछि उक्त भवन निर्माण अधुरो रहेको छ। झ्याल, ढोकासमेत हालिएको छैन।

बलेफी गापा वडा नम्बर ६, ७ र ८, त्रिपुरासुन्दरी गापा-६, सुनकोसी गापा वडा नम्बर ६ र ७ मा गरी ४० हजार नागरिकको सुरक्षा अभिभारा लिएको प्रहरी चौकी अपूर्ण हुँदा सुरक्षाकर्मी दिक्क देखिएका छन्। 'नौ जना प्रहरीले यही अलपत्र भवनमा रातदिन बिताउनुपर्दा खुबै कस्ट भइरहेको छ, उहाँले भन्नुभयो। २०३३ सालमा स्थापना भएको चौकी तत्कालीन समयमा एसियाकै ठूलो उद्योगमा पर्ने ओरियण्ट म्याग्नेसाइडको भवनमा राखिएको थियो।

लामोसाँघुका स्थानीय समाज सेवी उमेश प्रधानले २०५८ सालदेखि ०६२ सालसम्म माओवादी द्वन्द्वका कारण विस्थापित प्रहरी चौकीलाई २०६३ सालमा सोही स्थानमा पुनःस्थापना गरिएको बताउनुभयो तर २०७२ सालको भूकम्पले भवन ध्वस्त भएपछि प्रहरी चौकी लामोसाँघु ८० किलोमिटर पर स्थानान्तरण गरिएको प्रधानले जानकारी दिनुभयो।

त्यसैगरी गत असार १ को मेलम्ची बाढीले हेलम्बुस्थित प्रहरी चौकी बगाएपछि भाडामा बसेको छ, भोटेकोसी गापाको बोक्चेन र चौतारा सागाचोकगढी नगरको बोक्चेनमा जग्गा अभावका कारण प्रहरी चौकी बन्न सकेको छैन।

# एमाले अधिवेशनमा ६९३ प्रतिनिधि

■ रामेछाप समाचारदाता

रामेछाप, पुस २० गते। नेकपा एमाले रामेछापको आठौँ अधिवेशनमा कुल ६९३ प्रतिनिधि सहभागी हुने भएका छन्। आठ स्थानीय तह, जनसङ्गठन, आयोजक कमिटी तथा पालिका कमिटीबाट प्रतिनिधिहरू सहभागी हुने भएका हुन्। मन्थली नगरपालिकाबाट ९० जना प्रतिनिधि सहभागी हुने एमाले रामेछापका सचिव आनन्द श्रेष्ठले बताउनुभयो।

उहाँका अनुसार खाँडादेवी गाउँपालिकाबाट ८९ जना, दोरम्बा गाउँपालिकाबाट ६० जना, लिखु तामाकोसी गाउँपालिकाबाट ५० जना, रामेछाप नगरपालिकाबाट ४८ जना प्रतिनिधि सहभागी हुनेछन्।

जनसङ्गठन र सल्लाहकार कमिटीबाट ११२ जना प्रतिनिधि छनोट भएका छन्। त्यस्तै आयोजक कमिटीबाट ८१ जना र आठवटै पालिकाको पालिका कमिटीबाट कुल ४० प्रतिनिधि छनोट भएका छन्।

# प्रजिअकै श्रीमती परेपछि ...

■ वसन्त पराजुली

भरतपुर, पुस २० गते। जिल्ला प्रशासन कार्यालय चितवनले भरतपुरको चितवन माछा पसलमाथि अनुसन्धान सुरु गरेको छ।

सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी शर्मा नेतृत्वको जिल्ला प्रशासन कार्यालय चितवनको टोलीले चितवन माछा पसलका सञ्चालक लुलाराज तामाङमाथि माछा बढी मूल्य लिएर कालो बजारी गरेको अभियोगमा अनुसन्धान सुरु गरेको हो।

आफ्नै श्रीमतीले माछा खरिद गर्दा ठगिएका गुनासो गरेपछि चितवनका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) अस्मान तामाङको निर्देशनमा प्रशासन कार्यालयले अनुसन्धान सुरु गरेको हो।

"माछामा बढी मूल्य लिएपछि सहायक प्रमुख जिल्ला अधिकारीको टोलीले अनुसन्धान सुरु गरेको हो", प्रजिअ तामाङले भन्नुभयो।

प्रशासन कार्यालयले तामाङको माछा पसलको फ्रिज सिल गरेर अनुसन्धान गरेको हो। अनुसन्धानका क्रममा तामाङलाई बयान गराइएको छ।

गत आइतबार प्रजिअ तामाङकी श्रीमती सरकारी गाडी लिएर माछा खरिद गर्न जानुभएको थियो। झन्डै २५ किलोमिटर टाढा पश्चिम चितवनको दिव्यनगरस्थित एक्वा ब्रिडर्स नेपालको पोखरीबाट खरिद गरी लुलाराज तामाङले आफ्नो भरतपुरस्थित पसलमा बिक्री गर्न ल्याउँदै गरेको पाँच किलो तीन सय ग्राम माछा प्रतिकेजी तीन सय रुपियाँमा प्रजिअकी श्रीमतीलाई बेच्नुभयो। एक साताअघि जनकपुर माछा पोखरीबाट प्रतिकेजी २५० रुपियाँमा किनेको भन्दै मूल्य घटाउन दबाब दिए पनि लुलाराजले मूल्य नघटाएपछि प्रजिअकी श्रीमतीले सो माछा खरिद गरेर लग्नुभएको थियो तर उहाँले यो मूल्य बढी भएको भन्दै गुनासो गरेपछि प्रजिअ तामाङको टोली सुरक्षाकर्मी लिएर लुलाराजको चितवन फिस हाउसमा पुग्यो। दलबलसहित आएका प्रजिअले आफूलाई गालीगलौज गरेको व्यवसायी लुलाराजले गोरखापत्रलाई बताउनुभयो।

"हामीले ३८० रुपियाँ किलोमा माछा खुद्रा बिक्री गर्छौं तर तीन सय रुपियाँ किलोमा दिँदा कसरी कालो बजारी हुन्छ ?", व्यवसायी लुलाराजले आफूमाथि लागेको आरोपको खण्डन गर्दै भन्नुभयो। प्रजिअ तामाङले भने २५० रुपियाँमै पाइने माछा तीन सय रुपियाँमा बिक्री गरेको आरोप लगाउनुभयो।

नेपाल मत्स्य व्यवसायी सङ्घ चितवनका अध्यक्ष खगेन्द्र सुवेदी प्रजिअ तामाङले शक्तिको दुरुपयोग गर्दै जिल्लाका मत्स्य व्यवसायीमाथि दादागिरी देखाएको आरोप लगाउनुभयो।

"बजारमा फर्मालिन राखिएका भारतीय माछा छ्यापछ्याप्ती छ, त्यसमा स्थानीय प्रशासनको ध्यान पुग्न सकेको छैन, भारतीय माछा विस्थापित गर्दै नेपाली उत्पादनलाई प्रोत्साहन गर्नुपर्छ भन्ने व्यवसायीमाथि नै अनुसन्धान थाल्नुले गम्भीर बनाएको छ", उहाँले भन्नुभयो।

माछा उत्पादनका दृष्टिले आत्मनिर्भर हुँदै जान गएका बेला यस्ता घटनाले व्यवसायी र किसानको मनोबल गिर्ने अध्यक्ष सुवेदीको भनाइ छ। अध्यक्ष सुवेदीका अनुसार जिल्लामा अहिले वर्षमा चार हजार ३८ टन माछा उत्पादन हुने गर्छ।

यसैबीच नेपाल मत्स्य व्यवसायी सङ्घ केन्द्रीय समिति र जिल्ला शाखा चितवनले विज्ञप्ति जारी गर्दै चितवनमा प्रजिअले पदीय मर्यादाविपरीत क्रियाकलाप गरेको निस्कर्ष निकालेका छन्।

# चितवनमा बढ्दै दुर्घटना

■ नारायणगढ समाचारदाता

भरतपुर, पुस २० गते। भरतपुर महानगरपालिकाको आस्थाचोकस्थित पूर्व पश्चिम राजमार्गमा पुस २ गते दिउँसो ट्रकको ठक्करबाट दुई वर्षीया बालिका दीपिका जोशीको मृत्युभयो। आमासँगै सडकमा हिँडीरहेकी ती बालिकालाई ट्रकले ठक्कर दिँदा उनको घटनास्थलमै मृत्यु भएको थियो।

मृत्युपछि आक्रोशित भीडले बालिकालाई ठक्कर दिने ट्रक नै आगजनी गरिदिए। स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले हवाई फायर नै गर्नुपऱ्यो।

दुर्घटनापछि मानवीय क्षति भयो भने उग्ररूप लिने गर्छ भन्ने यसले पुष्टि गर्छ तर पनि चितवनमा दुर्घटना बढ्दो छ। जिल्ला प्रहरी कार्यालय चितवनमा रहेको तथ्याङ्कअनुसार चालू आर्थिक वर्ष ०७८/७९ को गत साउनदेखि मङ्सिरसम्मको पाँच महिनामा चितवनमा भएको ६० दुर्घटनामा ६२ जनाले ज्यान गुमाएका छन्। आ.व. ०७६/७७ को वर्षभरिमा ९९ दुर्घटनामा १०७ जना र ०७७/७८ मा १०४ दुर्घटनामा ११७ जना रहेको प्रहरी तथ्याङ्क छ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी नायब उपरीक्षक नरहरि अधिकारी पछिल्लो समय चितवनमा सडक दुर्घटना बढ्दै गएको बताउनुहुन्छ। चितवनको बढ्दो जनसङ्ख्या, जीर्ण सडक, पुराना सवारीसाधन नै दुर्घटनाका प्रमुख कारण भएको उहाँले बताउनुभयो।

प्रायः दुर्घटनामा चालकहरूको लापरबाही तथा अदक्ष चालकलाई पनि कारण मानिएको छ। नेपाल यातायात व्यवसायी महासङ्घका केन्द्रीय उपाध्यक्ष रामप्रसाद सुवेदी जीर्ण सडकलाई नै दुर्घटनाको कारण मान्नुहुन्छ।

"सडकमा ट्राफिक सङ्केत छैन। भत्किएका सडकको मर्मत सुधार छैन अनि कसरी दुर्घटना रोक्न सकिन्छ", उहाँले भन्नुभयो, "दुर्घटना गराउँछु भनेर हुने कुरा हैन तर पछिल्लो समय दुर्घटनापछि हुने गरेको सवारीसाधन तोडफोड र चालकमाथिको आक्रमणले मात्रै दुर्घटना रोकिँदैन।"

# काँग्रेस प्रदेश समितिलाई प्रविधिमैत्री बनाउने निर्णय

■ मकवानपुर समाचारदाता

हेटौँडा, पुस २० गते। नेपाली काँग्रेसको बागमती प्रदेशको पहिलो अधिवेशनबाट नवनिर्वाचित समितिलाई प्रमाणपत्र वितरण गरिएको छ।

काँग्रेस निर्वाचन समितिले बीपी भवन हेटौँडामा सोमबार आयोजना गरेको कार्यक्रममा प्रदेश समितिका नवनिर्वाचित पदाधिकारी तथा कार्यसमिति सदस्यहरूलाई प्रमाणपत्र वितरण गरेको हो।

प्रमुख निर्वाचन अधिकृत एवं वरिष्ठ अधिवक्ता केशवराज काफ्लेले कार्यक्रममा निर्वाचित पदाधिकारी तथा कार्यसमिति सदस्यहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो।

यस्तै प्रदेश समितिको यहाँ बसेको पहिलो बैठकले प्रदेश समितिको सचिवालयलाई प्रविधिमैत्री बनाउने निर्णय गरेको छ। बैठकले समितिको काठमाडौँमा सम्पर्क कार्यालय स्थापना गर्ने निर्णय गरेको काँग्रेस प्रदेश समितिले जनाएको छ।

काँग्रेस सभापति इन्द्रबहादुर बानियाँको अध्यक्षतामा बसेको बैठकले पार्टीको पालिकादेखि केन्द्रीय समितिसम्म समन्वय गरी पार्टी गतिविधिलाई प्रभावकारी बनाउने निर्णय गरेको छ।

साथै प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरूलाई प्रशिक्षण दिने निर्णयसहित प्रदेश अधिवेशनमा सहयोग गर्ने सबै पक्षलाई धन्यवाद ज्ञापन गर्ने प्रस्ताव बैठकले पारित गरेको छ।


## निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

**राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवारले गर्न पाउने खर्चको सीमा सम्बन्धी सूचना**

प्रकाशन मिति : २०७८।०९।२१

संवत् २०७८ साल माघ १२ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचन प्रयोजनका लागि राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६ को नियम ४६ को उपनियम (१) सँग सम्बन्धित अनुसूची-१ मा उल्लेख भए अनुसार राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवारले देहायका शीर्षकमा तीन लाख पचास हजार रुपैयाँसम्म खर्च गर्नेगरी सीमा निर्धारण गरिएको छ।

**राष्ट्रिय सभा सदस्य निर्वाचनको खर्च सीमा**

| क्र.सं. | खर्च शीर्षक | खर्च रकम (रुपैयाँमा) |
|---|---|---|
| १. | मतदाता नामावली खरिद | १,०००।- |
| २. | सवारी साधन/घोडा | ७०,०००।- |
| ३. | सवारी इन्धन (घोडा प्रयोग गरिएकोमा दाना समेत) | १०,०००।- |
| ४. | प्रचार प्रसार सामग्री | १४,५००।- |
| ५. | ढुवानी | १०,०००।- |
| ६. | गोष्ठी/अन्तर्क्रिया | १,००,०००।- |
| ७. | अन्य प्रचार-प्रसार, छापा एवं विद्युतीय माध्यम | १४,५००।- |
| ८ | कार्यालय सञ्चालन | ७०,०००।- |
| ९ | प्रतिनिधि परिचालन | ३०,०००।- |
| १० | विविध | ३०,०००।- |
| | जम्मा | ३,५०,०००।- |



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल**
टेकु, काठमाडौं

**राशन बन्दोबस्ती बोलपत्र आव्हानको सूचना**

सूचना नं. शुक्रराज/०५/०७८/७९
प्रथम पटक प्रकाशित मिति २०७८/०९/२१

यस अस्पतालको चालु आ.व. ०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत यस अस्पतालमा भर्ना भएका बिरामीहरुको लागि राशन खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक ईजाजत प्राप्त फर्म, कम्पनी, सप्लायर्स (व्यवसायी) हरुले बोलपत्र आव्हानको सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समय भित्र रु. ३,०००/- (अक्षरुपि तीन हजार मात्र) फिर्ता नहुने गरि तिरी खरिद गरी ३१औं दिनको १२:०० बजे भित्र अस्पतालको काउन्टरमा जम्मा गरेको सक्कल रसिद, राशन बिक्री वितरण तथा आपूर्ति गर्न पाउने गरि नवीकरण भएको ईजाजत प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र तथा आ.व. ०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा कर विवरण बुझाउने म्याद थपको प्रमाणित प्रतिलिपि निवेदन साथ संलग्न राखि बोलपत्र पेश गर्नुहुन यो सूचना आव्हान गरिएको छ। यस बोलपत्र सम्बन्धी विस्तृत विवरण अस्पतालको वेबसाईट www.stidh.gov.np र अस्पतालको सूचना पाटीबाट हेर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय
**खानी तथा भूगर्भ विभाग**
लैनचौर, काठमाण्डौ।

**Procurement of Geotechnical and Geophysical Software**
**खरिद कार्यको शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०७८/०९/२१

यस विभागको Geotechnical and Geophysical Software खरिद कार्यको लागि शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्न मिति २०७८/०८/१६ गतेको गोरखापत्र दैनिकमा दोस्रो पटक प्रकाशित सूचना बमोजिम प्राप्त २ थान योग्य बोलपत्रहरुको मुल्याङ्कनबाट श्री Radiant Infotech Nepal (P.) Ltd. ले कबोल गरेको मूल्य रु. ५,२३,९८०।- (मु.अ.क. बाहेक) न्यून रही प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई प्रस्ताव स्वीकृत गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्वन्धित सबै (शिलबन्दी दरभाउपत्रदाताहरु) को जानकारीको लागि आशयको ७ दिने सूचना प्रकाशन गरिएको छ।



नेपाल सरकार
**गृह मन्त्रालय**
सिंहदरवार, काठमाडौं

सशस्त्र द्वन्द्व तथा ऐतिहासिक जनआन्दोलनको क्रममा घाइते भई अपाङ्गता भएका व्यक्तिहरुलाई घाइते अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन सम्बन्धी

**अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति: २०७८/०९/२१)

"सशस्त्र द्वन्द्वमा घाइते भई अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन (प्रथम संशोधनसहित) कार्यविधि, २०७४" अनुसार नेपाल सरकारबाट विभिन्न मितिमा गठन भएको "द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन कार्यदल" (कार्यदल) को प्रतिवेदनमा नाम समावेश भएका तर हालसम्म घाइते अपाङ्गता प्रतिशत निर्धारण नभएकाहरु र आफ्नो घाइते अपाङ्गता प्रतिशत हेरफेर भएको भए पुनरावलोकनको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा अन्तिम पटकका लागि यो सूचना प्रकाशित भएको मितिले ३ महिनाभित्र निवेदन पेश गर्नुहुन सूचित गरिन्छ।

विस्तृत जानकारीको लागि यस मन्त्रालय वा जिल्ला प्रशासन कार्यालयहरुमा सम्पर्क राख्नु होला।



**सार्वजनिक स्थानमा धूमपान नगरौं।**

भी.आई.लेनिन



राजनीतिले श्रमजीवी वर्गमा चेतनाको सञ्चार
गर्छ, यो चेतनाबाट वर्ग सङ्घर्षको जन्म हुन्छ ।

## सम्पादकीय

# माओवादी केन्द्रको सफलता


वि.सं. २०७८ को मङ्सिर र पुस नेपाली राजनीतिक दलहरूको आन्तरिक लोकतान्त्रिक अभ्यासका लागि निकै महत्त्वपूर्ण रह्यो । यो दुई महिनामै नेपाली काँग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र ) र राष्ट्रिय प्रजातन्त्र पार्टीका महाधिवेशन सम्पन्न भए । महाधिवेशनबाट नेतृत्व निर्वाचनका साथै विधिसम्मत तवरबाट दललाई अगाडि बढाउने मार्ग प्रशस्त गरेका छन् । केहीबाहेक नेपालका प्रमुख राजनीतिक दलहरूले आआफ्ना महाधिवेशन सम्पन्न गरेर संवैधानिक दायित्व मात्र पूरा गरेनन्, आन्तरिक लोकतन्त्रको अभ्याससमेत सम्पन्न गरे । लोकतन्त्रका मूल प्रयोक्ता राजनीतिक दलहरू नै हुन् । यस अर्थमा दलहरूको आन्तरिक सुदृढीकरण बिना बहुदलीय व्यवस्थाको संस्थागत विकास सम्भव हुँदैन । त्यसैले भन्नैपर्छ, दलहरूको महाधिवेशन लोकतन्त्रको संस्थागत विकासकै उज्यालो आयाम हो ।

महाधिवेशन सम्पन्न गर्ने उपक्रमको पछिल्लो कार्यतालिका भने एक साताभन्दा बढी लगाएर नेकपा ( माओवादी केन्द्र)ले सोमबार विधिवत् रूपमा सम्पन्न गरेको छ । माओवादी केन्द्रको यो आठौँ महाधिवेशन हो । यो महाधिवेशन विगतका तुलनामा बढी लोकतान्त्रिक अभ्यास गर्दै सम्पन्न हुनु आफैँमा ठूलो सफलता हो । माओवादी केन्द्रको विधानअनुसार महाधिवेशनले माओवादी केन्द्रको केन्द्रीय समितिका सदस्यहरू निर्वाचित गर्‍यो । पदाधिकारीमा आउने सबै केन्द्रीय समितिमा पर्नुपर्ने सो पार्टीको वैधानिक व्यवस्था रहेको छ । त्यसअनुसार पुष्पकमल दाहाल ‘प्रचण्ड’ केन्द्रीय समितिमा विधिपूर्वक चयन भएर आउनु भयो । केन्द्रीय समितिको बैठकले सो पार्टीक नेता प्रचण्डलाई फेरि अर्को कार्यकालका लागि सोमबार अध्यक्षको जिम्मेवारी दिएको छ । माओवादी केन्द्रको सन्दर्भमा यसलाई निकै सकारात्मक तथा उपलब्धिमूलक मान्नुपर्छ । घटनाक्रमले पनि माओवादी केन्द्रको यो महाधिवेशनलाई ऐतिहासिक रूपमा सफल बनाएको छ । माओवादी केन्द्रले पुसमा महाधिवेशन होइन, राष्ट्रिय सम्मेलन गर्ने तय गरी त्यसैअनुसार तयारी अगाडि बढाएको थियो । राष्ट्रिय सम्मेलनको एक दिनअघि मात्र राष्ट्रिय सम्मेलनलाई महाविधेशनमा रूपान्तरण गरियो । महाविधेशनका सबै प्रक्रिया पूरा भएकोले सम्मेलनलाई महाधिवेशनमा रूपान्तरण गरिएको हो । महाधिवेशन भएकै कारण केन्द्रीय समिति बन्यो र अध्यक्ष प्रचण्डलाई अर्को कार्यकालका लागि निरन्तरता दिइयो । संयोग नै मान्नुपर्दछ, नेपाली काँग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) का महाधिवेशनहरूले आफ्ना कार्यकारी प्रमुखहरूलाई पुनः नयाँ कार्यकालका लागि निरन्तरता दिएका छन् । यसले नेतृत्वको स्थायित्वको समेत सङ्केत गरेको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा चर्चित थोरै नेपाली नेताहरूमा पर्ने माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले झण्डै तीन दशकदेखि नेतृत्व सम्हाल्दै आउनुभएको छ । कम्युनिस्ट अध्ययन केन्द्रबाट पाँच दशकअघि खारिँदै नेतृत्वमा अगाडि बढ्नु भएका प्रचण्ड वि.सं २०५२ देखि माओवादी सशस्त्र विद्रोहलाई नेतृत्व प्रदान गर्नुभएको इतिहास छ । प्रचण्डकै नेतृत्वमा जनयुद्ध, जनआन्दोलन, शान्ति सम्झौताका साथै संविधान सभा निर्वाचन, गणतन्त्र, संविधान निर्माणजस्ता मुलुकका लागि दूरगामी महत्त्वका विषयमा सुरक्षित अवतरण सम्भव भएको इतिहास साक्षी छ । यस अर्थमा भन्नुपर्दा लामो राजनीतिक उतारचढावबाट गुज्रिएर नेपाली राजनीतिमा प्रचण्डले आफ्नो विशेष स्थान निर्माण गर्नुभएको छ ।

उमेरले सात दशक पुग्न थाल्नु भएका प्रचण्डमाथि फेरि माओवादी केन्द्रको नेतृत्वको जिम्मेवारी अवसर र चुनौती दुवै हो । स्वयं उहाँले पनि यो तथ्यलाई राम्रैसँग मनन गर्नुभएको देखिन्छ । देशमा मूलभूत रूपमा राजनीतिक व्यवस्थामा निकै ठूलो परिवर्तन आए पनि सामान्य जनताको जीवनयापनलगायतका आम सरोकारका विषयमा खासै परिवर्तन आउन नसकेको तीतो यथार्थ हाम्रोसामु छ । पार्टी सुदृढीकरण, माओवादीको मुख्य मुद्दाका रूपमा रहँदै आएको सामाजिक, आर्थिक रूपान्तरण अबको कार्यसूची हुनुपर्छ । देशका मूलभूत समस्या कुनै पार्टी र नेताले एक्लै गर्ने अवस्था छैन । मिलेर नै देशको भविष्य अगाडि बढाउनु पर्ने समयले दिएको अवसर हो । अरूसँग मिलेर काम गर्न सक्ने परीक्षामा प्रचण्डको सकारात्मक प्रभाव यताका दिनमा देखिँदै आएको छ । एक वर्षअघि अनाहक प्रतिनिधि सभा विघटनबाट सुरु भएको प्रतिगमन उन्मुख राजनीतिलाई सही दिशामा ल्याउन उहाँको भूमिकाको प्रधानमन्त्री शेरबहादुर देउवाले समेत सराहना गर्दै आउनुभएको छ । यस सन्दर्भमा राष्ट्रिय स्वार्थ र जनहित नै अगाडि बढ्ने सबैको मूल मार्ग भएको कुरा बिर्सन मिल्दैन । ■

## १०० वर्ष अघिको गोरखापत्र


अनाज,
तौलिधान् मोरु १ को ।३।६
मसिनुचावल मोरु १ को ।१।२
मार्सि चावल मोरु १ को ।१।४।५
तौलि चावल मोरु १ को ।१।६।५
हकुवा चावल मोरु १ को ।१।७।
रहरको दाल मोरु १ को ।०।७
मासको दालमोरु १ को ।१।४।५

### अनाज.

तौलिधान मोरु १ को ।३।६
मसिनुचामल मोरु १ को ।१।२
मार्सि चामल मोरु १ को ।१।४।५
तौलि चावल मोरु १ को ।१।६।५
हकुवा चामल मोरु १ को ।१।७।
रहरको दाल मोरु १ को ।०।७
मासको दाल मोरु १ को ।१।४।५

१९७२ साल श्रावण १८ गते सोमबार

## ▶▶ चिन्तन

जन्मतु द्रव्यरसयोः अन्योन्यापेक्षिकं स्मृतम् ।
अन्योन्यापेक्षिकं जन्म यथास्याद्देहदेहिनोः ॥

प्राणी जन्मेदेखि नै देह (शरीर) र देही (आत्मा) को आपसमा नित्य सम्बन्ध हुन्छ, त्यसैगरी द्रव्य उत्पत्ति भएदेखि द्रव्य र रस (गुण) को सम्बन्ध हुन्छ ।

– सुश्रुत सूत्त

लेख र प्रतिक्रियाका लागि
gopafeature@gmail.com
शनिबारका लागि gopashanibar@gmail.com

गोरखापत्रमा लेख रचना पठाउँदा लेखकको सङ्क्षिप्त परिचयसहित पठाउनु हुन अनुरोध गरिन्छ ।

# सङ्घीयता र अन्तरसरकारी समन्वय

## नेपालमा सङ्घीय शासन प्रणाली पूर्ण रूपमा संस्थागत भइसकेको छैन



गोपीनाथ मैनाली

धेरै शासकीय तहले राज्य सञ्चालनलाई वैध, सहभागितामुखी र समावेशी बनाउँछ भन्ने अपेक्षाका साथ लोकतान्त्रिक मुलुकले सङ्घीय शासन पद्धति अपनाएका छन् । सङ्घीयता अभ्यास गर्ने मुलुकहरूमा धेरै असमानताबीच केही आधार भूत कुरामा समानता पाइन्छ, जसलाई सङ्घीयताका विशेष गुण भन्न सकिन्छ । जस्तो कि एकभन्दा बढी शासकीय तह वा सरकार, संविधानले नै शासकीय तहहरूलाई कार्यकारी, विधायिकी र वित्तीय अधिकार निक्षेपण, तल्ला शासकीय तहहरूबाट संसद्को माथिल्लो सभामा प्रतिनिधित्व, शासकीय तहबीचको विवादको न्यायिक निरूपण, शासकीय तह निर्वाचनप्रति उत्तरदायी हुने लोकतान्त्रिक विधि र शासकीय तहहरूबीच सम्बन्ध र समन्वयका लागि विशेष व्यवस्था ।

जब शासकीय तहबीच नीति, कानुन, योजना र नागरिक सेवा व्यवस्थापन स्वायत्त हुन्छन्, राष्ट्रिय मूल्य र राज्य सञ्चालनका आधारभूत सिद्धान्तमा एकरूपता कायम गर्नु आवश्यक हुन्छ । अहिले सङ्घीयता अभ्यास गर्ने मुलुकहरू शासकीय तहबीच असल सम्बन्ध र सुदृढ राष्ट्रिय प्रणाली कसरी कायम गर्ने भन्ने चुनौती खेपिरहेका छन् । राज्य प्रणालीलाई बढी सहभागितामूलक बनाउँदा राष्ट्रिय शासकीय पात्रहरूबीच असल सम्बन्ध कायम गरेर नै राष्ट्रिय एकताको भावना सबल बनाउन आवश्यक हुन्छ । सङ्घीय राज्य प्रणालीको माग नै शासन प्रक्रियामा धेरै अवसर निर्माण गरी लोकतन्त्रलाई वास्तविक लोकतन्त्र बनाउनका लागि हुने गर्दछ । विगतमा ऐतिहासिक कारणबाट सङ्घीय प्रणालीमा निर्माण गरेका मुलुकहरूका आफ्नै विशिष्टता थिए तर पछिल्लो समयमा आन्तरिक विग्रह, द्वन्द्व, आन्तरिक अधिनायकत्व वा बाह्य उपनिवेशबाट मुक्त भएका मुलुकहरूले सङ्घीय शासन प्रणाली अवलम्बन गरिरहेका छन् । त्यहाँका बासिन्दालाई विश्वास छ कि सङ्घीय राज्य प्रणालीले विविधता र पहिचानलाई सम्बोधन गर्छ, शासकीय सहभागिता विस्तार गर्छ, आफ्ना समस्याहरू सहज रूपमा समाधान हुन्छन्, लोकतन्त्रको सामाजिकीकरण हुन्छ र राज्य प्रणालीलाई सबैले आफ्नो भन्न सक्छन् । त्यसैले विद्वान् वव रोले भन्नुभएको छ, सङ्घीयता विकेन्द्रीकरण होइन न शक्ति निक्षेपण मात्र हो, यो देश सञ्चालन गर्ने छुट्टै विधि हो । प्रणाली बसाउन नसके यो विधि प्रत्युत्पादक पनि हुन सक्छ ।

शासकीय तहहरूबीचको समन्वयका सम्बन्धमा मुलुकहरूबीच विधि, संयन्त्र र विषयका बीचमा समानता छैन तर समन्वयका उद्देश्यमा भने समानता रहेको देखिन्छ । जस्तो कि सबै मुलुक राष्ट्रिय भावना/साझा मूल्यको संवर्द्धन गर्न, नीति तथा कार्यक्रममा रहन सक्ने अस्पष्टता र विरोधाभाष हटाउन, कार्यक्रममा रहन सक्ने दोहोरोपन हटाउन, नीति तथा कार्यक्रम लागत घटाउन र तहबीच कार्यमूलक सम्बन्ध कायम गर्न चाहिरहेका हुन्छन् तर अन्तरसरकारी समन्वयका विधिहरू देशपिच्छे नै फरक पाइन्छ । कतिपय मुलुकले समन्वयको औपचारिक विधिलाई महत्त्व दिएका छन् भने कतिपयले अनौपचारिक । कुनै मुलुक सङ्गठन संरचना नै स्थापना गरेर नियमित रूपमा काम गरिरहेका छन् भने कतिपय मुलुकले आवश्यक पर्दा मात्र समन्वय संरचना क्रियाशील बनाउँदै आएका छन् । धेरैजसो मुलुकले समतलीय र तहसोपनगत समन्वयलाई अपनाएका छन् भने केहीले तहसोपानगत । सबैजसो सङ्घीय मुलुकहरू आफूले अवलम्बन गरेको पद्धतिलाई सहकारितामूलक भन्न रुचाउँछन्, भलै कि ती द्वन्द्वात्मक वा प्रतिस्पर्धात्मक पनि देखिएका छन् । जुन मुलुकले सहकारितामूलक व्यवस्था अपनाएका छन्, त्यहाँ समन्वयका लागि पनि सहनिर्णय, सहकार्य र छलफल पद्धति अपनाएका छन् । जहाँ सम्बन्ध प्रतिस्पर्धात्मक छ, त्यहाँ नियन्त्रणमूलक समन्वय विधि अपनाइएको छ । सङ्घीय संस्कृति विकास भएका मुलुकमा भने प्रतिस्पर्धा नै समन्वयको आधार बन्ने गरेको छ ।

> “ नेपाल सङ्घीयताका सन्दर्भमा कान्छो मुलुक हो । सङ्घीयता कार्यान्वयनमा नेपालको आफ्नै अनुभव भन्दा पनि अपेक्षा र आकाङ्क्षाहरू छन् । जसले सङ्घीयतालाई अभ्यासको क्रममा परिस्कार गर्दै लैजाने अपेक्षा राखेको छ ।

अन्तरसरकारी सम्बन्धका विषयमा केही मुलुकको अभ्यासलाई उल्लेख गर्नु उचित हुन्छ । दक्षिण अफ्रिकाको सङ्घीय पद्धति सहकार्य र भाइचाराको उदाहरण मानिन्छ । त्यहाँ राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहहरू अधिकार अभ्यासका आधारमा विशिष्ट, अन्तरनिर्भर र अन्तरआवद्धित छन् । संविधानको खण्ड ४० र ४१ ले आधारमा शासकीय तहहरूलाई समन्वित हुन निर्देश गरेको छ । भारतको सङ्घीय प्रणाली सामान्य केन्द्रीकृत ढाँचामा छ । अधिकार प्रयोगमा तहगत समन्वयमा धेरै विवाद नदेखिए पनि राज्यहरूबीच (समतलीय), विशेषतः प्राकृतिक साधनको उपयोगमा विवाद देखिएका छन् । जसलाई ध्यानमा राखी भारतीय संविधानमा अन्तरराज्य जल विवाद समाधान, अन्तरराज्य परिषद्मार्फत समन्वय, सार्वजनिक कार्य, अभिलेख तथा न्यायिक विषयमा पारस्परिकता र अन्तरराज्य व्यापार, वाणिज्य र परिवहन स्वतन्त्रता (धारा २६२, २६३, २६१ र ३०१) जस्ता महत्त्वपूर्ण व्यवस्था गरिएका छन् । त्यस्तै राज्यहरूबीच सहकार्यका लागि अञ्चल परिषद् पनि गठन हुन सक्दछन् । हालसम्म छ वटा अञ्चल परिषद् गठन भएका छन् ।

द्वैध सङ्घीयताको उदाहरण अस्ट्रेलियामा समन्वयका व्यावहारिक उपाय अवलम्बन गरिन्छ । सन् १९९० बाट अस्ट्रेलियन सरकार हरूको परिषद् गठन गरी राष्ट्रिय दक्षता वृद्धि, प्रतिस्पर्धा सुधार, राष्ट्रिय नियमन प्रणाली विकास र रेल विद्युत्, खाद्य गुणस्तर र वातावरण संरक्षणका काममा समन्वय र सहकार्य गर्दै आएको छ । अस्ट्रेलियनहरू यसलाई सहकारितामूलक समन्वय भन्न रुचाउँछन् । सहकारितामूलक संयन्त्रका बावजुद पनि अस्ट्रेलियाली कमवेल्थमा कार्य दोहोरोपन रहेकोले उल्झन भएको र करदाताको पैसा खेर गइरहेको आरोप छ । १९९० को प्रमुख मन्त्रीहरूको सम्मेलनमा अस्ट्रेलियाका प्रधानमन्त्रीले सङ्घीयताको परम्परागत ढाँचामा समन्वयभन्दा द्वन्द्वका आधारहरू देखिन थालेकोले राष्ट्रिय सहकारिता बढाउँदै जान अनुरोध गरेका थिए ।

संयुक्त राज्य अमेरिकापछि सबैभन्दा सङ्घीयताको लामो इतिहास भएको स्वीस गणराज्य सन् १८४८ देखि द्वैध सङ्घीयताको चरम उदाहरण बनिरहेको छ । स्वीस सङ्घीयतामा महासङ्घ, २६ क्यान्टोन र दुई हजार ३५२ कम्युनहरू विधायिकी, कार्यकारी र न्यायिक अधिकार हरूको स्वायत्त अभ्यास गरिरहेका छन् । प्रत्येक तहमा नियन्त्रण र सन्तुलनको अभ्यास छ भने तहहरूबीच प्रतिस्पर्धा, सहकार्य र स्वायत्तता छ । समतलीय र तहगत सहकार्य र समन्वयका लागि स्वअनुशासन कायम छ, आपसमा सामूहिक कार्यमार्फत र औपचारिक सम्झौता गरेर समन्वय हुने गर्दछ । क्यान्टोनहरूबीच हुने सम्झौता अन्तर्राष्ट्रिय सन्धिका रूपमा छन् । मन्त्रीहरूको सम्मेलनलाई पनि समन्वय मञ्चका रूपमा उपयोग गरिन्छ । सिद्धान्तभन्दा पनि उच्चस्तरको सङ्घीय संस्कृतिका कारण स्वीस सङ्घीयता संस्थागत छ । सरल भइकन जटिलता, जटिलतामा सरलता स्वीस सङ्घीयताको चरित्र हो । संविधानको प्रस्तावनामा रहेको ‘विविधतामा एकता, एकअर्काप्रति आदर’ को भावनाले स्वीस सङ्घीयता सुसंस्कृत छ । फोरम अफ फेडेरेसनका अध्यक्ष एवं स्वीजरल्यण्डका पूर्वराष्ट्रपति प्रो अर्नोल्डको भनाइ छ, ‘सङ्घीयताविना स्वीस महासङ्घको कल्पना गर्न सकिँदैन, तर स्वीस सघीयताको सिद्धान्त छैन’ ।

ऐतिहासिक पीडाका कारण राज्यहरूबीच अनुबन्धबाट विकास भएको अमेरिकी सङ्घीयता स्वतन्त्रता र खुसीलाई औधी सम्मान गर्दछ तर यो अभ्यासको क्रममा निरन्तर परिस्कृत हुँदै आएको छ । द्वैध सङ्घीयता (सरकारहरू पृथक् तर समान रूपमा शक्तिशाली), वित्तीय सङ्कट र विपत्तिमा सहकारितामूलक सङ्घीयता, सिर्जनशील सङ्घीयता (‘पिकेट फेन्स फेडेरालिज्म’), नयाँ सङ्घीयता (राज्यलाई पुनःशक्तिशाली बनाउने रोनाल्ड रेगनको अवधारणा), बुस सङ्घीयता (आतङ्कवाद नियन्त्रणका लागि सङ्घको शक्ति विस्तार गर्ने अवधारणा) र प्रगतिशील सङ्घीयता (राज्यहरूलाई बलियो बनाइ राज्य र सङ्घबीच सहकार्य विस्तार गर्ने ओबामा अवधारणा) अभ्यासहरू हुँदै आएका छन् । अमेरिकी सङ्घीयतामा सहकारिता र सिर्जनशीलता साथ प्रतिस्पर्धाको अभ्यास छ । जस्तो कि २०१० मा सङ्घीय सरकारले अध्यागमन कानुनमा गरेको परिवर्तन विरुद्धमा एरिजोना राज्य उभियो तर त्यहाँका फोनिक्स, टक्सन र ल्फाग्सटाफ नगरहरू सङ्घको पक्षमा देखिए । राज्यभित्र पनि काउन्टी र सिटीहरू राज्यसँग प्रतिस्पर्धामा छन् । त्यसैले अमेरिकामा राज्यभित्रको सङ्घीयतावाद (इन्ट्रास्टेट फेडेरालिज्म) विकास भइरहेको छ । राज्यभित्रका प्रतिस्पर्धा र भौगोलिक विशिष्टताका कारण पनि यस प्रकारको अभ्यास हुन थालेको हो । साथै अमेरिकामा शक्तिमा रहँदै आएका दुई ठूला राजनीतिक दलका प्रभुत्वका कारण पनि यसले बल पाएको छ ।

नेपाल सङ्घीयताका सन्दर्भमा कान्छो मुलुक हो । सङ्घीयता कार्यान्वयनमा नेपालको आफ्नै अनुभव भन्दा पनि अपेक्षा र आकाङ्क्षाहरू छन् । जसले सङ्घीयतालाई अभ्यासको क्रममा परिस्कार गर्दै लैजाने अपेक्षा राखेको छ । संविधानले शासकीय तहहरूलाई अधिकार, स्रोत तथा जिम्मेवारी दिएको छ भने कार्यसम्पादनमा सहकारिता, समन्वय र सहअस्तित्व हुनुपर्ने मार्गदर्शन गरेको छ । साझा अधिकार क्षेत्रमा मात्र होइन, तहहरूलाई निक्षेपित अधिकारको अभ्यास गर्दा साझा भावना राख्नु आवश्यक छ ।

नेपालको सङ्घीय शासन प्रणाली सहकारितामूलक सङ्घीयता (सहशासन) खालको छ । सहकारितामूलक सङ्घीयतामा शासकीय तहहरू भातृत्वपरक सम्बन्ध प्रवर्द्धन, एकअर्काप्रति सहयोग, सर्वसाधारणका चाखप्रति सूचना आदानप्रदान र पारस्परिक छलफल र सहकार्य, स्वीकारिएको प्रक्रियाप्रति सम्मान गर्न र एकअर्काको कानुनी अवरोधबाट अलग रहन क्रियाशील रहन्छन् । यसलाई व्यवस्थित गर्न संविधानले नै अन्तरप्रदेश परिषद्को व्यवस्था गरेको छ भने कानुनले राष्ट्रिय समन्वय परिषद्, अन्तरसरकारी वित्त परिषद्को र क्षेत्रगत समितिहरू पनि व्यवस्था गरेको छ । प्रदेश समन्वय परिषद् र जिल्ला समन्वय समितिले पनि आआफ्ना कार्यक्षेत्रमा समन्वय गर्दछन् । राष्ट्रिय योजना आयोगले नीति तथा कार्यक्रममार्फत समन्वय गर्दछ भने सङ्घीय कानुन तथा संविधानका अनुसूचीअनुसार निर्माण हुने कानुनहरूले पनि समन्वयको आधार दिने गर्दछन् ।

नेपालमा सङ्घीय शासन प्रणाली पूर्ण रूपमा संस्थागत भइसकेको छैन । अभ्यासका क्रममा नै प्रतिस्पर्धा र जटिलता देखापर्ने हो । अनुभवको व्यावहारिक उपयोग गरी प्रणाली परिस्कृत गर्दै जानु पर्दछ । अभ्यासको अवधि नै लामो भई नसकेकोले अन्तरसरकारी समन्वयको धेरै समीक्षा गर्न सकिने अवस्था छैन तर केही मुलुकको समन्वयको अभ्यासले नेपाललाई सन्देश भने दिएको छ । जस्तो द्वैध र प्रतिस्पर्धात्मक सङ्घीयता अभ्यास गरेको संयुक्त राज्य अमेरिका वित्तीय विपत्ति र आतङ्कवादको समस्यामा पर्दा सहकार्यात्मक देखिएको छ । प्रतिस्पर्धा र स्वायत्तताको उदाहरण स्वीस सङ्घ क्यान्टोनहरूबीचको सन्धिबाट सहकार्य गर्दै आएको छ । अस्ट्रेलियन कमनवेल्थले अनौपचारिक संयन्त्र मार्फत सङ्घीय सहकार्य गर्दै आएको छ । यसर्थ के भन्न सकिन्छ भने तहगत सरकारबीचको समन्वय र सहकार्यका लागि औपचारिकका साथसाथै अनौपचारिक विधिहरू उत्तिकै औचित्यपूर्ण हुन्छन् । विश्वास र सहकार्यले नै सङ्घीय लोकतन्त्रलाई सफल बनाउने गर्दछ, जसको आधार प्रभावकारी समन्वय हो । ■

# सरकारी लेखापरीक्षणको उपयोगिता



नारायण अधिकारी

सार्वजनिक स्रोत साधनको उद्देश्यमूलक उपयोग, वित्तीय उत्तरदायित्व, सुशासन र पारदर्शिताको प्रवर्द्धन तथा जनताले तिरेको करबाट सङ्कलित राजस्वबाट संसद्‌ले विनियोजन गरेअनुसार स्रोत साधनको अधितम र उचित तवरबाट उपयोग गरी सञ्चालन भएको छ छैन भन्ने विषयमा महालेखा परीक्षकको कार्यालयबाट प्रत्येक वर्ष अन्तिम लेखापरीक्षण गरिन्छ । सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्न संविधानले नै महालेखा परीक्षकको व्यवस्था गरेको छ ।

लेखा तथा लेखापरीक्षणको व्यवस्था वैदिक कालदेखि नै हुँदै आएको पाइन्छ । महाभारतमा राजा युधिष्ठिरले आफ्नो भाइ नहकुललाई सेनाको हिसाब हेर्नु भन्ने आज्ञा दिएको कुराबाट पनि सो कुराको पुष्टि हुन आउँछ । तत्कालीन समयको लेखा तथा लेखापालन व्यवस्था हालको जस्तो आधुनिक नभए पनि आम्दानी तथा खर्चको हिसाब राख्ने र सोको लेखापरीक्षण गर्ने प्रचलन रहेको र लेखा राख्ने र लेखापरीक्षण गर्ने प्रणालीमा पनि क्रमशः सुधार हुँदै आएको पाइन्छ । कुमारीचोकबाट हुँदै आएको लेखापरीक्षणको कार्य वि.सं. २०१६ देखि संवैधानिक अङ्गको रूपमा रहेको महालेखा परीक्षकबाट हुँदै आएको छ ।

सङ्घीय र प्रदेशका सबै सरकारी कार्यालय, स्थानीय तह तथा कानुनद्वारा तोकिएका अन्य संस्थाको निर्धारित तरिकाबमोजिम नियमितता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताको समेत विचार गरी अन्तिम लेखापरीक्षण गरी सोको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने दायित्व संवैधानिक रूपमा महालेखा परीक्षकलाई तोकेको छ ।

नेपाल सरकारका प्रत्येक कार्यालयको आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षताको आधारमा आन्तरिक लेखापरीक्षणको कार्य हुने गरेको र परीक्षण गर्दा सम्बन्धित निकायको उद्देश्य अनुरूपका कार्य सम्पादनसँग सम्बन्धित कारोबारको गणितीय शुद्धता र कानुनको परिपालना एवं नेपाल सरकारले स्वीकृत गरेको लेखा निर्देशिका अनुसार लेखा प्रमाण कागजातका साथै अङ्कको पूर्ण परीक्षण गर्ने गरिन्छ । त्यसैगरी, सार्वजनिक निकायले कार्य सम्पादनको क्रममा परिचालन भएको स्रोतको नतिजामूलक उपयोग एवं प्रभावकारिता सम्बन्धमा जोखिम विश्लेषणमा आधारित भई लेखाजोखा गरी सुझाव गर्ने र अवलम्बन गरिएका आन्तरिक नियन्त्रण प्रणालीलगायतका नीतिगत एवं प्रक्रियागत पक्षहरूको व्यवस्थापकीय अभ्यासका सम्बन्धमा लेखाजोखा गरी सुझाव प्रस्तुत हुने गर्छ । महालेखा परीक्षकको कार्यालयले अन्तिम लेखापरीक्षण गर्दा आन्तरिक लेखापरीक्षणको प्रतिवेदनलाई समेत आधार लिई नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता समेतको आधारमा स्रेस्ताको परीक्षण गरी सुझावसहितको प्रतिवेदन सार्वजनिक निकायलाई उपलब्ध गराउँदै आएको छ ।

लेखापरीक्षण गर्ने विषयमा आन्तरिक लेखापरीक्षक तथा अन्तिम लेखापरीक्षक दुवैलाई विशेषतः सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली, विनियोजन ऐन, लेखापरीक्षण ऐनलगायत विभिन्न समयमा जारी भएका निर्देशिका, परिपत्र आदिले निर्देशित गरेको हुन्छ । दुवै किसिमका लेखापरीक्षणको मुख्य उद्देश्य सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग भएको छ, छैन सो कुरामा सरोकारवालालाई विश्वस्त बनाउनु हो । कोषको उपयोग गर्दा विभिन्न ऐन, नियम, नीति, निर्देशिका, परिपत्रले गरेको व्यवस्थाअनुरूप कुशल, मितव्ययी र पारदर्शी ढङ्गबाट गरेको छ, छैन ? स्वीकृत कार्यक्रम निर्धारित समयभित्र सम्पादन गरेको छ, छैन ? खर्च अनुरूपको प्रतिफल यथेष्ठ छ छैन ? वैदेशिक ऋणको परिचालन सही ढङ्गबाट भएको छ, छैन ? सार्वजनिक सम्पत्तिको सुरक्षा र परिचालन यथेष्ट छ, छैन ? यावत कुराहरूको सूक्ष्म ढङ्गबाट परीक्षण गरी प्रतिवेदन तयार पारी महालेखा परीक्षकले राष्ट्रपतिसमक्ष प्रत्येक वर्ष चैत्र मसान्तभित्र पेस गर्ने र राष्ट्रपतिबाट सो प्रतिवेदन जनप्रतिनिधिको थलो संसद्मा पेस गरी छलफल गर्ने संवैधानिक एवं कानुनी व्यवस्था छ । यसले गर्दा सार्वजनिक कोषको उपयोगको अवस्थाको जानकारी जनताका प्रतिनिधिले पाउँछन् ।

> भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि शून्य सहनशीलताको नीति कार्यान्वयन गर्नुपर्छ

आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको प्रसङ्ग वर्षौं पहिलेदेखि उठिरहेको अवस्थामा लेखापालन र लेखापरीक्षणको काम अलग अलग व्यक्तिबाट हुने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ ले गरेको छ । सोहीबमोजिम यसको व्यवस्थापन महालेखा नियन्त्रकको कार्यालयले मिलाउँदै छ । यो व्यवस्थाले आन्तरिक लेखापरीक्षण प्रभावकारी हुने कुरामा विश्वस्त हुन सकिन्छ । यसले गर्दा अन्तिम लेखापरीक्षकलाई गणितीय शद्धता र नियमितताको विषयमा धेरै समय व्यतित नगरी खर्चको औचित्यताको विषयमा आफ्नो ध्यान केन्द्रित गर्न मद्दत पुग्नेमा आशावादी हुन सकिन्छ । लेखापालन तथा लेखापरीक्षण गर्ने व्यक्ति एउटै समूहको हुँदा लेखापरीक्षणमा त्यति ध्यान पुग्न सकेको थिएन ताकि आन्तरिक लेखापरीक्षणले नियमितता र गणितीय शुद्धताको विषयलाई समेत सूक्ष्म परीक्षण नगर्दा धेरै आलोचित हुनुपरेको थियो ।

जनताले तिरेको करबाट सङ्कलित राजस्वको सही सदुपयोग नगरी ठूलो धनराशि हिनामिना गरेको व्यहोरा महालेखा परीक्षकको कार्यालयले प्रत्येक वर्ष तयार पार्ने वार्षिक प्रतिवेदनमा समेत उल्लेख हुने गरेको छ । आर्थिक कारोबारमा भएको अनियमितता, हिनामिना पत्ता लगाउने गहन जिम्मेवारी कोष तथा लेखा नियन्त्रकको कार्यालय तथा महालेखा परीक्षकको कार्यालयले प्राप्त गरेको छ ।

महालेखा परीक्षकको ५८औँ प्रतिवेदनमा उल्लेख भएबमोजिम आ.व. २०७७/०७८ को लेखापरीक्षणको सन्दर्भमा सङ्घीय, प्रदेश, स्थानीय तह, समिति र अन्य संस्थासमेतको रु. २७ खर्ब ७२ अर्ब ७८ करोडको लेखापरीक्षण सम्पन्न भएको मध्ये तीन हजार ७९ सङ्घीय सरकारी निकाय र कार्यालयको रु. १५ खर्ब ५५ अर्ब ८१ करोडको लेखापरीक्षण गर्दा ४४ अर्ब ३९ करोड अर्थात् २.८६ प्रतिशत बेरुजु देखिएको छ । त्यसैगरी, प्रदेश निकाय र कार्यालयमा एक हजार १९ निकायको रु. दुई खर्ब ३७ अर्ब ४१ करोडको लेखा परीक्षणबाट रु. छ अर्ब ५० करोड अर्थात् २.७४ प्रतिशत बेरुजु देखिएको छ । ५८४ समिति तथा अन्य संस्थाको रु. एक खर्ब ६३ अर्ब ५७ करोडको लेखा परीक्षणबाट रु. १२ अर्ब ६६ करोड अर्थात् ७.७४ प्रतिशत र ६९९ स्थानीय तहको रु. आठ खर्ब १५ अर्ब ९९ करोडको लेखा परीक्षणबाट रु. ४० अर्ब ८३ करोड अर्थात् ५ प्रतिशत बेरुजु देखिएको छ । आ.व २०७६/०७७ को लेखापरीक्षण गर्दा औँल्याइएको असुलउपर गर्ने बेरुजुमध्ये रु. छ अर्ब १७ करोड आ.व. २०७७/०७८ मा असुलउपर समेत भएको छ ।

लेखापरीक्षणको माध्यमबाट आर्थिक कारोबार, विकास निर्माण र सेवा प्रवाहको क्रममा भएका कमीकमजोरी र सार्वजनिक नीतिको कार्यान्वयन पक्षको मूल्याङ्कन गरी सजग गराउँछ । फलस्वरूप राज्यको स्रोत साधनको अपव्यय, दुरुपयोग, हानिनोक्सानी, चुहावट रोकथाम, एवं स्रोत साधनको उपयोगबाट उच्चतम प्रतिफल प्राप्त गर्न सहयोग पुगेको छ । लेखापरीक्षणबाट औँल्याइएका विषयहरूको सम्बोधनबाट सरकारी रकम असुल भई सञ्चित कोषमा जम्मा भएको तथा ऐन, नियम, नीति, सङ्गठनात्मक सुधारको कारणबाट समेत राज्यलाई थप राजस्व प्राप्त भएको छ । राजस्व छुट तथा फिर्ता दिने व्यवस्थाको पुनरावलोकन पश्चात् राजस्व सङ्कलनमा वृद्धि हुने अवस्था सिर्जना भएको छ । सार्वजनिक खर्चमा मितव्ययिता, कार्यदक्षता र जनतालाई प्रवाह हुने सेवामा प्रभावकारिता आएको छ । तसर्थ, आर्थिक अनुशासन कायम गर्न, सुशासन र पारदर्शिता प्रवर्द्धन गर्न एवं जनताले तिरेको कर रकमको सही ठाउँमा उपयोग भए नभएको विषयमा सरोकारवालालाई आश्वस्त पार्न लेखापरीक्षणको योगदान रहेको कुरामा कुनै सन्देह रहँदैन ।

लेखापरीक्षणको प्रतिवेदनले सरकारी खर्चमा भएको आर्थिक अनुशासन र कमजोरी औँल्याउँछ । यसको नियन्त्रण गर्ने काम सरकारी निकायको हो । जबसम्म सरकारी संयन्त्र अनुशासित र जवाफदेही बन्दैन, तबसम्म आर्थिक अनुशासनमा सुधार आउँदैन । प्रत्येक वर्ष दोहोरिरहने अनियमितताले सरकारी निकाय यसप्रति गम्भीर नरहेको प्रष्ट हुन्छ । भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि शून्य सहनशीलताको नीति कार्यान्वयन गर्नुपर्छ । यसको नियन्त्रणका लागि अनियमित तरिकाले खर्च गर्ने अधिकारी र संलग्न कर्मचारीलाई कानुनको कठघरामा उभ्याइ जिम्मेवार र जवाफदेही बनाउनुपर्छ । ■

## वस्तुगत प्रश्नोत्तर

१. **प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगिता (२०७८) को उपाधि कसले जित्यो ?**
✍ एपीएफ क्लब




- धनगढीमा सम्पन्न सो प्रतियोगितामा च्याम्पियन बन्दै ट्रफीसहित नगद पाँच लाख रुपियाँ प्राप्त गरेको ।
- उपविजेता बनेको प्रदेश १ ले तीन लाख रुपियाँ र ट्रफी प्राप्त गरेको ।
- नेपाल क्रिकेट सङ्घ (क्यान)को आयोजना र सुदूरपश्चिम क्रिकेट सङ्घको सहआयोजनामा २०७८ पुस ३–११ सम्म सो प्रतियोगिता सञ्चालन भएको ।
- प्रतियोगितामा सात प्रदेशका सात टिम र विभागीय टिम एपीएफ क्लबको सहभागिता रहेको ।

२. **दक्षिण अफ्रिकामा रङ्गभेद अन्त्य गर्न अहं भूमिका निर्वाह गरेका डेसमन्ड टुटुको निधन कहिले भएको हो ?**
✍ सन् २०२१ डिसेम्बर २६
- नेल्सन मन्डेलाका समकालीन टुटु सन् १९४८ देखि सन् १९९१ सम्म दक्षिण अफ्रिकामा कायम रङ्गभेदी नीति अन्त्य गर्ने आन्दोलनको एक प्रमुख व्यक्तित्व रहनुभएको ।
- नोबल शान्ति पुरस्कार विजेता टुटुले रङ्गभेदी आन्दोलनमा नेल्सन मण्डेलासँग मिलेर अहं भूमिका निर्वाह गर्नुभएको ।
- अश्वेत जातिका टुटु आफ्नो विचार र कार्यका कारण सधैँ दक्षिण अफ्रिकामा अल्पमत श्वेत शासकहरूसँग सङ्घर्षमा रहनुभएको ।

३. **बङ्गलादेशको ढाकामा सम्पन्न एभीसी एसियन सेन्ट्रल जोन महिला भलिबल च्यालेन्ज कप उपाधि कसले जित्यो ?**
✍ नेपाल
- नेपालले ढाकामा भएको फाइनल खेलमा उज्वेकिस्तानलाई ३–२ सेटले हराई उपाधि हात पारेको ।
- योसँगै नेपालले लगातार दोस्रो पटक यो उपाधि जित्न सफल भएको । नेपालले बङ्गलादेशमै सन् २०१९ मा भएको पहिलो संस्करणमा माल्दिभ्सलाई ३–० को सोझो सेटमा हराएर उपाधि जितेको थियो ।
- दोस्रो संस्करणको च्याम्पियनसिपमा श्रीलङ्काले तेस्रो स्थान हासिल गरेको ।
- च्याम्पियनसिपमा बङ्गलादेश, किर्गिस्तान, माल्दिभ्स, नेपाल, श्रीलङ्का र उज्वेकिस्तान गरी छ राष्ट्रको सहभागिता रहेको ।
- पुरुष भलिबल टिमतर्फ नेपाली राष्ट्रिय पुरुष भलिबल टिमले भने चौथो स्थान हासिल गरेको । यो विधाको फाइनलमा श्रीलङ्काले घरेलु टिम बङ्गलादेशलाई हराएर उपाधि जितेको ।

४. **हिमाली जिल्ला मुगुमा पहिलो पटक सुरक्षित खानेपानी बस्ती घोषणा कहिले गरिएको हो ?**
✍ वि.सं. २०७८ पुस १५
- जिल्लामा रहेको एक मात्र छायाँनाथ रारा नगरपालिकाअन्तर्गत देउवाडा, नाउर, झापागाड र चैनलाई सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा गरिएको ।

५. **ठूली रात पर्व कुन ठाउँमा प्रचलनमा रहेको छ ?**
✍ सुदूरपश्चिम
- पुस १५ गतेको रात सबैभन्दा लामो हुने मान्यताका साथ यो रातलाई ठूली रात मानी राति मिठोमिठो खानेकुरा खाएर रमाइलो गरेर जाग्राम बस्ने, देउडा खेल्ने तथा बिहान उज्यालो नहुँदै नुहाइधुवाई गर्ने चलन रहेको ।
- पन्नरी रातका रूपमा समेत मनाइने यो पर्वमा १५ किसिमका परिकार खाने चलन रहेको ।
- तिहारमा भैली खेलेर जम्मा भएको रकमबाट यही दिन कुन्क्यौली (वनभोज) खाने चलनसमेत रहेको ।
- डिसेम्बर २२ तारिखलाई विश्वभर नै सबैभन्दा छोटो दिन भनिए पनि यहाँ भने पुस १५ लाई छोटो दिन मान्ने गरिन्छ ।
- भारतमा पुस १५ लाई लोहरी पर्वका रूपमा मनाउने गरिन्छ ।

६. **तनहुँको व्यास र बर्दियाको ठाकुरबाबा नगरपालिकाबीच मितेरी सम्बन्ध कहिले कायम गरिएको हो ?**
✍ वि.सं. २०७८ पुस
- समृद्धिका लागि सँगसँगै भन्ने नारासहित दुई पालिकाबीच मितेरी सम्बन्ध कायम गरिएको ।
- रीति, संस्कृति र परम्परा साटासाट गरी पर्यटक आकर्षित गर्न, विकासको मोडलमा छलफल र साझेदारीका रूपमा काम गर्न सम्बन्ध स्थापित गरिएको ।
- पहाड र समथर क्षेत्रको खानपिन एवं उत्पादित वस्तुको आदानप्रदानमा सहजता हुने साथै व्यापारिक समन्वयमा मितेरी सम्बन्धले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास गरिएको ।

७. **मिसेस नेपाल वर्ल्ड, २०२१ को उपाधि चुम्न सफल युवती को हुन् ?**
✍ दीक्षा केसी (वाफल, काठमाडौँ)




- दीक्षाले उपाधिसहित सन् २०२२ मा हुने अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता मिसेस वर्ल्डमा नेपालको तर्फबाट प्रतिनिधित्व गर्ने । यसै वर्षदेखि मिसेस नेपाल वर्ल्डको विजेतालाई मिसेस वर्ल्डमा सहभागी गराउने गरी फ्रेन्चाइजी मिलाइएको सो अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको पहिलो सहभागिता हुने ।
- प्रतियोगितामा नायिका उषा रजक मिसेस नेपाल इन्टरनेसनल र पविता एमएस इन्टरनेसनल भएका । उनीहरूले उपाधिसहित सन् २०२२ मा सिङ्गापुरमा हुने मिसेस इन्टरनेसनल र एमएस इन्टरनेसनलमा सहभागिता जनाउने अवसर प्राप्त गरेका ।
- रिवन इन्टरटेन्मेन्टको आयोजना तथा कि एडभर्टाइजिङको मार्केटिङ सहकार्यमा सम्पन्न प्रतियोगितामा सुनिता लामा मिसेस नेपाल वर्ल्ड फर्स्ट रनर्स–अप, राजश्री थापा मिसेस नेपाल वर्ल्ड सेकेन्ड रनर्सअप र मनिता प्याकुरेल मिसेस नेपाल वर्ल्ड थर्ड रनर्सअप भएका ।

८. **नेपालमा UNMIN ले कहिलेदेखि कहिलेसम्म कार्य गरेको हो ?**
✍ वि.सं. २०६३ माघ ९ देखि २०६७ पुस ३०

९. **संयुक्त राष्ट्रसङ्घका लागि नेपालको पहिलो स्थायी प्रतिनिधि को हुन् ?**
✍ ऋषिकेश शाह (सन् १९५५–१९६१)
- (हाल UNO का लागि नेपालको स्थायी प्रतिनिधि अमृत राई रहेका ।)

१०. **नीलगाईलाई अर्को के नामले चिनिन्छ ?**
✍ घोडगधा

११. **मानिसजस्तै रुने जनावर भालु हो भने मानिसजस्तै हाँस्ने जनावर कुन हो ?**
✍ हाइना

१२. **पोइन्ट फोर प्रोग्राम केसँग सम्बन्धित छ ?**
✍ वैदेशिक सहायता

१३. **नेपाल–भारत सम्बन्धको समग्र पक्षको अध्ययन र पुनरवलोकनका लागि सुझाव दिन गठित दुवै मुलुकका विज्ञ सम्मिलित प्रबुद्ध समूहको पहिलो बैठक कहिले सम्पन्न भएको थियो ?**
✍ वि.सं. २०७३ असार २०–२१ (काठमाडौँमा)

१४. **विश्वमा सहकारीको विकास कुन देशबाट भएको हो ?**
✍ बेलायत

१५. **कुनै वस्तुमा त्यसको स्थान वा स्थिति परिवर्तनका कारणले सञ्चित रहने शक्तिलाई के भनिन्छ ?**
✍ स्थिति शक्ति (Potential Energy)
- (तन्किएको रबरमा जम्मा भएको शक्ति, बाँधमा जम्मा गरिएको पानीमा हुने शक्ति, कुनै स्प्रिङ दबाउँदा वा तन्काउँदा स्प्रिङमा सञ्चित हुने शक्ति आदि स्थिति शक्ति अर्थात् पोटेन्सियल शक्तिका उदाहरण हुन् ।)

१६. **चाल शक्ति** (Kinetic Energy) **भन्नाले के बुझिन्छ ?**
✍ वस्तुमा हुने चालका कारणले उत्पन्न हुने शक्ति अर्थात् चाल अवस्थामा रहेको वस्तुमा सञ्चित शक्ति
- (बन्दुकबाट निस्केको गोली, बगिरहेको पानी, गुडिरहेको मोटर, उडिरहेको चरा आदिमा चाल शक्ति निहित हुन्छ ।)

१७. **मानव न्यायशास्त्रका लेखक को हुन् ?**
✍ जयस्थिति मल्ल

१८. **जङ्गबहादुरलाई राणाको पदवी कसले प्रदान गरेका थिए ?**
✍ श्री ५ सुरेन्द्र (वि.सं. १९०५ मा)

१९. **गंकी–धुस्वाँ–वसुन्धरा पुरस्कार २०७८ कसलाई प्रदान गरियो ?**
✍ उपन्यासकार नीलम कार्की निहारिका
- त्यसैगरी यस वर्षको धुस्वाँ सायमी सिर्जना पुरस्कार वरिष्ठ कलाकार गोविन्दलाल सिंह डङ्गोललाई प्रदान गरिएको ।
- दुवै पुरस्कार ५०/५० हजार रुपियाँ राशिको रहेको ।

२०. **क्षेत्रफलका हिसाबले दोस्रो ठूलो महादेश अफ्रिका हो भने तेस्रो ठूलो महादेश कुन हो ?**
✍ उत्तर अमेरिका

२१. **चितवनको कुरिनटारदेखि गोरखाको मनकामनासम्मको केबुलकार कति किलोमिटर दूरीमा सञ्चालित छ ?**
✍ २.८ किलोमिटर

२२. **विश्वकै अग्लो र लामो स्काइ साइक्लिङ सेवा कहाँ सुरु भएको छ ?**
✍ कुस्मा, पर्वत (वि.सं. २०७८ पुस १३)
- कालीगण्डकी नदीमाथिको भीरमा उक्त सेवा सञ्चालनमा आएको ।
- २२८ मिटर उचाइमा रहेको साइक्लिङको लम्बाइ दुईतर्फ गरी छ सय मिटर रहेको ।
- विश्वकै दोस्रो अग्लो बन्जी सञ्चालन गरिरहेको द क्लिफले सो सेवा सञ्चालनमा ल्याएको ।

२३. **पोथी सुँगुरलाई भुनी भनिन्छ भने भाले सुँगुरलाई के भनिन्छ ?**
✍ बुचो

२४. **देशभरको घटना दर्तालाई लक्षित गरी सरकारले केन्द्रीय पञ्जीकरण विभागको स्थापना गरी औपचारिक सुरुवात कहिले गऱ्यो ?**
✍ वि.सं. २०७१ चैत ८ (सरकारले २०७१ असोज ३० गते विभाग स्थापना गर्ने निर्णय गरेको ।)

२५. **सम्राट् अशोकद्वारा निर्माण गरिएको लुम्बिनीको अशोक स्तम्भ कसले पत्ता लगाएका थिए ?**
✍ डा. फुहरर

२६. **महर्षि वाल्मीकिद्वारा रचित रामायणमा कति काण्ड छन् ?**
✍ सात

२७. **नेपालका चारधाम भनी कुन–कुन धार्मिक क्षेत्रलाई बुझिन्छ ?**
✍ बराह क्षेत्र, मुक्ति क्षेत्र, हरिहर क्षेत्र र रुरु क्षेत्र ।

२८. **कवि शिरोमणि लेखनाथ पौड्याल साहित्य पुरस्कार कसलाई प्रदान गरियो ?**
✍ साहित्यकारद्वय सरुभक्त र रमेश खकुरेल
- सरुभक्तलाई २०७७ साल र खकुरेललाई २०७८ सालको पुरस्कारबाट सम्मान गरिएको ।
- कोरोनाका कारण गत वर्ष पौड्यालको जन्मजयन्ती नमनाएका कारण गत वर्षसँगै यस वर्षको पुरस्कार एकै पटक प्रदान गरिएको ।
- पुरस्कारको राशि ५०/५० हजार रुपियाँ रहेको ।

२९. **महाभारतको युद्ध भएको ठाउँलाई के भनिन्छ ?**
✍ कुरु क्षेत्र

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# नेपालको वित्तीय क्षेत्रका समस्या

१. **सार्वजनिक संस्थान निजीकरणका प्रक्रियाहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ सार्वजनिक संस्थान निजीकरणका प्रक्रियाहरू निम्नानुसार रहेका छन् :
- (क) सेयर बिक्री गरेर,
- (ख) सहकारीकरण गरेर,
- (ग) सम्पत्ति बेचबिखन गरेर,
- (घ) सम्पत्ति भाडामा दिएर,
- (ङ) व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागिता गराएर,
- (च) अर्थमन्त्रीको अध्यक्षतामा गठित निजीकरण समितिको सिफारिसमा नेपाल सरकारले उपयुक्त देखेको अन्य कुनै माध्यम अपनाएर,

२. **नेपालको वित्तीय क्षेत्रका हाल देखिएका समस्याहरू के के हुन् ? चर्चा गर्नुहोस् ।**
✍ पुँजीको माग, सिर्जना तथा आपूर्ति हुने क्षेत्र वित्तीय क्षेत्र हो । अर्थतन्त्रको मेरुदण्डका रूपमा चिनिने वित्तीय क्षेत्रअन्तर्गत वाणिज्य बैङ्क, विकास बैङ्क, वित्त कम्पनी, नेपाल राष्ट्र बैङ्कबाट अनुमतिप्राप्त लघुवित्त कारोबार गर्ने वित्तीय संस्था, सहकारी संस्था, गैरसरकारी संस्था पर्दछन् । नेपालमा नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ तथा बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ अनुसार नेपालको समग्र वित्तीय क्षेत्रको नियमन तथा सुपरिवेक्षण केन्द्रीय बैङ्कका रूपमा नेपाल राष्ट्र बैङ्कले गर्दै आएको छ र पनि यो अझै सुदृढ हुन सकेको छैन । नेपालको वित्तीय क्षेत्रमा हाल देखिएका समस्यालाई निम्नानुसार चर्चा गर्न सकिन्छ :
- बैङ्क तथा वित्तीय संस्थामा तरलता अभाव बढ्दै जानु,
- निक्षेप वृद्धि गर्न नसकिनु,
- बैङ्क तथा वित्तीय संस्थाले निक्षेपमा दिने र कर्जामा लिने ब्याजदरबीचको अन्तर बढ्दै जानु,
- मुलुकमा नीतिगत अस्थिरताका कारण लगानीको अनुकूल वातावरण तयार हुन नसक्नु,
- लगानीको महत्त्वपूर्ण क्षेत्र औद्योगिक क्षेत्र रुग्ण एवं कमजोर हुँदै जानु,
- कर्जालाई उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्न नसकिनु,
- कर्जा फिर्ता दर न्यून हुनु,
- ग्रामीण जनता, उद्यमी एवं कृषकमा बैङ्किङ सेवा सुविधा सहज हुन नसक्नु,
- निष्क्रिय कर्जा घटाउन नसक्नु,
- वित्तीय साक्षरता कमजोर हुँदा ऋण प्राप्तिको न्यूनतम मापदण्ड पूरा गर्न सक्ने ज्ञान, सीप, क्षमताको अभाव रहनु,
- वित्तीय स्थायित्व कायम गर्ने कार्यमा मौद्रिक नीति प्रभावकारी हुन नसक्नु,
- मुद्रास्फीति दरलाई न्यून राख्न नसक्नु,
- बैङ्क तथा वित्तीय संस्थामा संस्थागत सुशासन सृदढ हुन नसक्नु,
- बैङ्क तथा वित्तीय संस्थाहरूको सङ्ख्यात्मक वृद्धिसँगै गुणात्मक पक्ष बढाउन नसकिनु,
- एकआपसमा गाभ्ने गाभिने तथा एकले अर्को प्राप्ति गर्ने प्रक्रिया प्रभावकारी हुन नसक्दा ठूला–ठूला लगानीकर्ताका लागि आवश्यक पर्ने सबल र सक्षम बैङ्क तथा वित्तीय संस्थाको अभाव हुनु,
- अर्थतन्त्रमा छायाँ बैङ्किङ क्रियाकलाप जस्तै : बचत तथा ऋण सहकारी संस्था, हुण्डी, ढुकुटीलगायतका कारोबार नियन्त्रण गर्न नसकिनु,
- केन्द्रीय बैङ्कका रूपमा नेपाल राष्ट्र बैङ्कले गर्ने बैङ्क तथा वित्तीय संस्थाहरूको नियमन तथा सुपरिवेक्षण कार्य प्रभावकारी हुन नसक्नु,

३. **राष्ट्रिय बीमा संस्थानले गर्ने कार्यहरू के के हुन् ? लेख्नुहोस् ।**
✍ राष्ट्रिय बीमा संस्थानले गर्ने कार्यहरू निम्न छन् :
- जीवन बीमा व्यवसाय गर्ने,
- पुनर्बीमा गर्ने गराउने,
- लगानी गर्ने र सो लगानीको असुल उपर र सुरक्षाका लागि आवश्यक कदम लिने,
- ऋण पत्र र प्रिफरेन्स सेयर जारी गर्ने,
- धितो राखेको कुनै सम्पत्ति आफ्नो नियन्त्रणमा राख्ने, त्यस्तो सम्पत्तिको सञ्चालन आवश्यक समयसम्म आफैँ गर्ने,
- चल–अचल सम्पत्तिको जमानतमा ऋण प्रदान गर्ने,
- सम्पत्ति धितो बन्धक राखी ऋण लिने,
- कुनै सम्पत्ति भाडामा दिने, बिक्री गर्ने वा अन्य प्रकारबाट बन्दोबस्त गर्ने,
- अन्य संस्थानको सेयर र ऋण पत्रको निष्कासनमा सहायता गर्ने, ग्यारेन्टी गर्ने,
- एजेन्सी व्यवसाय गर्ने,
- विदेशमा लगानी गर्ने,
- अन्य सङ्गठित संस्थानको सेयर पुँजीमा लगानी गर्ने,
- एजेन्टहरू नियुक्त गर्ने, निजहरूलाई कमिसन दिने,
- सेयर, बन्ड, डिवेञ्चर, प्रतीतपत्र, चल अचल सम्पत्ति आदि खरिद बिक्री गर्ने, डिस्काउन्ट कमिसन लिने दिने, दलाली गर्ने,

४. **राष्ट्रिय सुरक्षा परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार के के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ राष्ट्रिय सुरक्षा परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धमा नेपालको संविधानको धारा २६६ र सैनिक ऐन, २०६३ मा व्यवस्था गरिएको छ । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

● **राष्ट्रिय सुरक्षा परिषद्को गठन**
- (क) प्रधानमन्त्री – अध्यक्ष
- (ख) नेपाल सरकारको रक्षामन्त्री – सदस्य
- (ग) नेपाल सरकारको गृहमन्त्री – सदस्य
- (घ) नेपाल सरकारको परराष्ट्रमन्त्री – सदस्य
- (ङ) नेपाल सरकारको अर्थमन्त्री – सदस्य
- (च) नेपाल सरकारको मुख्यसचिव – सदस्य
- (छ) प्रधानसेनापति, नेपाली सेना – सदस्य
- रक्षा मन्त्रालयको सचिवले राष्ट्रिय सुरक्षा परिषद्को सदस्य–सचिव भई काम गर्ने,

● **राष्ट्रिय सुरक्षा परिषद्को काम, कर्तव्य र अधिकार**
- नेपालको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति तर्जुमा गर्ने,
- नेपाली सेनाको परिचालन, सञ्चालन र प्रयोगसम्बन्धी नीति, योजना तथा कार्यक्रम तयार गरी नेपाल सरकारसमक्ष पेस गर्ने,
- नेपाली सेनाको सङ्ख्या र सङ्गठनात्मक संरचना सम्बन्धमा नेपाल सरकारलाई सुझाव पेस गर्ने,
- नेपाली सेनाको व्यवस्थापन सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव पेस गर्ने,
- नेपाली सेनाको हतियार, खरखजाना तथा अन्य सैन्य सामग्रीको व्यवस्थापन सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव पेस गर्ने,
- वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपतिसमक्ष पेस गर्ने र राष्ट्रपतिले त्यस्तो प्रतिवेदन प्रधानमन्त्रीमार्फत सङ्घीय संसद्समक्ष पेस गर्न लगाउने,
- तोकिएबमोजिमका अन्य काम गर्ने,
- राष्ट्रिय सुरक्षा परिषद्को काम कारबाही सञ्चालन गर्नका लागि रक्षा मन्त्रालयअन्तर्गत एक सचिवालय रहने र राष्ट्रिय सुरक्षा परिषद्को बैठकसम्बन्धी कार्यविधि राष्ट्रिय सुरक्षा परिषद् आफैँले निर्धारण गरेबमोजिम हुने व्यवस्था छ ।

५. **नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने आधारहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ प्रहरी नियमावली, २०७१ को नियम ४१ अनुसार नेपाल सरकारले प्रहरी अतिरिक्त महानिरीक्षकहरूमध्येबाट र प्रहरी अतिरिक्त महानिरीक्षकहरू नभएको अवस्थामा प्रहरी नायब महानिरीक्षकहरूमध्येबाट देहायका आधारमा नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने व्यवस्था छ :
- ज्येष्ठता,
- कार्यकुशलता,




- कार्यक्षमता,
- उत्तरदायित्व वहन गर्न सक्ने क्षमता,
- नेतृत्व प्रदान गर्न सक्ने कुशलता,
- आफूभन्दा मुनिको प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्य,

६. **सुपरिवेक्षण भनेको के हो ? यसको उद्देश्यहरू लेख्नुहोस् ।**
✍ माथिल्लो निकायका पदाधिकारीले मातहतका कर्मचारीलाई क्रियाशील बनाउन उनीहरूले गरेको कार्यको रेखदेख, निगरानी, नियन्त्रण, समन्वय, अनुगमन एवं मूल्याङ्कन गर्ने कार्यलाई सुपरिवेक्षण भनिन्छ । कर्मचारीले गरेको कामको कार्यस्थलमा अवलोकन गरेर, कार्यस्थलबाहिर प्रगति विवरण माग गरी अध्ययन गरेर, कार्यसम्पादन मूल्याङ्कन गरेर सुपरिवेक्षण गर्न सकिन्छ । यो निरन्तर प्रक्रिया हो । यो व्यवस्थापनको कार्य हो । यो सङ्गठनको एउटा सिद्धान्त पनि हो । यो सङ्गठनको उच्च तहबाट गरिने कार्य हो ।

● **सुपरिवेक्षणका उद्देश्यहरू**
- मातहतका कर्मचारीले सम्पादन गरेको कामको विभिन्न कोणबाट अवलोकन गर्नु,
- सम्पादित कामको गुणस्तर, सङ्ख्या, लागत र समयको मूल्याङ्कन गर्नु,
- कानुन तथा कार्यविधिको पालना गराउनु,
- लक्ष्य र प्रगतिबीच तुलना गर्नु,
- कामको कमजोर पक्षमा सुधार गर्नु, सबल पक्षलाई निरन्तरता दिनु,
- कार्य वातावरणमा सुधार ल्याउनु,
- साधनस्रोत तथा प्रविधिको अधिकतम उपयोग गर्नु,
- सुपरिवेक्षक र मातहत कर्मचारीको सम्बन्ध सुदृढ गर्नु,
- पुरस्कार र दण्ड सजायलाई कार्यसम्पादनसँग आबद्ध गर्नु,
- पृष्ठपोषण प्राप्त गरी निरन्तर सुधार गर्नु,

७. **नेपाली सेनामा रहेका सेवा र समूह के के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ नेपाली सेनामा पाँच सेवा र सोअन्तर्गत १५ समूह रहेका छन् । यही सेवा र समूह मिलेर नेपाली सेनाको गठन भएको छ । नेपाली सेनामा रहेका सेवा र समूहलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

● १. **सैनिक साधारण सेवा** :– यस सेवामा समूहको व्यवस्था छैन ।

● २. **सैनिक प्राविधिक सेवा** :– यस सेवामा देहायका समूहहरू छन् :
- (क) सैनिक स्वास्थ्य समूह
- (ख) सैनिक इन्जिनियरिङ समूह
- (ग) पशु विकास तथा पशु स्वास्थ्य समूह
- (घ) अन्य प्राविधिक समूह

● ३. **सैनिक प्राड सेवा** :– यस सेवामा समूहको व्यवस्था छैन ।


● ४. **सैनिक हवाई सेवा** :– यस सेवामा देहायका समूहहरू छन् :
- (क) पाइलट समूह
- (ख) हवाई सम्भार समूह
- (ग) अन्य हवाई समूह

● ५. **सैनिक विविध सेवा** :– यस सेवामा देहायका समूहहरू छन् :
- (क) विकास निर्माण समूह
- (ख) पुजारी समूह
- (ग) सैनिक कर्मचारी समूह
- (घ) लेखा समूह
- (ङ) सैनिक शिक्षा समूह
- (च) ग्यारिजन समूह
- (छ) बन्दोवस्ती कार्य समूह
- (ज) अल्प सेवा समूह

८. **नेपालको संविधानमा उल्लिखित मौलिक हकहरू कार्यान्वयनमा देखिएका कमजोरीहरू के के हुन् ? चर्चा गर्नुहोस् ।**
✍ नेपालको संविधानको भाग ३, धारा १६ देखि ४६ सम्म ३१ वटा मौलिक हकको व्यवस्था छ । मुलुकमा उपलब्ध साधनस्रोत, भौगोलिक अवस्था, आर्थिक सामाजिक प्रणाली, सेवा प्रवाह, सुशासन, सरकारी संरचनाको सक्षमता, नागरिकको सचेतना लगायतका कारणले संविधानमा उल्लिखित मौलिक हकहरू कार्यान्वयनमा विभिन्न कमजोरी देखिएका छन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच हुन नसकेको,
- आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा घरघरमा पुग्न नसकेको,
- आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित हुनु परेको, दुर्गम स्थानमा यस्तो अवस्था अझ बढी देखिएको,
- विद्यार्थी भर्ना प्रक्रिया प्रभावकारी हुन नसक्दा आधारभूत शिक्षामा समेत सबै नागरिकको पहुँच बढाउन नसकिएको,
- माध्यमिक तहसम्म निःशुल्क शिक्षा भए पनि गुणस्तरीय बनाउन नसकिएको, शिक्षकको क्षमता विकास हुन नसकेको, विद्यालयमा भौतिक पूर्वाधार विकास हुन नसकेको,
- पर्याप्त कानुनी आधारको अभावका कारण अपाङ्गता, दलित र आर्थिक विपन्नतालाई निःशुल्क उच्च शिक्षा व्यवस्था प्रभावकारी हुन नसकेको,
- सरकारको व्यवस्थापकीय कमजोरीका कारण नेपालमा शिक्षा र स्वास्थ्यजस्तो आधारभूत सेवा पनि महँगो हुँदै गएको,
- धुलो, धुवाँ, प्रदूषणलगायतका कारणले काठमाडौँ लगायतका सहरमा नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक कुण्ठित भएको,
- सबै नागरिकको उपयुक्त आवासको हुन नसकेको,
- महिलाविरुद्ध हुने सबै हिंसा र शोषणको अन्त्य गर्न नसकिएको, शारीरिक, यौनजन्य, मानसिक, मनोवैज्ञानिक लगायतका हिंसा बढेको,
- सडक बालबालिकामुक्त अभियान प्रभावकारी हुन नसकेको, बालहिंसा र शोषण नरोकिएको,
- निजी तथा सार्वजनिक स्थानमा छुवाछूत अन्त्य व्यवहारमा हुन नसकेको,
- गोप्यताको नाममा सूचना माग्ने र पाउने हक पूर्ण रूपमा लागू हुन नसकेको,
- कानुनी अभावका कारण बेरोजगार सहायताबारे प्रस्ट हुन नसकेको, धारा ३३ रोजगारीको हक,
- सरकारी नियमन तथा अनुगमन प्रभावकारी हुन नसक्दा दुर्गम स्थानमा खाद्यवस्तुको अभाव हुने गरेको,
- महिला हिंसा, बलात्कार, बालविवाह, मानव ओसारपसार लगायतका घटना पूर्ण रूपमा नरोकिएको, मृत्युदण्डको कानुन नबनाइने प्रत्याभूतिले बलात्कार लगायतका जघन्य सामाजिक अपराध झन् बढाएको,
- भूमिहीन दलितलाई जमिन, आवासविहीन दलितलाई बसोबासको व्यवस्था लागू नभएको,
- गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हरेक नागरिकको हक प्रभावकारी रूपमा लागू हुन नसकेको

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

# नयाँ नेपाल



## कविता

### बेटिर जिवन



▪ लक्ष्मी राजबंशी

बेटिर जिवन किनङ्गे माइ,
एकटा घरेर ठिकान नि गे।
एक झनेर घरत जलम लिए
जावा लागे भिन झनार घर गे ॥१॥

दुःखेर वाँर जिबन गे माइ
सुखेर कोइ ठिकान नि।
केनङ्ति बिर जिबन गे माइ
सपनेर बिर कोइ संसार नि ॥२॥

संसारेर नियम केनङ्ति,
बेटि र बोले परार घर
वाँर निते अप्नार घर छे।
निते छे वाँर आप्नार मन ॥३॥

बेटिर जिबन दिलोरे भगबान
दिलोरे तुइ कर्म फुटाए
जलम दिले माअँ, बापला
देछे क्याँए बिदा कराए ॥४॥

आप्नार सँग साथि छेरिए
जाबा लागे परार घर।
धक्रा गर्हाबा, मुरि भाज्बा
लागे वाँके जिबन भर ॥५॥

चखुलासे मोर लोए गिरेचे
कोए नि गे मुछेचे।
बेटिर जिबन दुःखेर जिबन
कोए नि गे बुझेचे ॥६॥

### मोर लक्ष्य आर भबिस्य



▪ जोगेन्द्र प्रसाद राजबंशी

नाबेराना गे तुई, मोर कटिकटि,
मायाँरे जराए, दाँवा-बटि।
फाँस्लाए फुस्लाए, ना करेक बाहाँन्
निते, जिन्दगिर सपना मोर, हबे छार्हछाहान् ॥

लक्ष्यते धरिचु, कपि आर कलम,
विध्याते अन्छाचु, सिप आर इलम्।
भबिसेर जराचु, जिवनेर डेगर,
आँखिचु जिवन, तहरे बेगर ॥

बइस् त हए, आनन्देर रहर,
बइस् खियाले, काहाँर लिबो भर।
संकल्पते बान्धिचु, जिउ आर जान् ,
दृस्टि आर चखु, लागाए एक सामान् ॥

बइसेर रंगचंगत् , भुलिचु इस्टसाथि,
मेहनतत् सपिचु, लागाए दिने राति।
देखिएने संसार, पाइचु यिड् जिवन,
सै लक्ष्यते, बान्धिचु तनमन ॥

देहा हले कर्कर, भाग्यसे हइमु निडर,
माया फुल्बे अैठिने, बेनामु सुखेर घर।
दुनियासे हबे मोर, सभाए चिन्जान् ,
रुस्ठलाअ हबे मोर, आपनारे सामान ॥

# मोतिलालेर सफलता

भेलेला बच्छर बाद राजबंसि भासार चलचित्र बनिचे। चलचित्रर नाम हए मोतिलाल। राजबंसि भासा, कला संस्कृति जर्गना कर्वार उदेस्यसे आर जातिर पहिचान आर अस्तित्वक हामार भावि पुस्तालार ताने बाचाए राखवार उदेस्य से बिभिन्न छेत्रत लागिए पर्वार आवस्यक्ता छे उला छेत्रलार मइधे एक हए चलचित्र छेत्र। हामार अस्तित्व खतम ना होक, हामार भावि सन्तानला दुःख ना पाओक कहिते आर भासा कला संस्कृति बाचाए राखवार उदेस्यसे चलचित्र मोतिलालेर निर्मान कराजावार काथा इरा फिल्मेर निर्माता पुस्पलाल राजबंसिर कहना छे।

कलाकार मनोरथ राजबंसिर कथा लेखन आर निर्देसनत तयार हुवाल चलचित्र मोतिलालेर दुई झन निर्माता पुस्पलाल राजबंसि आर अगमसरी राजबंसि हए। चलचित्रत मनोरथ राजबंसि, दिल कुमार राजबंसि, बानिका प्रधान, निकिता राजबंसि आर रिता राजबंसिर आवाजत रेकर्ड कराल गितला राखागिछे। गायक आर संगितकार बलराम राजबंसि चलचित्रत संगित प्रदान करिचे ते चलचित्र मोतिलाल सिरुवा मिडिया हाउसेर पहिला सान्दुस हए।

अघन महिनार १८ गते सइन्चरबारेर दिना पहिलाबार निर्माता, गितकार, कलाकारलार बिचत पहिलाबार




सर्वजनिक कराल फिल्म मोतिलाल अल्हातक झापा जिल्लार मुख्य ठाइलात च्यारिटिसो कार्यक्रमलार माध्यमसे सम्पन्न करिए फिकाइचे। अघन २५ गते से क्रमस कचनकवल, आमबारि, धुलाबारि, भद्रपुर, राजगढ लगायतकार ठाइलात चलचित्रर च्यारिटि सो सम्पन्न हइ फिकाइचे। अघन महिनार १८ गते पहिलाबार फिल्मेर कलाकारलार संगे प्रथम सो देख्वार झापा फुलबारिर बिभुति नारायन सिंह राजबंसि कहचे, 'मनोरथ राजबंसिर कला निर्देसनत बेनाल फिल्मेर रुपत मोतिलालक गन्ति कराजाबे, कलाकारला सभाए न्याय करिचे, सभाए एकबार देख्ले असल सन्देस लुवाजाबे'।

पहिले अघन महिनार २८ गते धुलाबारित चयारिटि सो राख्वार तायारि हइलेअ विसेस प्राविधिक कारनसे च्यारिटि सो कार्यक्रमरा केवादिन पाछुत पुस महिनार ३ गते इटाभट्टार किरात याक्थुम चुम्लुङ्ग सामुदायिक भवनत आयोजना करागिस्ले। च्यारिटि सो कार्यक्रमत चलचित्रर प्रमुख पात्र मोतिलालेर भुमिका निर्वाह कर्वार कलाकार मनोरथ राजबंसि इरा चलचित्र मनोरन्जन लिवार एक्टा साधन मात्र निहएने, हामार भासा, कला संस्कृति आर पहिचान बचुवार बड आधार हए कहेने कहिचे। हामार अस्तित्व तबतक रहबे, जबतक हामार पहिचान जिबित रहबे। पहिचान जिबित राखुवार ताने एनङ् फिल्मला बनुवार जरुरि छे' अम्हा थपेचे। 'लगानिकर्तालार लगानिला सुरक्षित हबार जरुरि छे'। आस्वार दिनलात फिल्म हलत जाएने फिल्म देखिएदिएने निर्माता, निर्देशक आर कलाकार लगायत फिल्म कर्मि सभाके हौसला बाढाएदिबार ताने निर्देसक मनोरथ राजबंसि सभाके नेहोरा समेत करेचे।

राजबंसि समाज विकास समिति मेचिनगरेर आयोजनात इटाभट्टात आयोजना हुवाल मोतिलाल चलचित्रर विसेस प्रर्दसन कार्यक्रमत फिल्मेर कलाकारलाक सम्मना समेत कराजावार काथा राजबंसि समाज विकास समितिर झापा जिल्ला सचिव मुनिलाल राजबंसिरा जानकारि कराइचे। कार्यक्रमत राजबंसि समाज विकास समितिर जिल्ला अध्यक्छ दिनेस्वर राजबंसि, राजबंसि धरम संस्कार समितिर अध्यक्छ लखन लाल राजबंसि, इतिहासकार पानिलाल राजबंसि, समाजसेवि पर्सुराम राजबंसि, रा. स. बि. स. मेचिनगर अध्यक्छ दिनेस राजबंसि लगायत मेचिनगर अगल बगलत रहाल राजबंसि भासा बुझ्वार दुई स झनसे बेसि लोकलार सहभागिता रहाल छिले। दर्सकला भेलेला बच्छरबाद राजबंसि भासात मोतिलाल चलचित्र देख्वा पावार बिसयत उत्साहित छे ते चलचित्र उत्कृस्ट रहाल काथा दर्सकला बाताचे। ▪

# रा.स.बि.स २८ वा स्थापना दिवस सम्पन्न




झापा बिर्तामोडत राजबंसि समाज विकास समितिर २८ वा स्थापना दिवस कार्यक्रमएर आयोजना करिचे, पुस पाँच गते सोमबारेर दिना बिर्तामोड सैनिकमोड स्थित गौरबति सतानुसिंह राजबंसि स्मृति प्रतिस्ठानेर भवनत राजबंसि समाज विकास समिति झापा जिल्लारा कार्यक्रमेर आयोजना करिस्ले। २०५० सालत विधिवत रुपत स्थापना हुवाल राजबंसि समाज विकास समितिरा इरा साल आपनार २८ वा स्थापना दिवस जावार सालेर लाखा सास्कृतिक कार्यक्रमएर आयोजना करिए मानाइचे। राजबंसि समाज विकास केन्द्रिय समिति रा आपनार गटे जिल्ला आर नगर समितिलाक बिकेन्द्रित हएने स्थापना दिवस कार्यक्रमेर आयोजना कर्वार निर्देसन अनुसार झापा जिल्लारा पुस ५ गते स्थापना दिवस कार्यक्रमेर आयोजना करिस्ले ते झापा भद्रपुर नगर समितिरा स्थापना दिवसेर अवसर करिए बेलाभाटि ५ बजे चन्द्रगढित अवस्थित लेखनाथ चोकत भेला हएने दिप प्रज्वलन कार्यक्रमेर आयोजनार साथे समितिर सदस्य, वडा समिति लगायत आर बुद्धिजिविलार बिचत सुभकामना आदान प्रदान समेत करिस्ले।

जिल्ला समितिर आयोजनात हुवाल सास्कृतिक कार्यक्रम दुइ चरनत आयोजना कर्वार काथा हइलेअ दस्रा चरनेर प्रसिक्छन कार्यक्रमएर आयोजना निकरागेल कहे राजबंसि समाज विकास समिति झापा जिल्ला सचिव मुनिलाल राजबंसिरा जानकारि कराइचे। प्रसिक्छन कार्यक्रमत राजबंसि समुदायर भासा, संस्कार, सस्कृति, इतिहासलार बिसयत उपस्थितलाक प्रसिक्छन दिवार काथा छिले।

राजबंसि समाज विकास समिति झापा जिल्लार अध्यक्छ दिनेस्वर राजबंसिर अध्यक्षतात आयोजना हुवाल कार्यक्रमत केन्द्रिय उपाध्यक्स्य मोहल राजबंसि गराठि सोदोरेर रुपत उपस्थित रहाल छिले ते कार्यक्रमत राजबंसि समाज विकास समितिर केन्द्रिय सल्लाहकार पानिलाल राजबंसि, दलसिंह राजबंसि आर कुबेर प्रसाद राजबंसि विसिस्ठ सोदोरेर रुपत उपस्थित छिले। कार्यक्रमत केन्द्रिय सदस्य आसिनलाल राजबंसि, नारायन सिंह राजबंसि, धरम सस्कार समितिर अध्यक्छ लखनलाल राजबंसि, राजबंसि समाज विकास समिति बिर्तामोड नगर समितिर अध्यक्छ जितलाल राजबंसि, बाह्रदसि नगर समितिर अध्यक्छ राजु राजबंसि, कचनकवल समितिर अध्यक्छ रतन लाल राजबंसि, गौरादह नगर समितिर अध्यक्छ रघु राजबंसि, गौरिगंज समितिर अध्यक्छ गंगा राजबंसि, बुद्धसान्ति नगर समितिर अध्यक्छ प्रसन्न राजबंसि, भद्रपुर नगर तदर्थ समितिर सचिव पुनम राजबंसि, कोच कलाकार मनोरथ राजबंसि, कोच गायक दिलकुमार राजबंसि लगायतला आपनार सुभकामना मन्तव्य प्रस्तुत कारिस्ले। जिल्ला समितिर उपाध्यक्छ नौतालि राजबंसिसे उपस्थित सभाके स्वागत कराल कार्यक्रम संस्थार सचिव मुनिलाल राजबंसि संचालन करिस्ले। ▪

# पत्रकार इन्द्रसिंह राजबंसि पुरस्कृत



झापा जावार अघन महिनार २६ गते इन्द्रसिंह राजबंसिक डिकमान सुनुवार विरहि उत्कृस्ट पत्रकारिता पुरस्कारसे पुरस्कृत करागिछे। नेपाल आदिवासि जनजाति पत्रकार महासंघ, फोनिज एर झापा जिल्ला साखासे प्रदान करिते आसाल २५ हाजार टाका सहितेर डिकमान सुनुवार विरहि उत्कृस्ट पत्रकारिता पुरस्कार २०७७ पत्रकार इन्द्रसिंह राजबंसिक प्रदान करागिछे। इन्द्रसिंह राजबंसि आल्हा बिर्तामोडसे प्रकासित हइते आस्वार रास्ट्रिय दैनिक पत्रिकार सम्पादक हए। राजबंसि समुदायत पहिला पत्रकार कहिले फरक निपर्वार इन्द्रसिंह राजबंसि झापार विभिन्न पत्रपत्रिकालार साथे एफ.एम. लात जावार २० बच्छरसे कामकरिते आसिचे।

अर्जुनधार वडा नम्बर तिन रात रहाल कैंदले पर्यापर्यटन छेत्रत आयोजना हुवाल फोनिज झापार छट्वा अधिवेसन कार्यक्रमत जावार बच्छर २०७७ सालेर ताने इन्द्रसिंह राजबंसिक फोनिजएर केन्द्रिय बरिस्ठ उपाध्यक्छ गजुरधन राई आर अर्जुनधारा नगरपालिकार नगर प्रमुख हरिकुमार रानारा सम्मान पत्र आर नगद टाका दिए पुरस्कृत करिस्ले। अनङ्केरे जावार बच्छर २०७७ एर उदयमान पत्रकारिता पुरस्कार से रेडियो हिमसिखरएर कार्यक्रम प्रस्तोता मिना नेम्बाङ् आर सुर्योदय टेलिभिजनेर कार्यक्रम प्रस्तोता सुभला तामाङ्राक प्रदान करागिस्ले। उदयमान पत्रकारिता पुरस्कारेर रासि जनहि पाँच हाजार टाका रहिस्ले।

अनङ्गेकरे कार्यक्रमत इरा बच्छर २०७८ सालेर डिकमान सुनुवार विरहि उत्कृस्ट पत्रकारिता पुरस्कारसे हरप्रहर न्युज डटकमेर सम्पादक कमन देवानराक प्रदान करागिछे। देवानराक समेत कार्यक्रमत नगद टाका पच्चिस हाजार आर सम्मान पत्र दिए सम्मानित करागिस्ले ते इरा बच्छर २०७८ सालेर उदयमान पत्रकारिता पुरस्कार यलम्बर टाइम्सएर समाचार प्रमुख लिला राइ आर माङ्सेबुङ् न्युज डटकमएर सम्पादक डिल्लिश्वोर मुसाहाङ् लिम्बुराक प्रदान करागिछे। उदयमान पत्रकारितासे पुरस्कृत हवार अम्हा सभाके नगद टाका पाँच हाजार जनहि आर सम्मान पत्र दिए कार्यक्रमत सम्मान करागिस्ले।

केवा महिना आगुते पुरस्कारला प्रदान कर्वार खुलासा फोनिज झापारा सार्वजनिक करिस्ले ते जावार अघन महिनार २६ गते संस्थार छट्वा अधिवसेनरे अवसर करिए अम्हालाक पुरस्कृत करागिस्ले। फोनिजएर झापा जिल्ला अध्यक्छ बिसाल नेम्बाङ्एर अध्यक्छतात हुवाल कार्यक्रमत केन्द्रिय वरिस्ठ उपाध्यक्छ राई रा गराठि सोदोरेर रुपत उपस्थित छिले ते अर्जुनधारा नगरपालिकार नगर प्रमुख राना, प्रेस युनियन झापार अध्यक्छ इन्दु पुर्वेलि, प्रेस चौतारिर प्रदिप परियार, प्रेस क्लब अर्जुनधारार कुमार भट्टराइ लगायतला उपस्थित हएने कार्यक्रमेर पुर्ण सफलतार ताने आर पुरस्कृत हवारलाक सुभकामना मन्तव्य मार्फत प्रस्तुत करिस्ले। कार्यक्रमत डिकमान विरहिर जिवनेर बिसयत समदस्रिरा जानकारि कराइस्ले ते पुरस्कृत हवार व्यक्तिलार बिसयत आर भुमिका सुब्बारा प्रकास पारिस्ले।

# मुर्गि पुसे गुजारा करिते राजबंसि कलाकार

▪ सुरेस 'सर्जु'

झापात आल्हा चलचित्र बेन्वार काम घटिते जावार अवस्था छे। चलचित्र बेन्वार कामलात कमि हइते जावार कारनत कलाकारला आल्हा मारत् परिचे। एनङ्तिए मारत पर्वार अम्हालाक भेल्लादिन हएगिछे। चलचित्र बेनावार कामला सुस्ताइते कम हवार कारनत चलचित्र छेत्रर कलाकारलार जिवन गुजारा कर्वार मुस्किल हवार कारनसे अम्हा आल्हा विभिन्न पेसाला धर्वा बाध्य हइचे। एनंतिए चलचित्र छेत्र संगे सम्बन्ध राख्वार झापार एकझन् राजबंसि कलाकार हए ओम राजबंसि। आल्हा ओम राजबंसि समेत मारत परिचे। चलचित्रत काम करिएने आपनार जिवन गुजारा करिते आसाल अम्हा पाछिल्ला केवा बच्छरसे फिल्म बेनवार काम कम हवार कारनसे आर्थिक मार आर बिभिन्न समस्याला खेपिते आसाल अम्हा बिर्तामोड वडा नम्बर ९ टांगाबारि टोलत आल्हा मुर्गि पुस्ये गुजारा करेचे।

२०७१ सालत राजबंसि भासार कथानक चलचित्र 'सितार सिन्दुर' फिल्मरात हिरोर संघ एर भुमिकात पहिलाबार अभिनय करिए आपनार अभिनय जिवन सुरु कराल अम्हा ओम राजबंसि, राजबंसि फिल्मलात मात्र निहएने अन्य नेपालि भासात बन्वार विभिन्न चलचित्रलात समेत अभिनय करिचे। २०७१ सालत निर्देसक होमनारायन राजबंसिर निर्देसनत बेनाल राजबंसि भासार फिल्म सितार सुन्दरत काम कर्वार एक बच्छर बाद २०७२ सालत अम्हा सुर्जापुरि भासार चलचित्र 'आपुन हाल पर' आर 'ग्रिटिङ्ग कार्ड' लाखाति फिल्मलात सह खलनायकेर भुमिकात अभिनय करिस्ले। अनङ्गे २०७२ सालते अम्हा दस्रा नेपालि कथानक चलचित्र 'सुखानि सहादत' फिल्मरात चर्चित खलनायक सुसिल पोखरेलएर संगे सह खलनायकेर भुमिकात अभिनय करिस्ले। अनङ्तिए २०७३ सालत बड पर्दार फिल्म नेपालि कथानक चलचित्र 'मधुमाला' आर २०७४ सालात नेपालि कथानक चलचित्र 'रेस' रात सहखलनायकेर भुमिकात अभिनय करिस्ले। २०७५ सालत फेरसे दुइटा राजबंसि भासार चलचित्र 'तोहोर याद' आर 'कर्मेर लेखा', २०७८ सालत निर्माता पुर्ण राजबंसिर चलचित्र 'भाई भाई' रात खलनायकेर मुख्य भुमिकात साथे आर्ह भेलेला चलचित्रत अभिनय करिए फिकाइचे ओम राजबंसिरा।

बिसेसकरे संवाद निरहाल आर भिडभाड रहवार सिनला रहाल फिल्मलात बेसिकरे देखाजावार ओम राजबंसि चलचित्र छेत्रत द्वन्द कलाकारेर रुपत चिनाजाछे। २०४३ साल आसार महिनार १८ गते बाप घेरालाल राजबंसि आर माअ दुखनि राजबंसिर कोखसे बिर्तामोड ९ टांगाबारि टोलत जनम हुवाल अम्हा घरत दुइ झन दादाभाइ आर पाँच झन बहिनिलार मइधे सभारसे बड हए। घरेर पहिला बेटा ओम राजबंसि गरामनित रहाल दुर्गा माध्यमिक विद्यालय आर अनारमनित रहाल महेन्द्र रत्न माध्यमिक विद्यालयसे आपनार एस. एल. सि. तककार अध्ययन पुरा करिचे आर तहार बाद उच्च सिक्छार ताने बिर्तामोडत रहाल मनकामना कलेजसे बि. एड. तककार अध्ययन पुरा करिचे। ओम राजबंसि आल्हा बर्तमान समयत राजबंसि चलचित्र उत्थान केन्द्र समितिर झापा जिल्लार सचिव समेत हए।



बास्तवते आल्हाकार अवस्थात हामार देसेर कलाकारला चलचित्रत अभिनय करिएने आसाल पैसालासे आपनार आर घरपरिवारेर जिवन गुजारा कर्वा निसक्वार काथा ओम राजबंसि बाताचे। चलचित्रला बेन्वार काम सुस्ताइते जावार कारनत जिवन बाच्वार मुस्किल हवार काथात अम्हार भोगाई छे। चलचित्र छेत्रसे आस्वार कमाइसे निपुग्वार कारनते अम्हा मुर्गि पुस्वार काम सुरु कराल काथा बाताइचे। 'चलचित्रला आल्हाकार समयत सक निते फुर्सदत अभिनय कर्वार छेत्र मात्र बनिचे। व्यवसायिक बन्वार आर जिवन गुजारा कर्वार इरा छेत्रत कठिन छे' अम्हा कहचे। सोभा राजबंसिर संगे बेहा कराल अम्हा ओम राजबंसिर परिवारत आल्हा एकझन चार महिनार बेटा प्रियांसु आर छ बच्छरेर बेटि प्रिया राजबंसि छे।

| विज्ञापन नं. (०७७/७८) | किसिम | माग पद संख्या | लि.प.मा सम्मिलित संख्या | अन्तर्वार्ताको लागि छनौट भएको संख्या |
|---|---|---|---|---|
| १७२५० | खुला | १ | ४ | ३ |
| १७२५१ | दलित | १ | | ० |

| ब.क्र.नं. | रोल नं. | नाम, थर | छनौट भएको समूह | ब.क्र.नं. | रोल नं. | नाम, थर | छनौट भएको समूह |
|---|---|---|---|---|---|---|---|
| १ | ८७०४९२ | दीप्ती काफ्ले | खुला | २ | ८७०४८८ | श्रीराम उपाध्याय | खुला |
| ३ | ८७०४९० | सुशील समदर्शी | खुला | | | | |

**अन्तर्वार्ता हुने मिति र समयः** २०७८।१०।५ गते दिनको १:३० बजे। **अन्तर्वार्ता हुने स्थानः** लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी।

**सूचना नं. ४६६/०७८-७९**

**सेवा, समूह, उपसमूह :-** स्वास्थ्य, पेडियाट्रिक्स, निओनेटोलोजी **पद :-** कन्सल्टेण्ट निओनेटोलोजिष्ट **श्रेणी/तह :-** नवौं
**लिखित परीक्षा सञ्चालन मिति :-** **नतिजा प्रकाशन गर्ने कार्यालय :-** लोक सेवा आयोग, केन्द्रीय कार्यालय।
**लिखित नतिजा प्रकाशन मिति :-** २०७८/९/१९

| विज्ञापन नं. (०७७/७८) | किसिम | माग पद संख्या | लि.प.मा सम्मिलित संख्या | अन्तर्वार्ताको लागि छनौट भएको संख्या |
|---|---|---|---|---|
| १७२५२ | आ.प्र. | १ | ० | ० |

**उक्त विज्ञापनको लिखित परीक्षामा कुनै पनि उम्मेदवार उपस्थित नभएको।**

**www.psc.gov.np**

## राष्ट्रियसभा सदस्य निर्वाचन

# छ जनाको उम्मेदवारी



राष्ट्रिय सभा सदस्यमा गठबन्धनको तर्फबाट उम्मेदवारी दर्ता गराएका (काँग्रेसकी दुर्गाकुमारी गुरुङ (सुर्खेत), नेकपा माओवादी केन्द्रका नरबहादुर विष्ट (सुर्खेत) र नेकपा एकीकृत समाजवादीका उदय बोहोरा (सल्यान) ।



राष्ट्रिय सभा सदस्यमा एमालेका तर्फबाट उम्मेदवारी दर्ता गराएका (सुर्खेतका चूडामणि शर्मा, महिलाबाट जुम्लाकी गङ्गा महत र अल्पसङ्ख्यकबाट दैलेखका पदमबहादुर माझी) । तस्बिर : मुना हमाल

▪ **वीरेन्द्रनगर समाचारदाता**

सुर्खेत, पुस २० गते। कर्णाली प्रदेशमा राष्ट्रिय सभा निर्वाचनका लागि दलहरूले उम्मेदवारी दर्ता गरेका छन्। तीन सिटका लागि नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादीको तीन दलीय गठबन्धन र एमालेले मङ्गलबार उम्मेदवारी दर्ता गराएका हुन्।

गठबन्धको तर्फबाट काँग्रेसकी दुर्गाकुमारी गुरुङ (सुर्खेत), नेकपा माओवादी केन्द्रका नरबहादुर विष्ट (सुर्खेत) र नेकपा एकीकृत समाजवादीका उदय बोहोरा (सल्यान) ले उम्मेदवारी दर्ता गराउनुभएको छ। गुरुङ महिलाबाट, विष्ट अपाङ्गताबाट र बोहोराले अन्यबाट उम्मेदवारी दिनुभएको बताइएको छ ।

यस्तै एमालेबाट सुर्खेतका चूडामणि शर्मा, महिलाबाट जुम्लाकी गङ्गा महत र अल्पसङ्ख्यकबाट दैलेखका पदमबहादुर माझीले उम्मेदवारी दर्ता गराउनुभएको निर्वाचन कार्यालयले जनाएको छ। माघ १२ गते हुने निर्वाचनमा कर्णालीमा तीन दलीय गठबन्धन र एमालबीच प्रतिस्पर्धा हुँदैछ। कर्णालीमा एक महिला, अन्य एक र अपाङ्गता/अल्पसङ्ख्यक कोटामा एक गरी तीन सदस्यका लागि निर्वाचन हुँदैछ। कर्णालीमा महिलाबाट कविता बोगटी, अपाङ्गताबाट जीवन बुढा र अन्यबाट ठगेन्द्रप्रकाश पुरीको पदावधि सकिँदैछ।

राष्ट्रिय सभा सदस्य चुनावका लागि कर्णालीमा स्थानीय तहका प्रमुख/ उपप्रमुख १५६ र प्रदेश सभाका ३५ गरी कुल १९१ जना मतदाता छन्। स्थानीय तहका प्रमुख/उपप्रमुखको मतभार १८ तथा प्रदेश सभा सदस्यको मतभार ४८ हुने कानुनी व्यवस्था छ। माओवादी केन्द्रको एक हजार ५१२, नेपाली काँग्रेसको एक हजार आठ र एकीकृत समाजवादीको ३७८ मतभार रहेको छ। यस्तै नेकपा (एमाले)को कुल एक हजार ४३४ मतभार रहेको छ।

गठबन्धनमा तीन दल रहेकाले गठबन्धनको जित सुनिश्चित देखिएको छ। माओवादी केन्द्र, काँग्रेस र एकीकृत समाजवादी पार्टीको गरेर कर्णालीमा स्थानीय तहबाट एक हजार ८९० र प्रदेश सभाबाट एक हजार ८ मतभार गरी कुल दुई हजार ८९८ मतभार रहेको छ।

# नाक, कानको उपचार गर्न हेलिकप्टर चार्टर

▪ **हुम्ला समाचारदाता**

हुम्ला, पुस २० गते। एक हप्ताअघिदेखि नाक र कानसम्बन्धी रोगले थलिएका दुई बिरामीको हेलिकप्टरमार्फत उद्धार गरिएको छ। काठमाडौँबाट मगाइएको फिस्टेल एयरको हेलिकप्टरबाट ती बिरामीलाई उद्धार गरिएको हो। जिल्लाको उत्तरी नाम्खा गाउँपालिका-४ का ५० वर्षीय लामु तामाङ र २५ वर्षीय पाल्जोर तामाङको महँगो हेलिकप्टर भाडा तिरेर उद्धार गरिएको उनीहरूका आफन्तले जनाएका छन्।

प्रहरी नायब उपरीक्षक हेरम्भ शर्माले उत्तरी क्षेत्रमा बाक्लो हिमपात हुनुका साथै गाउँमा उपचार सम्भव नभएपछि उहाँहरूले आफ्नै खर्चमा हेलिकप्टर मगाएर थप उपचारका लागि काठमाडौँ लगेको बताउनुभयो। उहाँले नेपालगञ्ज र सुर्खेतमा बाक्लो हुस्सु लागेका कारण जहाजले उडान भर्न नपाएपछि बिरामीका आफन्तले हेलिकप्टरबाट उद्धार गरेको जानकारी दिनुभयो।

बिरामीका आफन्त रेछिङबहादुर लामाले सिमकोट विमानस्थलमा हिमपातले बाटो अवरुद्ध भएपछि जिल्ला अस्पतालसम्म ल्याउन पनि कठिन भएका कारण आफ्नै निजी खर्चमा बिरामीको उद्धार गर्नुपरेको बताउनुभयो। उहाँले काठमाडौँबाट हेलिकप्टर रिजर्भको भाडा मात्रै साढे सात लाख तिर्नुपरेको जानकारी दिनुभयो। बिरामी दुवै जनालाई गाउँघरमा उपचार सम्भव नभएपछि थप उपचारका लागि काठमाडौँ लगिएको बताइएको छ।

यस्तै २५ वर्षीय लामालाई कानमा समस्या भएपछि थप उपचार गर्न बाहिर जानुपरेको छ। उत्तरी हुम्लाका नागरिक बिरामी हुँदा परिवारले आफ्नै खर्चमा महँगो हवाई भाडा तिरेर बिरामीको उद्धार गर्दै आएका छन्। हिउँदयाममा यस क्षेत्रमा अत्यधिक चिसो हुनुका साथै स्वास्थ्यकर्मी कार्यालयमा नियमित नहुँदा सीधै काठमाडौँबाट हेलिकप्टर मगाएर महँगो खर्चमा बिरामीले उपचार गर्नुपर्ने बाध्यता छ। यातायातको सुविधा नहुँदा हुम्लीले बिरामी हुँदा हेलिकप्टर र हवाइजहाजको भर पर्नुपर्ने र बिरामी आफैँले हेलिकप्टर चार्टर गर्दा साढे सात लाखदेखि १० लाख रुपियाँसम्म भाडा तिरेर उपचारका लागि जिल्लाबाहिर जानुपर्ने बाध्यता छ।



बिरामीको उपचारका लागि काठमाडौँ जाने तयारीमा रहेको हेलिकप्टर । तस्बिर : राजन रावत

# ज्याला नपाएपछि तालाबन्दी

▪ **कालीकोट समाचारदाता**

कालीकोट, पुस २० गते। जिल्लाको सान्नीत्रिवेणी गाउँपालिका-१ को वडा कार्यालयमा तालाबन्दी गरिएको छ। आर्थिक वर्ष २०७७/०७८ को मुख्यमन्त्री रोजगार कार्यक्रममा काम गरेका मजदुरले ज्याला नपाएपछि वडा कार्यालयमा तालाबन्दी गरेका हुन्।

असार मसान्तमा पूरै ज्याला पाउनुपर्ने भए पनि हालसम्म मजदुरले ज्याला पाएका छैनन्। १३२ जना कामदार वडा नम्बर १ बाट छनोट भएका थिए। प्रतिव्यक्ति ५० दिनसम्म काम गरेपछि वडा अध्यक्ष भरतबहादुर विकले असारको अन्तिममा ग्याबिन जाली खरिद गरी ल्याएको मजदुरको भनाइ छ। कामदार गोकर्णप्रसाद जैसीले आफूहरूलाई ५० दिनसम्म काम गर्न भनिएको र ५० दिन काम पूरा भएपछि काम छोडेको सुनाउनुभयो।

"नयाँ आर्थिक वर्ष लागेपछि ग्याबिन जाली वडाध्यक्ष आफैँले खरिद गरी ल्याएर हाल्न भनियो। हामीले त्यो अब कसरी सम्भव छ भन्यौं, सुरुमा जालीको कुरै नभएकाले र सबैले ५० दिन काम पूरा गरेकाले थप ज्याला पाइने भए मात्र काम गर्ने भनेपछि आफूहरूको ज्याला रोकेको हुनाले तालाबन्दी गरिएको हो", मजदुर जैसीले भन्नुभयो। मुख्यमन्त्री रोजगारको काम गर्नुभएकी निर्मला अधिकारीले तोकेको भन्दा बढी दिन काम भए थप ज्याला नपाइने उनीहरूले नै भनेकाले आफूहरूले ५० दिनभन्दा बढी काम नगरेको स्वीकार गर्नुभयो। यस्तै कामदार छत्ती सज्यालले असारको २९ गतेसम्म भुक्तानी आउँछ भनिए पनि हालसम्म नआएका कारण वडामा तालाबन्दी गरेको जानकारी दिनुभयो।

ताला लगाउन ४८ जना कामदार वडा कार्यालयमै पुगेका थिए। कामदारले ज्याला नपाएको र वडामा तालाबन्दी गरिएको विषयमा वडा नम्बर १ का वडाध्यक्ष भरतबहादुर विकले ताला लगाएको आफूले सुनेको र जाली नहालेका कारणले भुक्तानी रोकेको स्वीकार गर्नुभयो। उहाँले आफूले जाली खरिद नगरेको दाबी गर्दै कामको गुणस्तर नपुगेकाले भुक्तानी रोकिएको बताउनुभयो।

यता रोजगार संयोजक मोहनराज सुवेदीले कामदारले जाली हाल्न नमानेका कारण भुक्तानी रोकेको जनाउनुभयो। वर्षात्का कारणले कर्णाली करिडोरमा पहिरो गएकाले ७८ वटा जाली लगाउन भनिएको तर मजदुरले नमानेकाले भुक्तानी रोकिएको उहाँको भनाइ छ। अब कामदार र गाउँपालिका बसेर त्यसको समाधान खोजिने पनि उहाँले बताउनुभयो।

# स्वास्थ्य संस्थामा सामाजिक परीक्षण

▪ **दैलेख समाचारदाता**

दैलेख, पुस २० गते। नारायण नगरपालिकामा रहेका छवटा स्वास्थ्य संस्थामा सामाजिक परीक्षण गरिएको छ। नारायण नगरपालिकाको सहयोगमा नगरपालिकाभित्रका छवटा स्वास्थ्य चौकीमा सामाजिक परीक्षण गरिएको हो। नागरिकले स्वास्थ्य संस्थाबाट प्राप्त गरेको सेवा सुविधालाई प्रभावकारी बनाउन र देखिएका समस्यालाई समाधान गरी अगामी दिनमा सेवा प्रभावकारी बनाउन सो परीक्षण गरिएको नारायण नगरपालिकाले जनाएको छ।

नारायण नगरपालिकाका स्वास्थ्य शाखाका प्रमुख नगेन्द्र हमालले नगरपालिकाको वार्षिक कार्यक्रम अनुसार विन्ध्यवासिनी, वसन्तमाला, बेलासपुर, नारायण, भवानी र त्रिवेणी स्वास्थ्य चौकीमा सामाजिक परीक्षण गरिएको बताउनुभयो। उहाँले स्वास्थ्य संस्थाको सामाजिक परीक्षण गर्दा आमा सुरक्षा कार्यक्रम, निःशुल्क स्वास्थ्य उपचार सेवा, निःशुल्क औषधि वितरण, परिवार नियोजन, खोप सेवा, पोषण कार्यक्रम, स्वास्थ्य व्यवस्थापन समितिमा महिलाको सङ्ख्या, विपन्न वर्गको प्रतिनिधित्व, स्वास्थ्य व्यवस्थापन समितिको बैठक, निःशुल्क प्रसूति सेवा, स्वास्थ्य संस्थामा नागरिकको गुनासो, सरकारले उपलब्ध गराउने रकमको उपयोग, मानवीय स्रोत व्यवस्थापन तथा स्वास्थ्यकर्मीको व्यवहारलाई सामाजिक परीक्षणको आधार बनाइएको बताउनुभयो।



त्रिवेणी स्वास्थ्य चौकीको सामाजिक परीक्षणमा सहभागी नागरिक । तस्बिर : कमल शर्मा

यस्तै सो परीक्षणमा औषधिको पर्याप्तता, सरसफाइ निर्मलीकरण लगायत सूचक रहेको प्रमुख हमालले उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "सामाजिक परीक्षणको क्रममा आएका गुनासो र सुझावलाई आत्मसात गरेर सेवा प्रवाह गर्न स्वास्थ्यकर्मीलाई निर्देशन दिएका छौँ। यसबाहेकका अन्य समस्यालाई पनि नगरपालिकाको बैठकमा राखेर समाधान खोज्ने प्रयास गर्छौं।"

छवटा स्वास्थ्य संस्थामा गरिएको सामाजिक परीक्षणमा बर्थिङ सेन्टर सञ्चालन, स्ट्रेचरको व्यवस्थापन, भवन अभाव, कर्मचारी अभाव, अपाङ्गमैत्री संरचना लगायतका विषय रहेको सामाजिक परीक्षणकर्ता कमल शर्माले बताउनुभयो। उहाँले स्वास्थ्य संस्थामा कर्मचारीको व्यवस्थापन, भौतिक पूर्वाधार अभावका कारण सेवा प्रवाहमा हुने समस्यामाथि स्थानीय सरकारले ध्यान दिनुपर्ने बताउनुभयो। उहाँले स्वास्थ्य संस्थामा देखिएका समस्या र ती समस्याको समाधानका लागि वार्षिक कार्य योजना निर्माण गर्ने प्रतिबद्धता जनाएको र त्यसपछि उक्त कार्यक्रम लागू भए नभएको बारेमा अनुगमन गर्ने बताउनुभयो।

# जिल्ला अधिवेशनको तयारी पूरा

▪ **हुम्ला समाचारदाता**

हुम्ला, पुस २० गते। नेकपा एमाले हुम्लाको नवौँ जिल्ला अधिवेशनको तयारी पूरा भएको छ। यही पुस २३ र २४ गते हुने जिल्ला अधिवेशनका लागि प्रतिनिधि छनोटलगायत अन्य व्यवस्थापनका काम सबै सकिएको एमाले हुम्लाले जनाएको छ।

एमाले हुम्लाका अध्यक्ष दलबहादुर रावलले जिल्ला अधिवेशनको सबै तयारी पूरा भएको बताउनुभयो। उहाँले अधिवेशनका लागि महत्त्वपूर्ण पक्ष प्रतिनिधि छनोटको काम पूरा भएको जनाउनुभयो। अध्यक्ष रावलका अनुसार अधिवेशनका लागि सातवटै गाउँपालिकाबाट २७६ जना प्रतिनिधि छनोट भएका छन्। त्यसमा २६३ जना सङ्गठित सदस्यका आधारमा गाउँपालिकाबाट छनोट भएका छन् भने १३ जना जिल्ला कार्यसमितिबाट मनोनीत गरिएका छन्।

**बढुवा समितिको सचिवालय**

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सूचना**

लोक सेवा आयोगको देहायको बढुवा सूचना नं., सेवा, समूह र श्रेणीको रिक्त पदमा कार्यक्षमताको आधारमा हुने बढुवाका लागि बढुवा समितिको मिति २०७८/०९/२० को निर्णयानुसार देहाय बमोजिमको योग्यताक्रमका उम्मेदवारलाई बढुवाको लागि सिफारिश गर्ने निर्णय भएकोले निजामती सेवा ऐन, २०४९ को दफा २०(४) र २४च. को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

ब. सू. नं. ६१।२०७८-०७९, नेपाल शिक्षा सेवा, पुरातत्व समूह, रा.प.प्रथम श्रेणी

| यो.क्र.नं. | कर्मचारी संकेत नं. | उम्मेदवारको नाम, थर | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | १९२३०५ | सौभाग्य प्रधानाङ्ग | ९३.३६५४ |

**नेपाल विद्युत प्राधिकरण**
**चनौली वितरण केन्द्र**

**बोलपत्र आह्वानको सूचना**

प्रकाशित मिति : २०७८।०९।२०

| बोलपत्र नं. | कामको विवरण |
|---|---|
| NEA/CDC-2078/079-T01 | 11/0.4 KV line extension, Upgradation and Rehabilitation work on different area of Bharatpur Metropolitian and Madi Municipality. |

बोलपत्र खरिद तथा दाखिला गर्ने स्थान : www.bolpatra.gov.np/egp.

**त्रिभुवन विश्वविद्यालय**
**रजिष्ट्रारको कार्यालय**
**सामान्य प्रशासन महाशाखा, कीर्तिपुर ।**

**त्रि.वि. केन्द्रीय पुस्तकालयको छानो फेरी फल्स सिलिङ्ग तथा विद्युतीय कार्यको समयावधि थप सम्बन्धी सूचना**

प्रकाशित मिति : २०७८।०९।२१

त्रि.वि.केन्द्रीय पुस्तकालयको छानो फेरी फल्स सिलिङ्ग तथा विद्युतीय कार्य गर्ने सम्बन्धमा मिति २०७८।०८।१८ गते ३० दिनको अवधि दिई गोरखापत्रमा २ पटक बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएकोमा उक्त बोलपत्र खरिद समयावधि मिति २०७८।०९।१८ गतेको कार्यालय समयसम्म भएता पनि विशेष परिस्थिति (तालाबन्दी) को कारण बोलपत्र फाराम बिक्री गर्न नसकिएको हुँदा बोलपत्र फाराम बिक्रीको समयावधि मिति २०७८।०९।२७ गतेसम्म र बोलपत्र दर्ताको समयावधि मिति २०७८।०९।२८ गतेको १२:०० बजेसम्म समयावधि थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।

**सङ्घीय संसद सचिवालय**
**बढुवा समितिको सूचना**

(सूचना प्रकाशित मिति : २०७८/०९/२१)

संघीय संसद सचिवालयमा रिक्त रहेको सङ्घीय संसद सेवा, सूचना प्रविधि समूह, राजपत्राङ्कित तृतीय श्रेणीको कम्प्युटर प्रोग्रामर पदमा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवातर्फ पद सङ्ख्या १ (एक) मा लोक सेवा आयोगबाट प्रतिशत निर्धारण भई आए अनुसार सङ्घीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा २८ तथा सङ्घीय संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ को नियम ६१ बमोजिम २०७८ साल असार मसान्त सम्ममा न्यूनतम सेवा अवधि र नियमावलीको अनुसूची-४ बमोजिमको न्यूनतम शैक्षिक योग्यता पूरा भई सम्भाव्य उम्मेदवार हुन योग्यता पुगेका कर्मचारीले बढुवाको फाराम भरी आवश्यक प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र बढुवा समितिको सचिवालय, सङ्घीय संसद सचिवालयमा दरखास्त पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगेको र म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कारबाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

**श्री भूमिसुधार तथा मालपोत कार्यालय कैलालीको मोही हकदाबी सम्बन्धी ३० दिने सार्वजनिक सूचना।**

जिल्ला कैलाली तपसिलमा उल्लेखित गा.वि.स.अन्तर्गतका कित्ता जग्गामा रहेको मोही लगत कट्टा गरिपाउँ भन्ने तपसिलका जग्गाधनीको निवेदन परी तपाईं मोहीका नाउँमा म्याद जारी गर्दा मोही र निजका हकदार सो ठाउँमा पत्ता नलागी अन्यत्र गइसकेको भन्ने म्याद तामेल भइ आएकोले विशेष अदालत ऐन २०५९ को दफा १०(९) बमोजिम हाजिर हुन आउनेबारे ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र उक्त जग्गाका मोहीले आफूसँग भएका प्रमाणहरू लिई उपस्थित हुन आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा सूचित गरिन्छ।

**तपसिल**

| सि.नं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गाधनीको नाम | मोहीको नाम |
|---|---|---|---|---|---|---|
| १. | पथरैया | ७ | ७९८ | ०-१०-५ | हर्क बहादुर सार्की | फुलराम थारु भन्ने फुलपत थारु |
| २. | पथरैया | ६ | २८१ | ०-१९-० | अमै विश्वकर्मा | भलमन्सा थारु |

**इति संवत् २०७८ साल पुस महिना २० गते रोज ३ बारमा शुभम् ...।**

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**शाखा कार्यालय, बर्दघाट (३३३)**

**निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७८/०९/२१

नवलपरासी जिल्ला हाल बर्दघाट न.पा. वडा नं.-१६ बस्ने श्री सर्दाखर गौतमकी बुहारी, खडानन्द गौतमकी श्रीमती, बाटुली गौतमको मिति २०७८/०८/२९ मा मृत्यु भएकोले यस बैंकमा रहेको बचत खाता नं. ३३३०१०००११४७४०१० को रकम भुक्तानी पाउँ भनी नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं.-१६ बस्ने निजको छोरा कृष्ण गौतमले मिति २०६८/०९/१९ मा यस बैंकमा निवेदन पेस गरेको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकम उपर कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आफ्नो सबुद प्रमाण सहित यस शाखा कार्यालयमा हकदाबी गर्न आउनुहोला। अन्यथा सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र हकदाबी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**बोलपत्र रद्द गरिएको सम्बन्धी सूचना**

प्रकाशन मिति : २०७८।०९।२१

यस आयोजनाबाट मिति २०७८।०६।२६ गतेको गोरखापत्र दैनिकमा प्रकाशित बोलपत्र नं. NEA-CPPTL-2078/79-ST-05, Supply of Manpower for Pole Production (जनशक्ति आपूर्ति सम्बन्धी बोलपत्र) का लागि कुनै पनि बोलपत्र दाताको बोलपत्र प्रस्ताव सारभूत रूपमा प्रभावग्राही नदेखिएकोले उक्त बोलपत्र रद्द गरिएको व्यहोरा ने.वि.प्रा. आर्थिक प्रशासन विनियमावली २०६८ को विनियम १५४(३) बमोजिम सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**नेपाल विद्युत प्राधिकरण**
**इन्जिनियरिङ सेवा निर्देशानलय**
**कङ्क्रिट पोल प्लान्ट आयोजना**
**टङ्कीसिनुवारी तथा लम्की**
**दरबारमार्ग, काठमाडौँ, फो.नं.: ०१-४१५३२६०**

**श्री गुठी संस्थान शाखा कार्यालय त्रिपुरेश्वर काठमाडौँबाट प्रकाशित हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

मेरो बुबा नारायण दत्त विडारीको नाममा रहेको झोर वडा नं. ५क कि.नं. १२२ क्षे.फ. १-१३-२-० कित्ताजग्गाका मोही बुबा नारायण दत्त विडारीको मिति २०३५ सालमा र आमा उजेली विडारीको २०६०/०१/०७ गते मृत्यु भएको र उहाँहरूको शेषपछिको हकदारहरूमा जेठो छोरो राम प्रसाद विडारीको मिति २०६२/०४/०७ गते, साहिलो छोरो सम्भु प्रसाद विडारीको मिति २०६४/०३/२९ गते मृत्यु भएकोले हाल हकदारहरूको नाता प्रमाणित अनुसार बुहारी कान्छी विडारी-१, छोरा गोपी प्रसाद विडारी-१, बुहारी पार्वती विडारी-१, छोरो हरेश्वर प्रसाद विडारी-१ र छोरो लक्ष्मण प्रसाद विडारी गरी ५ जना रहेको र बुबाकै पालादेखि उक्त जग्गा हामीहरूले जोतभोग गर्दै आएको हुँदा उल्लिखित कित्ता जग्गा हामीहरूको नाममा संयुक्त मोही नामसारी गरिपाउँ भनी लक्ष्मण प्रसाद विडारीको यस कार्यालयमा निवेदन पर्न आई कारबाहीको क्रममा मा.पो.का. बाट मोठ बुझ्दा ज.ध. चुडाविक्रम मोही नारन दत्त विडारी का.ई.झोर बाहिरी गाउँ उल्लेख भएको स्रेस्ता प्राप्त, २ नं. अनुसूचीमा मोही नारान दत्त विडारी ज.ध. चूडा विक्रम उल्लेख भएको, फिल्डबुकमा मोही महलमा नारान दत्त विडारी झोर बाहिरी गाउँ, किसान व्यहोरामा यो जग्गा कालधारा बस्ने चुडाविक्रमको हो भन्ने व्यहोरा उल्लेख भएको हुँदा निवेदन माग बमोजिम उक्त कित्ता जग्गा मोही नामसारी नहुने वा मृतकका तर्फबाट हकखाने अन्य हकदार भई कसैको हक स्वामित्वमा असर पर्न जाने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण दाबी उजुर गर्न आउनुहोला, अन्यथा नियमानुसार भइजाने व्यहोरा यसैसाथ सूचित गरिन्छ।

## ऋण असुली न्यायाधिकरण, कमलपोखरी काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिहरूका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)

**प्रकाशन मितिः २०७८/०९/२१**

**मुद्दा नं. ०७८-DR-००४५**

वादी **एनएमबि बैंक लिमिटेड** तपाईं निम्न बमोजिमका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०७८/०५/०९ गते यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०७८/०९/१४ गते भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र यस न्यायाधिकरण खुल्ने समयमा प्रतिउत्तरपत्र पेश गर्न आफैं आउनु वा कानुन बमोजिम वारेस वा कानुन व्यवसायी मुकरर गरी पठाउनु होला। सो म्याद भित्र प्रतिउत्तरपत्र पेश गर्न आफू पनि आउनु भएन, वारेस वा कानून व्यवसायी पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ। पछि तपाईको उजुर लाग्ने छैन।

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६९/१२/२९ गते दर्ता नं. १११४४०/०६९/०७० अन्तर्गत दर्ता भएको तथा आन्तरिक राजश्व कार्यालय, ललितपुरबाट मिति २०६९/१२/२९ गते स्थायी लेखा नं. ६०११२३१३१ कायम भई ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ४ वागडोल स्थित रजिष्टर्ड कार्यालय रहेको ऋणी **मारानाथा ट्रेडिङ्ग कम्पनी प्रा.लि**..........१

मारानाथा ट्रेडिङ्ग कम्पनी प्रा.लि.का एकल सञ्चालक, नैनान्द गौतमको नाति, लोकनाथ गौतमको छोरा, संखुवासभा जिल्ला स्याबुन गा.वि.स. वडा नं. ४ हाल परिवर्तित पाचंखपन नगरपालिका वडा नं. १ जन्म स्थान भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. ४ वागडोल बस्ने **प्रदिप कुमार गौतम (जमानीकर्ता) (ना.प्र.नं. २२०५/६३८५० जारी मिति २०५२/०२/३० जि.प्र.का. ललितपुर)**..........१

कृष्ण बहादुर कार्कीको छोरी, लोकनाथ गौतमको बुहारी, प्रदिप कुमार गौतमको पत्नी मोरङ्ग जिल्ला डाँगिहाट गा.वि.स. वडा नं. ९ हाल परिवर्तित बेलवारी नगरपालिका वडा नं. ४ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. ४ वागडोल बस्ने **दिपा गौतम (जमानीकर्ता) (ना.प्र.नं. ०५२०२०/९१६ जारी मिति २०६६/०२/१८ जि.प्र.का. मोरङ)**..........१

**ईति सम्बत् २०७८ साल पौष २० गते रोज ३ शुभम् ।**

## ऋण असुली न्यायाधिकरणबाट जारी भएको तपसिलमा उल्लिखित प्रतिवादीहरुको नाममा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७ (५) बमोजिमको फैसलाको जानकारी/सूचना ।

**मुद्दा नं. १०१/०७६/०३**

**प्रकाशन मितिः २०७८/०९/२१**

वादी **सिद्धार्थ बैंक लिमिटेड** र प्रतिवादी तपाईं निम्न बमोजिमका व्यक्तिहरू समेत भएको ऋण असुली मुद्दा मिति २०७६/०४/१२ गते दर्ता भई यस ऋण असुली न्यायाधिकरणबाट मिति २०७८।०१।०९ मा वादी दाबी पुग्ने गरी एकतर्फी फैसला भई फैसलाको जानकारीका लागि जारी भएको सूचना बेपत्ते तामेली भएकोले मिति २०७८/०९/१९ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम सम्बत् २०६७ साल मंसिर २७ गते दर्ता नं. ७८४११/०६७/०६८ र नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, स्थायी लेखा नम्बर ३०४५७९३१६ मा दर्ता कायम भएको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ कलंकी स्थित रजिष्टर्ड ठेगाना रहेको **सुश्री इन्टरनेशनल प्रा.लि**..........१

सुश्री इन्टरनेशनल प्रा.लि. का सञ्चालक अध्यक्ष तथा जमानीकर्ता टंकनाथ पाध्य घिमिरेको बुहारी, जनक राज मिश्रको छोरी, अनुप घिमिरेको पत्नी मोरङ्ग जिल्ला विराटनगर उपमहानगरपालिका वडा नं. १० परिवर्तित वडा नं. १३ स्थित स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १४ बाफल बस्ने **अजिता मिश्र (ना.प्र.नं. ५९९४९ जारी मिति २०५८/०५/०३ जि.प्र.का. मोरङ)**..........१

परमानन्द घिमिरेको नाती, टंकनाथ पाध्य घिमिरेको छोरा ईलाम जिल्ला गोदक गा.वि.स. वडा नं. ९ हाल परिवर्तित ईलाम नगरपालिका वडा नं. १० स्थित स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं १४ बाफल बस्ने जमानीकर्ता **अनुप घिमिरे (ना.प्र.नं. ६४४३४ जारी मिति २०५९/०१/०५, जि.प्र.का. इलाम)**..........१

**सम्वत् २०७८ साल पौष २० गते रोज ३ शुभम् ।**

## ऋण असुली न्यायाधिकरणबाट जारी भएको तपसिलमा उल्लिखित प्रतिवादीहरुको नाममा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७ (५) बमोजिमको फैसलाको जानकारी/सूचना ।

**मुद्दा नं. १०१/०७५/९९**

**प्रकाशन मितिः २०७८/०९/२१**

वादी **एभरेष्ट बैंक लिमिटेड** र प्रतिवादी तपाईं निम्न बमोजिमका व्यक्ति समेत भएको ऋण असुली मुद्दा मिति २०७६/०१/२२ गते दर्ता भई यस ऋण असुली न्यायाधिकरणबाट मिति २०७७।१२।२३ मा वादी दाबी पुग्ने गरी एकतर्फी फैसला भई फैसलाको जानकारीका लागि जारी भएको सूचना बेपत्ते तामेली भएकोले मिति २०७८/०९/१९ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ।

विष्णु लालको नाती, राई बहादुर सुनुवारको छोरा (साविक झापा जिल्ला लखनपुर गा.वि.स. वडा नं. १) हाल परिवर्तित झापा जिल्ला कमल गाउँपालिका वडा नं. ५ बस्ने व्यक्तिगत जमानीकर्ता **गोपाल कुमार सुनुवार (ना.प्र.नं. २३११६८१, जि.प्र.का. झापा)**..........१

**सम्वत् २०७८ साल पौष २० गते रोज ३ शुभम् ।**

## ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको १५ दिने पुनरावेदन म्याद (सूचना)

**मुद्दा नं. १०१/०७५/१०५**

**प्रकाशन मिति : २०७८/०९/२१**

वादी **महालक्ष्मी विकास बैंक लिमिटेड** तथा प्रतिवादी तपाईं निम्न उल्लिखित व्यक्ति समेत भएको ऋण असुली मुद्दा यस न्यायाधिकरणमा मिति २०७६/०२/०८ गते दर्ता भई मिति २०७७।०९।१५ मा वादी दाबी पुग्ने ठहरी निर्णय भई सो अनुसारको तपाईंको नाउँमा जारी भएको पुनरावेदन म्याद मिति २०७८।०४।२६ गते बेपत्ते तामेल भएको देखिँदा मिति २०७८/०९/१६ गतेको आदेशानुसार यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र श्री ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न जानुहोला, म्याद गुजारी बसेमा प्रचलित कानुन बमोजिम हुनेछ र यसमा पछि तपाईंको उजुर लाग्न नसक्ने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६९/०३/०५ मा दर्ता भई दर्ता नं. ९४०७९/०६८/०६९ कायम भएको र आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय काठमाडौँ-१, करदाता सेवा कार्यालय चावहिलबाट मिति २०६९/०३/०८ गते स्थायी लेखा नम्बर ६००६२६७९८ प्राप्त, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ७ चावहिल स्थित **पि.आर.एस. ट्रेडर्स प्रा.लि**..........१

कृष्ण बहादुर श्रेष्ठको नाती, चन्द्र बहादुर श्रेष्ठको छोरा, पि.आर.एस. ट्रेडर्स प्रा.लि.का सञ्चालक तथा जमानीकर्ता काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ७ चावहिल बस्ने अन्दाजी वर्ष ३८ को **राम श्रेष्ठ (ना.प्र.नं. ११०४१ जारी मिति २०५८/११/१६ जि.प्र.का. काठमाडौँ)**..........१

**इति सम्बत् २०७८ साल पौष २० गते रोज ०३ शुभम् ।**

## ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको १५ दिने पुनरावेदन म्याद (सूचना)

**मुद्दा नं.१०१/०७३/९०**

**प्रकाशन मितिः २०७८/०९/२१**

वादी **यति डेभलपमेन्ट बैंक लिमिटेड (हालको महालक्ष्मी विकास बैंक लिमिटेड)** तथा प्रतिवादी तपाईं निम्न उल्लिखित व्यक्ति समेत भएको ऋण असुली मुद्दा यस न्यायाधिकरणमा मिति २०७४/०२/२८ गते दर्ता भई मिति २०७७।०९।१५ मा वादी दाबी पुग्ने ठहरी निर्णय भई सो अनुसारको तपाईंको नाउँमा जारी भएको पुनरावेदन म्याद मिति २०७८।०४।१२ गते बेपत्ते तामेल भएको देखिँदा मिति २०७८/०९/१६ गतेको आदेशानुसार यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र श्री ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न जानुहोला, म्याद गुजारी बसेमा प्रचलित कानुन बमोजिम हुनेछ र यसमा पछि तपाईंको उजुर लाग्न नसक्ने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

पूर्ण कुमार श्रेष्ठको बुहारी, आनन्द कुमार श्रेष्ठको श्रीमती चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. १ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ बल्खु बस्ने अन्दाजी ६५ वर्ष की **रानी दिक्षित (श्रेष्ठ) (ना.प्र.नं. ९७४/०४५ जारी मिति २०४५/१०/११)**..........१

पूर्ण कुमार श्रेष्ठको नातिनी, आनन्द कुमार श्रेष्ठको छोरी, चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. १ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४ चण्डोल बस्ने वर्ष २४ की **राजेश्वरी श्रेष्ठ (ना.प्र.नं. २७-०१-७१-०५५३० जारी मिति २०७१/०८/०५ जि.प्र.का. काठमाडौँ)**..........१

**इति सम्बत् २०७८ साल पौष २० गते रोज ०३ शुभम् ।**

## ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको १५ दिने पुनरावेदन म्याद (सूचना)

**मुद्दा नं. १०१/०७४/१३४**

**प्रकाशन मितिः २०७८/०९/२१**

वादी **महालक्ष्मी विकास बैंक लिमिटेड** तथा प्रतिवादी तपाईं निम्न उल्लिखित व्यक्ति समेत भएको ऋण असुली मुद्दा यस न्यायाधिकरणमा मिति २०७५/०१/०७ गते दर्ता भई मिति २०७८।०१।०२ मा वादी दाबी पुग्ने ठहरी निर्णय भई सो अनुसारको तपाईंको नाउँमा जारी भएको पुनरावेदन म्याद मिति २०७८।०५।१६ गते बेपत्ते तामेल भएको देखिँदा मिति २०७८/०९/१६ गतेको आदेशानुसार यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र श्री ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न जानुहोला, म्याद गुजारी बसेमा प्रचलित कानुन बमोजिम हुनेछ र यसमा पछि तपाईंको उजुर लाग्न नसक्ने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६०/१२/१६ दर्ता नं. २७७९०/०६०/०६१ मा दर्ता रहि आन्तरिक राजश्व विभाग आन्तरिक राजश्व कार्यालय काठमाडौँ-२ बाट मिति २०६०/१२/१८ गते स्थायी लेखा नम्बर पान ३०१५९०८३७ काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २२ पाको न्यूरोड स्थित **रोयल ग्राफिक प्रिन्टर्स प्रा.लि**..........१

**इति सम्बत् २०७८ साल पौष २० गते रोज ०३ शुभम् ।**

## ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको १५ दिने पुनरावेदन म्याद (सूचना)

**मुद्दा नं.१०१/०७४/२०**

**प्रकाशन मिति :२०७८/०९/२१**

वादी **महालक्ष्मी विकास बैंक लिमिटेड** तथा प्रतिवादी तपाईं निम्न उल्लिखित व्यक्ति समेत भएको ऋण असुली मुद्दा यस न्यायाधिकरणमा मिति २०७४/०६/२२ गते दर्ता भई मिति २०७७।०९।१५ मा वादी दाबी पुग्ने ठहरी निर्णय भई सो अनुसारको तपाईंको नाउँमा जारी भएको पुनरावेदन म्याद मिति २०७८।०४।३२ गते बेपत्ते तामेल भएको देखिँदा मिति २०७८/०९/१६ गतेको आदेशानुसार यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र श्री ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न जानुहोला, म्याद गुजारी बसेमा प्रचलित कानुन बमोजिम हुनेछ र यसमा पछि तपाईंको उजुर लाग्न नसक्ने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग अन्तर्गत कम्पनी ऐन, २०१४ बमोजिम मिति २०५६/०४/१९ मा दर्ता भई प्रा.लि. नं. १३५३७/१२५/०५६/०५७ भएको साविक काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३५ हाल परिवर्तित काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा न ३२ कोटेश्वर स्थित **संसार यातायात सेवा**..........१

**इति सम्बत् २०७८ साल पौष २० गते रोज ०३ शुभम् ।**

## ऋण असुली न्यायाधिकरण, कमलपोखरी काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिहरूका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)

**प्रकाशन मितिः २०७८/०९/२१**

**मुद्दा नं. ०७८-DR-००३१**

वादी **महालक्ष्मी विकास बैंक लिमिटेड** तपाईं निम्न बमोजिमका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०७८/०५/०३ गते यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०७८/०८/२८ गते भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र यस न्यायाधिकरण खुल्ने समयमा प्रतिउत्तरपत्र पेश गर्न आफैं आउनु वा कानुन बमोजिम वारेस वा कानुन व्यवसायी मुकरर गरी पठाउनु होला। सो म्याद भित्र प्रतिउत्तरपत्र पेश गर्न आफू पनि आउनु भएन, वारेस वा कानून व्यवसायी पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ। पछि तपाईको उजुर लाग्ने छैन।

दिल बहादुर थापाको नाती, लुर बहादुर थापाको छोरा, चितवन जिल्ला भरतपुर नगरपालिका वडा नं. ५ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ तिनकुने कोटेश्वर बस्ने ऋणी **सुवर्ण थापा (ना.प्र.नं. ६०३९ जारी मिति २०५१/०२/२८ जि.प्र.का. चितवन)**..........१

**ईति सम्बत् २०७८ साल पौष २० गते रोज ३ शुभम् ।**

## ऋण असुली न्यायाधिकरण, कमलपोखरी काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिहरूका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)

**प्रकाशन मितिः २०७८/०९/२१**

**मुद्दा नं. ०७८-DR-०००२**

वादी **सिभिल बैंक लिमिटेड** तपाईं निम्न बमोजिमका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०७८/०४/१७ गते यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५(पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०७८/०९/१३ गते भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र यस न्यायाधिकरण खुल्ने समयमा प्रतिउत्तरपत्र पेश गर्न आफैं आउनु वा कानुन बमोजिम वारेस वा कानुन व्यवसायी मुकरर गरी पठाउनु होला। सो म्याद भित्र प्रतिउत्तरपत्र पेश गर्न आफू पनि आउनु भएन, वारेस वा कानून व्यवसायी पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ। पछि तपाईको उजुर लाग्ने छैन।

सुर्य लाल श्रेष्ठको नाती, गोविन्द लाल श्रेष्ठको छोरा, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १९ भई हाल काठमाडौं महानगरपालिका वडा नं. २ लाजिम्पाट बस्ने **शैलेन्द्र श्रेष्ठ (ना.प्र.नं. ११९२४ जारी मिति २०३७/०३/०४ जि.प्र.का. काठमाडौँ)**..........१

**ईति सम्बत् २०७८ साल पौष २० गते रोज ३ शुभम् ।**

# हावाबाट निकालिएको बिजुली बन्द

■ नवलपरासी समाचारदाता



कावासोती, पुस २० गते। पूर्वी नवलपरासीको हुप्सेकोट गाउँपालिकाको धौवादीमा स्थापित हावाबाट बिजुली उत्पादन गर्ने मेसिनहरू बिग्रेपछि बिजुली बन्द हुँदा स्थानीय टुकीमा निर्भर हुनुपरेको छ।

नवलपुरको हुप्सेकोट गाउँपालिका-५, धौवादी रुद्रपुरमा २०६८ सालमा एसियाली विकास बैङ्कको सहयोगमा हावाबाट बिजुली निकालिएको थियो। दुई करोड रुपियाँभन्दा बढीको लागतमा सञ्चालित परियोजनाको हावाबाट दस किलोवाट र सोलारबाट दुई किलोबाट गरी १२ किलोवाट बिद्युत् उत्पादन क्षमता रहेको छ।

मेसिन मर्मत नगर्दा अहिले हावा बिजुली बन्द भएको छ। हावाबाट बिजुली सञ्चालन हुँदा सो क्षेत्रमा दुईवटा कुराको मुख्य फाइदा थियो। एक हावाबाट बिजुली र अर्को आकर्षणको केन्द्र। स्थानीयका अनुसार हावा बिजुली सञ्चालन हुँदा यसमा जडान गरिएको पङ्खालाई बतासले घुमाउँदा आकर्षक देखिन्थ्यो, फोटो खिच्न भीड लाग्ने गर्थ्यो, कतिपय आन्तरिक पर्यटकहरू यही हावा बिजुली हेर्न आउँथे। स्थानीय गमबहादुर राना मगरका अनुसार हावाबाट बिजुली निर्माण गराएर यसलाई थप आकर्षित बनाउन सके पर्यटकको आगमन वृद्धि हुन सक्छ।

वैशाख जेठको तातो मौसममा पनि कुहिरो र मनोरम दृष्यको आनन्द लिन सकिने हुप्सेकोटको हुर्रहुर्रेसँगै धौवादीमा हावा बिजुली निर्माण भए यहाँको पर्यटन विकाससँगै स्थानीयले हावाबाट उत्पादन भएको बिजुली प्रयोग गर्नसक्ने थिए। पहिलो वर्षमा तोकिएअनुसार पर्याप्त विद्युत् उत्पादन भएकाले यहाँका स्थानीयले चौबीसै घण्टा विद्युत्को प्रयोग गरिरहेका थिए।

जसबाट ४२ घरधुरी लाभान्वित भएका थिए। पहिले-पहिले टीभी चलाउन, रेडियो बजाउन, मोबाइल चार्ज गर्न सबै मिल्ने भए पनि अहिले भने जेनतेन साँझ एक घण्टामात्र बत्ती बाल्न सकिएको छ। ब्याट्रीको एउटा टर्वाइनमा समस्याले सिङ्गो गाउँले निकै समस्या भोग्नुपरेको स्थानीय मीनबहादुरको गुनासो छ।

यस परियोजनाको मर्मतका लागि सहयोगीको मुख ताकेर स्थानीय बसेका छन्। अझ सबैभन्दा समस्या त विद्यार्थीलाई परेको छ। परियोजनाको मर्मत सम्भारका लागि प्रदेश सरकारबाट सहयोग हुने र आफूहरू पनि मर्मत सम्भारका लागि छलफलमा जुटिरहेको हुप्सेकोट गाउँपालिकाका अध्यक्ष लक्ष्मी पाण्डेले बताउनुभयो।

# पत्रकारलाई तालिम

■ म्याग्दी समाचारदाता

बेनी, पुस २० गते। म्याग्दीको बेनी नगरपालिका-४, तातोपानीमा सञ्चालित पत्रकारलाई लक्षित क्षमता अभिवृद्धिसम्बन्धी तालिम सकिएको छ। म्याग्दी जिल्लामा क्रियाशील पत्रकारहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले तालिमको आयोजना गरिएको थियो।

कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय गण्डकी प्रदेश, जिल्ला समन्वय समिति म्याग्दी र बेनी नगरपालिकाको आर्थिक सहयोग तथा नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशको आयोजना र जिल्ला शाखा म्याग्दीको समन्वय एवं व्यवस्थापनमा तालिम सञ्चालन गरिएको थियो। तीन दिनसम्म चलेको तालिममा म्याग्दी जिल्लामा क्रियाशील ४० जना पत्रकार सहभागी थिए।

तालिममा नेपाल पत्रकार महासङ्घका पूर्वकेन्द्रीय अध्यक्ष धर्मेन्द्र झा र फोटो पत्रकार कृष्णमणि बरालले सहजीकरण गर्नुभएको थियो।

# सर्वसम्मत नेतृत्वको प्रयास जारी

■ तनहुँ समाचारदाता

तनहुँ, पुस २० गते। नेकपा एमाले तनहुँले सर्वसम्मत रूपमै नेतृत्व चयन गर्ने जनाएको छ। जिल्ला कमिटी तनहुँद्वारा मङ्गलबार दमौलीमा पत्रकार सम्मेलन गरी सर्वसम्मत रूपमै नेतृत्व चयन गरिने दाबी गरिएको हो।

वडा तथा पालिका स्तरमा सर्वसम्मत रूपमै नेतृत्व चयन गरे जसरी नै जिल्ला कमिटीका लागि पनि मतदान गर्नुपर्ने अवस्था नआउने एमाले तनहुँका अध्यक्ष केदार सिग्देलले दाबी गर्नुभयो। "८५ वटा वडामध्ये ८४ वडा एवं १० वटै पालिकामा सर्वसम्मत रूपमा चयन गरेजसरी जिल्ला कमिटी पनि सर्वसम्मत नै चयन हुन्छ, मतदान गर्नुपर्दैन" अध्यक्ष सिग्देलले भन्नुभयो।

नेतृत्व लिनका लागि एक दर्जन बढी आकाङ्क्षी रहे पनि उनीहरूबीच छलफल गराएर निष्पक्ष रूपमा मूल्याङ्कन गरी पार्टीमा बढी योगदान दिएको व्यक्ति छनोट गरिने उहाँले बताउनुभयो। साथै अध्यक्ष सिग्देलले आफूले दुई कार्यकाल अध्यक्ष तथा उपाध्यक्षको जिम्मेवारी निर्वाह गरिसकेकाले पुनः दोहोर्‍याउने चाहना नभएको पत्रकार सम्मेलनमा बताउनुभयो।

जिल्ला अधिवेशनका लागि छ हजार एक सय सात जना क्रियाशील सदस्यबाट प्रत्येक वडाबाट गरी सर्वसम्मत ५२५ जना प्रतिनिधि चयन भएको जिल्ला कमिटीका कार्यवाहक सचिव विष्णुभक्त सिग्देलले जानकारी दिनुभयो। हालको कार्यसमिति ८० सदस्यीय रहे पनि नवौं अधिवेशनले एक सय पाँच सदश्यीय कार्यसमिति चयन हुने पत्रकार सम्मेलनमा जानकारी दिइएको थियो।


## Notice For Bid Cancellation

**(Published Date : January 05, 2022)**

**IFB No. NDCL/BTD/ICB/03/078-79 for Supply and Delivery of NG-SDH Optical Transmission System**

This is to kindly notify to all concerned bidders who submitted the bids as per the notice published on Gorkhapatra Daily dated September 15, 2021 that the above mentioned bid has been cancelled.

राष्ट्रको सञ्चार
Nepal Telecom

**NEPAL TELECOM**
**(Nepal Doorsanchar Co. Ltd.)**
**Backbone Transmission Directorate (BTD)**
**Telecom Complex (7th Floor)**
**Babarmahal, Kathmandu, Nepal**
**Tel No. :977-1-4786070/Fax No. 977-1-4784209**
**E-mail: ntc.btd@ntc.net.np**



नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम**
कार्यक्रम समन्वय एकाइ

## प्रस्ताव पेस गर्ने बारे सूचना

प्रकाशित मिति : २०७८।०९।२१

देहायका क्रियाकलापहरू परामर्श दाता मार्फत कार्यान्वयन गर्नुपर्ने भएकोले योग्यता पुगेका परामर्श दाता/फर्महरूबाट मिति २०७८/१०/५ गते कार्यालय समयभित्र प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै सिलबन्दी गरी पेस गर्न यो सूचना प्रकाशित गरिएको छ। परामर्श दाता/फर्मको योग्यता तथा काम सम्बन्धी विवरण (कार्य क्षेत्रगत सर्त) यस कार्यक्रमको Website: **www.plgsp.gov.np** बाट प्राप्त गर्न सकिनेछ।

**तपसिल :**

१) **प्रदेश सुशासन केन्द्र मार्फत प्रदेश तथा स्थानीय तहका लागि सञ्चालन भएका क्षमता विकास कार्यक्रमको प्रभावकारिता अध्ययन गर्ने।**

२) **नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (LDTA) बाट सञ्चालन गरिएका तालीमहरूको प्रभाव मूल्याङ्कन गरी सुधारका लागि सुझावहरू पेस गर्ने।**

**सम्पर्क नं. ०१-४२५७३६३/०१-४२५७८९३**



**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**राष्ट्रिय विधि विज्ञान प्रयोगशाला**
**शाखा कार्यालय, बर्दिबास, महोत्तरी**

## बोलपत्र आह्वान सम्वन्धी सूचना

**सूचना नं : ०१-०७८/७९**
**प्रकाशन मितिः २०७८/०९/२१**

यस कार्यालय अन्तर्गतको तपशीलमा उल्लेखित निर्माण कार्यका लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकोले मिति २०७८/१०/२१ गते दिउँसो १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटः www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Description of Work | Estimated Cost (w/o VAT and contingencies) | Bid Security | Cost of the Bidding Document | Last Date and Time for Bid Purchase and Submission |
|---|---|---|---|---|---|---|
| 1 | NFSLB/NCB/ 01/078/79 | Construction of Building having Truss & Roofing Sheet at National Forensic Laboratory, Bardibas office, Mahottari. | 21,36,727.20 | 61,000.00 | 3,000.00 | 2078/10/21 12 PM |

**कार्यालय प्रमुख**



**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Quality Research and Development Centre (QRDC)**
**Chakupat, Lalitpur**

## Invitation for Sealed Bids

**Notice No: 14/078/079**
**First Date of Publication : 2078/09/21**

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for Procurement of the following:
2. Quality Research and Development Centre invites sealed electronic bid from eligible Bidders for execution of the following works given in the table below. For detailed notice and further information please visit e-procurement section of PPMO's Web Site **http://www.bolpatra.gov.np/egp** or Notice board of office:

| S.N | Contract No. | Description of Works | Fee for Bid Document (NRs) | Bid Security Amount (NRs). | Validity of Bid Security |
|---|---|---|---|---|---|
| 1 | DOR_QRDC/LAB/ 33701015/078/79-19 | Supply of Lab Equipment For Quality Research and Development Centre | 3000 | 165000 | 120 days after the date of bid opening |

3. Bidding process is fully e-bidding (EGP-II). Bidders shall not allow for hard copy submission process.

## EXPRESSION OF INTEREST(EOI) FOR CONSULTING SERVICE

**Notice No: 15/078/079**
**Date of publication : 2078/09/21**

1. Government of Nepal (GoN), Department of Roads, Quality Research and Development Center (QRDC), invites Expressions of Interest (EOI) for the purpose of short listing of the qualified, eligible and experienced domestic consulting firms for the Preparation of

| S.N. | Contract No. | Description of works |
|---|---|---|
| 1 | DoR_QRDC/ 33701123/ 2078/79/20 | **Geo-technical Investigation and Detail Design mitigation measure for road & side slope of vulnerable road on**<br>a) **Narayanghat Mugling Road (Setidobhan section) [Ch : 20+080~20+120]**<br>b) **Narayanghat Mugling Road (Mauri Bridge upstream side Kerabari section) [Ch : 20+080~20+120]**<br>c) **Narayanghat Mugling Road (Char Kilo Dada section) [Ch : 31+410~31+460]**<br>d) **Narayanghat Mugling Road (Chepang Dada section) [Ch : 33+040~33+080]** |

2. The Standard EOI forms and EOI Evaluation Criteria for **the above mentioned work** can be downloaded from the **website: www.bolpatra.gov.np/egp.**
3. Experienced, eligible and willing consulting Firms are invited to submit their EOI, either single or joint venture with other firms. The firm /JV shall submit separate EOI through PPMO's EGP system, **www.bolpatra.gov.np/egp** on or before 17:00, 2078-10-06 BS (Jan 20,2022 AD). Hard copy shall not be entertained during submission of EOI. Submitted EOI shall be opened **on11:00AM, 2078-10-07 BS (Jan 21, 2022 AD)**
4. Consulting Firms can form a JV with maximum 3 no. of firms. The EOI documents must clearly mention the name of the leading firm with financial liabilities. Authorized power of attorney shall be submitted along with EOI document. Minimum score to pass the EOI is 70% of full marks. Top six short listed consultants will be invited to submit their Technical and Financial Proposal as per the Request for Proposal (RFP), to be provided to them at the later stage. QRDC, DoR reserves the right to shortlist any or all of the Firms without assigning any reasons whatsoever. Further information of clarification can be obtained from QRDC, DoR during office hours.
5. The submitted EOI document shall include adequate information as per the evaluation criteria/EOI forms to demonstrate their qualification in the best manner.

**Director**



**नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय, बबरमहल**

## स्थायी नियुक्तिको लागि सिफारिश सम्वन्धी सूचना

**मिति २०७८/०९/२१**

यस प्राधिकरणमा रिक्त रहेका पदहरुमा आन्तरिक तथा खुला/समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्न मिति २०७६/०४/१७ मा प्रकाशित विज्ञापन अनुसार देहायका सेवा, समूह, उपसमूह, तह र पदको लागि लिइएको लिखित परीक्षा, अन्तर्वार्ता, कम्प्यूटर सीप परीक्षण तथा शैक्षिक योग्यता समेतको प्राप्तांकको आधारमा योग्यताक्रम बमोजिम सिफारिश भएका देहायका अधिकृत स्तरका उम्मेदवारले मेडिकल वोर्डबाट र सहायक स्तरका उम्मेदवारले स्वीकृत चिकित्सकबाट प्राप्त निरोगिताको प्रमाणपत्र सहित मिति २०७८/०९/२६ गते भित्र प्राधिकरण प्रधान कार्यालय, प्रशासन विभाग, बबरमहल, काठमाडौंमा नियुक्तिका लागि सम्पर्क गर्न आउनु हुन सम्वन्धित सवै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन नं. | पद | तह | सेवा/समूह/ उपसमूह | आन्तरिक, खुला/ समावेशी | नियुक्तिका लागि सिफारिश भएका उम्मेदवारको नाम, थर |
|---|---|---|---|---|---|
| ४८ | प्रवन्धक | ९ | प्रा./ए.ट्रा.स. | आ.प्र. | युबल बराल |
| ५२ | उप प्रबन्धक | ८ | प्रा./सि.ई. | आ.प्र. | प्रभुराम थापा |
| ५७ | अधिकृत | ६ | प्रा./ए.फा.स. | आ.प्र. | सुरेन्द्र देउजा |
| ८७ | अधिकृत | ६ | प्रा./मे.ई. | आ.प्र. | कमलेश विक्रम शाह |
| ६० | प्रवन्धक | ९ | प्र./आर्थिक प्रशासन/सि.ए. | खुला | सुरज पराजुली |
| ६३ | उपप्रवन्धक | ८ | प्रा./सि.ई | खुला | सम्वृद्धि श्रेष्ठ |
| ६४ | उपप्रवन्धक | ८ | प्रा./मे.ई. | खुला | राम सुन्दर कुसी |
| ६६ | उपप्रवन्धक | ८ | प्रा./सूचना प्रविधि | महिला | प्रतिभा फैजु |
| ६८ | वरिष्ठ अधिकृत | ७ | प्रा./ए.ट्रा.स. | खुला | दिवस दाहाल |
| | | | | खुला | दिपक प्रसाद भट्ट |
| | | | | खुला | खुम प्रसाद पौडेल |
| | | | | खुला | विक्रम सिंङ बस्नेत |
| | | | | खुला | नवराज कटुवाल |
| | | | | खुला | सोनाक्षी सिंह |
| | | | | खुला | कृति अधिकारी |
| | | | | खुला | सुजन गिरी |
| | | | | खुला | अशोक थापा |
| | | | | मधेशी | प्रभास रन्जन |
| | | | | मधेशी | तरुण राय |
| | | | | महिला | गरिमा ओली |
| | | | | आ.ज. | दिनेश श्रेष्ठ |
| ६९ | वरिष्ठ अधिकृत | ७ | प्रा./ए.फा.स. | आ.ज. | बिर बहादुर तामाङ |
| ७१ | वरिष्ठ अधिकृत | ७ | प्रा./सूचना प्रविधि | खुला | पवन खनाल |
| ७२ | अधिकृत | ६ | प्र./प्रशासन | खुला | दुर्गा प्रसाद पौडेल |
| | | | | महिला | अञ्जली भण्डारी |
| ७३ | अधिकृत | ६ | प्र./आ.प्र./लेखा | खुला | योगेश्वर दाहाल |
| | | | | खुला | माधव खनाल |
| | | | | महिला | विष्णुमाया सिवाकोटी |
| ७४ | अधिकृत | ६ | प्र./आ.प्र./राजस्व | खुला | विष्णु प्रसाद अर्याल |
| ७५ | वरिष्ठ सहायक | ५ | प्र./आर्थिक प्रशासन/लेखा | खुला | श्रीराम तिमल्सिना |
| ७६ | वरिष्ठ सहायक | ५ | प्रा./ए.फा.स. | खुला | सिद्धार्थ थापा |
| | | | | खुला | गौरब गिरी |
| | | | | खुला | प्रजन महर्जन |
| | | | | खुला | मनोज खत्री |
| | | | | खुला | गणेश बहादुर बस्नेत |
| | | | | खुला | बिकास थापा |
| | | | | खुला | प्रदिप श्रेष्ठ |
| | | | | खुला | सुनिल मण्डल |
| | | | | आ.ज. | मनिष गुमान्जु |
| | | | | आ.ज. | उज्वललाल श्रेष्ठ |
| | | | | मधेशी | भोगेन्द्र महतो |
| | | | | मधेशी | गोपाल सिंह |
| | | | | महिला | सोनी फाँजु |
| ७७ | वरिष्ठ सहायक | ५ | प्रा./सि.ई. | खुला | तुल्सीराम भट्टराई |
| | | | | खुला | अभिलाष कर्ण |
| | | | | खुला | नरेश सायजु |
| | | | | खुला | अनिस श्रेष्ठ |
| | | | | मधेशी | मनीश कुमार गुप्ता |
| | | | | आ.ज. | राजिव देशार |
| | | | | महिला | मन्जु खनाल |
| ७८ | वरिष्ठ सहायक | ५ | प्रा./ई.ई. | खुला | रविनेश्वर झा |
| | | | | आ.ज. | मदन कृष्ण श्रेष्ठ |
| | | | | महिला | निर्मला भट्ट |
| ७८ | वरिष्ठ सहायक | ५ | प्रा./ई.ई. | खुला | रविनेश्वर झा |
| | | | | आ.ज. | मदन कृष्ण श्रेष्ठ |
| | | | | महिला | निर्मला भट्ट |
| ७९ | वरिष्ठ सहायक | ५ | प्रा./मे.ई. | खुला | सागर अर्याल |
| | | | | आ.ज. | रबिकान्त चौधरी |
| ८० | वरिष्ठ सहायक | ५ | प्रा./इ.एण्ड टे.कम इन्जि. | खुला | सन्दिप वाग्ले |
| | | | | खुला | दुर्गा पन्थी |
| | | | | महिला | रश्मि निरौला |
| ८१ | सहायक | ४ | प्र./प्रशासन/प्रशासन | खुला | सुर्य प्रसाद घिमिरे |
| | | | | मधेशी | सन्तोष कुमार महतो |
| | | | | महिला | कल्पना ढकाल |
| | | | | आ.ज. | दिल कुमार घर्तिमगर |
| ८२ | सहायक | ४ | प्र./आर्थिक प्रशासन/लेखा | महिला | सम्झना अधिकारी |
| ८३ | सहायक | ४ | प्रा./ए.फा.स. | खुला | शिवराज रावल |
| | | | | खुला | मानदेव श्रेष्ठ |
| | | | | खुला | अमृत गैरे |
| | | | | खुला | पुस्कर खनाल |
| | | | | खुला | शंकर रिजाल |
| | | | | खुला | सुशिल रिसाल |
| | | | | खुला | प्रदिप शाही |
| | | | | खुला | रोसन विष्ट |
| | | | | खुला | सन्जय राई |
| | | | | खुला | बिकम थपलिया |
| | | | | खुला | अकेश राय यादव |
| | | | | खुला | सुरज सापकोटा |
| | | | | खुला | सुरज तामाङ्ग |
| | | | | आ.ज. | जयराम थापामगर |
| | | | | आ.ज. | सेसन राई |
| ८४ | सहायक | ४ | प्रा./ई.ई. | खुला | ध्रुब पौडेल |
| | | | | खुला | सुनिल कुमार साह |
| | | | | मधेशी | श्रवण कुमार महतो |
| | | | | आ.ज. | कपिल श्रेष्ठ |
| ८५ | सहायक | ४ | प्रा./मे.ई. | खुला | प्रदिप कुमार यादव |
| | | | | महिला | काजोल पाण्डे |

# छोराछोरीलाई शिक्षा अभिभावकलाई रोजगारी

■ मुगु समाचारदाता



संस्थाको आर्थिक सहयोगमा अध्ययन गरिरहेका बालबालिका। *तस्बिर : हरिकृष्ण ऐडी*

मुगु, पुस २० गते। जिल्लामा आर्थिक अवस्था कमजोर भएका विपन्न बालबालिकाको पढाइ खर्च विभिन्न दाताबाट जुट्ने गरेको छ। दाताहरूकै सहयोगमा बाल विकासदेखि उच्च शिक्षासम्म ती बालबालिकालाई पढाइन्छ। त्यति मात्र होइन, प्रायोजित कार्यक्रमबाट सहारा पाएका बालबालिकाका अभिभावकलाई पनि आयआर्जनमा सहभागी गराई स्वरोजगार बनाउने गरेको पाइएको छ।

जिल्लाको छायाँनाथ रारा नगरपालिका, सोरु गाउँपालिका, खत्याड गाउँपालिका र मुगमकार्मारोङ गाउँपालिकाका विद्यालयहरूमा गुड नेवर्स इन्टरनेसनल नेपालको प्रायोजनबाट विपन्न बालबालिकाले शिक्षा आर्जनमा सहयोग पाएको जनाइएको छ।

संस्थाका जिल्ला संयोजक ख्यामराज लामिछानेले संस्थाले विशेषगरी आर्थिक अवस्था कमजोर भएका, विपन्न समुदाय र बेसहारा बालबालिकालाई पठनपाठनमा सहयोग गरेको बताउनुभयो।

संस्थाले बालविकासदेखि कक्षा १२ सम्म कापीकिताब, झोला, पोसाक सहयोग गरेको छ। छायाँनाथ रारा नगरपालिका-१४, बामगाउँका रामराज बुढाले संस्थाकै सहयोगबाट कक्षा १२ उत्तीर्ण गरी प्रहरीको प्राविधिक पदमा प्रवेशका लागि लोकसेवा आयोगको परीक्षा तयारी गरेको बताउनुभयो। संस्थाको सहयोगबाट आफूलाई अध्ययनमा सहज भएको बताउँदै अन्य थुप्रै बालबालिकाले पनि सहयोगको सदुपयोग गरेको उहाँले जनाउनुभयो।

यसैगरी रारा क्याम्पस गमगढीमा स्नातक अध्ययनरत भीम बुढाका अभिभावक जयबहादुर बुढाले पनि आफूहरूलाई सहज भएको बताउनुभयो। संस्थाको सहयोगमा छोरा स्नातक पढ्दै गरेको बताउँदै उहाँले आफू पनि संस्थाको सहयोगमा स्वरोजगार भएको जानकारी दिनुभयो। उहाँले भेडापालन गर्न सहयोग लिनुभएको छ। घुम्तीकोषबाट एक लाख रुपियाँ लिएर उहाँले भेडापालन गर्नुभएको छ।

संस्थाको तथ्याङ्कअनुसार हालसम्म संस्थाले दुई हजार ३९५ जना विद्यार्थीलाई शिक्षामा सहयोग गरेको छ। चारवटा स्थानीय तहका ७५ वटा विद्यालय लाभान्वित भएका छन्। यस्तै संस्थाको सहयोग लिएर अध्ययन गरेका दुई सयभन्दा बढी विद्यार्थी नेपाल सरकारको विभिन्न पदमा स्थायी जागिरे भएका छन्। संस्थाका जिल्ला संयोजक ख्यामराज लामिछानेले विद्यार्थीका साथै उनीहरूका अभिभावकलाई पनि आयआर्जनमा सहयोग गरी स्वरोजगार बनाउन लागिपरेको बताउनुभयो। उहाँका अनुसार विद्यार्थी तथा तिनका अभिभावकको क्षमता वृद्धि गर्नका लागि समुदाय स्तरमा सरसफाइ तालिम, सामाजिक मूल्य मान्यता तालिम, लेखासम्बन्धी तालिम र सहकारी सञ्जाल तालिमहरू सञ्चालन गरिएका छन्। विद्यालयको आवश्यकताअनुसार विद्यालय भवन, फर्निचर र गाउँघर क्लिनिक लगायतका क्षेत्रमा सहयोग गर्दै आएको संयोजक लामिछानेले बताउनुभयो।

# हात्तीको आक्रमणबाट मृत्यु

■ बर्दिया समाचारदाता

बर्दिया, पुस २० गते। जङ्गली हात्तीको आक्रमणबाट एक जना महिलाको मृत्यु भएको छ। बर्दियाको राजापुर नगरपालिका-९ की ५४ वर्षीया भुसिया थारूको मृत्यु भएको हो।

नेपाल-भारत सीमा दसगजास्थित जङ्गल नजिक बाख्रा चराउन गएकी थारूको हात्तीले आक्रमण गर्दा मृत्यु भएको हो। जिल्ला प्रहरी कार्यालय बर्दियाका प्रहरी उपरीक्षक ईश्वर कार्कीले थारूको मृत्युका बारेमा जानकारी दिनुभयो। उहाँका अनुसार हात्तीले आक्रमण गरेको जानकारी पाएपछि प्रहरी टोली घटनास्थल पुगेको थियो।


## ऋण असुली न्यायाधिकरण

**कमलपोखरी, काठमाडौँको**

## घर, जग्गा लिलाम बिक्री सम्वन्धी ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८।९।२१**

वादी **जनता बैंक नेपाल लिमिटेड (हाल ग्लोबल आईएमई बैंक लि.)** र प्रतिवादी **सपना अटो मोबाईल्स ट्रेडर्स** समेत भएको संवत २०७४ सालको मुद्दा नं. ३४०/०७४/५१ को ऋण असुली मुद्दामा यस न्यायाधिकरणको मिति २०७८।९।२० को आदेश अनुसार वादी बैंकको नाउँमा कर्जा सुरक्षण बापत धितोमा रहेको तपसिलमा उल्लेखित घर, जग्गा/सम्पत्ती जहाँ जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहायका शर्तहरु पालना गर्ने गराउने गरी यो सिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

**(क) लिलाम बिक्री हुने सम्पत्तिः**

१. प्रतिवादी देवेन्द्र प्रसाद ध्वजुको नाममा दर्ता कायम रहेको रूपन्देही जिल्ला, साबिक बुटवल न.पा. वडा नं. ९/ख हाल बुटवल उप.म.न.पा. वडा नं. १० स्थित कि.नं. ५५२ को क्षे.फ. ०-४-१७¾ को जग्गा र सोमा बनेको घर समेत।

२. यस न्यायाधिकरणबाट मिति २०७८।५।७ मा भएको जग्गाको मुल्यांकन मुचुल्का र मिति २०७८।५।२२ मा भएको घरको प्राविधिक मुल्यांकनको आधारमा उक्त घर, जग्गाको एकमुष्ठ जम्मा रू.१८,३६,३०,३३४.३८ (अठार करोड छत्तीस लाख तीस हजार तीन सय चौतीस रूपैयाँ अठ्तीस पैसा मात्र)।

**(ख) शर्तहरुः**

१. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयमा रु. ६,०००।- बुझाई बोलपत्र फाराम खरीद गर्न सकिनेछ।

२. यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन अपरान्ह १.०० बजेसम्म बोलपत्र पेश गर्नु पर्नेछ। यसरी पेश भएका बोलपत्रहरु सोही दिन १.३० बजे यसै न्यायाधिकरणमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएपनि वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन। वोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको भोलिपल्ट हुनेछ।

३. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र फर्म, संगठित संस्था वा कम्पनीले इजाजतपत्र, दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नु पर्नेछ। बोलपत्र फारममा बोलपत्रदाताले आफ्नो ईमेल ठेगाना अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ। बोलपत्र फारम लिन समेत सक्कल र प्रमाणित प्रतिलिपि सहित स्वयं उपस्थित हुनु पर्नेछ।

४. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कवुल गरेको अंकको १०(दश) प्रतिशत रकम धरौटी वापत कोष तथा लेखा नियन्त्रण कार्यालय, लैनचौर, काठमाडौँको भुक्तानी केन्द्र नं. ३ को नाउँमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, ठमेल शाखामा रहेको धरौटी खाता नं. ११००१००१०२०३०००० कार्यालय कोड नं.३०५००३५०२ मा जम्मा गरी सोको सक्कलै भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ साथै आफूले लिलाममा लिन चाहेको घर, जग्गा/सम्पत्तिको विवरण अनिवार्य रुपमा उक्त भौचरको पछाडि उल्लेख गर्नु पर्नेछ।

५. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।

६. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले एक्लै वा संयुक्त उपक्रमा मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनु पर्नेछ। यसरी सहभागी हुन चाहने बढीमा ३ (तीन) व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रमा सम्झौता मान्य हुनेछ साथै सो उपक्रमा सम्झौताको प्रति बोलपत्र साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

७. रीतपूर्वक नभरिएको, म्याद नाघी प्राप्त भएको वा न्यूनतम मूल्यभन्दा घटी मूल्य अंकित भएको वा शर्तहरु राखी पेश भएका बोलपत्रहरु उपर कुनै कारवाही हुनेछैन।

८. न्यायाधिकरणले वोलपत्र खुलेको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त वोलपत्र उपर निर्णय गर्नु पर्नेछ। उक्त समयभित्र बोलपत्र स्वीकृत वा अस्वीकृत भए नभएको बारे जानकारी लिन वोलपत्रदाता स्वयं लिखित पत्रसहित न्यायाधिकरणमा उपस्थित हुनु पर्नेछ र सोको जानकारी न्यायाधिकरणले सोही दिन लिखित रुपमा बोलपत्रदातालाई दिनु पर्नेछ।

९. बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्वन्धित व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कवुल गरेको अंकको बाँकी सम्पूर्ण रकम दाखिला गरी सो घर, जग्गा/सम्पत्तीको रोक्का फुकुवा र दाखिल खारेज पत्र लिई सक्नु पर्नेछ, अन्यथा धरौटी वापत जम्मा गरेको रकम स्वतः जफत भएको मानिनेछ। यसरी जफत भई प्राप्त भएको धरौटी रकम न्यायाधिकरणले १५ (पन्ध्र) दिनभित्र राजश्व खातामा सदरस्याहा गर्नु पर्नेछ।

१०. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न्यायाधिकरणमा सुरक्षित रहनेछ।

११. घर, जग्गा/सम्पत्ती नामसारी गर्दा लाग्ने सम्पूर्ण दै-दस्तुर लिलाम सकार गर्ने व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले व्यहोर्नु पर्नेछ।

१२. यस न्यायाधिकरणबाट लिलामी सूचना प्रकाशित भै सकेपछि बादी बैंक वा वित्तीय संस्था र ऋणीहरू बीच ऋण रकम चुक्ता सम्बन्धमा सहमति/मिलापत्र (Settle) को आधारमा ऋण चुक्ता गरी वा ऋण चुक्ता कार्यतालिका सहित लिलामी कारवाही स्थगित गरी पाउँ भनी संयुक्त निवेदन प्राप्त भएको अवस्थामा लिलाम कारवाही स्थगित गर्न सकिनेछ।

१३. बोलपत्र स्वीकृत नभएमा सोको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिनभित्र सम्वन्धित बोलपत्रदाताले धरौटी वापत बैंकमा दाखिला गरेको रकम सोही बोलपत्रमा उल्लेख गरिएको बैंक खातामा जम्मा हुने गरी फिर्ता गरिनेछ।

१४. लिलाम बिक्री हुने घर, जग्गा/सम्पत्तीको विस्तृत जानकारीको लागि सम्बन्धित **जनता बैंक नेपाल लिमिटेड (हाल ग्लोबल आईएमई बैंक लि.)** र बोलपत्र सम्वन्धी अन्य थप जानकारीको लागि यस न्यायाधिकरणमा सम्पर्क राख्न सकिनेछ।

१५. यो सूचना यस न्यायाधिकरणको Website www.drtribunal.gov.np मा हेर्न सकिनेछ।



## राष्ट्रिय वाणिज्य बैंक लि.को निम्न उल्लेखित शाखा कार्यालयबाट लिएको कर्जा/सुविधा, चुक्ता गर्न आउने, नआएमा कालोसूचीमा राख्ने लगायत अन्य असूली कारबाही गर्ने बारेको ३५ दिने सूचना

**(सूचना प्रकाशित मिति २०७८/०९/२१)**

यस बैंकको निम्न उल्लेखित शाखा कार्यालयहरूबाट कर्जा/सुविधा लिई सो कर्जा/सुविधाको भाखा नाघेका ऋणी, ऋणी फर्मका प्रोप्राइटर, साझेदार तथा जमानत दाताहरू समेतलाई कर्जा/सुविधा, चुक्ता/नियमित गर्नका लागि सम्पर्क, पत्राचार गर्दा कतिपयको पत्र फिर्ता आउने, कतिपयले बैंकको अनुरोधलाई बेवास्ता गर्ने गरेको सन्दर्भमा आफूले लिनुभएको कर्जा/सुविधा बापतको रकम चुक्ता गर्नका लागि यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्नहुन ऋणी, ऋणी फर्मका प्रोप्राइटर, साझेदार तथा जमानत दातासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दस्तुर चुक्ता गर्नुहोला। अन्यथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्ने र सोबाट बैंकको लेना असुल नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, यस बैंकको कर्जा असुली कार्यविधि (प्रथम संशोधन, २०७७ समेत) २०७१, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र ऐ. नियमावली २०५९ तथा प्रचलित कानून अनुसार तपाई ऋणी तथा तपाईंको एकाघर सगोल परिवारको समेत चल अचल जायजेथा श्रीसम्पत्तिबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

यो सूचना प्रकाशित मितिले ३५ (पैंतीस) दिनभित्र बैंकको लेना रकम चुक्ता नभएको अवस्थामा नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूको नाममा जारी एकिकृत निर्देशन २०७८ को इं.प्रा.नि.नं.१२।७८ को दफा १२ मा भएको व्यवस्था अनुसार यसै सूचनालाई ३५(पैतिस) दिने सूचना मानी ऋणी, प्रोप्राइटर, साझेदार तथा जमानत दाताहरू समेतको नाम कालोसूचीमा समावेश गरिने भएकोले यस सूचनाबाट कसैको मान प्रतिष्ठामा कुनै आँच आएमा यस बैंक जवाफदेही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गराइन्छ।

**१) शाखा कार्यालय ठमेल।**

| ऋणीको विवरण | जमानत दाताको विवरण |
|---|---|
| **ऋणी : कल्पना लामिछाने**, (ना.प्र.नं.१०५८०९ नुवाकोट),<br>ठेगाना : बेलकोटगढी ५ नुवाकोट, हाल- दुई पिपल ३ नुवाकोट।<br>बाबु : झम्कनाथ नेपाल, पति : परशुराम लामिछाने<br>ससुरा : भवनाथ लामिछाने | भेग नाथ लामिछानेको नाति, भवनाथ लामिछानेको छोरा, परशुराम लामिछाने (ना.प्र.नं. १६०८ नुवाकोट), ठेगाना : दुई पिपल ३, नुवाकोट। |
| | भवनाथ लामिछानेको नाति, परशुराम लामिछानेको छोरा, सुनिल लामिछाने (ना.प्र.नं.२५-०१-७१-००६६३ नुवाकोट), ठेगाना : दुई पिपल ३, नुवाकोट। |

**२) शाखा कार्यालय कठौना।**

| ऋणीको विवरण | जमानत दाताको विवरण |
|---|---|
| **ऋणी : सु श्री क्लोथ स्टोर्स**, बकधुवा ९ सप्तरी।<br>(प्रा.फ.र.नं.२९६७/०७२/०७३ घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजविराज)। प्रोप्राइटर : शोभा देवी साह (ना.प्र.नं.६०१८ सप्तरी), ठेगाना : बकधुवा ७ सप्तरी। बाबु : रामु साह, पति : राजेश साह, ससुरा : राम किसुन साह | राम किसुन साहको छोरा **राजेश साह** (ना.प्र.नं.५६८३ सप्तरी), ठेगाना : बकधुवा ७ सप्तरी, हाल बकधुवा ९ सप्तरी। |
| | राम किसुन साहको नाति, राजेश साहको छोरा अमन साह ठेगाना : बकधुवा ९ सप्तरी। |

**३) शाखा कार्यालय नाम्चेबजार।**


| ऋणीको विवरण | जमानत दाताको विवरण |
|---|---|
| **ऋणी : बम्बे दर्जी**, (ना.प्र.नं.५२/१४१ सोलुखुम्बु)<br>ठेगाना : तिङला १ सोलुखुम्बु।<br>बाबु : बल बहादुर दमाई (दर्जी)<br>बाजे : कालु दर्जी | अजुरे दमाईको नाति, तिलक दमाईको छोरा **कालु दर्जी**, ठेगाना : तिङला १ सोलुखुम्बु। |
| | भालुको नाति, छविलालको छोरा **तिले दर्जी**, ठेगाना : तिङला १, सोलुखुम्बु। |
| | माधोको नाति, अग्नीधर निरौलाको छोरा **घनश्याम निरौला**। (ना.प्र.नं. ५०७२/१० सोलुखुम्बु), ठेगाना : पञ्चन १ सोलुखुम्बु। |
| | अजुरे दमाईको नातिनी, तिलक बहादुर दमाईको छोरी, धर्म बहादुर दर्जीको पत्नी, **हेम कुमारी सुन्दास (दमाई)**, (ना.प्र.नं.५ सोलुखुम्बु), ठेगाना : तिङला १ सोलुखुम्बु |
| **ऋणी : तिले दर्जी**, (ना.प्र.नं.३३९४/८२ सोलुखुम्बु) ठेगाना : तिङला -१ सोलुखुम्बु।<br>बाबु : छविलाल दर्जी, बाजे : भालु दर्जी | माधोको नाति, अग्नीधर निरौलाको छोरा **घनश्याम निरौला** (ना.प्र.नं. ५०७२/१० सोलुखुम्बु), ठेगाना : पञ्चन १ सोलुखुम्बु। |
| **ऋणी : अम्बर बहादुर दर्जी**<br>ठेगाना : नाम्चे १ सोलुखुम्बु<br>(साबिक तिङला १ सोलुखुम्बु)<br>बाबु : बल बहादुर दर्जी, बाजे : कालु दर्जी | माधो निरौलाको नाति, अग्नीधर निरौलाको छोरा, **घनश्याम निरौला** (ना.प्र.नं. ५०७२/१० सोलुखुम्बु), ठेगाना : पञ्चन १, सोलुखुम्बु। |
| | अजुरे दमाईकी नातिनी, तिलक बहादुर दमाईकी छोरी, धर्म बहादुर दर्जीकी पत्नी, हेम कुमारी सुन्दास (दमाई), (ना.प्र.नं.५ सोलुखुम्बु), ठेगाना : तिङला १ सोलुखुम्बु। |
| **ऋणी : तारा देवी परियार (दर्जी)**, (ना.प्र.नं. ०१०४७६/१४७५ सोलुखुम्बु), ठेगाना : तिङला १, सोलुखुम्बु। बाबु : मनसुर दर्जी, पति : बम्बे दर्जी | माधो निरौलाको नाति, अग्नीधर निरौलाको छोरा, **घनश्याम निरौला** (ना.प्र.नं.५०७२/१० सोलुखुम्बु), ठेगाना : पञ्चन १, सोलुखुम्बु। |
| **ऋणी : घनश्याम निरौला** (ना.प्र.नं.५०७२/१० सोलुखुम्बु), ठेगाना : पञ्चन १ सोलुखुम्बु, हाल- नाम्चे १ सोलुखुम्बु।<br>बाबु : अग्नीधर निरौला, बाजे : माधो निरौला | |

**४) शाखा कार्यालय चरिकोट।**

| ऋणीको विवरण | जमानत दाताको तीनपुस्ते विवरण |
|---|---|
| **ऋणी : जेनिस किराना पसल**, भिमेश्वर नगरपालिका १ दोलखा।<br>(प्रा.फ.र.नं.१४३०/०७३/०७४, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, दोलखा), **प्रोप्राइटरः शुशिला के.सी.**, (ना.प्र.नं. ११ दोलखा)<br>ठेगाना : माली ६ दोलखा, हाल तामाकोशी ७ दोलखा।<br>बाबु : शरण ब. खत्री, पती : शंकर के.सी., ससुरा : टोप बहादुर खत्री | ललित बहादुर खत्रीको छोरा, **टोप बहादुर खत्री** (ना.प्र.नं.२२१३८० दोलखा), ठेगाना : हावा ७ दोलखा। |
| | सेर बहादुर भण्डारीकी छोरी, टोप बहादुर खत्रीकी पत्नी **हित माया फूयाल खत्री** (ना.प्र.नं.२८८७८ दोलखा), ठेगाना : हावा ७ दोलखा। |
| **ऋणी : हिमाल एण्ड झरना कृषि फार्म**, मिर्गे २ दोलखा।<br>(सा.फ.द.प्र.प.नं.२०२/०७२/०७३, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, दोलखा)<br>**साझेदारहरूको विवरण :**<br>(१) **राजन प्रसाद हुमागाई** (ना.प्र.नं.१०९९/४८२ काभ्रेपलाञ्चोक)<br>ठेगाना : बल्थली ४ काभ्रे, हाल पनौती न.पा. २ काभ्रे।<br>बाबु : देविप्रसाद हुमागाई, बाजे : विष्णु भक्त<br>(२) **साझेदार : अम्बर बहादुर तमाङ** (ना.प्र.नं.२२८२५९/५९६ दोलखा), ठेगाना : मिर्गे २ दोलखा। बाबु : खम्ब सिं तमाङ, बाजे : बिरे | खम्ब सिं तामाङकी बुहारी, अम्बर बहादुर तामाङकी पत्नी **लालीमाया तामाङ** (ना.प्र.नं.२२३०४२/१९८ दोलखा) ठेगाना : मिर्गे २, दोलखा। |
| **ऋणी : वि.एस. ब्लक तथा कंक्रीट उद्योग**, भिरकोट ९ दोलखा।<br>(प्रा.फ.नं.घ.उ.वि. ४२३/०६७/०६८, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, दोलखा), प्रोप्राइटर : श्री सिता राम उप्रेती (ना.प्र.नं. २२१४९४-१६९ दोलखा), ठेगाना : भीरकोट ९ दोलखा। बाबु : युवनाथ उप्रेती, बाजे : पदम नाथ | गोपाल पाण्डेकी छोरी, युवनाथ उप्रेतीकी बुहारी, सिता राम उप्रेतीकी पत्नी **इश्वरी उप्रेती** (ना.प्र.नं.२२३०४७/११६ दोलखा) ठेगाना : भीरकोट ९ दोलखा। |
| **ऋणी : सन्तोष विक्रम खड्का** (ना.प्र.नं.४३५/७६१ दोलखा)<br>ठेगाना : मालु ३ दोलखा। बाबु : इश्वर बहादुर खड्का, बाजे : अमृत बहादुर खड्का | अमृत बहादुरकी बुहारी, इश्वर बहादुर खड्काकी पत्नी, ईन्दिरा खड्का (ना.प्र.नं. ६९५७ दोलखा) ठेगाना : मालु ३ दोलखा। |
| **ऋणी : जनक बहादुर कार्की** (ना.प्र.नं.७८६ दोलखा), ठेगाना : भीमेश्वर न.पा. १ दोलखा, साबिक माटी ७ दोलखा।<br>बाबु : चन्द्र बहादुर कार्की, बाजे : सनमान कार्की | |
| **ऋणी : विल माया श्रेष्ठ** (ना.प्र.नं.८९५५ दोलखा), ठेगाना : भीमेश्वर न.पा. १ दोलखा, साबिक चरीकोट ८ दोलखा।<br>बाबु : नर बहादुर श्रेष्ठ, बाजे : मान बहादुर श्रेष्ठ, ससुरा : कृष्ण कुमार श्रेष्ठ, पति : माधव कुमार | |
| **ऋणी : अम्बर बहादुर के.सी** (ना.प्र.नं.३१५८/१८३४ दोलखा), ठेगाना : भीमेश्वर न.पा. १ दोलखा, साबिक माटी १ दोलखा।<br>बाबु : कर्ण बहादुर के.सी, बाजे : लाल बहादुर के.सी | |
| **ऋणी : तिलक प्रसाद सुवेदी** (ना.प्र.नं.२२५६ दोलखा), ठेगाना : भीमेश्वर न.पा. ८ दोलखा, साबिक माटी ३ दोलखा।<br>बाबु : डिल्लीनाथ सुवेदी, बाजे : पदम लाल सुवेदी | |
| **ऋणी : तिलक बहादुर थामी** (ना.प्र.नं.२३६/९५१४ दोलखा), ठेगाना : सुष्पा क्षमावती ६ दोलखा। बाबु : कालु सिंह थामी, बाजे : सुकविर | |
| **ऋणी : पसपति बस्नेत** (ना.प्र.नं.२०७८/१६५२ दोलखा), ठेगाना : भीमेश्वर न.पा. ११ दोलखा, साबिक मकैबारी १ दोलखा।<br>बाबु : शेर बहादुर के.सी., ससुरा : टेक बहादुर, पति : दिल बहादुर बस्नेत | |
| **ऋणी : लक्ष्मी वली खत्री** (ना.प्र.नं.२७१६/८४ दोलखा), ठेगाना : भीमेश्वर न.पा.४ दोलखा, साबिक दोलखा २ दोलखा।<br>बाबु : कृष्ण बहादुर भण्डारी, ससुरा : खडग बहादुर, पति : हर्क बहादुर ओली खत्री | |
| **ऋणी : धन प्रसाद चौलागाई** (ना.प्र.नं.२३६० दोलखा), ठेगाना : भिमेश्वर न.पा.५ (हाल ४) दोलखा, साबिक चरिकोट ९ दोलखा,<br>बाबु : लोकनाथ चौलागाइ, बाजे : छविलाल | |

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**केन्द्रीय कार्यालय**
**कर्जा अनुगमन तथा असुली विभाग**
**फोन नम्बर : ०१-४२५२५९५, एक्सटेन्सन नम्बर २६२७**




# कोरोना सङ्क्रमण बढेपछि नाकामा कडाइ


भारतबाट आउनेको नाकामा एन्टिजेनमार्फत परीक्षण गरिँदै । *तस्बिर : सिराज खान*

■ नेपालगञ्ज समाचारदाता

नेपालगञ्ज, पुस २० गते। रोजगारलगायत विभिन्न कामका लागि भारतका ठूला सहरहरूमा पुगेर नेपाल फर्किरहेका नेपालीमा कोरोना सङ्क्रमण देखिने क्रम एक्कासि वृद्धि भएको छ।

केही दिन पहिलेसम्म दुई–चार दिनमा एक–दुई जना मात्र सङ्क्रमित भेटिने गरेकोमा हाल आएर एक दिनमा दस जनाभन्दा बढी सङ्क्रमित भेटिन थालेपछि यहाँस्थित नेपाल –भारत नाका जमुनाहमा थप कडाइ सुरु गरिएको छ।

भारतमा ओमिक्रोनको सङ्क्रमण बढ्दै गएकोले भारतका ठूला सहरबाट आउनेहरूको नाकामै एन्टिजेनमार्फत कोरोना जाँच गर्दा कोरोना पोजेटिभ देखिने क्रम बढेको पाइएको जमुनाह नाकास्थित हेल्थ डेस्कका प्रमुख चिरञ्जीवी ज्ञवालीले जानकारी दिनुभयो। भारतबाट आउँदै गरेका कालीकोटका चार, दाङका तीन, बाँकेका दुई र कैलालीका एक जनामा एकै दिन कोरोना पुष्टि भएको उहाँले बताउनुभयो। तीमध्ये तीन जना महिला छन्।

कोरोना पुष्टि भएका चार जना हरिद्वार, तीन जना दिल्ली तथा उत्तर प्रदेशको सदरमुकाम लखनउ र महाराष्ट्रबाट आएका एक–एक जनामा रहेको ज्ञवालीले बताउनुभयो। एन्टिजेन विधिमार्फत तीन सय जनाको कोरोना जाँच गर्दा १० जनामा पुष्टि भएको हेल्थ डेस्कले जनाएको छ। ती सबैको नमुनालाई ओमिक्रोन हो होइन निश्चित गर्न राजधानी काठमाडौं पठाइएको पनि जनाइएको छ।

सङ्क्रमण पुष्टि भएका नौ जनालाई भेरी अस्पतालको कोरोना वार्डमा र एक जनालाई खजुरा गाउँपालिका एक, राधापुरस्थित आइसोलेसन सेन्टरमा पठाइएको हेल्थ डेस्कका इन्चार्ज ज्ञवालीले जनाउनुभयो।

भारतमा बढ्दो ओमिक्रोनको सङ्क्रमण नेपालमा पनि नाकाबाट भित्रिने आशङ्का धेरै बढेकोले नाकामा धेरै कडाइ गर्ने योजना र रणनीति बनाइएको जिल्ला कोरोना सङ्कट व्यवस्थापन केन्द्र बाँकेका कोरोना फोकल पर्सन तेज ओलीले जानकारी दिनुभयो।

## आठ जनामा कोरोना सङ्क्रमण

■ तुल्सीपुर समाचारदाता

तुल्सीपुर, पुस २० गते। तुल्सीपुर पालिकामा सोमबार पचास जनामा गरिएको कोरोना परीक्षणका क्रममा आठ जनामा सङ्क्रमण देखिएको छ। कुनै समय कोरोना सङ्क्रमण शून्यमा झरेको पालिकामा सोमबार भने एकै दिन आठ जनामा देखिएको हो। पालिकाका जनस्वास्थ्य प्रवर्द्धन शाखाका सम्पर्क व्यक्ति विमल केसीका अनुसार अहिले पालिकामा सङ्क्रमितको सङ्ख्या १४ जना पुगेको छ।

सोमबार गरिएको परीक्षणमा बहिरा विद्यार्थीहरू बसोबास गर्दै आएका छात्राबासका दुई जनामा समेत सङ्क्रमण देखिएको छ। एक हप्ताका लागि उक्त छात्राबास बन्दसमेत गरिएको छ। केसीका अनुसार दुई जना राप्ती प्रादेशिक अस्पतालको कोरोना एकाइमा उपचाररत रहेको र १२ जना होम आइसोलेसनमा रहेको बताउनुभयो। सबैको अवस्था भने सामान्य रहेको छ।

तुल्सीपुर उपमहानगरपालिकाले सञ्चालनमा ल्याएको मेट्रो अस्पतालमा बिहान १० बजेदेखि दिउँसो तीन बजेसम्म निःशुल्क रूपमा कोरोना परीक्षण हुँदै आएको छ। हालसम्म तुल्सीपुर उपमहानगरपालिमा ९५ हजार पाँच सय बीस जनालाई पहिलो खोप र ६९ हजार सात सय नौ जनालाई दोस्रो खोप दिइएको छ।

## दिनहुँ प्रदर्शन

■ भैरहवा समाचारदाता

भैरहवा, पुस २० गते। सीके राउत नेतृत्वको जनमत पार्टीले रुपन्देहीमा दिनहुँ प्रदर्शन गर्दै आएको छ। विभिन्न माग राख्दै सो पार्टीले सडक बन्ददेखि प्रदर्शन गर्दै आएको हो।

एक सातादेखि प्रदर्शन गर्दै आएको सो पार्टीले माग पूरा नभएसम्म आन्दोलनलाई निरन्तरता दिने बताएको छ। किसान आन्दोलन सङ्घर्ष समितिका नाममा जनमत पार्टीका कार्यकर्ताले प्रदर्शन गर्दै आएका हुन्।

जनमत पार्टीका कार्यकर्ताले रुपन्देहीको बनगाई र धकधईमा सडक अवरुद्ध गर्दै आएका छन्। विगत एक सातादेखि सडक अवरुद्ध गर्दै आएका जनमत पार्टीका कार्यकर्ता लाठी–भाटा बोकेर प्रदर्शनमा उत्रिने गरेका छन्। आइतबार भैरहवा–लुम्बिनी सडकखण्डअन्तर्गत बनगाई चोकमा चक्का जाम गर्न आएका कार्यकर्तालाई प्रहरीले हटाएपछि उनीहरूले भैरहवा परासी खण्डको धकधई चोकमा चक्का जाम गरेका थिए। सोमबार र मङ्गलबार पनि उनीहरूले आन्दोलनलाई निरन्तरता दिए। जनमत पार्टीले किसानमाथिको दमन बन्द गर्नुपर्ने, किसान र आन्दोलनकारीमाथि लगाइएका झुटा मुद्दा फिर्ता गर्नुपर्ने, समयमा मलखाद र बीउबिजनको व्यवस्था, सिँचाइको व्यवस्था, सिँचाइको बिजुली निःशुल्क, हावाहुरी र वर्षाले भएको बालीनाली क्षतिबापत तत्काल राहत, किसानको समस्या समाधानका लागि मन्त्रीस्तरीय वार्ता समिति गठन गर्नुपर्नेलगायतका माग राखेर आन्दोलन गर्दै आएको छ।


**ईश्वरपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ईश्वरपुर, सर्लाही**
**प्रदेश नं. २, नेपाल**

**शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना**

**( प्रथम पटक प्रकाशित मिति : २०७८/०९/२१)**

यस कार्यालयलाई आवश्यक पर्ने तपशिलका खरिद कार्यहरु शिलबन्दी दरभाउपत्रबाट गर्नु पर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कार्यको लागी इजाजत प्राप्त,मुल्य अभिवृद्धि करमा दर्ता भएका, इच्छुक फर्म, कम्पनी वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी वोलपत्र आव्हान गरिएको छ।

१. यो सूचना प्रकाशित भएको मितीले १५ दिन भित्र माथीको कार्यको लागी इजाजत प्राप्त भइ नवीकरण भएको इच्छुक फर्म, कम्पनी सप्लायर्स वा निजको प्रतिनिधीले निवेदन साथ आयकर दर्ता प्रमाण पत्र आ व ०७७०७८ सम्मको कर चुक्ता प्रमाण पत्र र मुल्य अभिवृद्धिकर प्रमाण पत्रको प्रतिलिपी साथै राखी शिलबन्दी दरभाउपत्र दस्तुर पछि फिर्ता नहुने गरी यस नगरपालिकाको राजस्व शाखामा दाखिला गरी स्पेसिफकेसन सहितको दरभाउपत्र फारम आर्थिक प्रशासन शाखा बाट प्राप्त गर्न सकिन्छ।
२. खरिद भएको दरभाउपत्रको हकमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गराइ सक्नु पर्नेछ र सोही दिनको २:०० वजे दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा दर्ता हुन आएका दरभाउ पत्रहरु खोलिने छ।
३. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
४. जमानत बापतको रकम नगद जम्मा गर्दा यस कार्यालयको नाममा रहेको नेपाल बैक लिमिटेड ईश्वरपुरमा रहेको खाता नं. १०९०३०००००३०००००००१ मा जम्मा गर्नु पर्नेछ।
५. दरभाउपत्र स्वीकृत भएमा दरभाउपत्र दाताले कवोल अंकको नियमानुसार हुन आउने धरौटी वापतको रकमको बैक भौचर वा यस कार्यालयको नाउँमा जारी गरीएको कम्तिमा छ महिना म्याद भएको परफरमेन्स वोण्ड कार्य सम्पादन जमानत पेश गर्नु पर्ने छ।
६. दरभाउपत्रमा आइटम वाइज अंक र अक्षरमा दररेट र जम्मा रकम स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ।
७. म्याद नाघि आएको रित नपुगेको वा शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।
८. दरभाउपत्र दाताले आफ्नो दरभाउपत्रसाथ दरभाउपत्र सम्बन्धी कारवाहीमा निजीस्वार्थ नवाझिएको र सो सम्बन्धी कसुरमा कारवाही नरहेको स्वघोषणा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
९. दरभाउपत्र फारममा उल्लेख भएको सामानको परिमाणमा कार्यालयले आवश्यकता अनुसार थपघट गरी कार्यादेश दिन सक्नेछ।
१०. दरभाउपत्रवालाबाट पेश भएको दरभाउपत्रमा उल्लेखित आइटमहरु मध्ये पुर्ण वा आंशिक रुपमा कारण जनाइ वा नजनाइ स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
११. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन वमोजिम हुनेछ।

**कामको विवरण**

| दरभाउपत्र नं. | कामको विवरण | लागत अनुमान | बोलपत्र दस्तुर | जमानत वापतको रकम |
|---|---|---|---|---|
| Goods 02-2078/79 | आई. टि.सामग्री खरिद | १३,९४,४२० | १००० | ३५,००० |

**प्रमुख प्रशासकिय अधिकृत**



Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Maintenance Branch
Chakupat, Lalitpur

**Notification of Intention to Award the Contract**

Date of Publication : 5th January, 2021

Pursuant to Public Procurement Act 2007 Clause No. 38 (2), this is to notify that the Department of Roads, Maintenance Branch intendes to award the following contract invited through Notice No. SRCTIP/MB/01/2077-78 as per following;

| S.N. | Contract No. | Description of Works | Name of the Consultants | Contract Amount (with VAT and PS) |
|---|---|---|---|---|
| 1 | SRCTIP-DOR-PMC-CS-QCBS-6 | Program Management Consultants for Periodic Maintenance | M/S ERMC Pvt. Ltd. In Joint Venture with M/S Eptisa Servicios De Ingenieria S.L. | NPR. 97,928,500.00 |

Deputy Director General



**नेपाल नागरिक उड्डयन प्राधिकरण प्रधान कार्यालय, बबरमहल**
**प्रशासन विभागको**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति २०७८/०९/२१)

नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय र अन्तर्गतका कार्यालय/आयोजनाहरुको लागि आवश्यक सेक्यूरिटी गार्डको सेवा प्राप्त गर्ने सम्बन्धमा मिति २०७८/०८/०३ को गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरु मध्ये निम्न लिखित बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ मा भएको व्यवस्था अनुसार सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

| क्र.सं | सेवाको प्रकार | कबोल सेवा शुल्क (प्रतिशत) | बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|---|
| १ | सेक्यूरिटी गार्ड | ० % | श्री बज्र सेक्यूरिटी सर्भिस प्रा.लि., ललितपुर। |



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**नेपाल इन्टरमोडल यातायात विकास समिति.**
**कुपण्डोल, ललितपुर।**
सम्पर्क नम्बर: ०१-५५५१९६४, ५५५०२३६

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशन मिति : २०७८/०९/२१**

यस कार्यालयबाट मिति २०७८।०५।०३ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार प्राप्त बोलपत्र मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं | बोलपत्र नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम | कवोल रकम रु. (VAT र PS सहित) |
|---|---|---|---|---|
| १ | NITDB/NCB/ C-28 (2078/079) | Construction of Parking Yard and Access Road at Bhairahawa ICD | Pradip - Jumli JV, Butwal | ४,५९,५१,३९२.९१ |



**राष्ट्रपतिको कार्यालय**
**राष्ट्रपति भवन, महाराजगञ्ज, काठमाडौं**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस कार्यालयको मिति २०७८/०८/२६ मा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लिखित न्युनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको नाम | छनौट भएका बोलपत्रदाताको नाम | कवोल रकम रु. (मु.अ.क.सहित) |
|---|---|---|---|
| 00P/१/ ०७८/०७९ | कार्यालय सामान आपूर्ति सम्बन्धी कार्य। | श्री गंगासागरनाथ इन्टरप्राईजेज, गोठाटार काठमाडौं। | १९२११३५.६०/- |

**कार्यालय प्रमुख**



बोलपत्र आव्हानको सूचना
श्री स्वदेश उपशाखा, सैनिक सामग्री प्राप्ती निर्देशनालय, संभाररथी विभाग, जंगी अड्डा

**नेपाली सेनाको लागि आवश्यक विभिन्न सामग्रीहरु खरिद्को बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति : २०७८/०९/२१ गते)

१. नेपाली सेनाको लागि आ.ब. ०७८/७९ मा आवश्यक निम्न अनुसारका सामग्रीहरु e–GP System बाट खरिद गरिने हुँदा इच्छुक योग्य बोलपत्रदाताहरुलाई यसै सूचनाद्वारा यो बोलपत्र आव्हान गरिएको छ।

| ठेक्का नं. | सामानको विवरण | परिमाण | बैंक जमानि पेश गर्नुपर्ने ने.रु. | बोलपत्र दस्तुर ने.रु. | प्रि-बिड मिटिङ्ग मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | दोश्रो पटक सूचना प्रकाशन मिति |
|---|---|---|---|---|---|---|---|---|
| पहिलो पटक सूचना प्रकाशन | | | | | | | | |
| ५९२ | Down Sleeping Bag (-10C) for Ra.Ni. | गोटा-५५० | ५,००,०००।- | ५,०००।- | २०७८।१०।०२ गतेको १४०० बजे | २०७८।१०।२१ गतेको १२०० बजे भित्र | २०७८।१०।२१ गतेको १३०० बजे | - |
| ५९३ | Desktop Computers & Various Printers for Su.A.Ka. | विभिन्न | २५,०००।- | ३,०००।- | | | | |
| ५९४ | Spare Parts of Various Machines, Generators & Compressors for Su.A.Ka. | विभिन्न | ८०,०००।- | ३,०००।- | | | | |
| ५९५ | Single Core Armoured Power Cables for Su.A.Ka. | विभिन्न | २,१५,०००।- | ३,०००।- | | | | |
| ५९६ | Various Tools, Equipment & Spare Parts for Ba.Pla.U.Ka. | विभिन्न | १२,५००।- | ३,०००।- | | | | |
| तेश्रो पटक सूचना प्रकाशन | | | | | | | | |
| ५२३ | Industrial Tractor & Trailer Mounted Fire Pump (Ba.Pla.U.-Ka. Pkg-17) | बिभिन्न | ८३,०००।०० | ३,०००।- | २०७८।०९।२५ गतेको १४०० बजे | २०७८।०९।२८ गतेको १२०० बजे भित्र | २०७८।०९।२८ गतेको १३०० बजे | २०७८।०८।०१ |
| ५५८ | Electrical, Office & Miscellaneous Items (Ba.Bya.U.-Pkg-13) | बिभिन्न | ४४,०००।०० | ३,०००।- | | | | २०७८।०८।२२ |

२. बोलपत्रदाताहरुले यस सम्बन्धि थप जानकारीको लागि यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्।
(क) खरिदकर्ताको नाम: श्री स्वदेश उपशाखा, सैनिक सामग्री प्राप्ती निर्देशनालय, संभाररथी विभाग, जंगी अड्डा, काठमाण्डौं।
(ख) फोन नं.: ०१-५९७९१२६
(ग) इमेल: mgo-swodesh@nepalarmy.mil.np
३. माथी उल्लेखित ठेक्काहरु **"विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०७४"** अनुसार www.bolpatra.gov.np/egp सिष्टमबाट मात्र विड गर्नु पर्नेछ।
४. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट पेश गर्ने तथा खोल्ने अन्तिम मिति कायम हुनेछ।
५. राजश्व दाखिलाको लागि रकम तपशिलमा उल्लेख भएनुसार बुझाउनु पर्ने छ।
(क) कार्यालय कोड नं.: ३४५०१३५६३
(ख) राजश्व शिर्षक नं.: १४२२९
(ग) राजश्व खाता नं.: ००१०१०००००००००१००१००१ नेपाल बैंक लिमिटेड, भूगोलपार्क।
६. बैक जमानत बापतको रकम तपशिलमा उल्लेख भएनुसारको धरौटी खातामा बुझाउनु पर्नेछ।
(क) धरौटी दाखिलाको लागि कार्यालय कोड नं.: ३४५०१३५६३
(ख) धरौटी खाता नं.: ००२०१०००००२००३००००००१, नेपाल बैंक लिमिटेड, भूगोलपार्क।
(ग) धरौटी रकम नगद दाखिला भएमा खोलुवा सम्पन्न पश्चात सक्कल भौचर सम्भाररथी विभाग लेखा शाखामा बुझाउनु पर्नेछ।

राष्ट्रिय सभा निर्वाचन

# तीन पदका लागि छ जनाको उम्मेदवारी

■ रमेश पौडेल/अर्जुन काफ्ले

पोखरा, पुस २० गते। राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि गण्डकीमा तीन पदका लागि छ जनाको उम्मेदवारी परेको छ।

गण्डकी प्रदेशमा सत्ता गठबन्धन र प्रतिपक्षी दल नेकपा एमालेका गरी छ जनाको उम्मेदवारी दर्ता भएको निर्वाचन कार्यालय कास्कीले जनाएको छ। माघ १२ गते हुने निर्वाचनका लागि सत्ता गठबन्धनतर्फबाट काँग्रेसकी कमला पन्त (महिला), माओवादी केन्द्रका सुरेश आलेमगर (अन्य समूह) र भुवन सुनार (दलित)ले मनोनयन दर्ता गराउनुभएको छ। नेकपा एमालेतर्फबाट स्याङ्जाका अर्जुनकुमार सुनाम, कास्कीका पुण्यप्रसाद पौडेल र महिलामा नवलपुरकी लीला पोखरेल (थनेत)ले मनोनयन दर्ता गराउनुभएको छ।

चार वर्ष पदावधि पूरा गरेर जान लागेका सदस्यहरूको रिक्त स्थानमा आगामी माघ १२ गते हुने राष्ट्रिय सभा निर्वाचनका लागि मनोनयन दर्ता गरिएको हो। गण्डकीमा माओवादी केन्द्रका अन्य समूहका दीनानाथ शर्मा, दलिततर्फ खिमकुमार विक र महिलातर्फ नेकपा (एकीकृत समाजवादी) का शान्तिकुमारी अधिकारीको स्थानमा निर्वाचन हुन लागेको प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी रुद्र न्यौपानेले बताउनुभयो।

लोकतन्त्रको रक्षाका लागि सत्ता गठबन्धनबाट आफू साझा उम्मेदवार रहेको कमला पन्तले बताउनुभयो। उहाँले संविधानको रक्षाका लागि काम गर्ने बताउनुभयो। माओवादीका सुरेश आलेमगरले गठबन्धनले मलाई जसरी साझा उम्मेदवार बनाएको छ, सोही भावनाअनुसार संविधानको रक्षा र जनताको पक्षमा काम गर्ने बताउनुभयो ।

एमालेका उम्मेदवार पुण्यप्रसाद पौडेलले जित्नका लागि उम्मेदवारी दिएको बताउनुभयो। उहाँले भन्नुभयो, जनता र देशको हितमा काम गर्नेछु। दुवै समूहले दलबलसहित निर्वाचन कार्यालय पोखरामा पुगेर उम्मेदवारी दर्ता गराएका हुन्। एमालेका उम्मेदवारहरू सबैभन्दा पहिला निर्वाचन कार्यालय पुगेका थिए भने सत्ता साझेदार दलका उम्मेदवारहरू दिउँसो तीन बजेतिर निर्वाचन कार्यालय पुगेर उम्मेदवारी दर्ता गराए।



सत्ता गठबन्धन उम्मेदवार।



एमालेका उम्मेदवार। तस्बिर : रमेश पौडेल

गण्डकीमा सबैभन्दा बलियो दल एमाले छ। एमाले एक्लैसँग दुई हजार ५५६ मतभार छ। काँग्रेससँग दुई हजार १३८, माओवादीसँग ७९२ मतभार छ। जनमोर्चासँग १५०, जनता समाजवादीसँग ९६ र राप्रपासँग ३६ मतभार छ।

राष्ट्रिय सभा चुनावमा राप्रपाको कित्ता स्पष्ट भएको छैन। त्यसबाहेक गठबन्धनको मतभार एमालेको भन्दा निकै बढी हुन पुग्छ। काँग्रेस, माओवादी, जनमोर्चा र जसपाको एकैठाउँमा मत परेमा तीन हजार १७६ मतभार हुन्छ। उक्त मत एमालेको भन्दा ६२० ले बढी हो।

स्थानीय तह र प्रदेश सभाका सांसदहरू पार्टीबाट निर्वाचित हुने भएकाले पार्टी निर्देशनबाहेक फरक पर्ने खालको नतिजा खासै आउँदैन। एक/दुई मत तलमाथि भए पनि त्यसले प्रभाव खासै राख्दैन। त्यसैले गण्डकीमा एमालेभन्दा गठबन्धन निकै बलियो देखिन्छ। यसअघि वाम गठबन्धन एकातिर हुँदा काँग्रेस एक्लै परेको थियो। दुई वर्ष बिताएर बिदा हुनुभएका सुरेन्द्र पाण्डे र बृन्दा रानामगरको ठाउँमा काँग्रेसविरुद्ध वाम गठबन्धन थियो। दुवै पदमा गठबन्धनका उम्मेदवार विजयी भएका थिए।

# अधिकांश होटलमा अखाद्य तेल प्रयोग

■ म्याग्दी समाचारदाता

बेनी, पुस २० गते। हिमाली जिल्ला म्याग्दीका होटलहरूमा प्रयोग गरिरहेको खाने तेल परीक्षण गर्दा गुणस्तरहीन (अखाद्य) भेटिएको छ। बजार क्षेत्रका होटलहरूमा तेलमा तारेर बनाइने खानेकुरा बनाउन प्रयोग गर्ने तेलमा गुणस्तरको मात्रा नै नभएको अर्थात् अखाद्य भेटिएको हो।

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय बागलुङका प्रमुख सौरभ श्रेष्ठका अनुसार बेनी बजार क्षेत्रमा ३० होटल तथा खाजाघरमा अनुगमन गर्दा न्यूनतम मापदण्ड नाघेका तेल तथा घिउजन्य पदार्थ अखाद्य भेटिएपछि नष्ट गरिएको छ। खाद्य तथा दाना वस्तुहरूमा निर्धारित न्यूनतम अनिवार्य गुणस्तर -२०७७ को बुँदा नम्बर २.१७ मा उल्लेखित तेल तथा घिउमा 'टोटल पोलार मटेरियल' को अधिकतम सीमा भन्दा निकै माथिसम्म पनि प्रयोग गरिएको पाइएको श्रेष्ठले बताउनुभयो।

२०७७ भदौ २९ गते प्रकाशित नेपाल राजपत्र भाग ५ मा आदेशको प्रकरण २ को तेल तथा घिउ सङ्केत नं. ०२.१६ पछि २.१७ थपेर तेल तथा घिउमा टोटल पोलार मटेरियलको अधिकतम सीमा निर्धारण गरिएको छ।


नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**निजामती कर्मचारी अस्पताल**
मीनभवन, काठमाडौं

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मितिः २०७८/०९/२१

यस अस्पतालको तपसिल बमोजिमको ठेक्कामा प्राप्त बोलपत्रहरुमध्ये तपसिल अनुसारका बोलपत्रदाताको बोलपत्र छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३, को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रसंग सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको निमित्त समेत यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल** :

| ठेक्का नं | विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अङ्क रु. (मू.अ.कर बाहेक) |
|---|---|---|---|
| CSH/NCB/GB/ 03/078/079 | Procurement of Motorized Endoscope System with ERCP Scope (Spiral Endoscopy System) | श्री लाईफलाईन ट्रेड इन्टरनेशनल प्रा.लि. | रु. ६,४२,९७,०००/ |



प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**कर्णाली प्रदेश कार्यालय**
वीरेन्द्रनगर, सुर्खेत।

**डिप्लोमा/प्रमाणपत्र तहमा वर्गीकृत (निःशुल्क) छात्रवृत्तितर्फ विभिन्न कार्यक्रमहरूमा रिक्त रहेका सिट/कोटाहरूमा भर्नाका लागि निवेदन पेस गर्ने सम्बन्धी**

**अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशन मिति : २०७८।०९।२१ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७८।०४।३० गते प्रकाशन गरेको डिप्लोमा/प्रमाणपत्र तहमा वर्गीकृत (निःशुल्क) छात्रवृत्तितर्फ आवेदन फाराम भर्ने सम्बन्धी सूचना अनुसार यस कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेतले मिति २०७८।०६।०९ गते मुख्य उम्मेदवारहरूलाई योग्यता क्रमानुसार शिक्षण संस्था समेत तोकी सिफारिस गरेको र मुख्य उम्मेदवारहरू भर्ना हुन नगई रिक्त हुन आएका कोटा/सिटहरूमा वैकल्पिक उम्मेदवारहरूलाई मिति २०७८।०७।१० गते योग्यता क्रमानुसार सिफारिस गरेकोमा वैकल्पिक उम्मेदवारहरू पनि भर्ना हुन नगई रिक्त हुन आएको कोटा/सिटहरूमा मिति २०७८।०८।२१ गते वैकल्पिक/पास लिस्टको सूचीमा रहेका उम्मेदवारहरूलाई सिफारिस गरिएकोमा केही कार्यक्रमहरूमा उम्मेदवारहरू भर्ना हुन नगई केही कोटा/सिटहरू रिक्त रहेको जानकारी प्राप्त भएकाले वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको वैकल्पिक/पास सूचीमा रहेका सम्बन्धित कार्यक्रमका वैकल्पिक/पास लिस्टको सूचीमा उम्मेदवारहरूलाई मिति २०७८।०९।२७ गते कार्यालय समयभित्र तपसिलमा उल्लेखित कागजात सहित यस कार्यालयमा निवेदन पेस गर्नका लागि यो सूचना राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशन गरिएको छ। सम्बन्धित कार्यक्रमको सम्बन्धित वर्गको वैकल्पिक उम्मेदवारहरू नभएको अवस्थामा अन्य कार्यक्रमबाट निवेदन दिने उम्मेदवारहरू मध्येबाट योग्यता क्रमानुसार उम्मेदवारहरू छनोट गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ। साथै यो सूचना यस कार्यालयको वेबसाइट **www.ctevtkarnali.org.np** र **www.ctevt.org.np** मा पनि हेर्न सकिने छ।

**निर्देशक**

**तपसिल** :
१. **वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको प्रवेश पत्रको प्रतिलिपि।**
२. **नतिजाको प्रतिलिपि 'आफ्नो नाम हाइलाइट गर्ने)।**



**पकहाँमैनपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
पकहाँमैनपुर, पर्सा
**सूचना प्रकाशित मिति : २०७८।०९।२१**

**सिलबन्दी बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस पकहाँमैनपुर गाउँपालिकाले माछापोखरीको आय ठेक्का लगाउन मिति २०७८ मङ्सिर १६ गतेको गोरखापत्रमा प्रकाशन गरेको सूचना अनुसार तोकिएको म्यादभित्र दर्ता हुन आएका सिलबन्दी बोलपत्र/दरभाउपत्रहरूको मूल्यांकन हुँदा तपसिलमा उल्लिखित व्यक्ति/फर्म सारभूत रूपमा प्रभावग्राही देखी छनोट भएको हुँदा स्वीकृत बोलपत्र/दरभाउपत्रको ७ (सात) दिनको आशयको सूचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवाला/व्यक्ति/फर्म/संस्थालाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | आय ठेक्काको विवरण | छनोट भएको व्यक्ति/फर्म/संस्था | अधिकतम कबोल रकम |
|---|---|---|---|
| १. | ०१/२७८/०७९- पकहाँमैनपुर गा.पा.-२ मधुवनी टोलमा रहेको माछा पोखरी | श्री उपेन्द्र सहनी, पकहाँमैनपुर गा.पा. वडा नं. २ मधुवनी, पर्सा | रु. १,००,९९,५००।- |
| २. | ०२/२७८/०७९- पकहाँमैनपुर गा.पा.-४, खेस्राहा टोलमा रहेको माछा पोखरी | श्री पि.पि. कन्स्ट्रक्सन, विन्दवासिनी गा.पा.-५, पर्सा | रु. ५०,५०,०००।- |
| ३. | ०३/२७८/०७९- पकहाँमैनपुर गा.पा.-४ लहावरथकरी टोलमा रहेको माछा पोखरी | श्री पि.पि. कन्स्ट्रक्सन, विन्दवासिनी गा.पा.-५, पर्सा | रु. २५,०१,०००।- |



नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय, भोजपुर**

**जग्गा रोक्का सम्बन्धी सूचना**

अरुण-३ जलविद्युत विकासको लागि आवश्यक पर्ने जग्गा अधिग्रहण गर्न विकास कर्ता एसजेभिएन अरुण-३ पावर डेभलपमेंट कम्पनी प्रा.लि. (SAPDC) को ४०० के.भी. प्रसारण लाइन आयोजना अन्तर्गतको डिडिङ-ढल्केवर-बथनाह ४०० के.भी. प्रशारण लाइनको भोजपुर जिल्लाको निम्न उल्लेखित साबिक गा.वि.स. र वडा नं. हरुमा पर्ने टावरहरुको निर्माण गर्न तपशिलमा उल्लेखित जग्गा तथा जग्गामा रहेका घर, टहरा, गोठ तथा रुख बिरुवा समेत स्थायी रुपमा अधिग्रहण गर्ने गरी जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ को उपदफा १ को प्रयोजन र जग्गाको स्वामित्वमा फरक पर्न गएको भएमा सो समेतको दाबीका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक ७ (सात) दिन भित्र आफ्नो जग्गा प्राप्त नगर्नु पर्ने कुनै कारण भए त्यसको कारण खोली सोही ऐनको दफा ११ बमोजिम यस कार्यालय मार्फत गृह मन्त्रालयमा उजुरी गर्न सकिनेछ। सूचना प्रकाशित भएको मितिदेखि नै अधिग्रहण गरिने जग्गाहरु रोक्का रहने हुँदा उक्त क्षेत्रमा कुनै पनि संरचना थप्ने कार्य नगर्नु नगराउनु हुन जानकारी गराइन्छ। तोकिएको म्याद भित्र निवेदन नदिई म्याद गुजारेको खण्डमा कानून बमोजिम हुने ब्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**४०० के.भी. ट्रान्समिसन लाइनमा पर्ने जग्गा तथा जग्गा धनीहरुको विवरण**

| क्र.सं. | स्टेशन नं. | जग्गा धनीको नाम | बाबु/पति | बाजे/ससुरा | गा.वि.स. | गा./नगर पालिका | ग्रेड नं. | वार्ड नं. | कि.नं. | जम्मा क्षेत्रफल (रोपनी-आना-पैसा-दाम) | किसिम | अधिग्रहण क्षेत्रफल (वर्ग मि.) | अधिग्रहण क्षेत्रफल | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | रोपनी | आना | पैसा | दाम | |
| १ | AP 110/0 | शिव कुमारी राई | श्रीविर | अकिम मान | अन्नपुर्ण | | १६५-१२८० | १ | ५०१ | ८-११-०-० | खे.दो. | 7.58 | ० | ० | ० | ३.८१ | |
| २ | AP 110/0 | शमशेर गिरि | महादेव गिरि | देव गिरि | अन्नपुर्ण | | १६५-१२८० | १ | ४९२ | १-२-०-१ | खे.सी. | 109.46 | ० | ३ | १ | ३.०८ | |
| ३ | AP 110/0 | अनिल राज राई | जित ब. राई | तिर्थपाल | अन्नपुर्ण | | १६५-१२८० | १ | ४९१ | १५-०-३-० | खे.सी. | 976.40 | १ | १४ | २ | ३.३३ | |
| ४ | AP 110/0 | रत्न ब. श्रेष्ठ | जय ब. | खड्ग ब. | अन्नपुर्ण | | १६५-१२८० | १ | ५०२ | २-२-३-० | खे.सी. | 47.18 | ० | १ | १ | ३।७४ | |
| ५ | AP 110A/0 | पिचु दजी | पन्चवीर | हस्त ब. | अन्नपुर्ण | | १६५-१२८० | १ | ५१३ | ८-१०-२-३ | पा.सी. | 48.05 | ० | १ | २ | ०.१७ | रोक्का गोर्खाज फा.लि.को च.न. २० मिति २०७३१०१० ऋण रकम रु. २००००० |
| ६ | AP 110A/0 | मिना कुमारी दर्जी | दान वहादुर | हात्तीराम | अन्नपुर्ण | | १६५-१२८० | १ | १००८ | ४-६-२-३ | पा.सी. | 908.37 | १ | १२ | २ | १.०९ | |
| ७ | AP 110A/0 | चन्द्र शेखर राई | पदम ब. | कुल ब. | अन्नपुर्ण | | १६५-१२८० | १ | ५१४ | ४-२-१-० | पा.सी. | 221.18 | ० | ६ | ३ | ३.२९ | |
| ८ | AP 111/0 | | | | अन्नपुर्ण | | १६५-१२७९ | १ | १९२ | | | 46.42 | ० | १ | १ | ३.३५ | नभेटिएको |
| ९ | AP 111/0 | चन्द्र माया राई | मदन | रनसुर | अन्नपुर्ण | | १६५-१२७९ | १ | ३१५ | ०-७-०-१ | पा.सी. | 132.25 | ० | ४ | ० | २.५४ | |
| १० | AP 111/0 | चन्द्र माया राई | मदन | रनसुर | अन्नपुर्ण | | १६५-१२७९ | १ | ३१६ | ४-४-२-१ | पा.सी. | 724.28 | १ | ६ | ३ | ०.४६ | |
| ११ | AP 111/0 | | | | अन्नपुर्ण | | १६५-१२७९ | १ | २६५ | | | 104.64 | ० | ३ | १ | ०.६५ | नभेटिएको |
| १२ | AP 111/0 | | | | अन्नपुर्ण | | १६५-१२७९ | १ | २७९ | | | 1.21 | ० | ० | ० | ०.६ | नभेटिएको |
| १३ | AP 111A/0 | जित बा राई | अगम ब. | गणेश ब. | अन्नपुर्ण | | १६५-१२७९ | १ | १८ | ४-६-१-३ | खे.सी. | 7.53 | ० | ० | ० | ३.७८ | |
| १४ | AP 111A/0 | | | | अन्नपुर्ण | | १६५-१२७९ | १ | १७ | | | 63.02 | ० | १ | ३ | ३.७१ | |
| १५ | AP 111A/0 | जित ब. राई | अगम ब. | गणेश ब. | अन्नपुर्ण | | १६५-१२७९ | १ | १४४ | १-९-१-१ | खे.चा. | 490.60 | ० | १५ | १ | २.८७ | |
| १६ | AP 111A/0 | जित ब. राई | अगम ब. | गणेश ब. | अन्नपुर्ण | | १६५-१२७९ | १ | १४३ | ९-०-३-२ | पा.सी. | 263.68 | ० | ८ | १ | ०.६८ | |
| १७ | AP 111A/0 | घमण्ड ब. राई | काजीमान | पदमलाल | अन्नपुर्ण | | १६५-१२७९ | १ | १४५ | ६-१२-१-२ | पा.चा. | 168.07 | ० | ५ | १ | ०.५७ | |
| १८ | AP 112/0 | हुमादेवी चौलागाईं | कृष्ण प्रसाद | कुल प्र. | अन्नपुर्ण | | १६५-१२७९ | ३ | २०१ | २३-१२-२-३ | खे.सी. | 478.09 | ० | १५ | ० | ०.५७ | |
| १९ | AP 112/0 | राजन थापा | वल ब. | अगम ब. | अन्नपुर्ण | | १६५-१२७९ | ३ | २०५ | २-१४-१-० | खे.सी. | 140.11 | ० | ४ | १ | २.५ | |
| २० | AP 112/0 | | | | अन्नपुर्ण | | १६५-१२७९ | ३ | १ | | | 423.09 | ० | १३ | १ | १.२ | नभेटिएको |
| २१ | AP 113/0 | केदार अधिकारी | पुष्पलाल | कपिलमणि | अन्नपुर्ण | टेम्के मयुङ - गाउँ पालिका) | १६५-१२७८ | ३ | १३६ | २-०-२-३ | खे.चा. | 13.78 | ० | ० | १ | २.९३ | रोक्का कृषि वि.बै. च.न. ६३१ मिति २०७१।१२।१९ ऋण र कम रु ८७२०० |
| २२ | AP 113/0 | प्रसुराम राई | वलिमान | धनमुखी | अन्नपुर्ण | | १६५-१२७८ | ३ | १३७ | ५-७-३-० | खे.चा. | 581.22 | १ | २ | १ | ०.४७ | |
| २३ | AP 114/0 | बिष्णु ब. श्रेष्ठ | भिम ब. | प्रेम नारायण | अन्नपुर्ण | | १६५-१३१८ | ३ | २२८ | ८-१०-२-३ | पा.चा. | 1080.87 | २ | १ | ३ | ३.८९ | |
| २४ | AP 114/0 | भिम ब. श्रेष्ठ | प्रेम नारायण | धन्जु | अन्नपुर्ण | | १६५-१३१८ | ३ | ४९ | ४-१-०-० | पा.चा. | 12.05 | ० | ० | १ | २.०६ | |
| २५ | AP 114/0 | भिम ब. श्रेष्ठ | प्रेम नारायण | धन्जु | अन्नपुर्ण | | १६५-१३१८ | ३ | २२९ | १०-११-१-२ | पा.चा. | 15.04 | ० | ० | १ | ३.५६ | |
| २६ | AP 115/0 | कृष्ण कुमार श्रेष्ठ | भिम ब. | बिष्णु कु. | अन्नपुर्ण | | १६५-१३१८ | ४ | ८९२ | ३-५-०-२ | पा.सी. | 12.31 | ० | ० | १ | २.१९ | |
| २७ | AP 115/0 | अमर ब. विष्ट | विर ब. | पदम ब. | अन्नपुर्ण | | १६५-१३१८ | ४ | ८५० | ८-९-०-२ | पा.सी. | 1012.27 | १ | १५ | ३ | १.३८ | |
| २८ | AP 116/0 | हेमराज बुढाथोकी | डम्बर ब. बुढाथोकी | लाल ब. | अन्नपुर्ण | | १६५-१३१७ | ४ | ८८९ | ६-७-१-० | पा.चा. | 2.71 | ० | ० | ० | १.३६ | |
| २९ | AP 117/0 | नन्द कुमार श्रेष्ठ | नारायण | राजमान | अन्नपुर्ण | | १६५-१३१७ | ५ | ४९९ | २९-७-२-२ | पा.सी. | 201.55 | ० | ६ | १ | १.४२ | क. रोक्का नेपाल बैंक लि रोक्का ठेलीमा नभएको |
| ३० | AP 117/0 | नर माया लुइँटेल | ईन्द्रविलास | परमान्नद | अन्नपुर्ण | | १६५-१३१७ | ५ | ५१० | ९-१५-२-२ | पा.सी. | 649.01 | १ | ४ | १ | २.५८ | रोक्का सुनसरी जि.अ. बाट |
| ३१ | AP 118/0 | वृद्द देव राई | चन्द्र ब. | राजपाल सि | अन्नपुर्ण | | १६५-१३१७ | ७ | १९ | ७-५-१-१ | पा.सी. | 680.79 | १ | ५ | १ | २.५७ | |
| ३२ | AP 119/0 | शिवलाल खतिवडा | अविकेशर | श्यामुलाल | अन्नपुर्ण | | १६५-१३१७ | ८ | २८० | ९-१०-३-० | पा.चा. | 923.76 | १ | १३ | ० | ०.८३ | |
| ३३ | AP 121/0 | मान वीर राई | गोविन्द | श्रीहर्क | अन्नपुर्ण | | १६५-१३१६ | ८ | ३२ | १०-३-३-१ | पा.चा. | 4.06 | ० | ० | ० | २.०४ | |
| ३४ | AP 122/0 | | | | अन्नपुर्ण | | | | | | | | | | | | नभेटिएको |
| ३५ | AP 122/0 | दिपक राई | राम ब. | विचार सिह | अन्नपुर्ण | | १६५-१३१६ | ८ | ९७९ | ४-१३-२-० | पा.चा. | 227.34 | ० | ७ | ० | २.४ | |
| ३६ | AP 122/0 | टिका राम राई | राम ब. | विचार सिह | अन्नपुर्ण | | १६५-१३१६ | ८ | ९७८ | ४-१३-३-० | पा.चा. | 252.09 | ० | ७ | ३ | २.८५ | |
| ३७ | AP 123/0 | भिम बा राई | रन्दिपमान | जागिर धन | अन्नपुर्ण | | १६५-१३१५ | ८ | ११९४ | १४-११-०-० | पा.चा. | 953.01 | १ | १३ | ३ | ३.५५ | ग्लोबल बैंक लि. को च.न. ८ मिति २०७७०६।२७ ऋण रकम रु. १६००००० |
| ३८ | AP 123A/0 | के। बी राई फलो धान कम्पनी | | | अन्नपुर्ण | | १६५-१३१५ | ८ | ६४८ | ११४-१४-२-१ | पा.चा. | 907.93 | १ | १२ | २ | ०.८७ | |
| ३९ | AP 124/0 | के. वि राई फले धान कम्पनी | | | अन्नपुर्ण | | १६५-१३१५ | ८ | ६४७ | २६-१०-०-२ | पा.चा. | 241.77 | ० | ७ | २ | १.६५ | |




# दुई सिटमा छ जना उम्मेदवार


गठबन्धन दलका उम्मेदवार


नेकपा (एमाले)का उम्मेदवार

■ धर्बेन्द्र झा

जनकपुरधाम, पुस २० गते। आगामी माघ १२ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनअन्तर्गत प्रदेश नं. २ मा मङ्गलबार उम्मेदवारहरूको मनोनयन दर्ता शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ।

प्रदेश नं. २ मा एउटा महिला र एउटा खुला गरी दुई सिटका लागि हुने निर्वाचनमा छ जनाले उम्मेदवारी दर्ता गराएको प्रदेश नं. २ का निर्वाचन अधिकृत ब्रजेस प्याकुरेलले जानकारी दिनुभयो।

राष्ट्रिय सभा सदस्य महिलातर्फ सत्तासिन गठबन्धनबाट नेकपा (मओवादी केन्द्र)का उर्मिला अर्याल, नेकपा एमालेबाट वीणादेवी साह र लोकतान्त्रिक समाजवादी पार्टीको तर्फबाट रूपा यादवले उम्मेदवारी दर्ता गराउनुभएको छ। त्यसैगरी खुलातर्फ सत्तासिन गठबन्धनबाट जनता समाजवादी पार्टीका मोहमद खालिद, नेकपा एमालेबाट उसमान अन्सारी र लोसपाबाट श्यामसुन्दर सरदारले उम्मेदवारी दर्ता गराउनुभएको छ। आ–आफ्ना उम्मेदवारको उम्मेदवारी दर्ता गराउनका लागि विभिन्न दलका नेता कार्यकर्ता निर्वाचन अधिकृतको कार्यालय प्रदेश नं. २ पुगेका थिए।

प्रदेश नं. २ का निर्वाचन अधिकृत प्याकुरेलका अनुसार पुस २१ गते उम्मेदवारीउपर दाबी विरोधको कार्यक्रम छ। उम्मेदवारीमाथि उजुरी परेको खण्डमा पुस २२ र २३ गते जाँचबुझका लागि समय निर्धारण गरिएको र पुस २५ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुने प्रदेश नं. २ का निर्वाचन अधिकृत प्याकुरेलले जानकारी गराउनुभयो। उम्मेदवारी दर्ता कार्यक्रममा यस पटक दलहरूले खासै तामझाम गरेको देखिएको थिएन।

# बन्दको विकल्प रोज्न माग

■ ढल्केबर समाचारदाता

ढल्केबर, पुस २० गते। पूर्व–पश्चिम लोकमार्ग बन्दका कारण मारमा परेको भन्दै राजमार्ग बन्दको विकल्प रोज्न यातायात व्यवसायीले आग्रह गरेका छन्। डाक्टर सिके राउतको नेतृत्वको जनमत पार्टीले गएको पुस १५ गतेदेखि लोकमार्ग बन्दको गतिविध गर्दै आएका छन्। किसान आन्दोलनलाई समर्थनको नाममा जनमत पार्टीले अनिश्चितकालीन लोकमार्ग बन्दको घोषणा गरेर सडक अवरुद्ध पार्ने गतिविधि गर्दै आएका छन्।

किसानलाई मलखाद र बीउबिजन समयमा उपलब्ध हुनुपर्ने, सिँचाइको पर्याप्त सुविधा, उखु किसानको भुक्तानी र किसानलाई पेन्सन दिनुपर्नेलगायत ११ बुँदे माग जनमत पार्टीको छ। पार्टीका कार्यकर्ताले लोकमार्गको विभिन्न स्थानमा अवरोध प्रयास गर्ने गरेका छन्। जारी लोकमार्ग अवरोधका कारण यात्रुबाहक तथा मालबाहक सवारीसाधनलाई गन्तव्यसम्म पुग्न कठिनाइको सामना गर्नु परिरहेको छ भने हजारौँ यात्रु कष्टपूर्ण यात्रा गर्न बाध्य बनेका छन्।

पार्टीका कार्यकर्ताले लोकमार्गमा गुड्ने सवारीसाधनमाथि ढुङ्गामुढा प्रहार गरेर क्षति पुर्‍याउने तथा आगो लगाएर जलाउनेसम्मको कार्य गर्न थालेपछि जनकपुर बस व्यवसायी सङ्घका अध्यक्ष मनोज चौधरीले लोकमार्ग बन्दको विकल्प खोज्न आग्रह गर्नुभएको छ। उहाँले निर्वाधरूपमा सडक सञ्चालन गर्ने वातावरण बनाउन पार्टीका नेतृत्वसँग मागसमेत गर्नुभयो।

अध्यक्ष चौधरीले जनकपुरबाट चल्ने छोटो तथा लामो दूरीका बस नियमित सञ्चालनमा रहे पनि बाटोमा हुने अवरोधका कारण समस्या भइरहेको बताउनुभयो। दुई पटक कोभिड–१९ कारण यातायात व्यवसायीले ठूलो आर्थिक क्षति भोगिरहेको अवस्थामा फेरि राजनीतिक अस्थिरता र बन्द, हडतालजस्ता गतिविधिले थप जोखिममा पर्ने हुँदा आन्दोलनको विकल्प खोजेर व्यवसायीमैत्री वातावरण सिर्जना गर्न आग्रह उहाँले गर्नुभयो।

यस्तै मझौला तथा साना यातायात व्यवसायी सङ्घ जनकपुरका अध्यक्ष धुपलाल यादवले ढुङ्गामुढा प्रहार गरेर गाडीको सिसा फुटाइदिने, आगो लगाइदिने जस्ता कार्य बन्द हुनुपर्ने बताउनुभयो। उहाँले बन्द हडतालका कारण लाखौँ रुपियाँ लगानी गरेका व्यवसायीमा निराशा छाएको बताउँदै लोकमार्गमा सहज र सरल वातावरणका लागि सबैसँग आग्रह गर्नुभयो।

जनमत पार्टीका कार्यकर्ताले बन्द अवधिभित्र चारवटा ट्रकमा आगजनी तथा एक दर्जनभन्दा बढी सवारीसाधन तोडफोड गरेका छन्। आन्दोलनकारीले सप्तरीमा एक, सिरहामा दुई र धनुषामा एउटा ट्रकमा आगजनी गरेका हुन्। उनीहरूले पछिल्ला केही दिनयता पूर्वपश्चिम लोकमार्गमा आन्दोलन केन्द्रित गर्दै आएका छन्। उनीहरूले अराजकता सिर्जना गरिरहेको यातायात व्यवसायीले आरोप लगाएका छन्।

आइतबार धनुषाको पोर्ताहास्थित पूर्व–पश्चिम लोकमार्ग सो पार्टीका कार्यकर्ताले अवरुद्ध गरेका थिए। अवरुद्ध सडक खुलाउन पुगेका सुरक्षाकर्मी र आन्दोलनकारीबीच झडप भएको थियो। झडपको क्रममा प्रहरीले चलाएको रबरको गोली र अश्रुग्यास प्रहारबाट पाँच जना आन्दोलनकारी घाइते भएका थिए भने आन्दोलनकारीले प्रहार गरेको ढुङ्गामुढाबाट आठ जना सुरक्षाकर्मी घाइते भएका थिए।

# सामुदायिक विद्यालयमा आगो ताप्दै पढ्छन् विद्यार्थी

■ जीवछ यादव

लहान, पुस २० गते। बढ्दो शीतलहरले कठ्याङ्ग्रिदा सामुदायिक विद्यालयमा विद्यार्थी आगो तापेर पढ्ने गरेका छन्।

शीतलहरमा लहान–१० स्थित जनता आधारभूत विद्यालयका बालबालिकाहरूलाई आगो ताप्न लगाएर फेरि कक्षामा पढाउने गरेको शिक्षिका रीता महतो बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ– के गर्ने ? अत्यधिक चिसो छ, जस्तापाताले छाएको भवनमा झन् बढी चिसो हुन्छ। बालबालिकाहरूले चिसोले कठ्याङ्ग्रिएपछि आगो (घुर) ताप्न लगाएर फेरि कक्षामा पढाइरहेका छौँ।

निजी विद्यालयमा पढ्ने विद्यार्थीको पर्याप्त न्यानो लुगा हुने भएकाले त्यस्तो समस्या नभए पनि सामुदायिक विद्यालयमा पढ्ने गरिब–विपन्नका विद्यार्थीलाई न्यानो लुगाको अभावमा यस्तो समस्या रहेकाले अत्यधिक चिसो भएपछि दाउरा बालेर तातो बनाई विद्यार्थीलाई पढाउनु परिरहेको प्रधानाध्यापक रङ्गलाल साहको भनाइ छ। शीतलहर बढेपछि विद्यार्थी उपस्थित हुने सङ्ख्या निकै घटेको उहाँले बताउनुभयो।

अत्यधिक चिसो बढेपछि पाँच दिनसम्म हिउँदे बिदा दिन सकिने लहान नगरपालिकाको शैक्षिक क्यालेन्डरमा उल्लेख भएकाले उत्तरी भेगका केही विद्यालयमा विद्यार्थी सङ्ख्या ह्वात्तै घटेपछि विद्यालय बन्द गरेको लहान–१८ स्थित राजदेवी आधारभूत विद्यालयका प्रधानाध्यापक उद्धव हमालले जानकारी गराउनुभयो।

लहान नगरपालिका प्रमुख प्रशासकीय अधिकृत खेमनन्द भुसालले बढ्दो शीतलहरलाई ध्यानमा राखेर विद्यार्थी सङ्ख्या ह्वात्तै घटेमा शैक्षिक क्यालेन्डरमा व्यवस्था भएअनुसार विद्यालयहरूले पाँच दिनसम्म विद्यालय बन्द गर्नसक्ने बताउनुभयो।


जनता आधारभूत विद्यालयका बालबालिका आगो ताप्दै। **तस्बिरः जीवछ यादव/लहान**

बढ्दो शीतलहरको चपेटामा बालबालिका, वृद्धवृद्धा र विपन्न समुदाय परेर स्वास्थ्य समस्या भोग्नु नपरोस् भन्ने उद्देश्यले १७ वटै पालिकाहरूमा दाउरा, कम्बल वितरण गर्न पालिकाहरूका विपत् व्यवस्थापन समितिलाई जानकारी गराइसकिएको प्रमुख जिल्ला अधिकारी लालबाबु कवाडीले बताउनुभयो।

**दाउरा वितरणको निर्णय**

यस्तै **धनुषा समाचारदाता** लक्ष्मी चौधरीका अनुसार जनकपुरधाम उपमहानगरपालिकाको विपत् व्यवस्थापन समितिको सोमबार बसेको बैठकले दाउरा एवं कम्बल वितरण गर्ने निर्णय गरेको छ। नगर क्षेत्रका विपन्न वर्ग, दलित, असहाय, अपाङ्ग, अशक्त परिवारका लागि आवश्यकताअनुसार पायक पर्ने ठाउँमा दाउरा एवं कम्बल खरिद गरी वितरण गर्ने निर्णय बैठकले गरेको छ। यसैगरी कोभिडको तेस्रो लहर (ओमिक्रोन)को सङ्क्रमणबाट जोगिन स्वास्थ्य प्रयोजनका सामग्री खरिद गर्ने तथा विपत्बाट जोगिनका लागि जनचेतनामूलक विज्ञापन सञ्चारमाध्यममार्फत प्रसारण गर्ने निर्णयसमेत बैठकले गरेको जउनपाका प्रमुख लालकिशोर साहले बताउनुभयो।

**पठनपाठन बन्द**

**ढल्केबर समाचारदाता** विजयकुमार साहका एक साताअघि हिउँदे वर्षाका कारण चिसो बढ्दै गएपछि धनुषाको तीनवटा स्थानीय तहले विद्यालय बन्द गरेका छन्। जिल्लाको क्षीरेश्वरनाथ र नगराइन नगरपालिका तथा लक्ष्मिनियाँ गाउँपालिकाले चिसोलाई मध्यनजर गर्दै सामुदायिक तथा संस्थागत विद्यालय मङ्गलबारबाट बन्द गरेका हुन्। क्षीरेश्वरनाथ नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रमोदकुमार घिमिरेले केही दिनदेखि मौसममा आएको परिवर्तनका कारण चिसो बढेको हुनाले बालबालिकाहरूको स्वास्थ्यमा पर्न सक्ने असरलाई मध्यनजर गर्दै चार दिनका लागि विद्यालयको पठनपाठन बन्द गर्ने निर्णय गरिएको बताउनुभयो।

यसैगरी **वीरगञ्ज समाचारदाता** दीपक प्रसाद गौतमका अनुसार पर्सामा एक्कासि बढेको चिसोका कारण विद्यालयमा विद्यार्थीको उपस्थिति घटेपछि तीनवटा स्थानीय तहले विद्यालयको पठनपाठन बन्द गरेका छन्।

**सर्लाही समाचारदाता** जनार्जन खत्रीका अनुसार लालबन्दी नगरपालिकाले अत्यधिक चिसो बढेपछि १० दिनका लागि विद्यालय बन्द गर्ने निर्णय गरेको छ। तराईमा लागेको हुस्सुको कारणले वातावरण चिसो हुँदै गएको हुँदा पठनपाठन कार्यमा कठिनाइ उत्पन्न भएकाले बुधबारबाट आगामी ३० गतेसम्म नगरभित्रका सम्पूर्ण विद्यालय बन्द गर्ने निर्णय गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वासुदेव तिमल्सिनाले जानकारी दिनुभयो। लालबन्दी नगरपालिकाभित्र ४८ वटा सामुदायिक र २८ वटा संस्थागत विद्यालय रहेका नगरपालिका कार्यालयले जनाएको छ।

**बिरामीको सङ्ख्यामा वृद्धि**

**गौर समाचारदाता** सञ्जयकुमार मिश्रका अनुसार शीतलहरसँगै बढ्दै गएको जाडोले प्रभावित बिरामीहरूको सङ्ख्यामा वृद्धि भएको छ। चिसो प्रभावित बिरामीको स्वास्थ्य संस्थामा भीड बढेको छ। जाडोले बालबालिकाहरूमा निमोनिया, कोल्ड डायरिया तथा वृद्धवृद्धाहरूमा दम खोकी, ज्वरोका बिरामीहरू बढेको जिल्ला अस्पताल गौरका प्रमुख डा. कृष्णा साहले बताउनुभयो।

**Invitation for Bids**



**Pashupati Area Development Trust**

Invitation of Bids for the **: Re-Construction of Shivalayas at Gaurighat Area**

**Identification No: PADT/NCB/CONST/2078-079/T2**

Date of publication: 5th January, 2022

Pashupati Area Development Trust invites towards the works for eligible payments under the Contract for ***Re-Construction of Shivalayas at Gaurighat Area***

1. (IFB No : PADT/NCB/CONST/2078-079/T2). Bidding is open to all eligible Bidders.
2 Pashupati Area Development Trust invites online bids **under e-procurement system** from eligible bidders for the procurement ***Re-Construction of Shivalayas at Gaurighat Area***
3. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Pashupati Area Development Trust, Kathmandu, Nepal or may visit PPMO website at www.bolpatra.gov.np/egp.
4. Bidding document is available online and can be downloaded from **e-GP** system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document of **NRs. 3000/-** in the following specified bank : within office time on dated 3rd **February, 2022**
   Name of the bank : Nepal Investment Bank Ltd., Durbar Marg Branch, Durbar Marg Kathmandu.
   Name of the Office : Pashupati Area Development Trust
   Office Account no : 01901030023199
5. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp. only on or before **4th February, 2022, 12:00 Hrs.** Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP system operating Guideline 2073 and User manuals issued by PPMO which are available in e-GP system.
6. Online bids shall be opened in the presence of Bidders representatives who choose to attend on **4th February, 2022, 13:00 Hrs.** at the office of Pashupati Area Development Trust, Kathmandu Nepal. Online bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to **NRs. 2,75,000/00** which shall be valid for minimum 30 days beyond the bid validity period. The scanned copy of bid security and bid purchasing voucher should be uploaded in the e-GP system during bid submission.
7. Pre-bid meeting shall not be held.
8. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

# साढे चार हजार परिवारलाई लालपुर्जा

■ महोत्तरी समाचारदाता

जलेश्वर, पुस २० गते। घर र जग्गाको खनजोत गर्दै आए पनि लालपुर्जा (जग्गाधनी प्रमाणपत्र) विहीन महोत्तरीका चार हजार पाँच सयभन्दा बढीलाई एक वर्षको अवधिमा नापी कार्यालय महोत्तरीले लालपुर्जा उपलब्ध गराएको छ।

जिल्लाका हजारौँ जनाले घर र जग्गा भए पनि आफ्नो भन्ने कुनै आधार र प्रमाण नभएको समयमा नापी कार्यालयले उपलब्ध गराएका लालपुर्जाबाट हजारौँ जना लाभान्वित भएको नापी कार्यालय महोत्तरीले जनाएको छ।

नापी कार्यालय महोत्तरीका प्रमुख राकेशकुमार झाले एक वर्षको अवधिमा चार हजार पाँच सयभन्दा बढीलाई लालपुर्जा वितरण गरेको जानकारी दिँदै लालपुर्जा वितरणमा वृद्धवृद्धाबाट पाएको सम्मान, आशिर्वादले मन गद्गद हुने गरेको बताउनुभयो।

उहाँले विभिन्न गाउँ ब्लकहरूको लालपुर्जा वितरण कार्यक्रमलाई तीव्रताका साथ प्रभावकारी रूपमा अगाडि बढाउने जानकारी दिँदै पाँच हजारभन्दा बढीलाई लालपुर्जा वितरण गर्ने हाम्रो लक्ष्य रहेको जानकारी दिनुभयो। जिल्लाको १ नम्बर बहादुरगञ्जबाट लालपुर्जा वितरण अभियानलाई सुरुवात गरी बलवा, धिरापुर, पशुपतिनगर, किसाननगर, लोहारपट्टी, रामगोपालपुर, साढा (जाउख), इटहर्वाकट्टी, मनरा, भटौलिया, हलखोरीलगायतका गाउँमा जग्गाधनी प्रमाण पुर्जा वितरण गरिएको थियो।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

**टंगाल, काठमाडौँ**

**पुनः बोलपत्र आह्वानको सूचना**

**(सूचना प्रकाशित मिति : २०७८/०९/२१)**

यस आयोगलाई आवश्यक निम्न सामान/सेवा आपूर्ति गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको सर्तहरूको अधीनमा रही रीतपूर्वकको बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिदेखि तपसिलमा उल्लेख भएको मितिसम्म फर्म/संस्था/कम्पनीको लिखित निवेदन पेस गरी यस आयोगको आन्तरिक व्यवस्थापन शाखाबाट तपसिल बमोजिमको दस्तुर बुझाई (फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराम तपसिलमा उल्लेखित मिति र समयभित्र यस आयोगको आन्तरिक व्यवस्थापन शाखामा सिलबन्दी गरी दर्ता गराई सक्नुपर्नेछ। बोलपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खामको बाहिर अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाललाई सम्बोधन गरी आफूले गर्न चाहेको कार्य सहित बोलपत्रको ठेक्का नं. समेत स्पष्टसँग उल्लेख गर्नुपर्नेछ।
३. दर्ता हुन आएका बोलपत्र तपसिलमा उल्लेखित मिति र समयमा आयोगको आन्तरिक व्यवस्थापन शाखामा उपस्थित फर्म/कम्पनीका प्रतिनिधिको रोहबरमा खोलिनेछ। तर फर्म/कम्पनीको प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | सामान/कार्यको विवरण | बोलपत्र | | | | | पछिल्लो तीन वर्षको औसत वार्षिक कारोबार रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | फाराम खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | खोलिने मिति र समय | फाराम दस्तुर रु. | जमानत रकम रु. | |
| १ | CIAA-NCB-03/2078-079 | Supply and Delivery of Printing Goods. | २०७८/१०/०५ कार्यालय समय | २०७८/१०/०६ १२:०० बजे | २०७८/१०/०६ २:०० बजे | ३,०००।- | १,२८,०००।- | ३८,००,०००।- |

४. बोलपत्र जमानत बापत माथि उल्लेखित रकम बराबर यस आयोगको नाममा इजाजत प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाबाट जारी भएको बैंक ग्यारेन्टी वा कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौँ भुक्तानी केन्द्र नं. ३ लैनचौरको राष्ट्रिय वाणिज्य बैंक ठमेल शाखास्थित एकल कोष धरौटी खाता नं. ११००१००१०२०३०००० (यस आयोगको कार्यालय कोड नं. २०६००३५०१) मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर पेस गर्नुपर्नेछ। जमानतको मान्य अवधि बोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० (एक सय बीस) दिन सम्मको हुनुपर्नेछ।
५. बोलपत्र दाताको कानूनी ग्राह्यताको आधार प्रमाणित गर्न सिलबन्दी बोलपत्रसाथ देहायका प्रमाणित कागजात पेस गर्नुपर्नेछ :
(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) व्यवसाय दर्ताको इजाजत पत्र (ग) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नं. (प्यान) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (घ) बोलपत्रले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेसा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणाको सक्कल प्रति (ङ) आ.व.२०७७।०७८ सम्मको कर चुक्ता प्रमाणपत्र वा म्याद थप सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि (च) बोलपत्र दाता कम्पनीको Power of Attorney Letter।
६. बोलपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन निर्धारित समय र स्थानमा गरिनेछ। यस्तो अवस्थामा बोलपत्र र जमानतको मान्य अवधिको गणना साबिककै मितिबाट गरिनेछ।
७. यसै सूचनाको बुँदा नं. ५ मा उल्लिखित कागजात संलग्न नभएको, विभिन्न सर्तहरू उल्लेख गरेको, बोलपत्र सम्बन्धी कागजातमा बोलपत्र दाताले उल्लेख गर्नुपर्ने विवरणहरू उल्लेख नगरेको र प्रचलित सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम रीत नपुगी आएको बोलपत्र उपर कुनै कारबाही गरिनेछैन।
८. कुनै वा सबै बोलपत्र, पूरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार आयोगमा निहित रहनेछ।
९. माथि उल्लिखित कार्यको सम्झौता अवधि बढीमा एक वर्षको हुनेछ। स्वीकृत बोलपत्र दातालाई उक्त अवधिभित्र बोलपत्र फाराममा उल्लेख भए बमोजिमका सामान एकै पटक वा पटक–पटक आपूर्ति गर्न यस आयोगले निर्देशन दिनेछ। सम्झौताको अवधिभर बोलपत्र फाराममा उल्लेख भएको भन्दा बढी परिमाणका सामान आयोगलाई आवश्यक परेमा स्वीकृत बोलपत्र दाताले आफूले कबोल गरेको दररेटमा नै उक्त सामान आपूर्ति गर्नुपर्नेछ।
१०. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय समयभित्र आयोगको आन्तरिक व्यवस्थापन शाखा (फोन नं. ०१५२६२१११) मा सम्पर्क राख्न सकिनेछ।

**विज्ञापन बोर्ड**

**बबरमहल, काठमाडौँ**

**सवारी साधन खरिद सम्बन्धी सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०७८।०९।२१)**

यस बोर्डका लागि आवश्यक देहाय बमोजिमका सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा (१)क (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संशोधन २०७३) को नियम ३१ ख बमोजिम उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताहरूबीच प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरूले आ–आफ्नो फर्म दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization, खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणा र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख को उपनियम (२) अनुसार उत्पादनको आधिकारिक स्पेसीफिकेसन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी मिति २०७८।१०।०५ गते दिउँसो १२ बजेभित्र यस बोर्डमा सिलबन्दी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। मिति २०७८।१०।०५ गते दिउँसो १२ बजेभित्र यस बोर्डमा दर्ता हुन आएका सिलबन्दी प्रस्तावहरू सोही दिन दिउँसो २ बजे खोलिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। खरिद सम्बन्धी थप जानकारीका लागि यस बोर्डको खरिद एकाइमा सम्पर्क राख्नुहुन समेत सूचित गरिन्छ। पेस हुन आएका प्रस्तावहरू स्वीकृत गर्ने वा अस्वीकृत गर्ने एवम् खरिद प्रक्रिया जुनसुकै बखत रद्द गर्ने अधिकार यस बोर्डमा निहित हुनेछ।

**आवश्यक सवारी साधनको विवरण**

| S.No. | Type of Vehicle | Major specification | No. of vehicle |
|---|---|---|---|
| 1 | Motorcycle | 1. **Engine**: 4-Stroke, minimum 149 cc, developing Maximum net power not less than 14 PS at governed RPM and Maximum torque output not less than 13 N-m, for efficient running of motorcycle, Starting system with self & kick. 2. **Transmission:** Manual shift at least 5 speed. 3. **Ground Clearance**: Not less than 164 mm 4. **Wheel base:** Not less than 1320 mm 5. **Fuel Tank Capacity**: Not less than 12 Liters. 6. **Brake:** Front: Disc, Rear: Drum/Disc. | 2 (Two) |
| 2 | Scooter | 1. **Engine**: Four Strokes, Petrol Engine, Minimum (125±3) CC, developing Maximum net power not less than 8 PS at governed RPM and Maximum torque output not less than 9.5 N-m, for efficient running of Scooter, Starting system with self & kick. 2. **Transmission:** Automatic/Gear Less 3. **Ground Clearance:** Not less than 145 mm 4. **Wheelbase:** Not less than 1250 mm 5. **Brake:** Front: Disc/Drum, Rear: Drum. | 2 (Two) |

# राष्ट्रिय सभाका लागि उम्मेदवारी दर्ता



गठबन्धनको उम्मेदवार



नेकपा (एमाले)का उम्मेदवार



राप्रपाका उम्मेदवार

■ मोरङ समाचारदाता

विराटनगर, पुस २० गते। आगामी माघ १२ गते हुने राष्ट्रिय सभा सदस्यको निर्वाचनका लागि प्रदेश १ मा गठबन्धन दल, नेकपा एमालेले र राप्रपाले आ–आफ्नो उम्मेदवारको मनोनयन दर्ता गराएका छन् ।

गठबन्धन दलबाट राष्ट्रिय सभाको अन्यतर्फको कोटामा नेपाली काँग्रेसका गोपाल बस्नेत (झापा), महिलातर्फको कोटामा नेकपा एकीकृत समाजवादीका जयन्ती राई (भोजपुर) र अल्पसङ्ख्यकतर्फ जनता समाजवादी पार्टीका हेमराज राई थुलुङ (भोजपुर) ले उम्मेदवारी मनोनयन गर्नुभएको छ ।

त्यसैगरी, एमालेबाट राष्ट्रिय सभाको अन्यतर्फको कोटामा गुरु बराल (मोरङ), महिलातर्फ सुमित्रा भण्डारी (झापा) र अल्पसङ्ख्यकतर्फ सोनाम गेल्जेन शेर्पा (सोलु) ले उम्मेदवारी दर्ता गराउनुभएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीबाट अन्यतर्फको कोटामा अम्बरबहादुर विष्ट र महिलातर्फ रञ्जु प्याकुरेलले उम्मेदवारी मनोनयन गराउनु भएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

उम्मेदवारी मनोनयन दर्ताका लागि निर्वाचन आयोगले मङ्गलबार दिउँसो ३ बजेसम्मको समयावधि दिएको थियो ।

फागुन २० गतेबाटै प्रदेश १ का राष्ट्रिय सभामा प्रतिनिधित्व गर्नुहुने पर्शुराम मेघी गुरूङ, अगमसिंह वान्तवा र नैनकला ओझाको समयवधि सकिँदै छ। रिक्त हुन लागेको उक्त तीनवटा पदका लागि आगामी माग १२ गते निर्वाचन हुन गइरहेको छ। यसअघि उक्त तीनवटै पदमा नेकपा एमालेका उम्मेदवार निर्वाचित भएका थिए।

राष्ट्रिय सभाको निर्वाचनका लागि प्रदेश १ मा प्रदेश सभाका ९२ र स्थानीय तहका २७२ मतदाता रहेका छन्। यस निर्वाचनमा स्थानीय तहका प्रमुख/उपप्रमुखको १८ र प्रदेश सांसदको ४८ मतभार रहेको छ। प्रदेशभित्रका १३७ स्थानीय तहमध्ये भोजपुरको हतुवागढीकी उपप्रमुख चन्द्रमा राई र सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाका प्रमुख ङिमदोर्जी शेर्पाको निधन भएका कारण स्थानीय तहका दुई जना मतदाता घटेका छन्। दुवै जना एमालेका निर्वाचित जनप्रतिनिधि हुनुहुन्थ्यो। यसबाट एमालेलाई ३६ मत गुमेको छ। प्रदेश सभाका ९३ जना सदस्यमध्ये ताप्लेजुङबाट निर्वाचित माओवादी केन्द्रका टङ्क आङवुहाङ एमाले प्रवेश गर्नुभएपछि उहाँको पनि पद गुमेको छ।

हाल प्रदेश १ मा कुल मतभार नौ हजार ३१२ रहेको छ। जसमा एमालेको मतभार चार हजार ५२४ रहेको छ। एमाले प्रदेश सभा सदस्य गुलेफुन खातुन सरकारी किर्ते कागज मुद्दामा फरार रहेकाले थप ४८ मत पनि गुम्ने अवस्था देखिएको छ।

त्यस्तै, पाँच दलीय गठबन्धनमा चार हजार ६६८ मतभार रहेको छ। काँग्रेसको स्थानीय तह र प्रदेश गरी दुई हजार ७३६, माओवादी केन्द्रको एक हजार आठ, नेकपा एकीकृत समाजवादीको ६६०, जनता समाजवादी पार्टीको २१६ र संयुक्त लोकतान्त्रिक राष्ट्रिय मञ्चको ४८ मतभार रहेको छ। मञ्चको एक जना प्रदेश सांसद रहेको छ। यस्तै, राप्रपाको मतभार १२० छ। राष्ट्रिय सभामा निर्वाचित हुनका लागि चार हजार ६५७ मत आवश्यक पर्दछ।

# निर्धारित समयमै योजना सम्पन्न गरिने

■ गाईघाट समाचारदाता

गाईघाट, पुस २० गते। प्रदेश १ सरकारका भौतिक पूर्वाधार विकासमन्त्री हिमाल कार्कीले प्रदेश सरकारले सञ्चालन गरेका विभिन्न योजनाहरू निर्धारित समयमै सम्पन्न गरिने बताउनुभएको छ।

उदयपुरको चौदण्डिगढी नगरपालिका–९, हडियास्थित नमूना जनता माध्यमिक विद्यालयको नव निर्मित भवन उद्घाटन तथा नयाँ बन्ने अर्को भवनको शिलान्यासपछि आयोजित समारोहलाई सम्बोधन गर्नुहुँदै मन्त्री कार्कीले सो कुरा बताउनुभएको हो।

उहाँले प्रदेश सरकारका विभिन्न आयोजनाहरू तोकिएकै समयमा सम्पन्न गरी जनतालाई छिटोभन्दा छिटो विकासको प्रत्याभूति गराउन आफूहरू लागिपरेको भन्दै मन्त्री कार्कीले सङ्घीय सरकारका विभिन्न मन्त्रालयले गर्ने काम प्रदेश सरकारको एउटै मन्त्रालयमार्फत हुने गरेको हुँदा कामको चाप अत्याधिक रहेको उल्लेख गर्नुभयो।

खासगरी शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, पुल र अन्य भौतिक संरचना निर्माणसम्बन्धी योजनाहरूको माग अत्याधिक रहेको तर श्रोत साधन भने अत्यन्तै कम भएकोले आमजनताले माग गरे जति योजना स्वीकृत गर्न नसकिएको भन्दै मन्त्री कार्कीले सीमित रूपमा भएको श्रोत साधन र जनशक्तिको अधिकतम उपयोग गरी पारदर्शी तथा मितव्यायी रूपमा कार्य सम्पादन गरिने बताउनुभयो।

मन्त्री कार्कीले सदरमुकाम जोड्ने जिल्लाकै सबैभन्दा पुरानो गाईघाट–फत्तेपुर सडकलाई प्रदेशिक सडकको रूपमा विकास गरी कालोपत्रे गर्न प्रदेश सरकार प्रतिवद्ध रहेको छ भन्नुभयो। उहाँले हडिया र बेल्टार जोड्ने त्रियुगा नदीमा पक्की पुलको डिजाइन स्टमेट तयार भइसकेको र हडिया र देवधार जोड्ने अर्को पक्की पुलको केहि दिनभित्रै निर्माण कार्य सुरु हुने बताउनुभयो।

सो कार्यक्रममा चौदण्डिगढी नगरपालिका प्रमुख खगेन्द्र राईले नगरपालिकाले शिक्षा क्षेत्रमा ठूलो लगानी गरेको र यसबाट लक्ष्यअनुरूप आफ्नो नगरपालिका क्षेत्रभित्रका सबै ४८ वटै सामुदायिक विद्यालयको गुणस्तरमा सुधार हुँदै गएको बताउनुभयो।

सो अवसरमा जनता नमूना माध्यमिक विद्यालय हडियाका प्रधानाध्यापक रामबहादुर राउतले पाँच वर्षे गुरुयोजना अनुरूप नेपाल सरकारको नमूना विद्यालय विकास कार्यक्रममार्फत उपलब्ध अनुदानबाट एक करोड २१ लाख रुपियाँको लागत स्टमेट भए पनि ठेक्का प्रक्रियाद्वारा घटाघट गर्दा ७४ लाख ३६ हजार रुपियाँको लागतमा दुई तले छ कोठे भवन बनाउन आफूहरू सफल भएको र अर्को भवन पनि यसरी नै निर्माण गर्न लागिएको बताउनुभयो।

# विपद्विरुद्ध पूर्वतयारीमा जुटिरहेका छौं : *मन्त्री कार्की*



पत्रकार सम्मेलनमा मन्त्री केदार कार्की।

■ विराटनगर समाचारदाता

विराटनगर, पुस २० गते। आन्तरिक मामिला तथा कानून मन्त्री केदार कार्कीले प्रदेश सरकार विपद् व्यवस्थापन र पूर्व तयारीमा क्रियाशील रहने बताउनुभएको छ। विपद् आइसक्दा तत्काल व्यवस्थापनको काम गर्न सक्ने गरी प्रदेश सरकारले आवश्यक पूर्व तयारीको काम गर्नुपर्ने आवश्यकता पहिचान गरेको मन्त्री कार्कीले बताउनुभयो।

मन्त्रालयमा मङ्गलबार पत्रकार सम्मेलन आयोजना गरी मन्त्री कार्कीले विपद्को समयमा प्रदेशका सबै पालिकामा परिचालित हुने गरी स्वयंसेवक समूह तयार पार्ने, अत्यावश्यक राहत सामग्री तयारी अवस्थामा राख्ने, उद्धार कार्यका लागि आवश्यक सवारी साधनको प्रवन्ध गर्ने काममा सरकारले विशेष योजना बनाउने जानकारी दिनुभयो।

ताप्लेजुङमा गतसाता परेको हिमपातमा फसेका दुई जना किसानहरूलाई उद्धार गर्न समस्या भएको र हेलिकप्टरका लागि सङ्घीय सरकारसँग याचना गर्नुपरेको भन्दै मन्त्री कार्कीले प्रदेश सरकारसँग एउटा हेलिकप्टर आवश्यक भएको बताउनुभयो। उहाँले राहत र उद्दार कार्यका लागि सरकारले हेलिकप्टर किन्ने तर्फ पक्रिया बढाउनु पर्ने प्रस्ताव आफूले लैजान लागेको जानकारी दिनुभयो।

यस्तै पत्रकार सम्मेलनमा मन्त्री कार्कीले प्राकृतिक विपद्का कारण जोखिममा परेका बस्ती स्थानान्तरण गर्न नक्सांकनको काम आरम्भ भएको जानकारी दिनुभयो। उहाँले नक्सांकनपछि बस्ती स्थानान्तरणको कामलाई योजनावद्ध ढङ्गले अगाडि बढाउने जानकारी दिनुभयो।

प्रदेश १ बाढी, पहिरो, आगलागी, हुरी, बतास आदि विपद्को उच्च जोखिममा रहेकोले सोही अनुसारका उद्धार र राहत सामग्री जोहो गर्नुपर्नेमा मन्त्रालय सचेत रहेको पनि उहाँले बताउनुभयो। प्रदेश १ सरकारले आर्थिक वर्ष २०७७/०७८ मा मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र मार्फत एकीकृत रूपले सेवा प्रदान गर्न ११ स्थानीय तहलाई पाँच करोड ६७ लाख २० हजार मुल्यको ११ वटा दमकल र छ करोड २८ लाख २७ हजार चार सय ६० रुपियाँ मुल्यको ११ वटा प्रहरी भ्यान प्रदान गरेको थियो।

# छाडा कुकुर नियन्त्रणको माग

■ उदयपुर समाचारदाता

उदयपुर, पुस २० गते। केही दिनयता छाडा रूपमा डुलिहिँड्ने कुकुरले उदयपुरको त्रियुगा नगरपालिका–८ स्थित सुपरसेन ऐकेडेमीमा पढ्ने दुई बालकलाई टोकेको छ। केही दिनयता गाउँमा अन्य मानिससमेतलाई सो कुकुरले टोकेको स्थानीयले बताएका छन्।

बोर्डिङ पढ्न गएका बालक १२ वर्षीय सायल खत्री र ५ वर्षीय सुशील बस्नेतलाई कुकुरले टोकेको हो। उनीहरूलाई उपचारका लागि उदयपुर अस्पताल लगिएको सायलका बुबा सम्बरबहादुर खत्रीले बताउनुभयो।

कुकुरको टोकाइबाट एक बालकको ओठमा चोट लागेका छ भने अर्को बालकको हातमा चोट लागेको छ। कुकुर बौलाएको हो कि भन्ने आशङ्का गरिएको छ। सो कुकुर बौलाएको भएमा अन्य कुकुरलाई पनि टोकेर रोग सारेको हुनसक्ने भन्दै स्थानीय त्रसित बनेका छन्। तत्काल कुकुर नियन्त्रणको माग स्थानीयको छ। कुकुरलाई मारेर हुन्छ वा समातेर नियन्त्रण गर्नुपर्ने उनीहरूको भनाइ छ।

# विद्यार्थी अनुपातमा शिक्षक अभाव

■ इनरुवा समाचारदाता

इनरुवा, पुस २० गते। सुनसरीको विभिन्न स्थानीय तहमा विद्यार्थीको अनुपातमा शिक्षक अभाव रहेको शिक्षा विकास तथा समन्वय एकाई सुनसरीले जनाएको छ। जिल्लाका १२ स्थानीय तहका १२४ वटा वडामा रहेका ३८४ सामुदायिक विद्यालयमा कुल दुई हजार ७१८ जना शिक्षक मात्र कार्यरत रहेका छन्।

शिक्षकको सङ्ख्याको आधारमा प्रति शिक्षकलाई ८९ जना विद्यार्थीलाई पढाउनुपर्ने अवस्था रहेको छ। जिल्लामा सामुदायिक विद्यालयमा एक लाख ११ हजार १४६ छात्रा र एक लाख २१ हजार ७९६ छात्र गरी दुई लाख ३२ हजार ९३२ विद्यार्थी अध्ययनरत रहेको शिक्षा विकास तथा समन्वय एकाई सुनसरी प्रमुख रमेशबहादुर दाहालले जानकारी दिनुभयो। जिल्लाको प्रावि तहका विद्यालयका लागि एक हजार ६८५ जना, निमाविमा ५५९ जना, मावि ३९९ जना र ११–१२ कक्षा माविका लागि ८५ जना शिक्षक रहेका छन्।

यहाँका विद्यार्थीको सङ्ख्याको अनुपातमा शिक्षक अभाव भए पनि प्रावि तहमा भने विद्यार्थीभन्दा शिक्षक बढी रहेका छन्। सामुदायिक विद्यालयमा प्रावि कक्षा ५ सम्म विद्यार्थीको सङ्ख्या न्यून भएको छ भने संस्थागत निजी विद्यालयमा भने कक्षा ५ सम्म विद्यार्थीको सङ्ख्या ह्वात्तै बढेको दाहालको भनाइ छ। कोसी गाउँपालिकामा पाँचवटा मावि रहेकोमा सात जना मात्रै माविको दरबन्दीका शिक्षक कार्यरत छन्। कोसीमा विद्यार्थीको अनुपातमा र माविमा समेत शिक्षकको अभाव रहेको शिक्षा शाखाका प्रमुख वेदराज अधिकारीले जानकारी दिनुभयो।

भोक्राहा नरसिंह गाउँपालिकामा चारवटा मावि रहेकोमा छ जना मात्रै मावि शिक्षकको दरबन्दी रहेको छ। त्यसमा पनि तीन जना मात्र शिक्षक कार्यरत रहेका छन्। भएका दरबन्दीमा तीन जना रिक्त रहेको भोक्राहा नरसिंह गाउँपालिका शिक्षा शाखाका प्रमुख रमेशचन्द्र तिमिल्सिनाले जानकारी दिनुभयो। यहाँका जनता मावि र पृथ्वी नारायण माविमा भने मावि स्तरको दरबन्दी छैन।

**शिक्षकको सङ्ख्याको आधारमा प्रतिशिक्षकलाई ८९ जना विद्यार्थीलाई पढाउनुपर्ने**

इनरुवा नगरपालिकामा आठवटा मावि रहेकोमा २५ जना मात्रै माविको दरबन्दीका शिक्षक कार्यरत रहेका छन्। यहाँको आधार भूत प्रावि तहमा विद्यार्थी सङ्ख्या मुस्किलले २५ देखि ५० जनासम्म छन्। माविमा भने एउटै कक्षामा ६० देखि १२० जनासम्म रहेको इनरुवा शिक्षा शाखाले जनाएको छ।

गढी गाउँपालिकामा चारवटा मावि रहेकोमा १५ र दबन्दीका चार राहत अनुदानसमेत गरी २३ जना माविका शिक्षक कार्यरत छन्। प्राविमा विद्यार्थी कम, शिक्षक बढी र माविमा विद्यार्थी बढी, शिक्षक कम रहेको अवस्था गढी गाउँपालिकामा पनि रहेको शिक्षा शाखा प्रमुख छवि खड्काले जानकारी दिनुभयो। खड्काका अनुसार गढीमा दुईवटा माविमा कक्षा १० सम्म र दुईवटा माविमा १२ कक्षासम्म पढाइ भइरहेको छ।

हरिनगर गाउँपालिकमा चारवटा मावि रहेकोमा १४ जना मात्रै माविको दरबन्दीका शिक्षक कार्यरत रहेका शिक्षा शाखाका अजितकुमार मल्लिकले जानकारी दिनुभयो। यस गाउँपालिकामा पनि मावि तहका विद्यार्थीको अनुपातमा विषयगत शिक्षकको अभाव रहेको छ। त्यसैगरी, जिल्लामा कक्षा ११ र १२ पढाइ हुने मावि तहमा ८५ जनाको मात्रै दरबन्दी रहेको छ।

एक फरक प्रसङ्गमा शिक्षा एकाई प्रमुख रमेशबहादुर दाहालका अनुसार जिल्लामा शहीद परिवारका १८ जना, द्वन्द्वपीडित परिवारका २६ जना, वैदेशिक रोजगार पीडित परिवारका ७३ जनालाई छात्रवृत्ति प्रदान गरिएको छ। द्वन्द्वपीडित परिवारकालाई प्रावि तहमा १२ हजार रुपियाँ, निमावि तहका १४ हजार रुपियाँ, मावि ९ र १० का लागि १६ हजार र ११ र १२ कक्षा १८ हजार रुपियाँका दरले छात्रवृत्ति वितरण गरेको छ। जिल्लामा धार्मिक विद्यालयमा चार हजार ७७२ छात्रा र सात हजार ३१० छात्रगरी १२ हजार ८२ जना विद्यार्थी अध्ययनरत छन्। संस्थागत विद्यालयमा ६६ हजार ५०६ छात्रा र ५८ हजार ३३२ छात्र गरी एक लाख २५ हजार २३८ विद्यार्थी अध्ययनरत छन्।


Provincial Government

**Ministry of Internal Affairs and Communication,**

**Province No. 2, Janakpurdham, Dhanusha**

**Invitation for Online Bids**

National Competitive Bidding

Notice publication date : 2078/09/21 (5th January, 2022)

The ministry of internal affairs and communication, province no.2, Janakpurdham, Dhanusha invites electronic bids from Nepalese eligible bidders for the following projects under NCB and SQ procedures. Eligible bidders may obtain the further information from the www.bolpatra.gov.np or visit the office website:www.moiac.p2.gov.np or bidders can visit office/ministry during the office hour, manual submission of any bids will not be accepted.

| S. N. | Name of ministry | IFB No/ Notice No. | Job Description | Estimated amount (Exclusive of VAT and Contingencies) | Date of publication / time | Last date of bid submission / time | Bid documents amount | Bid Security amount | Bank detail & Address of Bank |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ministry of Internal Affairs and communication, Province no.2, Janakpurdham | MOIACP2/ NCB/ WORKS/ 2078-79/03 | Construction of mess, toilet, boundary wall, maintenance, repairing work & new room at police office, Dudhiawa, Rauthat | Rs.61,38,444.69 | 2078-09-21 (5th January, 2022) / 10:00AM | 2078-10-21 (4th February, 2022)/ 12:00 PM | 3,000.00 | Rs.2,01,100.00 | **Name of the Bank**: Rastriya Banijya Bank Ltd. **Name of Office**: Ministry of Internal Affairs and Communication, Province No. 2 **Office Code no:** 3140017012 **Office Account no**: KA-11001 **Rajaswa (revenue) Shirshak no.:** 14229 **Bank Address:** Janakpurdham. **Account Name:** Ministry of internal affairs and communication **Account Number:** 1220100202030000 |
| 2. | | MOIACP2/ NCB/ WORKS/ 2078-79/04 | Construction of mess, operation hall, maintenance, repairing work and truss roofing for hand wash at APF sasastra camp, Gaur, Rauthat | Rs.54,48,823.67 | 2078-09-21 (5th January, 2022)/ 10:00AM | 2078-10-21 (4th February, 2022)/ 12:00 PM | 3,000.00 | Rs.1,72.130.00 | |
| 3. | | MOIACP2/ SQ/ WORKS/ 2078-79/01 | Construction for parking & Gardening works, Madhesh Bawan, Janakpurdham | Rs.17,08,137.47 | 2078-09-21 (5th January, 2022)/ 10:00AM | 2078-10-06 (20th January, 2022)/ 12:00 PM | 1,000.00 | Rs.52,000.00 | |



**सवारी साधन लिलाम बिक्री सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७८।०९।२१)**

कोषको सवारी साधन गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले हाल जे–जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म/कम्पनी/संस्था/वा व्यक्तिका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र (२१औं दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) कोषको केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौँमा आइपुग्ने गरी रीतपूर्वक गोप्य सिलबन्दी गरी खरिद गर्न चाहेको मूल्य खुलाई पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | लिलाम हुने सवारी साधनको विवरण | बनेको साल | सवारी साधन नं. | सङ्ख्या | न्यूनतम लिलाम मूल्य (मू.अ.कर सहित) |
|---|---|---|---|---|---|
| १. | किया रिओ<br>च्या.नं. KNAPH41LLA6624246 | २००९ | बा ७ च ८१४६ | १ | ६,७७,५००।– |
| २. | हुन्डाई स्यान्ट्रो कार<br>च्या.नं. MALAA51HR6M862275E | २००६ | बा ५ च ५६६३ | १ | ३,२७,०००।– |
| ३. | होण्डा साइन<br>च्या.नं. ME4JE368CA8151664 | २०१० | ब ४० प २७४३ | १ | ३७,३००।– |
| ४. | होण्डा साइन<br>च्या.नं. ME4JE368CA8151631 | २०१० | ब ४० प २७४० | १ | ३८,७००।– |
| ५. | हिरो होण्डा–सुपर स्पेल्नडर<br>च्या.नं. 06FACC12490 | २००६ | बा २२ प ५७३४ | १ | १९,७००।– |
| ६. | हिरो होण्डा स्कुटर<br>च्या.नं. 16ECAGB14371 | २०१० | बा ३९ प ८७२१ | १ | २४,६०० |

**सर्तहरू :**

(१) सिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिले २२औं दिन (२२औं दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) १:०० बजे कोषको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा खोलिनेछ।

(२) बोलपत्र साथ बोलपत्र जमानत बापत आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरूप कोषको हिमालयन बैंक लिमिटेडको खाता नं. ०२७०००४८८३००३९ मा जम्मा गरेको सक्कल बैक भौचर संलग्न हुनुपर्नेछ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिनभित्र सम्झौता गर्नुपर्नेछ। अन्यथा बोलपत्र रद्द गरी धरौटी बापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ।

(४) लिलाम हुने सवारी साधन बुझ्न चाहनेले कार्यालय समय बिहान १० बजेदेखि दिउँसो २:०० बजे (शुक्रबार बिहान १०:०० बजेदेखि १२:०० बजे) सम्म कोषको केन्द्रीय कार्यालय, नयाँ बानेश्वर प्रशासन महाशाखामा सम्पर्क राख्न सकिनेछ।

(५) लिलाममा भाग लिन इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने कागजात र इच्छुक फर्म वा कम्पनीले आफनो फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरिएको), स्थायी लेखा नं. लिएको वा मूल्य अभिवृद्धि करमा दर्ता भएको तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ।

**नागरिक लगानी कोष**
**नयाँ बानेश्वर, काठमाडौं।**



माघे सङ्क्रान्ति नजिकिँदै जाँदा काठमाडौँको टोखामा परम्परागत तरिकाले चाकु बनाइँदै ।
तस्बिर : सागर बस्नेत

# मल खरिद गर्न पाँच वर्षका लागि सम्झौता हुँदै

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जीटुजी (सरकार–सरकार) मार्फत भारतबाट रासायनिक मल खरिद गर्ने भएको छ।

मल खरिदका लागि दुई देशबीच हुने सम्झौताको मस्यौदा तयार भइसकेको छ। भारतले पनि आफ्नोतर्फबाट सम्झौताको मस्यौदा नेपाल पठाइसकेको छ। सो मस्यौदाबारे मन्त्रिपरिषद्ले निर्णय गरेपछि दुई पक्ष सम्झौतापत्रमा हस्ताक्षर हुने कृषिमन्त्री महिन्द्रराय यादवका निजी सचिवालयले जनाएको छ।

पाँच वर्षका लागि सम्झौता हुन लागेको हो। सम्झौता भएपछि सुरुको वर्षमा एक लाख ५० हजार मेट्रिक टन मल खरिद गर्ने, त्यसपछि प्रत्येक वर्ष १० प्रतिशतले वृद्धि गर्दै जाने सहमति हुन लागेको बताइएको छ। गत भदौमा कृषि मन्त्रालयका तत्कालीन सचिव डा. कृष्णप्रसाद अचार्यको नेतृत्वमा एक टोलीले भारतमा गएर जीटुजीमार्फत मल खरिद गर्ने सहमति गरेको थियो।

> भारतबाट मल आउने लगभग निश्चित भएको छ। सम्झौतामा हस्ताक्षर हुनमात्र बाँकी छ।

कृषि मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत चीन, बङ्गलादेश, ओमन, मोराकोसँग पनि जीटुजीमार्फत मल खरिद गर्ने प्रक्रियाका लागि पत्र पठाई सकेको छ। तर, त्यसको जवाफ आइनसकेको मन्त्रालय स्रोतले जनाएको छ।

नेपालमा यतिखेर मल अभाव देखिएको छ। सरकारसँग हाल १२ हजार २०० मेट्रिक टन मल मात्र मौज्दात छन्। अन्तर्राष्ट्रिय रूपमा मलमा भएको मूल्यवृद्धिका कारण नेपालमा त्यसको असर देखिएको छ। मल अभाव कम गर्न मन्त्रालयले जीटुजीमा विशेष जोड दिएको छ। "भारतबाट लगभग मल आउने पक्का भएको छ," मन्त्रालयको एक सहसचिवले भन्नुभयो, 'भारतबाट मल आउने लगभग निश्चित भएको छ। सम्झौतापत्रमा हस्ताक्षर हुनमात्र बाँकी छ। मन्त्रिपरिषद्बाट निर्णय भएपछि सम्झौतापत्रमा हस्ताक्षर हुन्छ।'

चालु आर्थिक वर्ष २०७८/०७९ मल खरिदका लागि नियमित बजेटमा विनियोजित १५ अर्बको अतिरिक्त १२ अर्ब ७१ करोड रुपियाँ थप गरिएको छ। तर, गत वर्षको परिमाणमा मल खरिद गरी समयमै कृषकलाई उपलब्ध गराउने मन्त्रालयको प्रयासमा असहज अवस्था पैदा भएको कृषि मन्त्रालयले जनाएको छ। गत आर्थिक वर्षको तुलनामा युरिया ३३८.८५ प्रतिशत र डीएपी २०२.१३ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष प्रतिमेट्रिक टन युरिया मल ३६०.८३ अमेरिकी डलरमा खरिद भएको थियो भने अहिले ९४९ अमेरकी डलर पुगेको छ। त्यस्तै, गत वर्ष ४५५.४१ रुपियाँमा पाउने डीएपी मल अहिले ९२०.५ अमेरिकी डलर पुगेको छ। मूल्यमा यत्तिको फरक परेका कारण मल व्यवस्थापनमा समस्या भइरहेको मन्त्रालयले जनाएको छ।

# 'बिमस्टेकमा नेपालको भूमिका महत्त्वपूर्ण'



ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाल र बिमस्टेकका महासचिव तेन्जिन लेकफेल ।

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते। बहुपक्षीय प्राविधिक तथा आर्थिक सहकार्यका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक) सचिवालयले क्षेत्रीय ऊर्जा विकास तथा समन्वयन विस्तार गर्न नेपालको सक्रिय भूमिकाको अपेक्षा गरेको छ।

बिमस्टेकका महासचिव तेन्जिन लेकफेलले मङ्गलबार ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाललाई भेटेर बिमस्टेकले विभिन्न बैठकले पारित गरेका ऊर्जासम्बद्ध मुद्दा प्रभावकारी ढङ्गले अगाडि बढाउन आग्रह गर्नुभएको छ।

भेटमा नेपालले आयोजना गर्ने भनेको बिमस्टेक ऊर्जा मन्त्रीस्तरीय बैठक आयोजना गर्नेबारे पनि छलफल भएको मन्त्री भुसालका निजी सचिवालयले जनाएको छ। सन् २०१८ मा पारित ऊर्जासम्बन्धी गुरुयोजना प्रभावकारी कार्यान्वयनमा लैजान नेपालको पनि महत्त्वपूर्ण भूमिका हुने भन्दै लेकफेलले मन्त्री भुसालको ध्यानाकर्षण गराउनुभएको थियो। त्यस्तै निर्धारित बिमस्टेक मन्त्रीस्तरीय बैठक आयोजना गर्ने विषयमा पनि लेकफेलले चासो देखाउनुभएको थियो।

सन् २०१० मा सम्पन्न बिमस्टेक मन्त्रीस्तरीय बैठकले क्षेत्रीय ऊर्जा विकास तथा आपसी समन्वयका लागि नेपालले ऊर्जामन्त्रीस्तरीय बैठक गर्ने जिम्मेवारी दिएको थियो। महासचिव लेकफेलले भारतको बैङ्लोरमा स्थापना गर्ने भनिएको 'इनर्जी सेन्टर' स्थापना गरेर बिमस्टेककै ऊर्जासम्बन्धी माथिल्लो निकाय स्थापना गर्ने विषयलाई प्राथमिकतामा राख्नुपर्ने औँल्याउनुभएको थियो।

जवाफमा मन्त्री भुसालले बिमस्टेकस्तरीय जलविद्युत् प्रयोग र प्रवर्द्धनका विषय अन्तरसम्बन्धित रहेको बताउँदै त्यसका लागि नेपालका तर्फबाट खेल्नुपर्ने भूमिका निर्वाह गर्न आफू तयार रहेको स्पष्ट पार्नुभयो।

जलविद्युत् क्षेत्र नेपालका लागि महत्त्वपूर्ण भएको बताउँदै ऊर्जामन्त्रीस्तरीय बैठक उपयुक्त समयमा तोक्ने विश्वास दिलाउनुभयो। उहाँले भन्नुभयो, "सबै सदस्य मुलुकका लागि उपयुक्त हुनेगरी नेपालले मिति तोक्छ, त्यसका लागि हामी फोकल पर्सन तोकेर काम अगाडि बढाउँछौँ।"

बिमस्टेकको पाँचौं शिखर सम्मेलन आगामी ३० मार्च २०२२ मा श्रीलङ्कामा आयोजना गर्ने प्रस्ताव भएको सन्दर्भमा महासचिव बिमस्टेकका महासचिव लेकफेल नेपाल भ्रमणमा आउनुभएको हो।

# सोलु करिडोर सम्पन्न

## राष्ट्रिय विद्युत् प्रसारण लाइन छिट्टै जोडिने

■ भोटराज राई

उदयपुर, पुस २० गते। उदयपुर जिल्ला हुँदै सिराहादेखि सोलुसम्मको राष्ट्रिय गौरवको आयोजना सोलु करिडोरको काम सम्पन्न भएको छ। १३२ केभी डबल सर्किट रहेको करिडोरको प्रसारण लाइनको काम हालै सम्पन्न भएको हो।

आयोजनाका प्रमुख जनार्द्धन गौतमका अनुसार करिडोर प्रसारण लाइनका लागि टावर निर्माण, तार टाङ्नेलगायतका काम सकिएको छ। सोलुको दूधकुण्ड नगरपालिका–११ तिङ्लामा सब–स्टेसन निर्माण पहिले नै भइसकेको छ। सो स्टेसन निर्माण गरी सुरु गरिएको आयोजना अवरोधका कारण ढिलाइ भएपछि छैटौं पटक म्याद थप गरी सम्पन्न गरिएको आयोजना प्रमुख गौतमले बताउनुभयो।

उहाँका अनुसार केही दिनभित्रै विद्युत् प्रवाह परीक्षण गरी राष्ट्रिय लाइनमा प्रसारण दिने तयारी भइरहेको छ। नेपाल विद्युत् प्राधिकरणले सोलु करिडोरमा निर्माणाधीन ३२५ मेगावाट विद्युत् खरिद बिक्री सम्झौता गरिसकेको छ। ३०२ वटा टावर रहेको प्रसारण लाइनमा सोलुदेखि सिराहासम्म ८९.५ किलोमिटर लम्बाइ रहेको छ। उदयपुरमा पर्ने १४१ वटा टावरमध्ये १० वटा विवादित क्षेत्रमा पर्छ।

पछिल्लो समय २०७७ असार मसान्तसम्ममा सक्ने सर्तसहित अगाडि बढेको आयोजनाको काम २०७२ चैतमा भारतीय कम्पनी मोहन इनर्जी कम्पनी प्रालिसँग ३० महिनाभित्र सम्पन्न गर्नेगरी ठेक्का सम्झौता भएको थियो।

आयोजना निर्माण ढिलाइ भई राष्ट्रिय प्रसारण लाइनमा नजोडिँदा २०७६ माघ २० देखि व्यावसायिक उत्पादन गर्दै आएको सोलुखोला जलविद्युत् आयोजनाको विद्युत् उत्पादन खेर गइरहेको थियो। आयोजनाको २३ मेगावाटमध्ये ४.५ मेगावाटबाहेक सबै बिजुली खेर गइरहेको थियो।

नेपाल सरकार तथा प्राधिकरणको लगानी र भारतीय एक्जिम बैङ्कको सहुलियत ऋणमा आयोजना निर्माण भएको हो। ठेकेदार छनोटमा विवादका कारण पनि झन्डै दुई वर्ष ढिलाइ भएको थियो।

आयोजना प्रमुख गौतमका अनुसार प्रभावित क्षेत्रमा मुआब्जा वितरणका लागि सरकारले चार करोड ५० लाख रकम निकासा गरेको छ। जसमध्ये तीन करोड रुपियाँ भुक्तानी भइसकेको छ। आयोजना निर्माण खर्च करिब दुई अर्ब ५० करोड पुग्ने उहाँको भनाइ छ।

प्रसारण लाइन निर्माणमा उदयपुरमा स्थानीयको अवरोधका कारण तीन वर्षदेखि प्रभावित हुँदै आएको थियो। आयोजना निर्माणमा स्थानीयले अवरोध पुर्‍याएपछि उदयपुर प्रशासनले ठूलो सङ्ख्यामा सुरक्षा फौज परिचालन गर्नुपरेको थियो।



करिब ७० परिवारको धानखेत र डेढ दर्जन घर मासिने भन्दै अवरोधमा उत्रिएका उदयपुरको कटारी नपा–४ मरुवा, सम्ले, बरमझिया क्षेत्रमा स्थानीयसँग जिल्ला प्रशासन कार्यालय र कटारी नगरपालिकाको पहलमा पटक–पटक वार्ता गरेको थियो। वार्तामा मुआब्जा तथा क्षतिपूर्ति दिने सहमति भएपछि कामले पूर्णता पाएको निमित्त प्रमुख जिल्ला अधिकारी विनोद पोखरेलले बताउनुभयो।

# रोजगारका अवसर प्रदान गर्न आग्रह

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले नेपाली युवाका लागि फ्रान्समा रोजगारीका अवसर प्रदान गर्न फ्रान्सका राजदूत गिल्स बुर्बाओसँग आग्रह गर्नुभएको छ।



मन्त्रालयमा मङ्गलबार नेपालका लागि फ्रान्सका राजदूत गिल्स बुर्बाओले शिष्टाचार भेटको क्रममा यस्तो आग्रह गर्नुभएको हो।

नेपाल–फ्रान्सबीच रहिआएको आपसीसम्बन्ध आगामी दिनमा अझ विस्तार हुने विश्वास व्यक्त गर्नुहुँदै मन्त्री श्रेष्ठले फ्रान्सले नेपाललाई उपलब्ध गराउँदै आएको आर्थिक एवं सामाजिक क्षेत्रको सहयोग निरन्तर हुने विश्वाससमेत व्यक्त गर्नुभयो। सो अवसरमा राजदूत बुर्बाओले नेपाली स्वास्थ्यकर्मीका लागि फ्रान्सको स्वास्थ्य क्षेत्रमा रोजगारी अवसर सिर्जना हुन सक्ने बताउनुभयो। साथै कोभिड महामारीपछि फ्रान्सको पर्यटन उद्योगमा पनि नेपाली श्रमिकका लागि रोजगारी सिर्जना हुने बताउनुभएको मन्त्री श्रेष्ठका निजी सचिवालयले जनाएको छ। राजदूत बुर्बाओले फ्रान्समा रोजगारीका लागि जान भाषा तथा व्यावसायिक तालिमको राम्रो प्रबन्ध हुनुपर्ने बताउनुभयो।

राजदूतका अनुसार फ्रान्समा फ्रान्सेली नागरिकसरह नै विदेशी श्रमिकले पनि पारिश्रमिक तथा सामाजिक सुरक्षाको सुविधा उपभोग गर्न पाउनेछन्।

# मजदुर आन्दोलित

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते। जी फोर एस सेक्युरिटी सर्भिसेज नेपाल प्रालिले सामाजिक सुरक्षा ऐन–२०७४ कार्यान्वयन नगरेको र आफूको सेवा सुविधा घटाएको भन्दै मजदुरले आन्दोलन गरेका छन्।

अखिल नेपाल सेक्युरिटी मजदुर सङ्घले बालुवाटारस्थित जी फोर एस सेक्युरिटी सर्भिसेज नेपाल प्रालिले श्रम ऐन तथा सामाजिक सुरक्षा ऐन २०७४ पूर्ण रूपमा कार्यान्वयन नगरेको तथा आफूले पाइरहेको सेवा सुविधा घटाउने कार्य गरेको भन्दै आन्दोलनमा उत्रिएको बताइएको छ।

सङ्घले मङ्गलबार जी फोर एस सेक्युरिटी सर्भिसेज नेपाल प्रालिको कार्यालय अगाडि कालो ब्यानर, कालो झन्डासहित प्रदर्शन गरेको छ। कम्पनीले सामाजिक सुरक्षा कोषमा जानुपूर्व उपदान, सञ्चय कोषको रकम फिर्ता नगरेको, उपदानबापतको रकम नागरिक लगानी कोषमा जम्मा नगरी आर्थिक हिनामिनासमेत गरेको सङ्घको आरोप छ। सङ्घले जी फोर एस व्यवस्थापनसँग पटक–पटक वार्ता गरे पनि माग सुनुवाइ नभएकाले आन्दोलनमा उत्रिनुपरेको जनाएको छ।

सङ्घले श्रम ऐन २०७४, सामाजिक सुरक्षा ऐन २०७४ पूर्ण रूपमा कार्यान्वयन गर्न माग गरेको छ। त्यसैगरी, नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक १५ हजार रुपियाँ पाउनुपर्ने, एक वर्ष पूरा भएका श्रमिकको मासिक पाउने आधारभूत पारिश्रमिकको कम्तीमा आधाबराबरको वार्षिक ग्रेड रोकिएकाले त्यसलाई सुचारु गर्नुपर्ने माग सङ्घले राखेको छ। सामाजिक सुरक्षा कोषमा जानुपूर्वको उपदान र सञ्चय कोषको रकम तुरुन्त फिर्ता गर्नुपर्ने, श्रमिकको बिदा स्वीकृत गरी आठ घण्टाबराबरको पारिश्रमिक दिने व्यवस्था गर्नुपर्नेलगायतको माग पनि रहेको छ।

# सूचीकृत हुन आह्वान

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते। वैदेशिक रोजगार विभागले जापानमा नेपाली प्राविधिक प्रशिक्षार्थी पठाउन चाहने वैदेशिक रोजगार व्यवसायी (म्यानपावर) कम्पनीलाई सूचीकृत हुनका लागि आह्वान गरेको छ।

विभागले सूचना सार्वजनिक गर्दै जापानमा प्राविधिक अभ्यास गर्न इच्छुक जनशक्ति पठाउन चाहने म्यानपावरलाई आउँदो पुस २८ गतेभित्र निवेदन दिन आग्रह गरेको छ।

आवेदक म्यानपावरले निवेदनको साथमा वैदेशिक रोजगार व्यवसायी सञ्चालन गर्न प्राप्त गरेको अधावधिक इजाजतपत्र, कम्पनी दर्ता, स्थायी लेखा नम्बरका प्रतिलिपि र कर चुक्ता प्रमाणपत्र, बैङ्क ग्यारेन्टी, नगद धरौटीको रसिद ल्याउनुपर्ने हुन्छ।

विभागका महानिर्देशक दीपक काफ्लेले वैदेशिक रोजगारीमा पठाउनका लागि इजाजत पाएका ८५४ वटा म्यानपावर सबैले निवेदन दिन सक्ने तर यसका लागि कम्तीमा तीन वर्ष दर्ता भएको हुनुपर्ने जानकारी दिनुभयो। यसअघि नै सूचीकृत भएको र नवीकरण गराइसकेका इजाजतपत्रवाला संस्थाले पुनः सूचीकरण हुन नपर्ने पनि उहाँले जानकारी दिनुभयो।

# मह उत्पादनमा कमी भएपछि किसान चिन्तित

■ नवलपरासी समाचारदाता

कावासोती, पुस २० गते। पछिल्लो तीन वर्षयता मह उत्पादनमा कमी आउन थालेपछि मौरीपालक किसान चिन्तित बनेका छन्। नेपाल मौरीपालक किसान महासङ्घ गण्डकी प्रदेशका वरिष्ठ उपाध्यक्षसमेत रहनुभएका किसान लामिछाने तीन वर्षयता मह उत्पादनमा ५० प्रतिशतजति ह्रास आएको बताउनुभयो।

कावासोतीमा २० वर्षबाट मौरीपालन व्यवसाय गर्दै आउनुभएका चण्डिका लामिछानेका अनुसार विगत केही वर्षबाट मह उत्पादनमा निकै ह्रास आएको छ। लामिछानेका अनुसार मह उत्पादनमा ह्रास आउनुका कारण पछिल्लो समय कृषिमा प्रयोग हुने आधुनिक उपकरण र विषादी हो। पहिले खेती लगाउँदा एउटै सिजनमा पनि धेरै थरीका बाली लगाउने प्रचलन थियो।

आधुनिक उपकरण प्रयोगले किसानले पहिलेजस्तो थरीथरी बाली लगाउन छाडे। उनीहरूले प्रायः एउटै बाली लगाउँछन्। मेसिनबाट धेरै बाली स्याहार्न मिल्दैन। त्यसैले एकैपटक लगाउने र एकैपटक स्याहार्ने गर्दा मौरीले फूलको रस निश्चित समयसम्म मात्रै पाउँछन्। जसकारण मह उत्पादनमा ह्रास आएको लामिछाने बताउनुभयो।

लामिछाने २०५८ सालमा पाँच गोला (घार) बाट मौरीपालन व्यवसाय सुरु गर्नुभएको हो। उहाँसँग अहिले तीन सय घार मौरी छन्। उहाँले चार जनालाई रोजगारीसमेत दिनुभएको छ। आठ/दस वर्ष अघिसम्म एक घारमा ५०/६० केजीसम्म मह उत्पादन हुने गरेको अनुभव उहाँलाई छ। तर, अहिले ह्वात्तै घटेको छ। अहिले एक घारमा पाँच/दस केजी मह सङ्कलन हुन मुस्किल पर्न थालेको उहाँले बताउनुभयो।

देवचुलीका अर्का किसान राजेन्द्र रावलको गुनासो पनि उस्तै छ। २५ वर्षदेखि देवचुली–९ विशालटारमा मौरीपालन व्यवसाय गर्दै आउनुभएका रावलले एउटा घारबाट सुरु गरेको व्यवसाय अहिले एक सय घार पुगेको छ। उहाँले सुरुवातका दिनमा ४० देखि ६० केजीसम्म एउटा घारबाट मह उत्पादन हुने गरेको तर विगत केही वर्षबाट मह उत्पादनमा ह्रास हुँदै गयो।

Government of Nepal (GoN)
Ministry of Defence
Nepali Army
**Kathmandu Terai/Madhesh Fast Track (Expressway) Road Project**

**Invitation for Bids**

**Date of publication : 2078/09/21**

1. The Government of Nepal KTFT Road Project invites electronic bids from eligible bidders for the procurement of following items as under National Competitive Bidding procedures Specified in Public Procurement Act and Regulations.

| S.N. | Work Description/ Contract Identification No. | Bid Security Amount and Validity Period [NRs] | Bid Document Fee [NRs] | Submission Date and Time | Opening Date and Time | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | Supply and Installation of Surveillance System & Office Electronics Items (KTFT/NCB/GOODS/2078/79/07) | 1,13,000/- 90 days | 3,000/- | 2078/10/21 1200 hrs. | 2078/10/21 1300 hrs. | Amount Excluding Vat Rs.35,78,880.00 |
| 2. | Insurance of Light and Heavy Vehicles (KTFT/NCB/Ins/2078/79/8) | 1,60,000/- 90 days | 3,000/- | 2078/10/21 1200 hrs. | 2078/10/21 1300 hrs. | Amount Excluding Vat Rs.60,65,783.43 |
| 3. | Plantation Works (KTFT/NCB/Work/Plantation/078/79/2) | 7,50,000/- 90 days | 5,000/- | 2078/10/21 1200 hrs. | 2078/10/21 1300 hrs. | Single Stage Two Envelope Bidding procedures. |

2. The bidder may visit the bidding documents in e-GP system: www.bolpatra.gov.np/egp and Further more information and queries bidders can contact at the office of The Kathmandu-Terai/Madhesh Fast Track [Expressway] Road Project, Nepali Army Bhadrakali, *Telephone No :01-4267060 Email: ft-procmgmt@nepalarmy.mil.np* within office hour.

# उकालो यात्राको निरन्तरता

■ गोरखापत्र समाचारदाता



काठमाडौँ, पुस २० गते। साताको तेस्रो दिनको कारोबारमा सेयर बजार उकालो लागेको छ। मङ्गलबार नेप्से परिसूचक ६३.०१ अङ्कले बढेर २६७९.९५ को बिन्दुमा उक्लिएको छ। 'क' वर्गको कम्पनी मापक सेन्सेटिभ इन्डेक्स पनि १५.८५ अङ्कले बढेर ५०३.७२ को बिन्दुमा पुगेको छ। समग्रमा नेप्से २.४२ प्रतिशत र सेन्सेटिभ इन्डेक्स ३.२५ प्रतिशतले बढेको छ।

कुल २३४ कम्पनीमा ९१ लाख १० हजार ७५८ सेयर किनबेच हुँदा चार अर्ब ३२ करोड दुई लाख ६९ हजार ८२८ रुपियाँको कारोबार भएको छ।

कारोबारमा आएका १३ समूहमध्ये उत्पादन तथा प्रशोधन र अन्य समूहको परिसूचक ओह्रालो लागेको छ भने बाँकी सबै समूहको परिसूचक उकालो लागेर बजार बन्द भएको छ।

कारोबारका आधारमा नेपाल बङ्गलादेश बैङ्क अग्रस्थानमा रहेको छ। कम्पनीको १४ करोड ७७ लाख ५४ हजार ५५० रुपियाँको कारोबार हुँदा अन्तिम सेयर मूल्य ४०५ रुपियाँ पुगेको छ। दोस्रो स्थानमा नबिल बैङ्क रहेको छ। कम्पनीको १३ करोड नौ लाख रुपियाँभन्दा बढीको कारोबार हुँदा अन्तिम सेयर मूल्य एक हजार ११९ रुपियाँ कायम भएको छ। उच्च कारोबार गर्ने अन्य कम्पनीमा अपी पावर कम्पनी, हिमालयन डिस्टिलरी र माथिल्लो तामाकोसी रहेका छन्।

कारोबारबाट सबैभन्दा धेरै आम्दानी गर्नेमा श्री इन्भेस्टमेन्ट, सप्तकोसी डेभलपमेन्ट बैङ्क, मध्यभोटेकोसी जलविद्युत् कम्पनी रहेका छन्। यी कम्पनीका सेयर मूल्यमा १० प्रतिशतसम्म बढेका हुन्।

# किवी किसान चिन्तित



सिरिजङ्घा गाउँपालिका-५, पेदाङमा किवी खेती। तस्बिर : चन्द्र पन्दाक

■ ताप्लेजुङ समाचारदाता

ताप्लेजुङ, पुस २० गते। किवीको बजार अभाव हुँदा ताप्लेजुङसहित पूर्वका किसानले अपेक्षित मूल्य पाउन सकेका छैनन्।

सुरुमा धेरै राम्रो मूल्य आएकाले धेरै किसान किवी खेतीतर्फ आकर्षित भएका थिए तर अहिले सोचजस्तो मूल्य नआएपछि उनीहरू निराश बनेका छन्। लगानी नै डुब्ने चिन्तामा किसान परेका छन्।

पाँच/सात वर्षअघिदेखि ताप्लेजुङमा किसानले व्यावसायिक किवी खेती सुरु गरेका हुन्।

फुङ्लिङ नगरपालिका-७, दोखुका किसान राजकुमार गुरुङले किवीको बजार माग शून्यजस्तै रहेको बताउनुभयो। जिल्लामा अधिकांश किसानले एकै समयमा किवी खेती सुरु गरेकाले अहिले सबै ठाउँमा उत्पादन हुन थालेको गुरुङले बताउनुभयो। किवीको बजार नहुँदा उत्पादन धमाधम भए पनि आम्दानी लिनबाट किसान वञ्चित हुनुपरेको उहाँको भनाइ छ। उहाँका अनुसार जिल्लामा झन्डै एक हजार क्विन्टलको हाराहारीमा किवी उत्पादन हुन थालेको छ।

फुङ्लिङ नगरपालिका-६ का किसान हर्कराज गुरुङले पनि आम्दानी थाप्ने समयमा किवीले बजार नपाउँदा आफूहरू मारमा परेको बताउनुभयो। किवीको बजार अभावसँगै उचित मूल्य नपाउँदा खेतीमा संलग्न किसान मारमा पर्दै आएको अवस्थालाई दृष्टिगत गरी स्थानीय सरकारले बजार व्यवस्थापनमा सहयोग गर्नुपर्ने गुरुङले माग गर्नुभयो। शीतभण्डार (कोल्ड स्टोर)सहित प्रशोधन गर्ने व्यवस्था भएमा किसानलाई राहत पुग्ने उहाँको भनाइ छ।

सिरिजङ्घा गाउँपालिका-५, पेदाङकी कुमारी भण्डारी क्षेत्रीले पनि किवीबाट राम्रो फाइदा लिन नसकेकामा दुःख व्यक्त गर्नुभयो। शीतभण्डारको व्यवस्था भएमा किवीलाई लामो समयसम्म राखेर उपभोग गर्न सकिने भण्डारीको भनाइ छ। किवीलाई प्रशोधन गरेर जुस, वाइनलगायतका खाद्य तथा पेय पदार्थ उत्पादन गर्नसके मात्रै आम्दानी राम्रो हुने उहाँको निष्कर्ष छ। पाथीभरा याङ्वरक गाउँपालिका-३, तिरिङ्गेका किसान विजय डाँगीले किवीको बजार व्यवस्थाका लागि स्थानीय सरकार हुँदै प्रदेश र सङ्घीय सरकारबाट कुनै सहयोग नहुने हो भने किसानले लाखौँ आम्दानी गुमाउनुपर्ने अवस्था आउने बताउनुभयो। बजार व्यवस्थामा तीनै तहको सरकारको सहयोग भएमा किवी खेतीमा संलग्न किसानलाई ठूलो राहत पुग्ने डाँगीको भनाइ छ।

# कृषि उद्यममा आकर्षण

■ उदयपुर समाचारदाता

उदयपुर, पुस २० गते। उदयपुरमा कृषि उद्यमप्रति आकर्षण बढेको छ। सानो लगानी र सीपमा राम्रो फाइदा हुने भएपछि स्थानीयवासीको आकर्षण कृषि उद्यममा बढेको हो।

घरेलु तथा साना उद्योग कार्यालय उदयपुरका प्रमुख पाक्रम खाँ (चौधरी)का अनुसार विभिन्न आठ किसिमका उद्योगमध्ये कृषि तथा वन पैदावारमा धेरैको आकर्षण देखिएको हो।

जिल्लामा कुल उद्योग सङ्ख्या तीन हजार ९७८ मध्ये एक हजार ५९६ वटा कृषिसँग सम्बन्धित रहेका छन्। ऊर्जामूलक, उत्पादनमूलक, खनिज, पूर्वाधार, पर्यटन, सूचना प्रविधि, सेवामूलक र कृषि तथा वन पैदावार गरी आठ किसिमका उद्योग सो कार्यालयमा दर्ता हुन्छन्। कृषिअन्तर्गत माछापालन, पशुपालन, कुखुरापालन, दूध उत्पादन, मासु उत्पादन, च्याउखेती, फलफूलखेती, तरकारीखेती आदि पर्छन्। यी काम परापूर्व कालदेखि नै गर्दै आएको र कम लगानीबाट पनि सुरु गर्न सकिने उद्यमी रामकुमार राईको भनाइ छ। पछिल्लो समय यी व्यवसायमा पनि आधुनिकीकरण र व्यावसायीकरण भइरहेको छ।

कृषिअन्तर्गतका उद्योग र उद्यमीलाई सरकारले समेत सहुलियत कर्जा, प्राविधिक सहयोग, बीउबिजनको व्यवस्था गरेको छ। घरेलु कार्यालयलगायतबाट मेसिन, औजार अनुदानमा उपलब्ध गराउने गरिएको छ। यसले गर्दा पनि सर्वसाधारणको आकर्षण कृषि उद्योगतर्फ बढी भएको बताइएको छ।

## कर्पोरेट अर्थ

### काउन्टर विस्तार

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते। लक्ष्मी बैङ्कले काठमाडौँको नयाँ बानेश्वरस्थित नागरिक लगानी कोषमा एक्स्टेन्सन काउन्टर स्थापना गरेको छ। योसहित बैङ्कको एक्स्टेन्सन काउन्टर सङ्ख्या १० पुगेको बैङ्कले जनाएको छ।

### सिद्धार्थको सहयोग

काठमाडौँ, पुस २० गते। सिद्धार्थ बैङ्कले काठमाडौँको फसिकेब मार्गस्थित मारवाडी सेवा समितिलाई डायलासिस मेसिन खरिद गर्नका लागि १५ लाख रुपियाँ सहयोग प्रदान गरेको छ।

सो रकम बैङ्कका प्रमुख कार्यकारी अधिकृत सुन्दरप्रसाद कँडेलले मारवाडी सेवा समितिका महासचिव प्रमोद अग्रवाललाई हस्तान्तरण गर्नुभएको बैङ्कले जनाएको छ। मारवाडी सेवा समितिले डायलासिस मेसिन खरिद गरी राष्ट्रिय मिर्गौला उपचार केन्द्रसँगको प्राविधिक सहयोगमा गौशालास्थित पशुपति गौशाला धर्मशालाबाट निःशुल्क सेवा प्रदान गर्ने जनाएको छ।

### लाभांश पारित

काठमाडौँ, पुस २० गते। नेपाल एसबीआई बैङ्कको लाभांश पारित भएको छ। बैङ्कको मङ्गलबार काठमाडौँमा सम्पन्न साधारण सभाले ३.५० प्रतिशत बोनस र १.८१ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको जारी विज्ञप्तिमा उल्लेख छ। साधारण सभाले सर्वसाधारण सेयरधनीका तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्न अप्सरा उप्रेतीलाई निर्विरोध निर्वाचित गरेको बैङ्कले जनाएको छ।

### सानिमाको शाखा मलेखुमा

काठमाडौँ, पुस २० गते। सानिमा बैङ्कले धादिङको मलेखु बेनिघाट रोराङ-३ मा शाखा स्थापना गरेको छ।

शाखाको बैङ्कका निर्देशक बलराम पराजुली र बैङ्कका सद्भावनादूत रहेका हास्य कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले संयुक्त रूपमा उद्घाटन गर्नुभएको हो। योसहित बैङ्कको शाखा सङ्ख्या ११९ पुगेको छ।

### 'बेबी वार्मर' प्रदान

काठमाडौँ, पुस २० गते। ज्योति विकास बैङ्कले विभिन्न अस्पताललाई बेबी वार्मर (न्यायो नानी) प्रदान गरेको छ।

बैङ्कले संस्थागत सामाजिक उत्तरदायित्वका निम्ति स्थापित गरेको 'हाम्रो विकास कोष'मार्फत विभिन्न स्वास्थ्य चौकी एवं अस्पताललाई नवजात शिशुको शारीरिक तापक्रम उचित राख्न प्रयोग हुने बेबी वार्मर प्रदान गरेको हो।

बैङ्कले परवानीपुरको लिपानिविर्ता स्वास्थ्य चौकी, हेटौँडा अस्पताल, फापरबारीको बेतिनी सामुदायिक स्वास्थ्य चौकी, चन्द्रनिगाहपुरको चन्दनिगाहपुर अस्पताल र सुनसरीको इनरुवा अस्पताललाई बेबी वार्मर प्रदान गरेको जनाएको छ। अस्पतालले वितरण गरेका बेबी वार्मर राष्ट्रिय आविष्कार केन्द्रले स्वदेशमै निर्माण गरेको बैङ्कले जनाएको छ।

बैङ्कले १३औँ वार्षिकोत्सवको अवसरमा डा. महावीर पुनद्वारा प्रवर्द्धित राष्ट्रिय आविष्कार केन्द्रलाई एक दर्जन बेबी वार्मर निर्माणका लागि सहयोग प्रदान गरेको जनाएको छ।


नेपालको पहिलो बैंक

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

## प्रधान कार्यालय
### कर्जा असुली विभाग

## नेपाल बैंक लिमिटेडको सुरक्षणमा रहेको घरजग्गा लिलामीको ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७८।०९।२१)

यस बैंकका तपसिलका ऋणीहरूले निम्न शाखाबाट लिएको कर्जा अन्तर्गतको साँवा व्याज नियमित रूपमा नतिरेको हुँदा उक्त कर्जा असुलीका लागि पटक-पटक तरताकेता गर्दा पनि कर्जा चुक्ता नगरेकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सरोकारवालाले सम्बन्धित शाखामा सम्पर्क राखी कर्जा चुक्ता गर्न/गराउनुहुन यो अन्तिम मौका दिइएको छ। उक्त म्यादभित्र पनि कर्जा चुक्ता नगरेमा तपसिलमा उल्लेखित ऋणी (फर्मको हकमा साझेदारहरू समेत) र व्यक्तिगत जमानी दिनेलाई कालोसूचीमा नाम समावेश गर्नको लागि दिइने ३५ दिने सूचनाको म्याद आजैबाट प्रारम्भ भएको व्यहोराको साथै कर्जा सुरक्षणार्थ लेखिदिएको तपसिलमा उल्लेखित घर-जग्गा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक आफैंले लिलाम बिक्री गर्ने भएकोले उक्त लिलाममा डाँक बढाबढ गरी लिन चाहने इच्छुक महानुभावहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३६औं दिन (उक्त दिन बिदा परेमा सोको भोलिपल्ट) को बिहान ११.०० बजेदेखि यस बैंकको तपसिलमा उल्लेखित शाखामा उपस्थित भई आफूले सकार गर्न चाहेको मूल्यमा बोल-कबोल गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ।

लिलाम बढाबढमा सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले कबोल रकमको १० प्रतिशत रकम नगदै धरौटी स्वरूप तुरुन्तै बैंकमा जम्मा गर्नुपर्नेछ। कबोल रकममै बैंकले दिने निर्णय गरेमा त्यसको सूचना दिएको ३५ दिनभित्र बाँकी कबोल रकम जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी रकम जफत हुनेछ। कबोल मूल्यमा लिलाम बिक्री गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। उल्लेखित सुरक्षण घर-जग्गाको आवश्यक जानकारी चाहिएमा अफिस समयभित्र सम्बन्धित शाखामा सम्पर्क राखी लिन सकिनेछ।

### सि.अ. वीरगञ्ज

१ — हाइपोथिकेसन कर्जा

**ऋणी फर्म/कम्पनीको विवरण**
नेहा इटा उद्योग
ठेगाना : साविक औराहा-३, पर्सा
दर्ता नं. : ६०८७/०६९/७०, घरेलु तथा साना उद्योग कार्यालय,वीरगंज
मिति : २०६९/०६/२४
पान नं. : ३०३२०४१०९, वीरगंज
मिति : २०६५/०९/२९

**प्रोप्राइटर/सुरक्षणधनीको विवरण**
शरीता चौहान
ठेगाना : साविक वसन्तपुर-०४, पर्सा
पति : सुरेश प्रसाद चौहान
ससुरा : माया महतो चाई
ना.प्र.नं. ९४६५२२२५, पर्सा
मिति : २०५७/०५/१८



**सुरक्षणधनी/व्यक्तिगत धनजमानीकर्ताको विवरण**
राम प्रवेश प्रसाद चाई
ठेगाना :साविक वसन्तपुर-०४, पर्सा
बाबु : माया महतो चाई
बाजे : राजाराम महतो चाई
ना.प्र.नं. ०९४७२४४४, पर्सा
मिति : २०५९/०६/१६



**सुरक्षणधनी /व्यक्तिगत धनजमानीकर्ताको विवरण**
माया महतो चाई
ठेगाना : साविक बसन्तपुर-६, पर्सा
बाबु : राजाराम महतो चाई
बाजे : भुखल महतो चाई
ना.प्र.नं. ०७९००९६६, पर्सा
मिति : २०४०/०६/२५



गीता देवी चौहान
ठेगाना :साविक बसन्तपुर -०४, पर्सा
पति : राम प्रवेश प्रसाद चाई
ससुरा : माया महतो चाई
ना.प्र.नं. ३४१०११/३००, पर्सा
मिति : २०६७/०४/०९



**व्यक्तिगत धनजमानीकर्ताहरूको विवरण**
सुरेश प्रसाद चौहान
ठेगाना : साविक बसन्तपुर-४, पर्सा
बाबु : माया महतो चाई
बाजे : राजाराम महतो चाई
ना.प्र.नं. ०९४६२०१०, पर्सा
मिति : २०५२/०८/३०



राजकुमारी चौहान
ठेगाना : साविक श्रीसिया-२, पर्सा
पति : प्रमोद कुमार चौहान
ससुरा : माया महतो चाई
ना.प्र.नं. ८८७०१४००, पर्सा
मिति : २०५०/०८/२२



प्रमोद कुमार चौहान
ठेगाना :साविक बसन्तपुर-४,पर्सा
बाबु : माया महतो चाई
बाजे : राजाराम महतो चाई
ना.प्र.नं. ०९४६२२०१, पर्सा
मिति : २०५६/१२/२२



चम्पा देवी चाइन
ठेगाना :साविक बसन्तपुर -०६, पर्सा
पति : माया महतो चाई
ससुरा : राजाराम महतो चाई
ना.प्र.नं. ०७९००९६७, पर्सा
मिति : २०३५/०१/२४

**सुरक्षणको विवरण :**
क) राजाराम महतो चाईको नाति माया महतो चाईको छोरा रामप्रवेश प्रसाद चाईको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला, साविक वनकटवा-६ स्थित कि.नं. ७१ गा र ७७ को क्षेत्रफल क्रमश : ०-०-१२ र ०-०-५ बिगाहा जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
ख) भुखल महतो चाईको नाति राजाराम महतो चाईको छोरा माया महतो चाईको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला, साविक वनकटवा-६ स्थित कि.नं. १०९, ४४१, ४०६, ३४५ र ७३१ को क्षेत्रफल क्रमश : ०-१-२.५, ०-५-०, ०-७-०, ०-१-१० र ०-१५-० बिगाहा जग्गा, ऐ जिल्ला साविक वनकटवा-७ स्थित कि.नं. ९५४ क्षेत्रफल ०-८-० बिगाहा जग्गा र ऐ जिल्ला, साविक वनकटवा-५ स्थित कि.नं. ३०८ क्षेत्रफल ०-१९-१६ बिगाहा जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
ग) माया महतो चाईकी बुहारी सुरेश प्रसाद चौहानकी श्रीमती शरीता चौहानको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला, साविक वनकटवा-५ गा स्थित कि.नं. ११५, १०९ र १३९ को क्षेत्रफल क्रमश : ०-०-१४, ०-१-३-१२ र ०-२-५-९ बिगाहा जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

### सि.अ. जनकपुर

१. — व्यक्तिगत आवधिक कर्जा

**ऋणीको विवरण**
दिपेन्द्र कुमार घोष
ठेगाना : साविक लक्कड-९, धनुषा
बाबु : राम औतार घोष
बाजे : कृष्णानन्द घोष
ना.प्र.नं. १७३००९/१२, धनुषा
मिति : २०७०/०२/१२



**ऋणी/सुरक्षणधनीको विवरण**
प्रतिज्ञा देवी
ठेगाना : साविक लक्कड -९, धनुषा
पति : राम औतार घोष
ससुरा : कृष्णानन्द घोष
ना.प्र.नं. ज.ध. १६, धनुषा
मिति : २०४६/०७/१०



**व्यक्तिगत धनजमानीकर्ताको विवरण**
सुरेन्द्र कुमार घोष
ठेगाना :साविक लक्कड -९ , धनुषा
बाबु : राम औतार घोस
बाजे : कृष्णानन्द घोष
ना.प्र.नं. ५२७४२१८३, धनुषा
मिति : २०६२/०७/३०

**व्यक्तिगत धनजमानीकर्ताहरूको विवरण**
राम औतार घोष
ठेगाना : साविक लक्कड -९ , धनुषा
बाबु : कृष्णानन्द घोष
बाजे : बुढाई घोष
ना.प्र.नं. २५/०३२/३३, धनुषा
मिति : २०३२/०७/१२

रबिन्द्र कुमार घोष
ठेगाना : साविक लक्कड -९ , धनुषा
बाबु : राम औतार घोष
बाजे : कृष्णानन्द घोष
ना.प्र.नं. ५२७४१८८४, धनुषा
मिति : २०५८/१०/२१

**सुरक्षणको विवरण**
कृष्णानन्द घोषकी बुहारी राम औतार घोषकी श्रीमती प्रतिज्ञा देवीको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, साविक हट्टिपुर, हडवारा-८ स्थित कि.नं. ४१० को क्षेत्रफल ०-१४-१०-० बिगाहा जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२ — व्यक्तिगत आवधिक कर्जा

**ऋणी/सुरक्षणधनीको विवरण**
कुसुम कुमारी साहु सुडी पजियार
ठेगानाः साविक बल्हाकठाल-७, धनुषा
पतिः राम नारायण साहु सुडी
ससुरा : गुदरी साह सुडी
ना.प्र.नं. ०६२००९५६, धनुषा
मिति : २०३३/१०/०७



**ऋणीको विवरण**
प्रमानन्द पजियार
ठेगाना : साविक बल्हाकठाल-८, धनुषा
बाबु : राम नारायण साहु सुडी
बाजे : गुदरी साह सुडी
ना.प्र.नं. ०६२०४७६९, धनुषा
मिति : २०५४/०५/१२



**व्यक्तिगत धनजमानीकर्ताको विवरण**
नैनतारा नायक
ठेगाना : जनकनन्दिनी-६ , धनुषा
पति : विजय पजियार
ससुरा : राम नारायण साह सुडी
ना.प्र.नं. १७-०१-७४-०४३१७, धनुषा
मिति : २०७४/०४/०३


**व्यक्तिगत धनजमानीकर्ताहरूको विवरण**
नन्द कुमार पंजियार
ठेगाना : साविक बल्हाकठाल-८, धनुषा
बाबु : राम नारायण साह सुडी
बाजे : गुदरी साह सुडी
ना.प्र.नं. ०६२०४८०७, धनुषा
मिति : २०५५/०४/०१




ममता कुमार पुर्वे
ठेगाना : साविक बल्हाकठाल-८, धनुषा
पति : नन्द कुमार पंजियार
ससुरा : राम नारायण साह सुडी
ना.प्र.नं. १७१००५/१२५ , धनुषा
मिति : २०६३/११/१८



विजय पंजियार
ठेगाना :साविक बल्हाकठाल-७, धनुषा
बाबु : राम नारायण साह सुडी
बाजे : गुदरी साह सुडी
ना.प्र.नं. ०६२०५१९०, धनुषा
मिति : २०६२/०३/२०



राम नारायण साहु सुडी
ठेगानाः साविक बल्हाकठाल-७, धनुषा
बाबु : गुदरी साह सुडी
बाजे : मिसन पजियार
ना.प्र.नं. ०६२००८५५, धनुषा
मिति : २०३३/११/०९



राधा पंजियार
ठेगानाः साविक बल्हाकठाल-८, धनुषा
पति : प्रमानन्द पंजियार
ससुरा :राम नारायण साह सुडी
ना.प्र.नं. ०६२०५३२, धनुषा
मिति : २०५९/१०/१५



**सुरक्षणको विवरण**
गुदरी साह सुडीकी बुहारी राम नारायण साहु सुडीकी श्रीमती कुसुम कुमारी साहु सुडी पजियारको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, साविक जनकपुर-१ स्थित कि.नं. ४९१ को क्षेत्रफल ०-०-५-३ बिगाहा जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

### बजारअड्डा शाखा

१. — हाइपोथिकेसन/व्यक्तिगत अधिविकर्ष/अटो कर्जा

**ऋणी फर्म/कम्पनीको विवरण**
न्यू सिंगर सिलाई मेशिन
ठेगाना : साविक विराटनगर-०७, मोरङ
दर्ता नं. : २३४६६/०६७/०६८, घरेलु तथा साना उद्योग कार्यालय, विराटनगर
मिति : २०६७/११/०४
पान नं. : ३०४७००५७८, विराटनगर
मिति : २०६७/११/०४

**प्रोप्राइटर/ऋणीको विवरण**
मखदुमा अंसारी
ठेगाना : साविक विराटनगर-७, मोरङ
पति : मोहम्मद समिर
ससुरा : समिम मियाँ
ना.प्र.नं. ९७९४, मोरङ
मिति : २०६५/०२/२०



**ऋणी/सुरक्षणधनीको विवरण**
समिम मियाँ
ठेगाना :साविक विराटनगर-७, मोरङ
बाबु : हलिम मियाँ
बाजे : अब्दुल रहिम
ना.प्र.नं. ६३४९, मोरङ
मिति : २०३८/०३/३०



**ऋणी/धनजमानीकर्ताको विवरण**
मोहम्मद समीर
ठेगाना : साविक विराटनगर-७, मोरङ
बाबु : समिम मियाँ
बाजे : हलिम मियाँ
ना.प्र.नं. २७, मोरङ
मिति : २०४६/१२/१२



**धनजमानीकर्ताहरूको विवरण**
चानु विवि
ठेगाना : साविक विराटनगर-७, मोरङ
पति : समिम मियाँ
बाजे : हलिम मियाँ
ना.प्र.नं. १५५६, मोरङ
मिति : २०३८/१०/२१



साकिब अन्सारी
ठेगाना : साविक विराटनगर-७, मोरङ
बाबु : मोहम्मद समीर
बाजे : समिम मियाँ
ना.प्र.नं.०५-०१-७२-०८९८२,मोरङ
मिति : २०७२/११/१३



**सुरक्षणको विवरण**
अब्दुल रहिम समसुलको नाति अब्दुल हलिम मियाँको छोरा समिम अन्सारी मियाँ भन्ने समिम मियाँको नाममा मालपोत कार्यालय मोरङमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला, साविक विराटनगर-७ स्थित कि.नं. १३० को क्षेत्रफल १५५.६० व.मि. जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।


कोरोना भाइरसबाट बच्न नियमित रूपले साबुनपानीले मिचिमिचि हात धुने गरौँ !

प्रथम अनमोल स्मृति पुरुष खुला बास्केटबल प्रतियोगितामा मङ्गलबार विशाल मिलन केन्द्र, टाइम्स र रोयलले जित हात पारेका छन्।



# क्रिकेटको भविष्यका लागि एक ढिक्का हुने प्रण



नेपाली क्रिकेट टिम मङ्गलबार बन्द प्रशिक्षणमा।

तस्बिर : गोरखापत्र

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते। नेपाल क्रिकेट सङ्घ (क्यान) र राष्ट्रिय क्रिकेटरबीचको विवाद समाप्त भएको छ। नेपाली क्रिकेट टिमका पूर्वकप्तान ज्ञानेन्द्र मल्लले मङ्गलबार विवाद सकिएको भनाइ राखेपछि अब नेपाली क्रिकेटमाथि परिरहेको कालो बादल हटेको हो। ज्ञानेन्द्रले भन्नुभयो, "क्यानसँगको विवाद समाप्त भएकोले हामी प्रशिक्षणमा छौँ। हुनत त्यो विवाद पनि थिएन, एक–दुई विषयमा असन्तुष्टि थियो र त्यसबारे स्पष्ट पार्न मात्र भनेका थियौँ तर त्यसलाई विवाद बनाइयो।"

गत महिना क्यानले अनुशासन उल्लङ्घन गरेको भन्दै ज्ञानेन्द्रलाई राष्ट्रिय क्रिकेट टिमबाट हटायो। यति मात्र होइन उपकप्तान दीपेन्द्रसिंह ऐरीले पनि आआफ्नो पद गुमाउनुभयो। यी दुईसहित अलराउन्डर सोमपाल कामी र कमलसिंह ऐरीलाई सन् २०२२ को सेन्ट्रल कन्ट्याक्टमा सुरुको छ महिनामा सहभागी नगराउने निर्णय भयो। ज्ञानेन्द्रको ठाउँमा सन्दीप लामिछाने नयाँ कप्तान बन्नुभयो। सेन्ट्रल कन्ट्याक्टको विषयलाई सार्वजनिक रूपमा विरोध गरेको भन्दै क्यानले यी खेलाडीलाई अनुशासनको दायरामा ल्याएको हो।

खासगरी खेलाडी वर्गीकरणका विषयलाई लिएर यी खेलाडीहरूले मिडियामा बोलेका थिए। यसले क्यानले आचारसहिंताको उल्लङ्घन भएको ठहर गरेर खेलाडीहरूलाई कारबाही गरेको हो। क्यानका अध्यक्ष चतुरबहादुर चन्दले निवर्तमान कप्तान ज्ञानेन्द्रले टिममा गुट बनाएको अन्य खेलाडीलाई समेत भड्कएर नयाँ खेलाडीलाई क्यानविरुद्ध प्रयोग गरेको आरोप लगाउनुभयो भने पदमुक्त ज्ञानेन्द्रले खेलाडी वर्गीकरणमा टिमका धेरै खेलाडीको असन्तुष्टि रहेको हुँदा आफूले एक कप्तानको जिम्मेवारी बहन गर्दै आफ्ना खेलाडीहरूको पक्षमा आवाज उठाएको भनाइ राख्दै आउनुभयो।

"पछिल्लो पटक वर्गीकरणको समस्या थियो र यसपटक पनि सोही समस्या दोहरिएपछि आवाज उठाएका हौँ। वर्गीकरण ढिलो भइसकेको थियो। सो वर्गीकरणको मापदण्डबारे पनि हामीलाई जानकारी गराइएको थिएन। त्यसैले यस पटक छुटेका खेलाडी जसले अन्तर्राष्ट्रिय क्रिकेटमा शानदार प्रदर्शन गरेका छन् उहाँहरूलाई पनि समावेश गरौँ र अर्को वर्षदेखि क्यानको मापदण्डअनुसार वर्गीकरण गरौँ भनेर अनुरोध गरेका थियौँ। जुन हुन सकेन। ग्रेडिङ खेलाडीहरूका लागि ठूलो सम्मान हो। यसलाई भित्रै बसेर सल्टाउने प्रयास गरेका हौँ। यसरी नै पहिले छलफल भएको भए, यो मुद्दाले यति ठूलो रूप लिने थिएन तर जे हुन्छ, राम्रोकै लागि हुन्छ। अब सबैले सतर्क भएर आआफ्नो जिम्मेवारी निर्वाह गर्नेछन्। त्यसैले यसलाई सकारात्मक रूपमा पनि लिनुपर्छ," ज्ञानेन्द्रले भन्नुभयो।

उहाँले खेलाडीबीच कुनै मनमुटाव नरहेको पनि स्पष्ट पार्नुभयो। क्यानले ज्ञानेन्द्रलाई हटाएर सन्दीप लामिछानेलाई कप्तानमा नियुक्त गरेको थियो। त्यसपछि खेलाडीबीच नै फाटो आउन सक्ने हल्ला पनि चले तर ज्ञानेन्द्रको भनाइ छ, पछिल्ला १०–१२ वर्षदेखि सँगै खेलिरहेका छौँ। त्यस्तो समस्या छैन। खासै भन्ने हो भने बोर्डसँग पनि खासै समस्या छैन। मुख्य कुरा अहिले सबैले आआफ्नो अहंकारलाई अलग राखेर नेपाली क्रिकेटको भविष्यका लागि एक ढिक्का भएर अगाडि बढ्नुपर्छ। विश्वकप टी–२० छनोटजस्तो महत्त्वपूर्ण प्रतियोगिता नजिक थियो। यही लक्ष्यमा अगाडि बढ्नु पर्छ भनेर पनि हामी फर्केका छौँ। नेपाली टोलीका मुख्य प्रशिक्षक पुबुदु दसानायकेले ३० सदस्यीय प्रारम्भिक टोलीको घोषणा गरेपछि रिपोर्टिङको दिन ज्ञानेन्द्रसहित केही खेलाडीको अनुपस्थिति रहेपछि विवादबारे थप अन्योल नभएको होइन।

अनुशासनको कारबाहीमा परेका खेलाडीहरूले खेलाडीको भत्ता वृद्धि, खेलाडी वर्गीकरण, बीमाबारे र रिह्याबको मुद्दा उठाएका थिए। यसैगरी ज्ञानेन्द्रका अनुसार त्रिदेशीय प्रतियोगिता जितेपछि सरकारले पुरस्कारको विषयलाई लिएर गर्नुपर्ने पहल र प्रायोजनमा खेलाडीलाई पहिलेको जस्तै २० प्रतिशत छुट्याएको छ वा छैनबारे बुझ्न चाहेका थिए। ज्ञानेन्द्रका अनुसार क्यानसँग सकारात्मक छलफल भएको छ। उहाँले भनुभयो, आगामी सत्रदेखि भत्ता बढाउने, क्यानले कारबाही फिर्ता, वर्गीकरणमा छुटेका तीन खलाडीबारे पनि 'इन्सेन्टिभ' दिने वाचा गर्नुभएको छ।

ज्ञानेन्द्रले कप्तान पद गुमाउनु पर्दा भने केही गाह्रो भएको स्वीकार गर्नुभयो । यतिका वर्ष क्रिकेट खेल्यौँ तर आफ्ना खेलाडीबारे आवाज उठाउँदा आरोपसहित कप्तानबाट निकालिँदा दुःख नलागेको होइन तर जीवन भनेको अगाडि बढ्नुपर्छ। सधैँ कप्तान बन्नुपर्छ भन्ने पनि होइन र त्यस्तो सोचाइ पनि छैन। मैले सधैँ देश, समर्थक, आफ्नो र परिवारका लागि क्रिकेट खेल्दै आएको छु र सो भावना निरन्तर रहनेछ," उहाँले भन्नुभयो।

# म्यान्चेस्टर युनाइटेडविरुद्ध वोल्भ्सलाई सफलता

म्यान्चेस्टर, पुस २० गते। इङ्गलिस प्रिमियर लिगमा वोल्भ्सले सोमबार राति म्यान्चेस्टर युनाइटेडलाई १–० ले स्तब्ध पारेको छ। प्रशिक्षक राल्फ राग्निचको नेतृत्वमा म्यान्चेस्टर युनाइटेडको यो पहिलो हार भएको छ। राग्निचको प्रशिक्षकत्वमा म्यान्चेस्टर युनाइटेड पछिल्ला छ खेलमा अपराजित थियो।

खेलको ८२औँ मिनेटमा जाओओ मोन्टिन्होले गोल गरी वोल्भ्सलाई म्यान्चेस्टर युनाइटेडविरुद्ध उसकै घरेलु मैदानमा जित दिलाउनुभयो। वोल्भ्सले ओल्ड ट्राफर्डमा सन् १९८० पछि जित हात पारेको हो। म्यान्चेस्टर युनाइटेडको खेलमा वोल्भ्स जितको हकदार पनि थियो। वोल्भ्सले म्यान्चेस्टरको गोलपोस्टमा कुल १९ प्रहार गरेको थियो। जसमध्ये १५ प्रहार पहिलो हाफमा मात्र थिए। सो खेलमा म्यान्चेस्टर युनाइटेडका क्रिस्टियानो रोनाल्डोले बल गोलपोस्टमा छिराउनुभएको थियो तर उहाँको गोल अफसाइड बन्यो। म्यान्चेस्टर युनाइटेड सातौँ स्थानमा छ। शीर्ष स्थानमा रहेको म्यान्चेस्टर सिटीभन्दा म्यान्चेस्टर युनाइटेड २२ अङ्कले पछाडि परिसकेको छ।

## एम्बापेको ह्याट्रिक

पेरिस। किलियन एमबापेको ह्याट्रिकको सहयोगमा फ्रेञ्च कपको उपाधि रक्षा अभियानमा रहेको पेरिस सेन्ट जर्मेन (पीएसजी)ले सोमबार राति चौथो श्रेणीको भेन्सलाई ४–० ले हराएर अन्तिम १६ मा आफूलाई पुर्‍याएको छ। पहिलो गोल डिफेन्डर प्रेस्नेल किम्पेम्बेले खेलको २८औँ मिनेटमा गर्नुभएको थियो। त्यसपछि उत्तरार्द्धमा एमबापेले तीन गोल थप्नुभयो। लियोनेल मेसीले कोरोना सङ्क्रमित भएको कारण सो खेलमा सहभागिता जनाउन सक्नुभएन।

## सेभियाको कठिन जित

स्पेनी लिगमा दोस्रो स्थानमा रहेको सेभियाले सोमबार राति रेलिगेसनको खतरामा रहेको काडिजलाई १–० ले हराएको छ। खेलको ५८औँ मिनेटमा लुकास ओकम्पोसले इभान राकिटिकको पासमा निर्णायक गोल गर्नुभएको हो। लुकास नै 'म्यान अफ दी म्याच' घोषित हुनुभयो। शीर्ष स्थामा रहेको रियल म्याड्रिडभन्दा एक खेल कम खेलेको सभियाले सो टिमसँगको अङ्क दूरी पनि पाँचमा झारेको छ। एपी

# चार महिला भलिबल खेलाडी सम्मानित

■ स्याङ्जा समाचारदाता

पोखरा, पुस २० गते। गण्डकी प्रदेश सरकारले बङ्गलादेशमा 'एसियन सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपको उपाधि जित्ने नेपालका चार खेलाडीलाई नगदसहित सम्मान गरेको छ।

युवा तथा खेलकुदमन्त्री राजीव गुरुङ (दीपक मनाङे)ले नेपाली राष्ट्रिय महिला भलिबल टोलीमा गण्डकीबाट प्रतिनिधित्व गरी एसियन सेन्ट्रल जोन भलिबलमा उपाधि जित्ने टोलीका सदस्यलाई जनही ५० हजार रुपियाँ तथा प्रशंसापत्रले सम्मान गर्नुभयो।

राष्ट्रिय टोलीकी कप्तान अरुणा शाही (म्याग्दी), साफिया पुन (बागलुङ), उषा भण्डारी (तनहुँ) र शान्तिकुमारी थारू (नवलपरासी) सम्मानित हुनुभएको हो।

नेपाल भलिबल सङ्घका कार्यवाहक अध्यक्ष एवं टोलीका व्यवस्थापक यामबहादुर गुरुङलाई पनि प्रशंसापत्रबाट सम्मान गरिएको थियो। नेपाली महिला भलिबल टोलीले गत साता बङ्गलादेशमा भएको सो प्रतियोगितामा फाइनलमा बलियो उज्वेकिस्तानलाई पराजित गर्दै उपाधि रक्षा गरेको थियो।

# बङ्गलादेश कराँतेमा नेपाललाई चार स्वर्ण



■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते। बी–जी कराँते च्याम्पियनसिप २०२१ मा नेपालले चार स्वर्ण पदक हात पारेको छ। बङ्गलादेश गोजुरियो कराँते महासङ्घको सहयोग तथा बङ्गलादेश बशप सङ्घको आयोजनामा बङ्गलादेशमा सम्पन्न प्रतियोगितामा स्वर्ण पदक प्राप्त गर्ने खेलाडीमा डिजेन डोल्मा लामाले कुमिते र कातामा गरी दुई स्वर्ण पदक जित्नुभयो। यसैगरी पासाङ तामाङले ७० केजी तौलको कातामा र ग्याल्मो सोमिका लामाले ३५ केजी तौलको कुमितेतर्फ स्वर्ण पदक हात पारेको टिम व्यवस्थापक रामकुमार श्रेष्ठले जानकारी गराउनुभयो।

नेपाली टोलीले थप दुई रजत र पाँच कांस्य पदक पनि जोडेको छ। कुमितेअतर्गत ७० केजीमा पासाङ तामाङ र ६५ केजी समूहमा राजदेव बमजनले रजत पदक प्राप्त गर्नुभयो। यसैगरी रवीन्द्र कुँवरले युरोडिस रोक्का, उमेश भण्डारी, तथा उमङ्ग बुढाथोकीले आआफ्नो समूहमा कांस्य पदक हासिल गर्नुभयो।

# अन्तर्राष्ट्रिय

## दुर्घटनामा चौध जनाको मृत्यु

■ एएनआई/स्पुतनिक

डोडोमा (तान्जानिया), पुस २० गते। दक्षिणी तान्जानियामा एउटा कार भीडमा ठोक्किँदा १४ जनाको मृत्यु भएको छ भने २२ जना घाइते भएको राष्ट्रपति कार्यालयले सोमबार जनाएको छ।

प्रहरीका अनुसार दक्षिणपूर्वी मटवारा क्षेत्रको लिदुम्बे गाउँमा आइतबार अबेर राति उक्त दुर्घटना भएको हो। दुर्घटनाको कारण कार तीव्र गतिमा रहेको र चालकले नियन्त्रण गुमाउँदा उक्त दुर्घटना भएको बताइएको छ। तान्जानियाका राष्ट्रपति सामिया सुलुहु हसनले उक्त दुर्घटनाप्रति दुःख व्यक्त गर्नुभएको छ।

## ओगासावारा टापुमा ६.३ म्याग्निच्युडको भूकम्प

■ रासस/एएनआई/सिन्हवा

टोकियो (जापान), पुस २० गते। जापानको टोकियो प्रिफेक्चरको ओगासावारा टापुमा मङ्गलबार ६.३ म्याग्निच्युडको भूकम्प गएको जापान मौसम विज्ञान निकाय (जेएमए)ले जनाएको छ।

स्थानीय समयअनुसार बिहान ६ बजे भूकम्प गएको थियो। भूकम्पको केन्द्रबिन्दु २७.१ डिग्री उत्तर अक्षांश र १४२.५ डिग्री पूर्वी{ देशान्तरको ७० किलोमिटर गहिराइमा थियो। जापानको भूकम्पीय तीव्रताको मापनमा ओगासावारा टापुका केही भागमा सात रेक्टरकेलको भूकम्प गएको थियो। तर, अहिलेसम्म सुनामीको चेतावनी भने जारी गरिएको छैन।

## पहिरोमा परेर पाँच जनाको मृत्यु, नौ जना बेपत्ता

■ रासस/एएनआई

गुइयाङ (चीन), पुस २० गते। दक्षिण–पश्चिम चीनको गुइझोउ प्रान्तको बिजी सहरमा निर्माणस्थलमा गएको पहिरोमा परी पाँच जनाको मृत्यु भएको छ भने अन्य नौ जना बेपत्ता भएको स्थानीय अधिकारीले मङ्गलबार जानकारी दिएका छन्।

सोमबार साँझ ७ बजेतिर पहिरो खसेको बिजी नगरपालिकाको सरकारले जनाएको छ। मङ्गलबार बिहान ७ बजेसम्म आठ जनाको उद्धार गरिएको छ। तीमध्ये तीन जनाको स्थानीय अस्पतालमा उपचारका लागि पठाइएको र अवस्था स्थिर रहेको छ भने अन्य पाँच जनाको मृत्यु भएको पुष्टि भएको छ। आपतकालीन दमकल र सार्वजनिक सुरक्षा विभागका ७२० भन्दा बढी कर्मचारी बेपत्ता व्यक्तिहरूको खोजी गर्न घटनास्थलमा पुगेका छन्।

## भारतमा पन्ध्रदेखि अठार वर्ष उमेर समूहकालाई खोप

■ रासस/सिन्हवा

नयाँ दिल्ली, पुस २० गते। भारत सरकारले यहाँका १५ देखि १८ वर्ष उमेरका युवायुवतीलाई कोरोनाविरुद्धको खोप लगाउन सुरु गरेको छ। ओमिक्रोन भाइरसका सङ्क्रमित बढ्दै गएपछि सरकारले यो उमेर समूहका नागरिकलाई खोप लगाउन थालेको अधिकारीले जनाएका छन्।

सरकारले यो उमेर समूहका बालबालिकालाई खोप लगाउनका लागि अनलाइन दर्ता गर्न माग गरेको थियो। सोहीबमोजिम यहाँका करिब १२ लाख युवायुवतीले खोपका लागि सरकारको अनलाइनमा दर्ता गराएको बताइएको छ। भारतको मध्यप्रदेशमा कोरोना भाइरस केही दिनयता निकै अनियन्त्रित रूपमा बढिरहेको बताइएको छ। नयाँ सङ्क्रमितको वृद्धि हेर्दा कोरोना भाइरसले तेस्रो लहरको सङ्केत दिएको यहाँका अधिकारीले जनाएका छन्।

भारतको मध्यप्रदेश राज्यमा मात्र सोमबार २२१ जना ओमिक्रोन भेरियन्टका सङ्क्रमित भेटिएका छन्। एक हप्ताअघिसम्म यहाँ ४२ जना मात्र ओमिक्रोन सङ्क्रमित थिए। गएको सात दिनभित्र मात्र नयाँ सङ्क्रमितको सङ्ख्यामा पाँच सय प्रतिशतले वृद्धि भएको स्वास्थ्य अधिकारीले जनाएका छन्।

यहाँका स्वास्थ्यसम्बन्धी अधिकारीले आगामी १० जनवरीदेखि हरेक दिन यस प्रदेशमा एक हजारभन्दा बढी ओमिक्रोनकै सङ्क्रमित आउने अनुमान गरिएको बताएका छन्। अहिलेसम्म सरकारले केही थप प्रतिबन्ध लगाउनेबारे केही नयाँ निर्णय भने गरेको छैन तर पनि यस विषयमा सरकारले विचार गर्न सक्ने पनि उनीहरूले जनाएका छन्।

भारतमा गत २४ घण्टामा कोरोना भाइरसबाट थप ३७ हजार ३७९ सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलबार जानकारी दिएको छ। यससँगै भारतमा कोरोना सुरु भएदेखि हालसम्म तीन करोड ४८ लाख आठ हजार ८८६ जना सङ्क्रमित भएका छन्। गत २४ घण्टामा भएका सङ्क्रमितमध्ये एक हजार ८९२ जना भने ओमिक्रोन भेरियन्टका सङ्क्रमित रहेका पनि समाचारमा जनाइएको छ। सोही अवधिमा थप १२४ जनाको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ।

### दक्षिण कोरियामा ओमिक्रोनबाट मृत्यु

■ रासस/सिन्हवा

सोल, पुस २० गते। दक्षिण कोरियामा कोरोना भाइरसको घातक सङ्क्रमण भनिएको ओमिक्रोनका सङ्क्रमित बढेको बताइएको छ। यस भाइरसबाट दुई जनाको ज्यान गएको छ। दक्षिण कोरियामा यो सङ्क्रमणबाट पहिलो पटक दुई जनाको ज्यान गएको समाचारमा जनाइएको छ।

यो भेरियन्ट निकै घातक रहेको भनेर यसविरुद्धमा व्यापक सतर्कता अपनाउनुपर्ने भनिएकोमा पहिलो पटक दुई जनाको ज्यान गएको यहाँका स्वास्थ्य अधिकारीले जनाएका छन्। यहाँ डिसेम्बरको सुरुतिर यो भेरियन्ट भेटिएको थियो। गत डिसेम्बर २७ मा एक र २९ तारिखमा अर्को एक जनाको ज्यान गएको अधिकारीहरूले जनाएका छन्।

## सुडान हिंसाको राष्ट्रसङ्घद्वारा निन्दा

■ रासस/सिन्हवा

संयुक्त राष्ट्रसङ्घ, पुस २० गते। संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेर्रेसले सुडानमा भएको हिंसाको निन्दा गर्नुभएको छ। उहाँले सुडानमा निरन्तर रूपमा बढ्दै गएको प्रदर्शनकारी माथिको हिंसाको निन्दा गर्नुभएको हो।

यहाँ सरकारका विरुद्धमा विगत लामो समयदेखि प्रदर्शन जारी रहेको छ। सो प्रदर्शनका विरुद्धमा यहाँका प्रहरीले प्रदर्शनकारीमाथि आक्रमण गरिरहेका छन्। सुडानमा भएको आन्दोलनमा भएको हिंसाको विरोध गर्दै महासचिव गुटेर्रेसले प्रहरीलाई संयमता अपनाउन आग्रह गर्नुभएको छ। उहाँले भन्नुभएको छ, "यो प्रदर्शनका क्रममा कैयौँ व्यक्तिको ज्यान गएको छ, प्रहरीले नागरिकको शान्तिपूर्ण रूपमा भेला हुने र आफ्ना असहमतिका विषयमा शान्तिपूर्ण रूपमा प्रदर्शन गर्न पाउने अधिकारको सुरक्षा गर्नुपर्छ।"

महासचिवका प्रवक्ता स्टेफान डुजारिकले यस्तो अवस्थामा सुडानमा शान्तिपूर्ण रूपमा राजनीतिक निकासको खोजी गर्न आग्रह गरिएको छ। यहाँको राजनीतिक अवस्था निकै सङ्कटपूर्ण अवस्थामा पुगेको बताइएको छ। साथै महासचिव गुटेर्रेसले यहाँका सबै राजनीतिक शक्ति र पार्टीलाई वार्ताको टेबुलमा बसेर शान्तिपूर्ण निकास खोज्ने काममा लाग्न पनि आग्रह गर्नुभएको छ।

सुडानका प्रधानमन्त्री अब्दुल्लाह हामदोकले गत आइतबार आफ्नो पदबाट राजीनामा दिनुभएको थियो। राजनीतिक सङ्कट थप बढ्दै गएका बेला उहाँले आफ्नो पदबाट राजीनामा दिनुभएको समाचारमा जनाइएको छ। नागरिक शासन बहाल गर्न माग गर्दै प्रदर्शन चर्किएपछि प्रधानमन्त्री अब्दुल्लाह हामदोकले राजीनामा दिनुभएको बताइएको छ। टेलिभिजनमार्फत देशवासीलाई सम्बोधन गर्दै प्रधानमन्त्री हामदोकले राजीनामा घोषणा गर्नुभएको थियो। देशलाई अप्ठ्यारो अवस्थामा फस्नबाट जोगाउन आफूले सक्दो प्रयास गरेको तर सहमतिमा पुग्न नसकेको बताउँदै उहाँले भन्नुभयो, "मैले जिम्मेवारी फिर्ता गर्ने निर्णय गरेको छु र प्रधानमन्त्रीका रूपमा मेरो राजीनामा घोषणा गरेको छु।"

सुडान एक 'खतरनाक मोड'मा रहेको बताउँदै उहाँले सङ्क्रमणकालीन अवधिको बाँकी काम पूरा गर्न मद्दत गर्ने बताउनुभएको छ। गत अक्टोबर महिनामा सेनाले 'कू' गर्दै सत्ता कब्जा गरेपछि हामदोकलाई नजरबन्दमा राखेको थियो। त्यसपछि केही हप्ताअगाडि मात्रै उहाँलाई सेनाले प्रधानमन्त्रीमा पुनः बहाली गरेको थियो। सुडानी नागरिकले सेनासँगको सम्झौता नमान्ने र पूर्ण नागरिक शासन बहाल हुनुपर्ने माग गर्दै आएका छन्।

## अमेरिकामा एकै दिन दश लाखभन्दा बढी सङ्क्रमित

■ रासस/सिन्हवा

वासिङ्टन, पुस २० गते। संयुक्तराज्य अमेरिकामा सोमबार एकै दिनमा १० लाखभन्दा बढीमा कोभिड–१९ सङ्क्रमण देखिएको जोन्स हप्किन्स विश्वविद्यालयको तथ्याङ्कले देखाएको छ। विगत २४ घण्टामा करिब दस लाख सत्तरी हजार नयाँ सङ्क्रमण पुष्टि भएको देखिएको छ। जुन विश्वमा फैलिएको कोभिड महामारीको सबैभन्दा नराम्रो स्थिति हो।

नयाँ कोभिड–१९ मामिलाको सङ्ख्या पछिल्लो सात दिनमा दोब्बर बढेर प्रतिदिन औसत चार लाख १८ हजार पुगेको छ। भाइरसको द्रुत फैलावटले देशको स्वास्थ्य सेवा प्रणालीमा थप दबाब मात्र दिएको छैन, यसले अर्थतन्त्रलाई एक पटक फेरि नराम्रोसित प्रभाभित गरेको छ। जसले गर्दा श्रमिकको अभाव, हजारौँ उडान रद्द र केही व्यवसायीले फेरि आफ्नो ढोका बन्द गर्न बाध्य भएका छन्।

## नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

२०७८ साल पुस २१ गते (जनवरी ५, २०२२) बुधबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु. १६०।०० | रु. १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को | रु. ११८।९९ | रु. ११९।५९ |
| युरो | १ को | रु. १३४।५१ | रु. १३५।१८ |
| पाउन्ड स्टर्लिङ | १ को | रु. १६०।७६ | रु. १६१।५७ |
| स्विस फ्रैङ्क | १ को | रु. १२९।६४ | रु. १३०।२९ |
| अस्ट्रेलियन डलर | १ को | रु. ८५।८२ | रु. ८६।२५ |
| क्यानेडियन डलर | १ को | रु. ९३।३६ | रु. ९३।८३ |
| सिङ्गापुर डलर | १ को | रु. ८७।७९ | रु. ८८।२४ |
| जापानी येन | १० को | रु. १०।२७ | रु. १०।३३ |
| चिनियाँ युआन | १ को | रु. १८।६७ | रु. १८।७६ |
| साउदी अरब रियाल | १ को | रु. ३१।६९ | रु. ३१।८४ |
| कतारी रियाल | १ को | रु. ३२।६८ | रु. ३२।८५ |
| थाई भाट | १ को | रु. ३।५८ | रु. ३।६० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | रु. ३२।४० | रु. ३२।५६ |
| मलेसियन रिङ्गिट | १ को | रु. २८।४३ | रु. २८।५७ |
| दक्षिण कोरियन वन | १०० को | रु. ९।९४ | रु. ९।९९ |
| स्विडिस क्रोनर | १ को | रु. १३।०९ | रु. १३।१५ |
| डेनिस क्रोनर | १ को | रु. १८।०८ | रु. १८।१७ |
| हङकङ डलर | १ को | रु. १५।२६ | रु. १५।३४ |
| कुवेती दिनार | १ को | रु. ३९३।१२ | रु. ३९५।१० |
| बहराइन दिनार | १ को | रु. ३१५।६१ | रु. ३१७।२० |

नोट: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।

* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।

* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

गोरखापत्र संस्थानका लागि कार्यकारी अध्यक्ष **विष्णुप्रसाद सुवेदी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. २९/०५३/५४। निमित्त प्रधानसम्पादक **शिवकुमार भट्टराई**

सम्पादकीय : फोन नं. ४२२२९२१, ४२४४४२९, फ्याक्स नं. ४२२४३८१, **E-mail : news@gorkhapatradaily.com,** विज्ञापन शाखा : फोन नं. ४२२७४९३, ४२२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ४२२०६३८, टोल फ्रि नं. १६६०–०१–९४४४४

▸ वि.सं. १९५८ देखि निरन्तर प्रकाशित, गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।।

निरोगी सबै हुन् सबै हुन् सुखीया।
सबै वेस देखुन् नहुन् क्वै दुखीया ।।

GORKHAPATRA DAILY

विराटनगर संस्करण

| वर्ष १२१ | अङ्क २३६ | २०७८ साल पुस २१ गते बुधबार | पौष शुक्ल तृतीया | नेपाल संवत् ११४२ पोहेलाथ्व : ३ | 2022 January 5 Wednesday | Website : www. gorkhapatraonline.com | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ




विज्ञापन प्रकाशित गर्नुपरेमा
फोन नं. ०१-४२२७४९३/०१-४२३१३९४
E-mail: mgorkhapatra@gmail.com
मा सम्पर्क गर्नुहोला ।
व्यापार विभाग
गोरखापत्र संस्थान
प्रधान कार्यालय, धर्मपथ, काठमाडौं

# जनताको विश्वास जितेर अगाडि बढ्ने प्रतिबद्धता

- कोरोनाको नयाँ भेरियन्ट नेपालमा पनि देखा परिसकेकाले सबैजना सचेत र सजग बनेर सुरक्षित रहनुपर्नेमा समेत प्रमको जोड
- केही समयपछि हुने तीन तहको निर्वाचनमा पार्टीलाई जिताउन एकताबद्ध भएर लाग्न कार्यकर्तालाई आह्वान



प्रधानमन्त्री शेरबहादुर देउवा मङ्गलबार धरानमा फोहोरबाट उत्पादित ग्यासबाट चल्ने टेम्पोमा चढ्नुहुँदै । रासस

■ सचिन पोखेल/निशा राई

धरान, पुस २० गते । प्रधानमन्त्री शेरबहादुर देउवाले धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको समस्या समाधान गर्ने बताउनुभएको छ । प्रतिष्ठानका कुलपतिसमेत रहनुभएका प्रधानमन्त्री देउवाले बीपी प्रतिष्ठानको समस्याको विषयलाई सरकारले गम्भीर भएर अध्ययन गरिरहेको बताउनुभएको छ ।

उहाँले स्वास्थ्य शिक्षा अध्ययनका लागि महत्त्वपूर्ण रहेको प्रतिष्ठानको सुधारमा सरकारले कुनै कसुर बाँकी राख्ने छैन भन्नुभयो । धरान सहरको १२१औँ स्थापना दिवसको अवसरमा मङ्गलबार आयोजित तीनदिने धरान दिवस–२०७८ को उद्घाटन समारोहमा प्रधानमन्त्री देउवाले यस्तो धारणा व्यक्त गर्नुभएको हो । प्रधानमन्त्री देउवाले धरानलाई शिक्षा र स्वास्थ्यको केन्द्र बनाउन लागिपर्ने प्रतिबद्धता व्यक्तसमेत गर्नुभयो ।

धरानमा रहेका केन्द्रीय प्रविधि क्याम्पस हात्तीसार, पूर्वाञ्चल इन्जिनियर क्याम्पस, महेन्द्र बहुमुखी क्याम्पस र पिण्डेश्वर विद्यापीठको स्तर उन्नतिमा सरकारले अभिभावकीय भूमिका निर्वाह गर्ने प्रधानमन्त्री देउवाको भनाइ छ ।

उहाँले विकास र समृद्धिको सवालमा धरानको आफ्नै विशेषता रहेको चर्चा गर्दै अगाडि भन्नुभयो, "सरसफाइ, चेतनामूलकलगायतका विषयमा निरन्तर अगाडि रहेको धरानले राष्ट्रिय अर्थतन्त्र चलायमान बनाउन पनि महत्त्वपूर्ण भूमिका खेलेको छ ।" सम्बोधनको क्रममा उहाँले धरान उपमहानगरपालिकासँग सरकारले समन्वय गरेर काम गर्ने धारणा पनि राख्नुभयो । कार्यक्रममा प्रदेश सरकारका मुख्यमन्त्री राजेन्द्र राईले प्रदेश सरकारले आर्थिक वृद्धि र विकासका लागि पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रम गर्दै आएको बताउनुभयो । पर्यटन क्षेत्रको पूर्वाधार विकास र विस्तारका लागि प्रदेश सरकारले सबै पक्षसँग सहजीकरण र सहकार्य गरिरहेको उहाँको भनाइ छ ।

कार्यक्रममा धरान उपमहानगरपालिकाका प्रमुख तिलक राईले उत्सवको सफल आयोजना र सञ्चालनले धरान मात्र नभई समग्र प्रदेश १ को आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । (बाँकी पृष्ठ २ मा)

# नारायणहिटीको थप जग्गा पनि अतिक्रमण

- मन्त्रीको आदेशमा निर्माण कार्य रोकियो

■ देवबहादुर कुँवर

काठमाडौँ, पुस २० गते । नारायणहिटी दरबार सङ्ग्रहालयभित्र सम्झौताविपरीत थप जग्गा अतिक्रमण गरी नयाँ संरचना निर्माण गरिएको पाइएको छ । दुई पक्षीय सम्झौतामा दुई हजार १७० वर्ग फिट (करिब ६ आना मात्र) जमिन मात्र प्रयोग गर्ने सहमति भएको देखिन्छ ।

त्यसका लागि दरबारको मुख्य प्रवेशद्वारको पश्चिमतर्फको रातो घर र बङ्करसहितको शौचालयले चर्चेको जमिन गरी ६ आना तीन पैसा 'क्याफ्टेरिया' क्याफे तथा क्यान्टिन सञ्चालनका लागि प्रयोग गर्न दिने सम्झौतामा उल्लेख छ तर करिब १० रोपनीमा रेस्टुरेन्ट सञ्चालन गर्ने गरी संरचना बन्दैछन् ।

नारायणहिटी दरबार सङ्ग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति र बतास समूहको बीपीएस लिजिङ एन्ड म्यानेजमेन्ट कम्पनीबीचको सम्झौतामा दरबारको वातावरणमैत्री तथा हरियाली संरचनामा क्षति नपुग्ने गरी बगैँचाको संरक्षण र सरसफाइलाई प्राथमिकतामा राखिएको छ ।

तर बीपीएसले भने आफूखुशी थप जमिन कब्जा गरी बगैँचाको पुरानो स्वरूपसमेत परिवर्तन गरी नयाँ संरचना निर्माण गरेको छ । नृत्यका लागि मञ्च, छातासहितको ग्राहक टेबल, विश्राम, क्याम्प फायर, टहरा र पर्खालसहितको छुट्टै प्रवेशद्वार निर्माण गर्ने विषय सम्झौतामा उल्लेख छैन ।

निर्माण कम्पनी बी म्यानेजमेन्टका शिवहरि पुडासैनी भने सम्झौताभन्दा पनि सम्बन्धित निकायसँग छलफल गरेरै संरचना निर्माण गरिएको स्वीकार्नुहुन्छ । संरक्षण तथा सरसफाइलाई प्राथमिकतामा राखेर काम गरेका छौँ उहाँले भन्नुभयो, "नयाँ निर्माण गरिएका संरचनाहरू अस्थायी हुन् भत्काउन सकिन्छ ।" "सम्बन्धित निकायबाट मञ्च, पर्खाल र प्रवेशद्वारलगायतका संरचना भत्काउन निर्देशन आए भत्काउन सकिन्छ," उहाँले थप्नुभयो । सम्झौतामा करिब छ आना भनिए पनि अन्य संरचना प्रयोग गरेबापत प्रतिवर्ग फिट थप ३५ रुपियाँ शुल्क लिने सहमति भएको छ ।

तर बगैँचाको पुरानो संरचना बिगारेर नयाँ संरचना निर्माण गर्ने उल्लेख छैन । त्यहाँ रहेका धुपी र पैँयु, विभिन्न देशबाट प्राप्त भएका गुलाबलगायतका बोटबिरुवा तथा रुख मासिएका छन् । सङ्ग्रहालय कार्यकारी निर्देशक भेषनारायण दाहाल भने यस विषयमा आफू केही नबोल्ने बताउनुहुन्छ । सबै कुरा कानुनी प्रक्रिया अपनाएर नै गरिएको हो, उहाँले भन्नुभयो, "मेरा पछि मिडिया लागे, आवश्यकताभन्दा बढी प्रचारबाजी भयो ।"



तत्कालीन राजपरिवारको तरकारी खेती, दाउरा गोदाम, केराबारी, गाईगोठ, घोडा तबेला, खसीपाला र झिलपोखरी अतिक्रमणमा परेका छन् ।

गोरखापत्र खोज

## निर्माण कार्य रोक्न निर्देशन

यसैबीच गोरखापत्रले २०७८ पुस १८ गते सोमबार 'नारायणहिटी परिसरमा रेस्टुरेन्ट' शीर्षकको खोज समाचार प्रकाशित गरेसँगै संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले निर्माण कार्य रोक्न निर्देशन दिनुभएको छ । सङ्ग्रहालय कार्यकारी निर्देशक दाहाललाई मङ्गलबार सिंहदरबारस्थित कार्यकक्षमै बोलाएर निर्माण कार्य तुरुन्त रोक्न मौखिक निर्देशन दिनुभएको हो । उहाँसँगै सचिव महेश्वर न्यौपाने पनि उपस्थित हुनुहुन्थ्यो । (बाँकी पृष्ठ २ मा)

# राष्ट्रिय सभा सदस्यको उम्मेदवारी दर्ता

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते । राष्ट्रिय सभा सदस्यको १९ सिटका लागि ४३ जना उम्मेदवारले मनोनयन दर्ता गर्नुभएको छ । आउँदो माघ १२ गते हुने मतदानका लागि निर्वाचन आयोगले मङ्गलबार बिहान १० देखि अपराह्न ३ बजेसम्म मनोनयन दर्ताको समय तोकेको थियो ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले सातवटै प्रदेशमा स्थापित निर्वाचन अधिकृतको कार्यालयमा निर्धारित समयमा ४३ जना उम्मेदवारले मनोनयन दर्ता गराएको जानकारी दिनुभयो । सबैभन्दा बढी प्रदेश १ मा आठ जनाले उम्मेदवारी दिनुभएको छ । प्रदेश १ बाट तीन जना निर्वाचित हुनुहुने छन् । प्रदेश २ मा दुई जना सदस्यका लागि महिलातर्फ तीन र अन्य समूहबाट दुई गरी पाँच जना उम्मेदवार हुनुभएको छ ।

बागमती, लुम्बिनी, गण्डकी, कर्णाली र सुदूरपश्चिमबाट छ/छ जनाले उम्मेदवारी दिनुभएको छ । राष्ट्रिय सभा सदस्यको निर्वाचनमा भाग लिन १२ वटा राजनीतिक दलले दर्ता गराएकोमा नौवटा दलले उम्मेदवारी दिएका छन् । नेकपा एमालेले सबै १९ वटा पदका लागि उम्मेदवारी दिएको छ । नेपाली काँग्रेसले छ, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)ले पाँच/पाँच जनाको मनोनयन दर्ता गराएको छ । जनता समाजवादी पार्टी, नेपालले दुई, लोकतान्त्रिक समाजवादी पार्टी नेपालको प्रदेश २ मा मात्र एक जनाको उम्मेदवारी दर्ता भएको छ । नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले दुई/दुई तथा राष्ट्रिय जनमोर्चाका तर्फबाट एक जनाले उम्मेदवारी दिनुभएको छ । ▸ थप समाचार प्रदेश पृष्ठमा

# शोभाकान्तविरुद्ध राजस्व छली मुद्दा

- दुई अर्ब ४० करोड जरिवाना र तीन वर्ष कैद माग

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते । राजस्व अनुसन्धान विभागले शोभाकान्त ढकालविरुद्ध दुई अर्ब ४० करोड रुपियाँ जरिवाना तथा तीन वर्षको कैद सजाय माग गरी विशेष अदालतमा मुद्दा दर्ता गरेको छ । विभागले मङ्गलबार विशेष अदालत, काठमाडौँमा मुद्दा दायर गरेको हो ।

ढकाल काठमाडौँको बालुवाटार स्थित ललिता निवासको सरकारी जग्गा हिनामिनाका मुख्य योजनाकारसमेत हुन् । यसै प्रकरणमा ढकालविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको मुद्दामा उनी पुर्पक्षका लागि जेलमा छन् ।

ढकाल सञ्चालक रहेको 'आनसान इन्टरनेसनल प्रालि' ले झुटो विवरण पेस गरी एक अर्ब २० करोड ४९ लाख १७ हजार ८२४ रुपियाँ राजस्व छलेको आरोप पत्रमा उल्लेख छ । विभागले दायर गरेको मुद्दामा ढकालमाथि राजस्व छल गरेको बिगो बराबर नै जरिवाना गरी दुई अर्ब ४० करोड ९८ लाख ३५ हजार ६४८ रुपियाँ क्षतिपूर्ति र हदैसम्मको कैद सजाय माग गरिएको छ । सञ्चालक ढकालसहित उक्त कम्पनीका सरोज ढकाल, उमाकुमारी ढकाल र सान्टु श्रेष्ठसमेतलाई विभागले प्रतिवादी बनाएको छ ।




ढकालविरुद्ध दायर मुद्दामा राजस्व छल्ने नियतले नक्कली तथा झुटो विवरण पेस गरी उक्त कम्पनीको कारोबारसमेत शून्य देखाइएको छ । नक्कली तथा झुटो मूल्य अभिवृद्धि कर तथा आयकर किर्ते गरिएको समेत आरोप पत्रमा उल्लेख छ ।

विभागले दायर गरेको मुद्दामा मूल्य अभिवृद्धि करतर्फ ४२ करोड २६ लाख सात हजार ३५१ रुपियाँ तथा आयकरतर्फ ६८ करोड ४८ लाख २६ हजार ९७ रुपियाँ हिनामिना गरेको जनाइएको छ ।

त्यस्तै कम्पनीले आर्जन गरेको नौ करोड ७४ लाख ८४ हजार ३७६ लाभांशसमेत लुकाएको विभागले जनाएको छ । विभागले नक्कली लेखा परीक्षण प्रतिवेदन तयार गर्ने राजेश्वर एन्ड कम्पनीका लेखापरीक्षक राजेश्वर श्रेष्ठलाई समेत प्रतिवादीका रूपमा मतियार बनेकाले डेढ वर्षको कैद सजाय मागिएको छ ।

## साढे ३३ केजी सुन प्रकरणमा गोरेका भाइ पक्राउ

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते । साढे ३३ किलो सुन र सनम शाक्य हत्याको मुख्य आरोपी चुरामणि उप्रेती 'गोरे'को भाइ रमेश उप्रेती पक्राउ परेका छन् । सुन तस्करीमा जोडिएका उनलाई 'इन्टरपोल'मार्फत नेपाल ल्याइएको हो ।

त्रिभुवन विमानस्थल सुरक्षा कार्यालयका प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक सुरेन्द्र मैनालीका अनुसार दुबईबाट एयर अरेबियाको विमानमार्फत उनलाई काठमाडौँ ल्याइएको हो । उनलाई थप अनुसन्धानका लागि महानगरीय प्रहरी वृत्त गौशालामा पठाइएको छ । मोरङको उर्लाबारी नगरपालिका–७ का उप्रेती दुबईमा लुकिछिपी बस्दै आएका साढे ३३ किलो सुन तस्करी प्रकरणमा उनी प्रहरीको खोजी सूचीमा थिए ।

# हिउँदे वर्षा दोहोरिँदै

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते । हिउँदे वर्षा दोहोरिने भएको छ । मङ्गलबार रातिदेखि नेपाल भित्रिएको पश्चिमी न्यूनचापीय प्रणालीका कारण यो हप्ताको करिब चार दिन मौसम खराब रहने छ । अघिल्लो साता पनि वर्षा र हिमपातले जनजीवन अस्तव्यस्त बनाएको थियो ।

जल तथा मौसम विज्ञान विभागका अनुसार अब आउने मौसमी प्रणालीले बुधबारदेखि शनिबारसम्म देशका विभिन्न भेगमा वर्षा र हिमपात गराउने भएको छ ।

विभागले मङ्गलबार विशेष वक्तव्य जारी गर्दै हिउँदे वर्षाले पुऱ्याउने असरबाट जोगिन आह्वान गरेको छ । बुधबार सुदूरपश्चिम र कर्णाली प्रदेशमा हल्कादेखि मध्यम वर्षा हुने सम्भावना रहेको मौसमविद् मञ्जु बासीले जानकारी दिनुभयो ।

**बुधबारदेखि शनिबारसम्म देशका विभिन्न भेगमा वर्षा र हिमपात हुने**

उहाँका अनुसार बिहीबारदेखि देशव्यापी रूपमा हिउँदे वर्षाको मौसमी प्रणाली फैलनेछ । सो क्रममा बिहीबार र शुक्रबार सुदूरपश्चिमदेखि पश्चिमको लुम्बिनी प्रदेश, गण्डकी प्रदेश तथा मध्य नेपालको बागमती प्रदेशसम्म हिउँदे वर्षाको विशेष प्रभाव रहनेछ ।

यी क्षेत्रमा सामान्यदेखि पूर्णतया बदली भएर हल्कादेखि मध्यम वर्षा गराउनेछ । उच्च हिमाली र पहाडी भेगमा हिमपात हुनेछ । केही भेगमा भारी हिमपात हुने भएकाले ती हिमाली क्षेत्रमा पर्यटकीय यात्रा र दैनिक यात्रा नगर्न विभागले अपिल गरेको छ ।

प्रदेश १ र २ मा अन्य प्रदेशको तुलनामा हिउँदे वर्षाको प्रभाव कम पर्ने भएको छ । ती भेगमा आंशिकदेखि सामान्य बदली र असर रहनेछ । वर्षा हुँदा तराई भेगमा शीतलहर र कुहिरोको असर कम हुनेछ ।

यस पटक दोहोरिन थालेको हिउँदे वर्षाका कारण हवाई क्षेत्र, पर्वतारोहण, कृषि, यातायात तथा दैनिक जनजीवनमा बढी असर पर्ने भएकाले सचेत रहन र गराउन सरोकारवाला निकायलाई अनुरोध गरिएको छ ।

# परीक्षामा २० अङ्क सित्तैमा !

- विद्यार्थीलाई टाढैबाट टेलिस्कोपले यस्तो काम गर्छ भनेर मात्र सिकाइन्छ

■ प्रकृति अधिकारी

काठमाडौँ, पुस २० गते । टेलिस्कोप बिग्रिएपछि वाल्मीकि विद्यापीठ (वाल्मीकि क्याम्पस)का विद्यार्थीलाई प्रयोगात्मक परीक्षा नलिइकनै अङ्क प्रदान गर्ने गरिएको छ ।

स्नातक र स्नातकोत्तर तहमा खगोल ज्योतिष विषयका विद्यार्थीले वेधशालामा रहेको टेलिस्कोप प्रयोग गर्न पाउँदैनन् तर वार्षिक परीक्षामा २० अङ्क सित्तैमा पाउने गरेका छन् ।

विद्यापीठका खगोल ज्योतिष विषयका डा. सहप्राध्यापक जयन्त आचार्यले विद्यार्थीलाई टेलिस्कोपको प्रयोग गर्न लगाई प्रयोगात्मक परीक्षा लिनुपर्नेमा कहिल्यै पनि त्यस्तो अवसर प्राप्त हुन नसकेको गुनासो गर्दै भन्नुभयो, "टेलिस्कोपबाट ग्रहको अध्ययन हेर्नुपर्ने हुन्छ तर विद्यार्थीले थन्क्याइएको टेलिस्कोप टाढाबाटै हेरे पुग्छ, परीक्षामा अङ्क पाउँछन् । यो हाम्रै कमजोरी हो ।" नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गतको वाल्मीकि विद्यापीठको माथिल्लो तलामा २०४३ सालमा वेधशाला निर्माण गरिएको थियो । करिब एक सय केजीको टेलिस्कोप जापानबाट झिकाइएको थियो । विद्यापीठको एउटा कोठामा थन्क्याइएको सो टेलिस्कोप नेपालमा हालसम्म भित्रिएकामध्ये सबैभन्दा ठूलो दाबी गरिँदै आएको छ ।

उहाँका अनुसार टेलिस्कोप राखिएको स्थान जीर्ण हुँदै गएपछि दुर्घटना सिर्जना हुन सक्ने भन्दै टेलिस्कोपलाई तलको कोठामा सारिएको छ । त्यसमा धुलो पर्ने भएकाले कपडाले छोपेर राख्ने गरिएको छ । कपडाको खोल आफूले नै बनाउन लगाएको बताउँदै उहाँले भन्नुभयो, "विद्यार्थीलाई टाढैबाट यसले यस्तो काम गर्छ भनेर मात्र सिकाउँछौँ ।"

खगोल ज्योतिष विषयमा ग्रहको अध्ययन गरी हिसाब सिकाउन टेलिस्कोपको प्रयोग अनिवार्य पर्छ । विगतमा सो टेलिस्कोप राख्ने गरिएको वेधशालामा फलामको डोम रहेको छ । नजिकैको घिर्नीले सो डोमलाई खोलेपछि आकाश देखा पर्छ । लामो समयदेखि डोम नखोलिएकाले 'जाम' भइसकेको छ । "अब डोम पनि बन्द हुँदैन । पानी परेका बेला वेधशाला जलमग्न हुन्छ । त्यहाँको पानी तल कोठासम्म आइपुग्छ," विद्यापीठका सहप्राध्यापक डा. आचार्यले भन्नुभयो । उहाँले दुई दशकभन्दा बढी समयदेखि टेलिस्कोप थन्किएको बताउँदै बजेटका लागि माग गर्दा कसैले पनि वास्ता नगरेको गुनासो गर्नुभयो ।



बिग्रिएको टेलिस्कोप

प्रदर्शनीमार्गस्थित वाल्मीकि विद्यापीठका प्राचार्य प्राडा भागवत ढकालले आफू २०५६ सालमा सेवा प्रवेश गरेको बताउँदै भन्नुभयो, "मैले जागिर खाएदेखि टेलिस्कोप चलेको देखेको छैन । वेधशाला मर्मतका लागि विगतमा पनि विश्वविद्यालयबाट बजेट दिइएको थिएन, यस पटक पनि छैन । आर्थिक अभाव भएकाले वेधशाला मर्मतका लागि दाता खोजी गरिरहेका छौँ । फेला पार्न सकेका छैनौँ ।"

# क्रिकेटको भविष्यका लागि एकढिक्का हुने प्रण



■ गोरखापत्र समाचारदाता

काठमाडौँ, पुस २० गते । नेपाल क्रिकेट सङ्घ (क्यान) र राष्ट्रिय क्रिकेटरबीचको विवाद समाप्त भएको छ । नेपाली क्रिकेट टिमका पूर्वकप्तान ज्ञानेन्द्र मल्लले मङ्गलबार विवाद सकिएको भनाइ राखेपछि अब नेपाली क्रिकेटमाथि परिरहेको कालो बादल हटेको हो । ▸ थप समाचार खेलकुद पृष्ठमा

यौन दूराचारी जहाँ पनि हुन सक्छन्
त्यस्ता दूराचारीबाट सजग र सचेत रहौँ,
आफू पनि बचौँ र अरुलाई पनि बचाऔँ ।
नेपाल सरकार
विज्ञापन बोर्ड






वि.सं. १९५८ देखि निरन्तर प्रकाशित, गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।।

निरोगी सबै हुन् सबै हुन् सुखीया ।
सबै वेस देखुन् नहुन् क्वै दुखीया ।।

GORKHAPATRA DAILY

कोहलपुर संस्करण



विज्ञापन प्रकाशित गर्नुपरेमा
फोन नं. ०१-४२२७४९३/०१-४२३१३९४
E-mail: mgorkhapatra@gmail.com
मा सम्पर्क गर्नुहोला ।
व्यापार विभाग
गोरखापत्र संस्थान
प्रधान कार्यालय, धर्मपथ, काठमाडौं



| वर्ष १२१ | अङ्क २३६ | २०७८ साल पुस २१ गते बुधबार | पौष शुक्ल तृतीया | नेपाल संवत् ११४२ पोहेलाथ्व : ३ | 2022 January 5 Wednesday | Website : www.gorkhapatraonline.com | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ


# जनताको विश्वास जितेर अगाडि बढ्ने प्रतिबद्धता

- कोरोनाको नयाँ भेरियन्ट नेपालमा पनि देखा परिसकेकाले सबैजना सचेत र सजग बनेर सुरक्षित रहनुपर्नेमा समेत प्रमको जोड
- केही समयपछि हुने तीन तहको निर्वाचनमा पार्टीलाई जिताउन एकताबद्ध भएर लाग्न कार्यकर्तालाई आह्वान



प्रधानमन्त्री शेरबहादुर देउवा मङ्गलबार धरानमा फोहोरबाट उत्पादित ग्यासबाट चल्ने टेम्पोमा चढ्नुहुँदै । रासस

**सचिन पोखेल/निशा राई**

धरान, पुस २० गते । प्रधानमन्त्री शेरबहादुर देउवाले धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको समस्या समाधान गर्ने बताउनुभएको छ । प्रतिष्ठानका कुलपतिसमेत रहनुभएका प्रधानमन्त्री देउवाले बीपी प्रतिष्ठानको समस्याको विषयलाई सरकारले गम्भीर भएर अध्ययन गरिरहेको बताउनुभएको छ ।

उहाँले स्वास्थ्य शिक्षा अध्ययनका लागि महत्त्वपूर्ण रहेको प्रतिष्ठानको सुधारमा सरकारले कुनै कसुर बाँकी राख्ने छैन भन्नुभयो । धरान सहरको १२१औँ स्थापना दिवसको अवसरमा मङ्गलबार आयोजित तीनदिने धरान दिवस–२०७८ को उद्घाटन समारोहमा प्रधानमन्त्री देउवाले यस्तो धारणा व्यक्त गर्नुभएको हो । प्रधानमन्त्री देउवाले धरानलाई शिक्षा र स्वास्थ्यको केन्द्र बनाउन लागिपर्ने प्रतिबद्धता व्यक्तसमेत गर्नुभयो ।

धरानमा रहेका केन्द्रीय प्रविधि क्याम्पस हात्तीसार, पूर्वाञ्चल इन्जिनियर क्याम्पस, महेन्द्र बहुमुखी क्याम्पस र पिण्डेश्वर विद्यापीठको स्तर उन्नतिमा सरकारले अभिभावकीय भूमिका निर्वाह गर्ने प्रधानमन्त्री देउवाको भनाइ छ ।

उहाँले विकास र समृद्धिको सवालमा धरानको आफ्नै विशेषता रहेको चर्चा गर्दै अगाडि भन्नुभयो, "सरसफाइ, चेतनामूलकलगायतका विषयमा निरन्तर अगाडि रहेको धरानले राष्ट्रिय अर्थतन्त्र चलायमान बनाउन पनि महत्त्वपूर्ण भूमिका खेलेको छ ।" सम्बोधनको क्रममा उहाँले धरान उपमहानगरपालिकासँग सरकारले समन्वय गरेर काम गर्ने धारणा पनि राख्नुभयो । कार्यक्रममा प्रदेश सरकारका मुख्यमन्त्री राजेन्द्र राईले प्रदेश सरकारले आर्थिक वृद्धि र विकासका लागि पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रम गर्दै आएको बताउनुभयो । पर्यटन क्षेत्रको पूर्वाधार विकास र विस्तारका लागि प्रदेश सरकारले सबै पक्षसँग सहजीकरण र सहकार्य गरिरहेको उहाँको भनाइ छ ।

कार्यक्रममा धरान उपमहानगरपालिकाका प्रमुख तिलक राईले उत्सवको सफल आयोजना र सञ्चालनले धरान मात्र नभई समग्र प्रदेश १ को आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । (बाँकी पृष्ठ २ मा)

# नारायणहिटीको थप जग्गा पनि अतिक्रमण

- मन्त्रीको आदेशमा निर्माण कार्य रोकियो

**देवबहादुर कुँवर**

काठमाडौँ, पुस २० गते । नारायणहिटी दरबार सङ्ग्रहालयभित्र सम्झौताविपरीत थप जग्गा अतिक्रमण गरी नयाँ संरचना निर्माण गरिएको पाइएको छ । दुई पक्षीय सम्झौतामा दुई हजार १७० वर्ग फिट (करिब ६ आना मात्र) जमिन मात्र प्रयोग गर्ने सहमति भएको देखिन्छ ।

त्यसका लागि दरबारको मुख्य प्रवेशद्वारको पश्चिमतर्फको रातो घर र बङ्करसहितको शौचालयले चर्चेको जमिन गरी ६ आना तीन पैसा 'क्याफ्टेरिया' क्याफे तथा क्यान्टिन सञ्चालनका लागि प्रयोग गर्न दिने सम्झौतामा उल्लेख छ तर करिब १० रोपनीमा रेस्टुरेन्ट सञ्चालन गर्ने गरी संरचना बन्दैछन् ।

नारायणहिटी दरबार सङ्ग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति र बतास समूहको बीपीएस लिजिङ एन्ड म्यानेजमेन्ट कम्पनीबीचको सम्झौतामा दरबारको वातावरणमैत्री तथा हरियाली संरचनामा क्षति नपुग्ने गरी बगैँचाको संरक्षण र सरसफाइलाई प्राथमिकतामा राखिएको छ ।

तर बीपीएसले भने आफूखुशी थप जमिन कब्जा गरी बगैँचाको पुरानो स्वरूपसमेत परिवर्तन गरी नयाँ संरचना निर्माण गरेको छ । नृत्यका लागि मञ्च, छातासहितको ग्राहक टेबल, विश्राम, क्याम्प फायर, टहरा र पर्खालसहितको छुट्टै प्रवेशद्वार निर्माण गर्ने विषय सम्झौतामा उल्लेख छैन ।

निर्माण कम्पनी बी म्यानेजमेन्टका शिवहरि पुडासैनी भने सम्झौताभन्दा पनि सम्बन्धित निकायसँग छलफल गरेरै संरचना निर्माण गरिएको स्वीकार्नुहुन्छ । संरक्षण तथा सरसफाइलाई प्राथमिकतामा राखेर काम गरेका छौँ उहाँले भन्नुभयो, "नयाँ निर्माण गरिएका संरचनाहरू अस्थायी हुन् भत्काउन सकिन्छ ।" "सम्बन्धित निकायबाट मञ्च, पर्खाल र प्रवेशद्वारलगायतका संरचना भत्काउन निर्देशन आए भत्काउन सकिन्छ," उहाँले थप्नुभयो । सम्झौतामा करिब छ आना भनिए पनि अन्य संरचना प्रयोग गरेबापत प्रतिवर्ग फिट थप ३५ रुपियाँ शुल्क लिने सहमति भएको छ ।

तर बगैँचाको पुरानो संरचना बिगारेर नयाँ संरचना निर्माण गर्ने उल्लेख छैन । त्यहाँ रहेका धुपी र पैँयु, विभिन्न देशबाट प्राप्त भएका गुलाबलगायतका बोटबिरुवा तथा रुख मासिएका छन् । सङ्ग्रहालय कार्यकारी निर्देशक भेषनारायण दाहाल भने यस विषयमा आफू केही नबोल्ने बताउनुहुन्छ । सबै कुरा कानुनी प्रक्रिया अपनाएर नै गरिएको हो, उहाँले भन्नुभयो, "मेरा पछि मिडिया लागे, आवश्यकताभन्दा बढी प्रचारबाजी भयो ।"



तत्कालीन राजपरिवारको तरकारी खेती, दाउरा गोदाम, केराबारी, गाईगोठ, घोडा तबेला, खसीपाला र झिलपोखरी अतिक्रमणमा परेका छन् ।

गोरखापत्र खोज

## निर्माण कार्य रोक्न निर्देशन

यसैबीच गोरखापत्रले २०७८ पुस १८ गते सोमबार 'नारायणहिटी परिसरमा रेस्टुरेन्ट' शीर्षकको खोज समाचार प्रकाशित गरेसँगै संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले निर्माण कार्य रोक्न निर्देशन दिनुभएको छ । सङ्ग्रहालय कार्यकारी निर्देशक दाहाललाई मङ्गलबार सिंहदरबारस्थित कार्यकक्षमै बोलाएर निर्माण कार्य तुरुन्त रोक्न मौखिक निर्देशन दिनुभएको हो । उहाँसँगै सचिव महेश्वर न्यौपाने पनि उपस्थित हुनुहुन्थ्यो । (बाँकी पृष्ठ २ मा)

# राष्ट्रिय सभा सदस्यको उम्मेदवारी दर्ता

**गोरखापत्र समाचारदाता**

काठमाडौँ, पुस २० गते । राष्ट्रिय सभा सदस्यको १९ सिटका लागि ४३ जना उम्मेदवारले मनोनयन दर्ता गर्नुभएको छ । आउँदो माघ १२ गते हुने मतदानका लागि निर्वाचन आयोगले मङ्गलबार बिहान १० देखि अपराह्न ३ बजेसम्म मनोनयन दर्ताको समय तोकेको थियो ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले सातवटै प्रदेशमा स्थापित निर्वाचन अधिकृतको कार्यालयमा निर्धारित समयमा ४३ जना उम्मेदवारले मनोनयन दर्ता गराएको जानकारी दिनुभयो । सबैभन्दा बढी प्रदेश १ मा आठ जनाले उम्मेदवारी दिनुभएको छ । प्रदेश १ बाट तीन जना निर्वाचित हुनुहुने छन् । प्रदेश २ मा दुई जना सदस्यका लागि महिलातर्फ तीन र अन्य समूहबाट दुई गरी पाँच जना उम्मेदवार हुनुभएको छ ।

बागमती, लुम्बिनी, गण्डकी, कर्णाली र सुदूरपश्चिमबाट छ/छ जनाले उम्मेदवारी दिनुभएको छ । राष्ट्रिय सभा सदस्यको निर्वाचनमा भाग लिन १२ वटा राजनीतिक दलले दर्ता गराएकोमा नौवटा दलले उम्मेदवारी दिएका छन् । नेकपा एमालेले सबै १९ वटा पदका लागि उम्मेदवारी दिएको छ । नेपाली काँग्रेसले छ, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)ले पाँच/पाँच जनाको मनोनयन दर्ता गराएको छ । जनता समाजवादी पार्टी, नेपालले दुई, लोकतान्त्रिक समाजवादी पार्टी नेपालको प्रदेश २ मा मात्र एक जनाको उम्मेदवारी दर्ता भएको छ । नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले दुई/दुई तथा राष्ट्रिय जनमोर्चाका तर्फबाट एक जनाले उम्मेदवारी दिनुभएको छ । थप समाचार प्रदेश पृष्ठमा

# क्रिकेटको भविष्यका लागि एकढिक्का हुने प्रण



**गोरखापत्र समाचारदाता**

काठमाडौँ, पुस २० गते । नेपाल क्रिकेट सङ्घ (क्यान) र राष्ट्रिय क्रिकेटरबीचको विवाद समाप्त भएको छ । नेपाली क्रिकेट टिमका पूर्वकप्तान ज्ञानेन्द्र मल्लले मङ्गलबार विवाद सकिएको भनाइ राखेपछि अब नेपाली क्रिकेटमाथि परिरहेको कालो बादल हटेको हो । थप समाचार खेलकुद पृष्ठमा

# शोभाकान्तविरुद्ध राजस्व छली मुद्दा

- दुई अर्ब ४० करोड जरिवाना र तीन वर्ष कैद माग

**गोरखापत्र समाचारदाता**

काठमाडौँ, पुस २० गते । राजस्व अनुसन्धान विभागले शोभाकान्त ढकालविरुद्ध दुई अर्ब ४० करोड रुपियाँ जरिवाना तथा तीन वर्षको कैद सजाय माग गरी विशेष अदालतमा मुद्दा दर्ता गरेको छ । विभागले मङ्गलबार विशेष अदालत, काठमाडौँमा मुद्दा दायर गरेको हो ।

ढकाल काठमाडौँको बालुवाटार स्थित ललिता निवासको सरकारी जग्गा हिनामिनाका मुख्य योजनाकारसमेत हुन् । यसै प्रकरणमा ढकालविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको मुद्दामा उनी पुर्पक्षका लागि जेलमा छन् ।

ढकाल सञ्चालक रहेको 'आनसान इन्टरनेसनल प्रालि' ले झुटो विवरण पेस गरी एक अर्ब २० करोड ४९ लाख १७ हजार ८२४ रुपियाँ राजस्व छलेको आरोप पत्रमा उल्लेख छ । विभागले दायर गरेको मुद्दामा ढकालमाथि राजस्व छल गरेको बिगो बराबर नै जरिवाना गरी दुई अर्ब ४० करोड ९८ लाख ३५ हजार ६४८ रुपियाँ क्षतिपूर्ति र हदैसम्मको कैद सजाय माग गरिएको छ । सञ्चालक ढकालसहित उक्त कम्पनीका सरोज ढकाल, उमाकुमारी ढकाल र सान्टु श्रेष्ठसमेतलाई विभागले प्रतिवादी बनाएको छ ।




ढकालविरुद्ध दायर मुद्दामा राजस्व छल्ने नियतले नक्कली तथा झुटो विवरण पेस गरी उक्त कम्पनीको कारोबारसमेत शून्य देखाइएको छ । नक्कली तथा झुटो मूल्य अभिवृद्धि कर तथा आयकर किर्ते गरिएको समेत आरोप पत्रमा उल्लेख छ ।

विभागले दायर गरेको मुद्दामा मूल्य अभिवृद्धि करतर्फ ४२ करोड २६ लाख सात हजार ३५१ रुपियाँ तथा आयकरतर्फ ६८ करोड ४८ लाख २६ हजार ९७ रुपियाँ हिनामिना गरेको जनाइएको छ ।

त्यस्तै कम्पनीले आर्जन गरेको नौ करोड ७४ लाख ८४ हजार ३७६ लाभांशसमेत लुकाएको विभागले जनाएको छ । विभागले नक्कली लेखा परीक्षण प्रतिवेदन तयार गर्ने राजेश्वर एन्ड कम्पनीका लेखापरीक्षक राजेश्वर श्रेष्ठलाई समेत प्रतिवादीका रूपमा मतियार बनेकाले डेढ वर्षको कैद सजाय मागिएको छ ।

## साढे ३३ केजी सुन प्रकरणमा गोरेका भाइ पक्राउ

**गोरखापत्र समाचारदाता**

काठमाडौँ, पुस २० गते । साढे ३३ किलो सुन र सनम शाक्य हत्याको मुख्य आरोपी चुरामणि उप्रेती 'गोरे'को भाइ रमेश उप्रेती पक्राउ परेका छन् । सुन तस्करीमा जोडिएका उनलाई 'इन्टरपोल'मार्फत नेपाल ल्याइएको हो ।

त्रिभुवन विमानस्थल सुरक्षा कार्यालयका प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक सुरेन्द्र मैनालीका अनुसार दुबईबाट एयर अरेबियाको विमानमार्फत उनलाई काठमाडौँ ल्याइएको हो । उनलाई थप अनुसन्धानका लागि महानगरीय प्रहरी वृत्त गौशालामा पठाइएको छ । मोरङको उर्लाबारी नगरपालिका–७ का उप्रेती दुबईमा लुकिछिपी बस्दै आएका साढे ३३ किलो सुन तस्करी प्रकरणमा उनी प्रहरीको खोजी सूचीमा थिए ।

# हिउँदे वर्षा दोहोरिँदै

**गोरखापत्र समाचारदाता**

काठमाडौँ, पुस २० गते । हिउँदे वर्षा दोहोरिने भएको छ । मङ्गलबार रातिदेखि नेपाल भित्रिएको पश्चिमी न्यूनचापीय प्रणालीका कारण यो हप्ताको करिब चार दिन मौसम खराब रहने छ । अघिल्लो साता पनि वर्षा र हिमपातले जनजीवन अस्तव्यस्त बनाएको थियो ।

जल तथा मौसम विज्ञान विभागका अनुसार अब आउने मौसमी प्रणालीले बुधबारदेखि शनिबारसम्म देशका विभिन्न भेगमा वर्षा र हिमपात गराउने भएको छ ।

विभागले मङ्गलबार विशेष वक्तव्य जारी गर्दै हिउँदे वर्षाले पुऱ्याउने असरबाट जोगिन आह्वान गरेको छ । बुधबार सुदूरपश्चिम र कर्णाली प्रदेशमा हल्कादेखि मध्यम वर्षा हुने सम्भावना रहेको मौसमविद् मञ्जु बासीले जानकारी दिनुभयो ।

**बुधबारदेखि शनिबारसम्म देशका विभिन्न भेगमा वर्षा र हिमपात हुने**

उहाँका अनुसार बिहीबारदेखि देशव्यापी रूपमा हिउँदे वर्षाको मौसमी प्रणाली फैलनेछ । सो क्रममा बिहीबार र शुक्रबार सुदूरपश्चिमदेखि पश्चिमको लुम्बिनी प्रदेश, गण्डकी प्रदेश तथा मध्य नेपालको बागमती प्रदेशसम्म हिउँदे वर्षाको विशेष प्रभाव रहनेछ ।

यी क्षेत्रमा सामान्यदेखि पूर्णतया बदली भएर हल्कादेखि मध्यम वर्षा गराउनेछ । उच्च हिमाली र पहाडी भेगमा हिमपात हुनेछ । केही भेगमा भारी हिमपात हुने भएकाले ती हिमाली क्षेत्रमा पर्यटकीय यात्रा र दैनिक यात्रा नगर्न विभागले अपिल गरेको छ ।

प्रदेश १ र २ मा अन्य प्रदेशको तुलनामा हिउँदे वर्षाको प्रभाव कम पर्ने भएको छ । ती भेगमा आंशिकदेखि सामान्य बदली र असर रहनेछ । वर्षा हुँदा तराई भेगमा शीतलहर र कुहिरोको असर कम हुनेछ ।

यस पटक दोहोरिन थालेको हिउँदे वर्षाका कारण हवाई क्षेत्र, पर्वतारोहण, कृषि, यातायात तथा दैनिक जनजीवनमा बढी असर पर्ने भएकाले सचेत रहन र गराउन सरोकारवाला निकायलाई अनुरोध गरिएको छ ।


यौन दूराचारी जहाँ पनि हुन सक्छन्
त्यस्ता दूराचारीबाट सजग र सचेत रहौँ,
आफू पनि बचौँ र अरूलाई पनि बचाऔँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# परीक्षामा २० अङ्क सित्तैमा !

- विद्यार्थीलाई टाढैबाट टेलिस्कोपले यस्तो काम गर्छ भनेर मात्र सिकाइन्छ

**प्रकृति अधिकारी**

काठमाडौँ, पुस २० गते । टेलिस्कोप बिग्रिएपछि वाल्मीकि विद्यापीठ (वाल्मीकि क्याम्पस)का विद्यार्थीलाई प्रयोगात्मक परीक्षा नलिइकनै अङ्क प्रदान गर्ने गरिएको छ ।

स्नातक र स्नातकोत्तर तहमा खगोल ज्योतिष विषयका विद्यार्थीले वेधशालामा रहेको टेलिस्कोप प्रयोग गर्न पाउँदैनन् तर वार्षिक परीक्षामा २० अङ्क सित्तैमा पाउने गरेका छन् ।

विद्यापीठका खगोल ज्योतिष विषयका डा. सहप्राध्यापक जयन्त आचार्यले विद्यार्थीलाई टेलिस्कोपको प्रयोग गर्न लगाई प्रयोगात्मक परीक्षा लिनुपर्नेमा कहिल्यै पनि त्यस्तो अवसर प्राप्त हुन नसकेको गुनासो गर्दै भन्नुभयो, "टेलिस्कोपबाट ग्रहको अध्ययन हेर्नुपर्ने हुन्छ तर विद्यार्थीले थन्क्याइएको टेलिस्कोप टाढाबाटै हेरे पुग्छ, परीक्षामा अङ्क पाउँछन् । यो हाम्रै कमजोरी हो ।" नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गतको वाल्मीकि विद्यापीठको माथिल्लो तलामा २०४३ सालमा वेधशाला निर्माण गरिएको थियो । करिब एक सय केजीको टेलिस्कोप जापानबाट झिकाइएको थियो । विद्यापीठको एउटा कोठामा थन्क्याइएको सो टेलिस्कोप नेपालमा हालसम्म भित्रिएकामध्ये सबैभन्दा ठूलो दाबी गरिँदै आएको छ ।

उहाँका अनुसार टेलिस्कोप राखिएको स्थान जीर्ण हुँदै गएपछि दुर्घटना सिर्जना हुन सक्ने भन्दै टेलिस्कोपलाई तलको कोठामा सारिएको छ । त्यसमा धुलो पर्ने भएकाले कपडाले छोपेर राख्ने गरिएको छ । कपडाको खोल आफूले नै बनाउन लगाएको बताउँदै उहाँले भन्नुभयो, "विद्यार्थीलाई टाढैबाट यसले यस्तो काम गर्छ भनेर मात्र सिकाउँछौँ ।"

खगोल ज्योतिष विषयमा ग्रहको अध्ययन गरी हिसाब सिकाउन टेलिस्कोपको प्रयोग अनिवार्य पर्छ । विगतमा सो टेलिस्कोप राख्ने गरिएको वेधशालामा फलामको डोम रहेको छ । नजिकैको घिर्नीले सो डोमलाई खोलेपछि आकाश देखा पर्छ । लामो समयदेखि डोम नखोलिएकाले 'जाम' भइसकेको छ । "अब डोम पनि बन्द हुँदैन । पानी परेका बेला वेधशाला जलमग्न हुन्छ । त्यहाँको पानी तल कोठासम्म आइपुग्छ," विद्यापीठका सहप्राध्यापक डा. आचार्यले भन्नुभयो । उहाँले दुई दशकभन्दा बढी समयदेखि टेलिस्कोप थन्किएको बताउँदै बजेटका लागि माग गर्दा कसैले पनि वास्ता नगरेको गुनासो गर्नुभयो ।



बिग्रिएको टेलिस्कोप

प्रदर्शनीमार्गस्थित वाल्मीकि विद्यापीठका प्राचार्य प्राडा भागवत ढकालले आफू २०५६ सालमा सेवा प्रवेश गरेको बताउँदै भन्नुभयो, "मैले जागिर खाएदेखि टेलिस्कोप चलेको देखेको छैन । वेधशाला मर्मतका लागि विगतमा पनि विश्वविद्यालयबाट बजेट दिइएको थिएन, यस पटक पनि छैन । आर्थिक अभाव भएकाले वेधशाला मर्मतका लागि दाता खोजी गरिरहेका छौँ । फेला पार्न सकेका छैनौँ ।"